मानव अधिकार संग्रालो

संयुक्त राष्ट्र संघले पारित गरेको तथा नेपालको सरकारद्वारा सम्मिलन गरिएका केही अभिसन्धि, अनुबन्ध लगायतका दस्तावेजहरुको संकलन

मानव अधिकार संगालो

संयुक्त राष्ट्र संघले पारित गरेका
तथा नेपालको सरकारद्वारा सम्मिलन गरिएका
केही अभिसन्धि, अनुबन्ध लगायतका दस्तावेजहरूको संकलन

प्रकाशक
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
पो.ब.नं. २७२६, काठमाडौं, नेपाल
फोन : २७०७७०, २७२२६७

मानव अधिकार संगालो

अनुवाद तथा संपादन:
पवन कुमार ओझा

दोश्रो संस्करण : बैशाख २०५०
५००० प्रति ।

© सर्वाधिकार : **इन्सेकमा** सुरक्षित

प्रकाशक:
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

कम्प्युटर सेटिङ्ग : **अल्फा कम्प्युटर सर्भिस,**
कोपुण्डोल, ललितपुर ।

आवरण: **सोम राई**

पुस्तक प्रकाशनका निम्ति आर्थिक सहयोग जुटाई दिएकोमा
रोयल डच एम्बेसी, नयाँ दिल्ली प्रति आभार व्यक्त गरिन्छ ।

मूल्य: रू. २५।-

मुद्रक: **अल्फा अफसेट प्रेस**
कोपुण्डोल, ललितपुर ।

Digitized By: Bimal Chandra Sharma

मानव अधिकार आन्दोलनका योद्धा

प्रकाश काफ्ले

प्रति श्रद्धाञ्जली सहित

पुस्तकको बारेमा

विश्वमा मानव अधिकार आन्दोलनलाई संस्थागत रुपमा अगाडी बढाउने काममा संयुक्त राष्ट्र संघको भूमिका अग्रीम पंक्तिमा रहेको छ । संयुक्त राष्ट्र संघको गठन भए यता मानव अधिकारको अवधारणालाई व्यवस्थित गरी मानव जीवनको अभिन्न अङ्गका रुपमा विकसित गर्नका निम्ति निकै गहकिला प्रयासहरु भएका छन् ।

मानव अधिकार-आन्दोलनलाई अघि बढाउन मानव अधिकारका वारेमा भएका प्रयासहरु एवं तिनको स्थितिका वारेमा सर्व-साधारणले पनि जानकारी राख्नु अति आवश्यक हुन्छ । जन चेतनाको विकास विना मानव अधिकारलाई स्थायी र विकसित तुल्याउन सकिदैंन । यसै तथ्यलाई मध्यनजर राखी अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले देशका विभिन्न जिल्लाहरुमा मानव अधिकार एवम् सामाजिक सचेतन कार्यक्रम संचालन गर्दै आएको छ ।

संयुक्त राष्ट्र संघ र मानव अधिकारको क्षेत्रमा यसले गरेका प्रयास वारे जानकारी दिने उद्धेश्यले यो पुस्तक प्रकाशित गरिएको छ । पुस्तकमा नेपाल सरकारले हालसम्म हस्ताक्षर गरी स्विकृती प्रदान गरेको संयुक्त राष्ट्र संघद्वारा पारित विभिन्न मानव अधिकार सम्बन्धी दस्तावेजहरूको नेपाली रुपान्तरलाई संकलित गरिएको छ । घरगाउँमा कार्यरत मानव अधिकार कार्यकर्ता मात्र होइन मानव अधिकारको क्षेत्रमा चासो राख्ने जोसुकैलाई यो पुस्तक उपयोगी ठहर्नेछ भन्ने मलाई लागेको छ ।

संयुक्त राष्ट्र संघद्वारा प्रकाशित ती दस्तावेजहरुको नेपाली रुपान्तरहरु केहि अन्य भातृ संगठनहरुका प्रकाशनहरुबाट पनि उद्धृत गरिएका छन् । त्यसको लागि हामी इन्हुरेड ईन्टरनेशनल, मानव अधिकार संरक्षण मञ्च, मानव अधिकार संगठन लगायतका यस क्षेत्रमा कार्यरत सबै संस्था प्रति आभार व्यक्त गर्न चाहन्छौं ।

अन्तमा यो पुस्तक तयार गर्ने काममा आफ्नो समय र परीश्रम लगाउने महेश्वर श्रेष्ठ र पुस्तकको लागि सामाग्री संकलन, सम्पादन र रुपान्तरमा ठोस योगदान गर्नु हुने पवन ओझालाई धन्यवाद दिन चाहन्छु ।

सुशील प्याकुरेल

संयोजक

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

विषय सूची

		पेज
१.	मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय दस्तावेज र नेपाल	१
२.	मानव अधिकारहरूको विश्वव्यापी घोषणा	४४
३.	नागरिक तथा राजनीतिक अधिकारका अन्तर्राष्ट्रिय अनुबन्ध	५३
४.	आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूबारे अन्तर्राष्ट्रिय अनुबन्ध	८१
५.	नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्धको थप प्रोटोकल	९६
६.	महिलाहरूको राजनैतिक अधिकारहरू सम्बन्धी अभिसन्धी	१०१
७.	महिला विरुद्धका सबै प्रकारका भेदभाव अन्त्य गर्ने सम्बन्धी अभिसन्धी	१०५
८.	बाल अधिकार सम्बन्धी अभिसन्धी	१२३
९.	दासत्व अभिसन्धी १९२६	१५५
१०	दासत्व अभिसन्धीलाई संशोधन गर्ने २५ सेप्टेम्वर १९५३ मा जेनेभामा हस्ताक्षर गरिएको प्रोटोकल	१६१
११.	दासत्व, दास व्यापार वा दासत्व सरहका संस्था तथा प्रचलन उन्मूलन सम्बन्धी सहायक अभिसन्धी	१६५
१२.	यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको अभिसन्धी	१७४

मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेज र नेपाल

संक्षिप्त परिचय

- पवन कुमार ओझा

१. विषय प्रवेश

मानिसको एउटै लक्ष्य हुन्छ सुख प्राप्ती । मानिस दुःख, कलह, अशान्तीमा सुखकै लालसा, आनन्द प्राप्ती कै इच्छाले फंस्दछ । त्यसो हुंदा सुख प्राप्तीका निमित्तकै प्रयत्नमा उसको तमाम जीवन खर्च हुन्छ र आखीर त्यहि प्राप्ती कै निमित्त मर्दछ ।

सुखको पनि अन्तीम परिभाषा छैन र प्राप्तीका तौर तरिका पनि अनन्त छन् । त्यसो हुंदा सुख प्राप्तीका क्रममा मानिस अर्को मानिसका हित, सुखलाई वाधा पुऱ्याउन पुग्दछ फलस्वरुप कलह, खिचलो झंझट तथा अशान्ति शुरु हुन्छ ।

मानिसका सुख प्राप्तीको मार्गमा खिचलो उत्पन्न गर्ने मानवीय क्रियाकलापहरूको स्तर पनि विभिन्न हुन्छन् । कुनै खाने, बस्ने, लाउने जस्ता न्यूनतम आवश्यकताका कुरामा, कुनै स्वार्थका कुरामा भने कुनै कुनै चैं असरोकारका कुरामा समेत हुन्छन् । मानिसले सुख प्राप्त गर्ने लालसामा एकातर्फ एकले अर्कोका सुख वा हीतमा असर पारि रहेको हुन्छ भने त्यस्तो असर पार्ने कार्य मानिस, राज्यका अंगहरू, राज्यशक्ति तथा राज्यशक्तिको आडमा पदासिन व्यक्तिको महत्वाकांक्षा समेत अग्रीम पंक्तिमा रहेको हुन्छ । यी सव कुराको आडमा मानिस नै मानिसको हितको कट्टर दुस्मन हुन्छ र यहिनै मानव मात्रका निमित्त दुर्भाग्यपूर्ण कुरा हुन पुगेको छ ।

मानिसको सुख प्राप्तीमा सहायक हुने अन्तिम साधन नै मानव अधिकारका संरक्षण हो । मानिसको सुख सुविधाको प्राप्ती मानिसका निमित्त आवश्यक हितहरूका संरक्षण बाटै सम्भव छ र योनै मानव अधिकारको आवश्यकता, महत्व तथा संरक्षण गर्ने कुरालाई बोध गराउने मुख्य र अन्तिम कडी हो ।

(क) अधिकारको परिचय र मानव अधिकार

अधिकारको बारेमा गहन अध्ययन, खोज्ने विद्वानले के भेट्दछ भन्न सकिन्न तर अधिकारको परिष्कृत परिचय खोज्ने सर्वसाधारणले अल्मलिनु पर्ने हुन्छ । अत: अधिकार के हो भन्ने कुरामा धेरै नअल्मलिन यसलाई सरसर्ति तौरबाट हेर्नू परिभाषित गर्नु उचित हुन्छ । अधिकार भनेको कानूनद्वारा सुरक्षीत तथा मान्यता प्राप्त मानिसका आवश्यकता तथा हितका कुरा हुन् ।

अधिकारको विभिन्न किसिमबाट वर्गीकरण गर्न सकिन्छ । एक सामान्य वर्गीकरण निम्न वमोजिम हुन सक्तछ -

१. मानव अधिकार
२. मूलभूत अधिकार
३. संवैधानिक अधिकार
४. कानूनी अधिकार
५. संझौतात्मक अधिकार

हुन त सवै अधिकारहरू मानिसकै लागी हुने कुरा हुन तर मानव अधिकार चैं अरु अधिकार भन्दा गंभीर, गहन, आधारभूत र सम्पूर्ण मानव मात्रका लागि आवश्यक पर्ने अधिकार हुन् । अरु अधिकारहरू कुनै एक देशभित्रको कुनै एक ठाउँ वा समाजका निमित्त वा कुनै व्यक्ति विशेषका निमित्त मात्र लागु हुन्छन् । कुनै संविधानले दिएका मूलभूत अधिकार वा संवैधानिक अधिकार त्यो देश भित्रका सबै नागरिकले मात्र उपभोग गर्न सक्तछन् अर्को देशमा लागु हुदैनन् । कानूनी अधिकारहरू कानूनबाट उत्पन्न हुने भएकोले कानून प्रयोग हुने क्षेत्र भित्र मात्र लागु हुन्छन । विभिन्न कानूनले विभिन्न खाले अधिकारहरू विभिन्न मानिसका लागि श्रृजना गरेका हुन्छन् । दुई वा वेसी व्यक्तिहरू मिलेर आपसमा मंजुर भै एक अर्कालाई वाध्य गराउनका निमित्त सम्झौताद्वारा अधिकार श्रृजना गर्दछन् जो अर्को तेश्रो व्यक्तिका निमित्त लागु हुन सक्तैन । उल्लेख गरिएका अधिकारहरू मानिसका इच्छा तथा आवश्यकतानुसार प्राप्त गर्न सकिन्छ र कसैले उल्लंघन गरेमा त्यसको पुन: प्राप्ती वा प्रचलनको तरिका पनि अलग अलग हुन्छ । यी अधिकारहरू मानव अधिकार कै विभिन्न स्वरुप हुन् र मानव अधिकार वाटै श्रृजना हुदै आएका हुन्छन् ।

मानव अधिकार भन्नाले त्यस्ता अधिकारको समूहलाईलाई बुझाउँदछ जो मानिस भएर जन्मेको कारणले उसलाई मानिसको रुपमा हुर्कन, बाँच्न तथा

जीवन निर्वाहका निमित्त आवश्यक हुन्छन् । त्यस्ता आवश्यक अधिकारहरूको अभावमा मानिस मानिसको रुपमा बाँच्न, वा व्यवहार चलाउन वा रहन सक्तैन । यस्ता अधिकारहरू संसार भरिका मानिसलाई एकनासले आवश्यक हुन्छन र धनी, गरीव, ठूलो, सानू, कालो, गोरो, लोग्नेमानिस स्वास्नीमानिस, बालक, मजदुर लगायतका सबै पक्षका मानव मात्रका निमित्त एकनासले आवश्यक हुन्छन् । मानव अधिकार धर्मको आडबाट, रंगको आधारबाट, जातजातीको आधारबाट, विचारधाराको आधारबाट फरक हुनै सक्तैनन् किनकि जुनसुकै मानिस चाहे त्यो जुनसुकै धर्म, वर्ण, भाषा, लिङ्ग वा विचारधारा राष्ट्रियता, उत्पत्ति, सामाजिक र आर्थिक स्थिती राख्नेनै किन नहोस उ आखिरमा मानव हो र उसलाई मानवको रुपमा बांच्न, चिनिनका लागि न्यूनतम अधिकारहरू आवश्यक पर्दछन् । एक मानिसबाट अर्को मानिसका लागि छुट्याउन, झिक्न, अलग गर्न नमिल्ने अधिकारहरू सबै मानव मात्रका साझा भएकोले यस्ता अधिकारलाई मानव अधिकार भनिएका हुन् ।

विश्वको मानव समूदाय विभिन्न राष्ट्रमा छरिएर बसेको हुन्छ । त्यसो हुंदा विश्व मानव समुदायको सामाजिक, आर्थिक अवस्था, रहन सहन, संस्कृति, भाषा, भेष, धर्म, वर्ण, जात जाति, जीवनस्तर अलग अलग हुन सक्तछ । उनीहरूको राजनैतिक, प्रशासनिक व्यवस्था फरक फरक हुन सक्तछ । उनीहरूका कानून तथा संविधानद्वरा वेग्ला वेग्लै प्रणाली स्थापना भएको हुन सक्तछ, स्थान सापेक्ष र क्षमता सापेक्ष अधिकारहरू श्रृजना भएका हुन सक्तछन् तर मानव अधिकारको कुरामा विश्वका जुनसुकै भागमा बसेको मानिस किन नहोस उसका अधिकारहरू एक नासका र समान हुन्छन् किनकि जहाँसुकै रहे भए पनि मानवको रुपमा जन्मेको कारण उसका अधिकारहरू निश्चित र एकै हुन्छन् । मानवको हैसियतको विचार गरि उसलाई आवश्यक हुने अधिकारहरू जहाँ रहे वसे पनि एकै हुन्छन् । त्यसैले मानव अधिकारको नापो नै मानव स्वयं हो अत: मानव अधिकारहरू विश्वका जुनसुकै भागमा पनि असमान रहन सक्तैनन् ।

मानव अधिकारहरू कति हुन् र कसले निर्धारण गर्ने हो भन्ने कुरा पनि बुझ्न आवश्यक हुन्छ । मानवका लागि आवश्यक पर्ने सबै अधिकारहरू मानव अधिकार हुन् भन्दा यस्ता अधिकारहरू असिमित र अनन्त रहेको अनुभव हुन्छ तापनि मानव अधिकार यी यी हुन् भन्ने कुराहरू किटान गर्ने प्रयत्न भएको छ र सो काम संयुक्त राष्ट्र संघको तत्वावधानमा विश्वभरिका मानिसहरूका प्रतिनिधीहरूले सन् १९४८ को डिसेम्वर १० तारिखका दिन "मानव अधिकारको विश्वव्यापी घोषणा" मार्फत गरेका छन् । सो घोषणामा भनिएका अधिकारहरू न्यूनतमनै हुन् र सन् १९४८ पश्चात मानव अधिकार

सम्बन्धमा विश्व समूदायले कैयौं अन्य दस्तावेजद्वारा मानव अधिकारहरूलाई अझ किटान गर्ने प्रयत्न गरेको छ । जति जति यस्ता व्याख्याकार दस्तावेजहरू पारित हुँदै गएका छन् वा जानेछन् त्यति त्यति मानव अधिकारको क्षेत्र विस्तृत, विशाल, वा व्यापक तथा जटिल हुँदै गएको आभास हुन्छ । हामीले सजीलोको लागि मानव अधिकार भन्नाले मानव अधिकार सम्वन्धी विश्वव्यापी घोषणापत्रमा उल्लेख भएका अधिकारहरूलाई नै बुझ्नु पर्दछ । यसबाट मानव अधिकारको परिभाषा गर्न र बुझ्न सजिलो हुन जान्छ ।

(ख) मानव अधिकार र मूलभूत अधिकार

मूलत: मानव अधिकारको उल्लंघन गर्ने प्रमुख र शक्तिशाली निकाय राज्य नै हो । राज्य एक सर्वशक्तिमान निकाय हो जसले नागरिकका मानव अधिकारको व्यापक उल्लंघन गर्न सक्तछ । राष्ट्रको मूख्य संचालक सरकार हो र सरकारमा बस्ने व्यक्तिले मानिसका अधिकारको उल्लंघन गर्न सक्तछ । उससंग, सेना, प्रहरी तथा प्रशासन हुन्छ जसको सहायताबाट मानिस उपर व्यापक थिचोमिचो हुन्छ । कुनै व्यक्ति वा व्यक्तिहरूको समुहले राज्यशक्ति संचालन गर्ने सरकार विरुद्ध केहि गर्न सक्तैन । मानिसहरूको अधिकारको उपभोग गर्ने कुरामा यस्तो स्थिति ज्यादै दुर्भाग्यपूर्ण हुन्छ । सरकारले मानिसका मूलभूत अधिकारमा कुनै पनि प्रकारले हस्तक्षेप गर्न नसकोस भन्ने ध्येयले हरेक देशमा संविधानले उल्लंघन गर्न नसकिने गरि खास खास अधिकारहरूको उल्लेख गरेको हुन्छ । संविधानद्वारा उल्लंघन गर्न नसकिने गरि राखिएका अधिकारहरूलाई मूलभूत वा मौलिक अधिकार भनिन्छ ।

मूलभूत वा मौलिक अधिकार पनि आधारभूत मानव अधिकार नै हुन् । कुनै पनि देशमा कति मानव अधिकारलाई मौलिक हकको रुपमा संविधानद्वारा सुरक्षित गरियो भन्ने प्रश्न ज्यादै महत्वपूर्ण हुन्छ । देशको आर्थिक, सामाजिकतथा शैक्षिक विकास, चेतनाको स्तर, मौलिक हक संरक्षण गर्ने क्रममा राष्ट्रको परिपालना गर्न सक्ने क्षमता आदि कुरामा कति मानव अधिकारलाई संविधानले मूलभूत अधिकारको रुपमा ग्यारेन्टी गर्नु पर्दछ वा गर्न सकिन्छ वा सक्तछ वा गरेको छ भन्ने कुरा निर्भर गर्दछ ।

संविधानमा परेका मौलिक अधिकारहरू मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लेख भएका मानव अधिकार भित्रैबाट लिइएका हुन्छन् । धेरै मानव अधिकारलाई मौलिक हकको रुपमा संरक्षण गर्न सकियो त्यति नै राष्ट्र सक्षम, सबल र विकसित भएको मान्न सकिन्छ ।

दोश्रो विश्व यूद्ध पछि खास गरि सन् १९४८ पछि स्वतन्त्र हुने राष्ट्रले धेरै भन्दा धेरै मानव अधिकारलाई मूलभूत अधिकारको रुपमा संरक्षण गरेको पाइन्छ ।

(ग) मानव अधिकारका किसिम

मानव अधिकारलाई मोटामोटी निम्न अनुसार वर्गीकृत गरेको पाइन्छः-

(क) राजनैतिक तथा नागरिक अधिकार,

(ख) सामाजिक, सांस्कृतिक तथा आर्थिक अधिकार,

(ग) विकासको अधिकार,

(घ) भेदभाव विरुद्धको अधिकार,

(ङ) आत्म निर्णयको अधिकार,

(च) रंगभेद विरुद्धको अधिकार

(छ) दासत्व विरुद्धको तथा जवर्जस्ती श्रम विरुद्धको अधिकार

(ज) यातना विरुद्धको अधिकार

(झ) विशीष्ट समुहहरूको अधिकार - विदेशीहरूको अधिकार, बालकहरूको अधिकार, महिलाहरूको अधिकार, अल्प संख्यकहरूको अधिकार, श्रमिकहरूको अधिकार, अपाङ्गहरुको अधिकार,

(ञ) शिक्षाको अधिकार

(ट) शोषण विरुद्धको अधिकार

(ठ) शान्तिको अधिकार

(ड) भोक विरुद्धको अधिार

(ढ) शुद्ध पर्यावरणको अधिकार

(ण) नागरिकता सम्वन्धी अधिकार

उपरोक्त वर्गीकरण अन्तीम होइन नत पूर्ण नै हो । यसलाई पुनः ग्रुपीङ्ग गर्न सकिन्छ ।

(घ) मानव अधिकारसंग सरोकार राख्ने अन्य दस्तावेजहरू

मानव अधिकारको क्षेत्रमा सन् १९४८ पश्चात धेरै काम भएका छन् । संयुक्त राष्ट्र संघ र यसका विशिष्ठ निकायहरूद्वारा मानव अधिकारसंग सम्वन्धित विभिन्न विषयमा सन्धीहरू पारित भएका छन् । संयुक्त राष्ट्र संघले प्रकाशित गरेको मानव अधिकारका सम्वन्धमा बनेका अन्तर्राष्ट्रिय दस्तावेजको संग्रहमा दिइएका मात्र दस्तावेजहरू ६७ वटा छन् । यी दस्तावेज मध्ये नेपालले केहिलाई मात्र अनुमोदन गरेको छ ।

(क) मानव अधिकारका अन्तर्राष्ट्रिय अधिकारपत्र ।

- मानव अधिकारको विश्वव्यापी घोषणा पत्र (१९४८) ।
- आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार विषयको अन्तर्राष्ट्रिय अनुबन्ध (१९६६) ।
- नागरिक तथा राजनैतिक अधिकार विषयको अनुबन्ध (१९६६) ।
- नागरिक तथा राजनैतिक अधिकार विषयको अनुबन्धसंग सम्वन्धित इच्छाधिन प्रोटोकल (१९६६) ।
  (उपरात्त अनुबन्ध तथा प्रोटोकलमा जनआन्दोलनद्वारा प्रजातन्त्रको प्राप्ती पश्चात २०४७ मा गठित अन्तरीम मन्त्रीपरिषदले हस्ताक्षर गरी अनुमोदन गरेको छ ।)

(ख) तेहरान घोषणा पत्र .१९६८)

(ग) आत्म-निर्णयको अधिकार: यस अधिकारको सम्वन्धमा निम्न घोषणा पत्र तथा निर्णयहरू पारित भएका छन्:-

- उपनिवेशमा रहेका देश तथा मानिसहरूलाई स्वाधीनता प्रदान गर्ने विषयको घोषणा पत्र (१९६०)
- साधारण सभाको प्राकृतिक श्रोत उपरको स्थायी सार्वभौम अधिकार विषयको मिति १४ डिसेमवर १९६२ निर्णय १८०३ (XVII)

(घ) भेदभावको रोकथाम : यस वारेमा निम्न १३ टा दस्तावेजहरू निर्माण भएका छन्:-

- सबै किसिमका वर्णभेदको अन्त्य गर्ने विषयको राष्ट्र संघीय घोषणा पत्र (१९६३)
- सबै किसिमका वर्णभेदको उन्मूलन गर्ने विषयको अन्तराष्ट्रिय अभिसन्धी, (१९६५)
- रंगभेद अपराधको दमन र दण्ड विषयको अन्तर्राष्ट्रिय अभिसन्धी, (१९७३)
- खेलमा रंगभेद विरुद्धको अन्तर्राष्ट्रिय अभिसन्धी (१९८५)
- रोजगार तथा व्यवसायमा भेदभाव विषयको अभिसन्धी (१९५८)
- शिक्षामा भेदभाव विरुद्धको अभिसन्धी (१९६०)
- शिक्षामा भेदभाव विरुद्धको अभिसन्धीको विषयलाई लिएर पक्ष राष्ट्रहरूका वीच उत्पन्न विवादको समाधानका लागि संझौता वा मिलाइदिने आयोग गठन गर्ने विषयको प्रोटोकल (१९६२)
- समान पारिश्रमिक अभिसन्धी (१९५१)
- महिला विरुद्ध भेदभाव उन्मूलन गर्ने विषयको घोषणापत्र (१९६७)
- महिला विरुद्धका सबै किसिमका भेदभाव उन्मूलन गर्ने विषयको अभिसन्धी (१९७९)
- सबै किसिमका असहिष्णुता र धर्म वा आस्थामा आधारित भेदभाव उन्मूलन गर्ने विषयको घोषणा पत्र (१९८१)
- मानव अधिकारको प्रवर्द्धन गर्ने वा रंगभेद, जातिभेद र लडाईंलाई उकास्ने कार्यमा जुध्ने मास मडिया सम्वन्धी सिद्धान्तहरूको घोषणापत्र (१९७८)
- *जाति तथा जातिगत पूर्वाग्रह (Prejudice) का बारेको* घोषणापत्र(१९७८)

(ङ) युद्ध अपराध, मानव मात्रको हत्या लगायत मानव जाती विरुद्धका अपराध : यस विषयमा निम्न दस्तावेजहरू पारित भएका छन् :-

- मानव मात्रको हत्या सम्बन्धी अपराधको रोकथाम र सजाय विषयको अभिसन्धी (१९४८)
- युद्ध अपराध तथा मानवता विरुद्धको अपराधका सम्वन्धमा कानूनी हदम्याद नलाग्ने विषयको अभिसन्धी (१९६८)
- युद्ध अपराध र मानवता विरुद्धका अपराधमा संलग्न दोषी व्यक्तिलाई पत्ता लगाउने, पकड्ने, प्रत्यार्पण गर्ने र सजाय गर्ने कुरामा अन्तर्राष्ट्रिय सहयोग गर्ने सम्वन्धका सिद्धान्तहरू (१९७३)

(च) दासत्व, जवर्जस्ती श्रम तथा अन्य उस्तै संस्था र व्यवहार : यस विषयमा निम्न दस्तावेजहरू पारित भएका छन् :-

- दासत्व अभिसन्धी (१९२६)
- २५ सेप्टेम्वर १९२६ का दिन जेनेभामा हस्ताक्षर गरिएको दासत्व अभिसन्धीलाई संशोधन गर्ने प्रोटोकल (१९५३)
- दासत्व, दासव्यापार र दासत्व सरहका संस्था तथा प्रचलन उन्मूलन गर्ने विषयको पूरक अभिसन्धी (१९५६)
- जवर्जस्ती श्रम अभिसन्धी (१९३०)
- जवर्जस्ती श्रमलाई उन्मूलन गर्ने विषयको अभिसन्धी (१९५७)
- व्यक्तिको वेच विखन र अरुलाई बेश्या बनाएर शोषण गर्ने कुरा समाप्त गर्ने सम्बन्धी अभिसन्धी, (१९४९)

(छ) न्याय प्रशासन र मानव अधिकार तथा थुनामा परेका_व्यक्तिको संरक्षण : यस विषयमा निम्न दस्तावेजहरू पारित भएका छन्:-

- कैदीप्रति व्यवहार गर्ने विषयमा स्तरी न्यूनतम नियमहरू (१९७७)
- यातना र अन्य क्रूर अमानविय वा अपमानजनक ब्यवहार वा सजायमा परेका सबै मानिसको संरक्षण गर्ने घोषणापत्र (१९७५)
- यातना र अन्य क्रूर, अमानवीय वा अपमान जनक ब्यवहार वा सजाय विरुद्धको अभिसन्धी (१९८४)
- कानून प्रचलन गराउने अधिकृतहरूको निमित्त आचार संहिता (१९७९)
- यातना र अन्य क्रूर, अमानवीय वा अपमानजनक ब्यवहार वा सजायको कारण जेलमा र हिरासतमा रहनेहरूको संरक्षणमा स्वास्थ्यकर्मिहरूको, खासगरि डाक्टर (फिजीसीयन) हरूको, भूमिका सम्बन्धी नैतिक औषधी विज्ञानका सिद्धान्तहरू (१९८२)
- मृत्यूदण्ड पाएकाहरूको अधिकारको संरक्षण सुनिश्चित गर्ने उपायहरू (१९८४)
- बाल न्याय प्रशासनका निमित्त राष्ट्र संघ स्तरीय न्यूनतम नियमहरू (वेइजीङ्ग नियमहरू) १९८५)
- अपराध र अधिकार दुरुपयोगका शिकार भएका ब्यक्तिहरुका निमित्त आधारभूत न्यायका सिद्धान्तहरुको घोषणापत्र, १९८५
- स्वतन्त्र न्यायालय बारेका आधारभूत सिद्धान्तहरू (१९८५)

(ज) राष्ट्रियता, राज्यविहीनता, शरण र शरणार्थी : यस विषयमा निम्न दस्तावेजहरू तयार भएका देखिन्छन् :-

- विवाहित महिलाको राष्ट्रियता बारेको अभिसन्धी, १९५७
- राज्य विहीनताको अवस्था बारेको अभिसन्धी, १९५४

- राज्य विहिन ब्यक्तिको हैसियतसंग सम्बन्धित अभिसन्धी, १९५४
- शरणाथीहरूको हैसियतसंग सम्बन्धित अभिसन्धी १९५०
- शरणार्थीहरूको हैसियतसंग सम्वन्धित प्रोटोकल (१९६६)
- शरणार्थी सम्वन्धी राष्ट्र संघीय उच्च आयुक्तको कार्यालयको हैसियत, १९५०
- प्रादेशिक शरण वारेको घोषणा पत्र (१९६७)
- बसोबास गरिरहेको देशका नागरिक नहुने ब्यक्तिहरूको मानव अधिकार सम्बन्धी घोषणा पत्र (१९८५)

(झ) सूचनाको स्वतन्त्रता : यस विषयमा निम्न दस्तावेज बनेको देखिन्छ :-

- सच्याउने कुरामा भएको अन्तर्राष्ट्रिय अधिकारको अभिसन्धी, (१९५२)

(ञ) संघ संस्थाको स्वतन्त्रता : यस विषयमा निम्न दस्तावेजहरू पारित भएका देखिन्छन् :-

- संघ संस्थाको स्वतन्त्रता र संगठित हुन पाउने अधिकारको संरक्षण गर्ने अभिसन्धी (१९४८)
- संगठित हुने अधिकार र सामुहिक सौदावाजीको अभिसन्धी, (१९४९)
- कामदारहरूको प्रतिनिधित्व अभिसन्धी, (१९७१)
- श्रम सम्बन्ध (सार्वजनिक सेवा) को अभिसन्धी (१९७८)

(ट) रोजगार नीति : यस विषयमा निम्न अभिसन्धी पारित भएको देखिन्छ :-

- रोजगार नीति अभिसन्धी (१९६४)

(ढ) महिलाहरुको राजनैतिक अधिकार : यस विषयमा निम्न

अभिसन्धी पारित भएको देखिन्छ :-

- महिलाहरूको राजनैतिक अधिकारको अभिसन्धी (१९५२)

(ङ) विवाह, परिवार, वालकपन तथा जवानी : यस विषयमा निम्न अभिसन्धीहरू पारित भएका छन् :-

- विवाहदर्ता, विवाहको निमित्त न्यूनतम उमेर र विवाहका निमित्त मंजुर हुनु पर्ने विषयको अभिसन्धी (१९६२)
- विवाहदर्ता, विवाहको निमित्त न्यूनतम उमेर र विवाहका निमित्त मंजुर हुने विषयको सिफारिस (१९६५)
- बाल-बालिकाका अधिकारहरूको घोषणा पत्र, १९५९
- संकटकाल र लडाईंका बखत महिला र बालकको संरक्षण गर्ने सम्बन्धको घोषणा पत्र (१९७४)
- मानिस बीच आपसी सम्मान र समझदारी, यूवाहरूमा शान्तिको आदर्श संरक्षण गर्ने घोषणा पत्र, (१९६५)
- बालबालिकाको कल्याण तथा संरक्षण, खास गरि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा धर्मपुत्र राख्ने विषयको सामाजिक र कानूनी सिद्धान्त बारेको घोषणापत्र (१९८६)

(ढ) सामाजिक कल्याण, प्रगति र विकास : यी विषयमा निम्न दस्तावेजहरू निर्माण भएका छन् :-

- सामाजिक प्रगति र विकास बारेको घोषणा पत्र (१९६९)
- मानसिक स्थिति कमजोर भएका व्यक्तिको अधिकार बारेको घोषणा पत्र (१९७१)
- भोक र कुपोषण उन्मूलन गर्ने विश्वव्यापी घोषणापत्र (१९७४)
- शान्तिको निमित्त र मानवजातिलाई फाइदा पुऱ्याउने तवरबाट बैज्ञानिक र प्राविधिक प्रगतिको उपयोग गर्ने बारेको घोषणापत्र (१९७५)
- असमर्थ व्यक्तिहरूका अधिकारहरू बारेको घोषणापत्र (१९७५)
- विकास सम्वन्धी अधिकार बारेको घोषणापत्र (१९८६)

(ण) संस्कृतिको उपभोग गर्ने अधिकार : यस विषयमा निम्न दस्तावेज बनेको देखिन्छ :-

- अन्तर्राष्ट्रिय सांस्कृतिक सहयोग वारेका सिद्धान्तहरूको घोषणपत्र (१९६६)

२ मानव अधिकारको विकासक्रमको संक्षिप्त झलक

सन १९४८ को विश्वव्यापी घोषणापत्रद्वारा अन्तर्राष्ट्रिय स्तरमा अधिकारको पहिचान तथा घोषणा हुनु भन्दा पहिलेको मानव अधिकारको विकासक्रमका बारेमा केहि जानकारी लिनु हुनेछ ।

मानव अधिकार सम्बन्धी घोषणा हुनु पर्ने परिस्थितिको श्रृजना गर्ने कारणमा घरेलु वा राष्ट्रिय विकासक्रमभन्दा अन्तर्राष्ट्रिय परिस्थिति बढि जिम्मेवार देखिएको छ ।

(क) मानव अधिकारको घरेलु विकासक्रम

जुन देशमा मानव अधिकारको सम्मान भएको छ, त्यहाँ विकासक्रम द्रुत गतिले भएको तथा प्रजातनत्र स्थायी एवँ परिष्कृत मात्र भएको होईन मानव सभ्यताको समेत विकास भई सुख प्राप्त भएको आभास हुन्छ ।

मानव अधिकारको सम्मान तथा सँरक्षणको अभियानमा अग्रणी स्थान वेलायतको छ यद्यपी यहि देश संसारलाई उपनिवेशमा जकड्ने पक्षबाट बदनाम रहेको पनि छ । वेलायतमा सन १२१५ को म्याग्ना कार्टा (स्वतन्त्रताको महाधिकारपत्र) मानव अधिकारको पहिचान, संरक्षण तथा प्रचलन गराउने प्रमुख तथा पहिलो लिखित दस्तावेज भएर रहेको छ । यहि दस्तावेज नै संसारका जनताका मानव अधिकारको जगको रुपमा रहेको छ । यस पश्चात सन १६२८ मा पेटिसन अफ राइट, १६४० को वन्दीप्रत्यक्षीकरण ऐन र सन १६८९ को अधिकारपत्र (Bill of Rights) हरूले मानिसका अधिकारहरूलाई अझ परिमार्जन गरि दिए । यी दस्तावेजका अलावा सन १७०१ को व्यवस्थापन ऐन, सन १६८९ को सहिष्णुता ऐन तथा सन १६९५ को लाइसेन्स ऐनले पनि वेलायतमा मानव अधिकारको बहाली तथा प्रचलन गराउने क्रममा अग्रणी भूमिका खेलेका छन् ।

वेलायतमा नागरिकहरूलाई प्राप्त अधिकारको प्रभाव फ्रान्सका जनतामा समेत पऱ्यो । फ्रान्सका दार्शनिकहरू मोन्टेस्कु, भोल्टेयर, रूसो आदिले जनतालाई जागृत गराएको फलस्वरुप संसार प्रसिद्ध फ्रान्सेली राज्यक्रान्ति भयो जसले त्यहांको राजतन्त्रलाई समाप्त पारि गणतन्त्र स्थापना गऱ्यो । क्रान्ति पश्चात सन १७८९ मा फ्रान्सका नागरिकहरूको निमित्त अधिकारहरूको घोषणापत्र (French Declaration of the Rights of Men and the Citizens) जारि गरियो । यस घोषणापत्रले नागरिक तथा राजनैतिक दुबै अधिकार प्रदान गरेको थियो ।

अमेरिकी स्वाधिनता संग्रामको आफ्नै गाथा छ जसको फलस्वरुप सन १७७६ मा अमेरिकी स्वाधिनताको घोषणापत्र आयो । तत्पश्चात सन १७७९ मा भर्जिनिया अधिकापत्र जारि गरियो । सल १७८९ मा अमेरिकन नागरिकका अधिकारहरूको घोषणापत्र कांग्रेसले पारित गऱ्यो । अमेरिकन संविधान अन्तर्गत मानिसका मूलभूत अधिकार संशोधन गर्न नसकिने गरि राखिएका छन् ।

वेलायत, फ्रान्स तथा अमेरिकी प्रयासलाई यूरोपका अन्य प्रजातान्त्रिक तथा विकसित देशहरूले समेत अनुकरण तथा विकास गरि मानव अधिकारको सम्मान तथा संरक्षण गरे ।

सन् १९१७ को रूसी अक्टोवर क्रान्तिले मानव अधिकारको क्षेत्रमा एउटा थप आयामको शुरूवात गऱ्यो । त्यसपछि संसारभरीनै आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको लागि अभियानहरू संचालन भए र पछि संयुक्त राष्ट्र संघले समेत यसलाई अभिसन्धीको रूपमा १९६६ मा अधि साऱ्यो ।

(ख) अन्तराष्ट्रिय प्रयास

मानव अधिकारको सम्मान तथा संरक्षणको कुरा घरेलु स्तरबाटै हुनु पर्ने र यसको सम्मान नभएमा यसबाट विश्व शान्ति एवं सुव्यवस्था तथा स्थायीत्व एवं समृद्धीमा असर पुग्न जान्छ भन्ने कुरालाई अन्तर्राष्ट्रिय समुदायले भलिभांती जानेर अन्तर्राष्ट्रिय स्तरबाट मानव अधिकारको सम्मान गर्न आवश्यक भएको महसुश गर्दै सन १९४८ को विश्वव्यापी घोषणापत्र हुनु पूर्व पटक पटक प्रयास गरेको देखिन्छ ।

इसाई अल्पसंख्यकलाई संरक्षण प्रदान गर्ने सन १६४८ को वेष्ट खलिफाको सन्धीलाई मानव अधिकार संरक्षणको अन्तर्राष्ट्रिय प्रयास भन्ने कुनै कुनै विद्वानको भनाई छ तापनि मानव अधिकारको संरक्षण गर्ने कार्यमा दासत्व र दासव्यापार उन्मूलन गर्ने प्रयत्नका सम्वन्धमा खेलिएको भूमिका अग्रणी देखिन्छ । यसको निमित्त पहिलो प्रयास सन १८१५ को भीयना सम्मेलनलाई लिइन्छ । सो सम्मेलन पश्चात थुप्रै अन्तराष्ट्रिय सन्धीहरू भए । आखिर सन १८८५ को वर्लिन सम्मेलनले दास व्यापारलाई अवैध घोषित गर्न सफल भयो । पछि गएर सन १९२६ मा दासत्व उन्मूलन गर्ने अभिसन्धी पारित भयो जसलाई पूर्णता सन १९४८ को घोषणापत्र पश्चात सन १९५६ मा बनेको दासत्व सम्वन्धी पूरक अभिसन्धीले प्रदान गरेको छ ।

मानव अधिकारमा व्यापक आघात पार्ने काम "युद्ध" को कारण हुने कुरा कसैबाट छिपेको छैन । अन्तराष्ट्रिय कानूनमा युद्धलाई अवैध गर्न कोशिस गर्ने कैयौं प्रयत्न भै रहेकै अवस्था प्रथम विश्वयुद्ध (१९१४-१९१९) भयो । प्रथम विश्वयुद्ध समाप्ती पश्चात भएको शान्ति-सन्धी अन्तर्गत संयुक्त राष्ट्र (League of Nations) को स्थापना गरियो । राष्ट्र संघको अभिसन्धीले मानव अधिकारको सम्मान तथा संरक्षण भएमा मात्र विश्व शान्ति कायम रहन सक्तछ भन्ने कुरालाई स्पष्ट पारेको छ । यसै राष्ट्र संघको कार्यकालमा सन १९२८ मा केलोग-ब्राण्ड पैक्ट सन्धीले कानूनन "युद्ध" उन्मूलन गरेर मानव अधिकारको संरक्षणमा महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । राष्ट्र संघले अल्पसंख्यकहरूको अधिकारहरूको संरक्षण गर्ने काममा महत्वपूर्ण भूमिका खेलेको छ ।

अन्तराष्ट्रिय समूदायले कानूनी रूपमा युद्धलाई उन्मूलन गरेको भएपनि दोश्रो विश्वयुद्ध भएरै छाड्यो । दोश्रो विश्वयुद्ध हुनपर्ने प्रमुख कारणमा मानव अधिकारको व्यापक उल्लंघन नै प्रमुख देखियो । दोश्रो विश्वयुद्धको समाप्ती पश्चात सन १९४५ मा संयुक्त राष्ट्र संघको स्थापना गर्ने वडापत्र (Charter) मा मानव अधिकारको सम्मान तथा संरक्षण भएमा मात्र विश्वशान्ति स्थायी हुन सक्तछ भन्ने मनसाय स्पष्टसंग उल्लख भएको पाइन्छ । यद्यपि वडापत्रमा मानव अधिकारको "संरक्षण गर्ने" भन्ने उल्लेख पाईदैन तथापि पटक पटक "मानव अधिकारहरूमा विश्वास पुनः दृढ गराउने", "भेदभाव बिना सबैका निमित्त मौलिक हक र मानव अधिकारप्रति सम्मानको भाव प्रोत्सकहित र विकसित गर्नमा अन्तर्राष्ट्रिय सम्वन्ध राष्ट्रहरू बीच विकसित गर्ने", "सबैका लागि मानव अधिकार र मौलिक स्वतन्त्रता प्राप्त गराउन सहयोग गर्ने", "सबैका लागि मानव अधिकार र मौलिक स्वतन्त्रताको सम्मान गर्न प्रोत्साहन गर्ने" जस्ता अभिव्यक्तिहरू उल्लेख भएका छन् । वडापत्रमा मानव अधिकारको संरक्षण गर्ने तथा मानव अधिकारहरूको

पहिचान गर्ने कुरा नपरे पनि यसप्रतिको कटिवद्धता भने स्पष्टसंग उल्लेख छ ।

वडापत्रमा उल्लेख भएको मानव अधिकारप्रतिको कटिवद्धताको कारण नै मानव अधिकारहरूको पहिचान र तिनीहरूको संरक्षण तथा प्रचलनको सम्वन्धमा छुट्टै दस्तावेजको आवश्यकता हुन गयो । यसैलाई मध्यनजर गर्दै संयुक्त राष्ट्र संघको साधारणसभाले निर्णय नं. २१७ (III) द्वारा मिति १९४८ डिसेम्बर १० तारिखका दिन मानव अधिकारहरूको विश्वव्यापी धोषणापत्रलाई अनुमोदन (पारित) गरेको हो ।

३. अन्तर्राष्ट्रिय श्रम संगठन र मानव अधिकार

मानव अधिकारको क्षेत्रमा अन्तर्राष्ट्रिय संघ संस्थाहरूको प्रयास पनि उल्लृखनीय रूपमा रहेको छ । मानव अधिकारका क्षेत्रमा काम गर्ने कैयौं अन्तर्राष्ट्रिय संघ संस्थाहरूमा संयुक्त राष्ट्र संघसंग आवद्ध भएका संस्थाहरू खासगरि खाद्य तथा कृषि संगठन (FAO), विश्व स्वास्थ्य संगठन (WHO), बैज्ञानिक तथा सांस्कृतिक संगठन (UNESCO) र अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) प्रमुख देखिन्छन् भने संयुक्त राष्ट्र संघ इतर संस्थाहरूमा एमनेष्टी इन्टरनेशनल, रेडक्रस जस्ता कैयौं संस्थाहरू छन् जसले मानव अधिकारको क्षेत्रमा सन्हाहनिय काम गरेका छन् ।

संयुक्त राष्ट्र संघसंग आवद्ध भएका वा यसका विशिष्ठ अंगहरूको प्रमुख काम विश्वशान्तीको स्थायीत्व गर्ने, भाइचारा अभिवृद्धि गर्ने, विश्वमा न्याय, समानता तथा मानिसहरूको जीवन स्तर उकास्ने लगायतका मानिसहरूका हक, हित तथा कल्याण नै मुख्य रहेको हुन्छ । यस्ता संस्थाहरू मुलत मानव अधिकरकै क्षेत्रमा कार्यरत छन् भने यिनीहरूका हरेक प्रयासबाट मानव अधिकार सवल हुदै गएको पाइन्छ ।

एमनेष्टी, रेडक्रस जस्ता मानव अधिकारका क्षेत्रमा काम गर्ने कैयौं विश्वव्यापी संस्थाहरूको प्रमुख लक्ष्य विश्वभरिका मानिसहरूको हक, हित सुनिश्चित गर्नु रहेको छ ।

अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) सन् १९१९ मा संयुक्त राष्ट्र (League of Nations) संगै स्थापना भएको अन्तर्राष्ट्रिय संस्था हो । सन् १९४५ मा संयुक्त राष्ट्र संघको स्थापना पछि यो संस्था त्यस्को विशिष्ठ अंगको रुपमा रहेको छ ।

मूलत: अन्तर्राष्ट्रिय श्रम संगठनको कार्य श्रमको क्षेत्रमा मात्र सिमित रहेको हो ता पनि यसबाट मानव अधिकारको क्षेत्रमा अभूतपूर्व योगदान पुग्न गएको छ । यस्ले सन् १९९१ सम्ममा १७२ अभिसन्धीहरू र १७९ वटा सीफारिशहरू पारित गरेको छ । उल्लेखित दस्तावेजहरूले आधारभूत मानव अधिकार, रोजगार, सामाजिक नीति, श्रम प्रशासन, औद्योगिक सम्बन्ध, कामका शर्तहरू, सामाजिक सुरक्षा, महिला तथा केटाकेटीहरूको रोजगारमा संरक्षण, बसाई सर्ने मजदूरहरूको हक हितको सुरक्षा, जाती जनजातीका अधिकारका सम्बन्धमा महत्वपूर्ण नीति तथा स्तर कायम गरेका छन् ।

मानव अधिकारका क्षेत्रमा अन्तर्राष्ट्रिय श्रम संगठनले सन् १९४८ मा संघ संस्था बनाउने स्वतन्त्रता र संगठन गर्ने अधिकार सम्वन्धी अभिसन्धी, सन १९४९ मा संगठन गर्ने अधिकार र सामुहिक सौदावाजीको सम्वन्धी अभिसन्धी, सन् १९३० मा जवर्जस्ती काम लिने सम्वन्धी अभिसन्धी, सन् १९५७ मा जवर्जस्ती काम गराउन निषेध गर्ने सम्बन्धी अभिसन्धी, सन् १९५१ मा समान कामका निमित्त समान पारिश्रमिक दिने विषयको अभिसन्धी र सन् १९५८ मा रोजगारी तथा व्यवसायहरूमा असमान वा भेद गर्न नहुने विषयका अभिसन्धी बनाएर महत्वपूर्ण काम गरेको छ ।

उपरोक्त अभिसन्धी बाहेक अन्य सबै जसो अभिसन्धीहरूले मानव अधिकारकै संरक्षण र सम्वर्धनमा प्रमुख भूमिका खेलेको पाइन्छ ।

अन्तर्राष्ट्रिय श्रम संगठनले केवल स्तर मात्र निर्धारण गर्दैन यसले सम्बन्धित राष्ट्रले हस्ताक्षर वा अनुमोदन गरेका यस्ता अभिसन्धीहरूको पालना गरेको छ छैन भन्ने कुरामा उजुरी लिएर छानविन गर्ने, लागु नगरेको पाइएमा लागु गराउने वा गर्न वाध्य गराउने समेतका काम गर्दछ । प्रत्येक सदस्य राष्ट्रले आफूले गरेका कामको बारेमा नियमित प्रतिवेदन प्रस्तुत गर्नु पर्दछ ।

सदस्य राष्ट्रले हस्ताक्षर वा अनुमोदन गरेका अभिसन्धीको पालना गरेन भन्ने कुरामा उजुरी गर्न पाइन्छ । यस्ता उजुरी परेपछि सो राष्ट्रलाई स्पष्टिकरण सोधिन्छ र अन्य तवरबाट छानविन गरिन्छ । छानविनबाट उल्लंघन गरेको पाइएमा सो नगर्न चेतावनी सहितको पत्र दिइन्छ । त्यति गर्दा पनि उल्लंघनको कार्य यथावत रहेमा सो राष्ट्र विरुद्ध साधारण सभामा छलफल गरिन्छ र उसले गरेका क्रियाकलापको प्रकाशन गरिन्छ ।

अन्तर्राष्ट्रिय श्रम संगठनले आजसम्म १५०० मुद्दाहरू हेरि सकेको छ ।

४. विश्वका क्षेत्रीय मानव अधिकार सम्बन्धी व्यवस्था

मानव अधिकारको विश्वव्यापी संरक्षणको प्रयासका साथ साथै अन्तर्राष्ट्रिय, क्षेत्रीय प्रयासहरू समेत हुदै आएका छन् । यस्ता क्षेत्रीय प्रयासहरू पनि मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लेख भए सरहनै मानव अधिकारहरूको संरक्षण र सम्बर्द्धनका निमित्त नै क्रियाशील रहेको पाइन्छ । यस्ता क्षेत्रीय व्यवस्थाहरू यूरोपियन, अमेरिकन तथा अफ्रिकन देशहरूमा संगठित भै सकेका छन् । एशियामा कुनै संगठित स्वरुप छैन । विश्वका विभिन्न क्षेत्रमा क्षेत्रीय संगठनहरू स्थापना भएका छन् जस्तो यूरोपेली परिषद् (Council of Europe), अमेरिकी राष्ट्रहरूको संगठन (Organization of American States), अफ्रिकी राष्ट्रहरूको संगठन (Orgnization of African Unity), अरेबियन राष्ट्रहरूको संघ (League of Arabian States) । यस्ता संगठनहरूले मानव अधिकारको सम्बन्धमा आ-आफ्ना घोषणापत्र जारि गरेका छन् । एशियामा छुट्टै एउटा संगठन छैन । हाल आशियान र सार्क संगठनहरू संस्थापना भएका भए तापनि पूरै एशियाका राष्ट्रहरूको संगठनको अभाव छ । तर एशियामा पनि मानव अधिकारको संरक्षण सम्वर्द्धनका लागि कुनै न कुनै किसिमको संगठन तथा घोषणा हुनु पर्ने कुरामा मानव अधिकारको क्षेत्रमा काम गर्ने विभिन्न गैर सरकारी संघ संस्था (NGO) हरू प्रयत्न शील रहेको बुझिएको छ ।

(क) मानव अधिकार सम्बन्धमा यूरोपेली व्यवस्था

बेलायत लगायत पश्चिमी युरोपका दश देशहरूले सन् १९४९ मा सन्धी (Statute of the Council of Europe) निर्माण गरि यूरोपेली परिषद् गठन गरे । यूरोपेली परिषद्को मुख्य काम यूरोपेली देशवीच आर्थिक तथा सामाजिक प्रगतिका लागि एक अर्कालाई सहयोग गर्ने रहेको छ । यूरोपेली परिषद्को कार्यालय फ्रान्सको स्ट्रस वर्गमा छ । यूरोपेली परिषदले यूरोपमा मानव अधिकारलाई संरक्षण: सम्बर्द्धन एवं बढावा दिन छुट्टै यूरोपेली मानव अधिकार संरक्षण गर्ने प्रणाली अख्तियार गरेको छ । यो प्रणाली निम्न दस्तावेजको संयुक्त स्वरुप हो - (क) मानव अधिकार सम्बन्धी यूरोपेली अभिसन्धी (European Convention of Human Rights) र (ख) यूरोपेली सामाजिक वडापत्र (European Social Charter) । मानव अधिकारको यूरोपीयन अभिसन्धी सन् १९५० मा बनाइयो । यसमा १५ राष्ट्रले हस्ताक्षर गरे । दश राष्ट्रले अनुमोदन गरेपछि सन् १९५३ देखि लागु भएको छ । हाल यसमा जम्मा २१ राष्ट्र सदस्य छन् । उक्त मानव अधिकार सम्वन्धी

युरोपीयन अभिसन्धी पहिलो क्षेत्रीय दस्तावेज हो । यस अभिसन्धीले मानव अधिकारहरूको उल्लेखन तथा संरक्षणको काम सन् १९४८ को मानव अधिकारको विश्वव्यापी घोषणापत्रले गरे भन्दा अझ प्रभावी ढंगबाट गरेको महशुस हुन्छ । यो सन्धीका ८ वटा प्रोटोकलहरू (प्रोटोकलहरू) निर्माण गरिएका छन् ।

मानव अधिकारको प्रचलन एवं संरक्षणका लागि यूरोपीयन अदालत गठन गरिएको छ । अभिसन्धीको ब्याख्या सम्बन्धी कुराका लागि मन्त्रीहरूको समिति गठन गरिएको छ । सन्धीमा उल्लेख भएका अधिकारहरूको कार्यान्वयन गर्न एक छुट्टै आयोग समेत गठन गरिएको छ । मानव अधिकारको उल्लंघन भएको खण्डमा कुनै ब्यक्तिले वा राष्ट्रले उजुरी गर्न सक्तछ । यस्ता उजुरीहरू आयोगमा छलफल हुन्छन् । समाधान हुन नसकेको विवाद युरोपेली अदालतमा पठाइन्छ र अदालतले गरेको निर्णय अन्तिम हुन्छ ।

(ख) मानव अधिकार सम्बन्धी अमेरिकी ब्यवस्था

मानव अधिकार सम्बन्धी अमेरिकी व्यवस्था अमेरिकी राष्ट्रहरूको संगठनद्वारा ब्यवस्थित गरिएको छ । अमेरिकी राष्ट्रहरूको संगठनको स्थापना सन् १९५१ मा वोगोटामा भएको सम्मेलनले वडापत्र पारित गरेपछिनै भएको मानिन्छ । यस संगठनका प्रमुख अंगहरू हुन -महासभा- (General Assembly), स्थायी परिषद् (Permanent Council), अन्तर अमेरिकी न्यायिक समिति (Inter-America Judicial Committee) र अन्तर अमेरिकी मानव अधिकर आयोग (Inter-America Commission on Human Rights) अन्तर अमेरिकी सामाजिक तथा आर्थिक परिषद् र अन्तर अमेरिकी शैक्षिक, बैज्ञानिक तथा सांस्कृतिक परिषद् । यस संगठनका सदस्य राष्ट्रहरूको संख्या ३१ रहेको छ । यो संगठनमा उत्तर अमेरिका, दक्षीण अमेरिका गरि दुबै महादेशका राष्ट्रहरू सम्मिलित छन् ।

अमेरिकी राष्ट्रहरूले पहिलो पटक सन् १९४५ मा यूद्ध र शान्तिका सम्बन्धमा सम्मेलन गरि मानव अधिकार प्रतिको आफ्नो प्रतिवद्धता प्रकट गर्दै अन्तर्राष्ट्रिय अधिकार तथा कर्तब्यहरूको मस्यौदा घोषणापत्र तयार पार्ने अठोट गरे । सो अनुसार तयार पारिएको मस्यौदालाई सन् १९४८ मा बोगोटामा बसेको सम्मेलनले पारित गऱ्यो ।

मानव अधिकारको संरक्षण गर्ने अमेरिकी प्रणाली मुख्यतः दुइवटा लिखतबाट तयार भएको छ - अमेरिकी राष्ट्रहरूको संगठनको वडापत्र र

मानव अधिकार विषयको अमेरिकी घोषणा-पत्र ।

उक्त घोषणा-पत्रमा २७ वटा अधिकार र १० वटा कर्तब्यहरूको उल्लेख छ ।

मानव अधिकारको प्रभावी संरक्षण तथा प्रचलनका निमित्त अन्तर अमेरिकी आयोग, कानूनविदहरूको अन्तर अमेरिकी परिषद गठन गरिएका छन् । अन्तर अमेरिकी आयोगको कार्य संचालनका लागि सन १९६० देखि छुट्टै विधान तर्जुमा गरिएको छ । आयोगमा ७ जना सदस्यहरूको निर्वाचन गरिन्छ । मानव अधिकार सम्बन्धी विवाद हेर्न अन्तर अमेरिकी अदालत गठन गरिएको छ जसमा ७ जना न्यायाधीश रहन्छन् । यस अदालतले दिएको निर्णय अन्तिम र मान्य हुन्छ । पुनरावेदन लाग्ने व्यवस्था गरिएको छैन ।

(ग) मानव अधिकार सम्बन्धी अफ्रिकी ब्यवस्था

अफ्रिकी राष्ट्रहरूको संगठनको स्थापना संगै अफ्रिकन मानव अधिकारको संरक्षण सम्बन्धी ब्यवस्था शुरु भएको हो । अफ्रिकन मानव अधिकारको संरक्षण प्रणालीको स्थापना निम्न दस्तावेजहरूबाट भएको छ :- (क) दक्षिण अफ्रिका सम्वन्धी सन् १९६९ को लुसाका घोषणा-पत्र, (ख) मानव अधिकार तथा जनताहरूको अधिकार विषयको सन् १९८१ को बान्जुल वडापत्र । लुसाका घोषणा-पत्र मूलत: जातिवाद र रंगभेदको विरोध गर्ने उद्देश्यले बनेको हो ।

अफ्रिकन राष्ट्रहरूको संगठनमा ५२ वटा देशहरू सदस्य छन् । यस संगठनका प्रमुख अंगहरूमा साधारण सभा, मन्त्री परिषद्, स्वतन्त्रता समिति, सचिवालय, मेलमिलाप तथा मध्यस्थता सम्बन्धी आयोग (Commission of Mediation, Concilliation and Arbitration) छन् । संगठनको सदर मुकाम इथियोपियाको राजधानी अदिस अवावामा रहेको छ ।

मानव अधिकार सम्वन्धी अफ्रिकन वडापत्रलाई बान्जुल वडापत्र पनि भनिन्छ जुन सन् १९८६ देखि लागु भएको छ । बान्जुल वडापत्र तीन भागमा विभक्त छ र यसमा जम्मा ६८ धाराहरू छन् । सो वडापत्रको पहिलो भागमा अधिकार तथा कर्तब्यहरू र दोश्रो भागमा अधिकारको संरक्षण गर्ने सम्वन्धका व्यवस्थाहरू र तेश्रो भागमा मानव अधिकार सम्वन्धी अफ्रिकी आयोगका काम कर्तव्य सम्वन्धी प्रावधानहरू उल्लेख गरिएका छन् । यस वडापत्रमा अधिकार

तथा कर्तव्यको एकै साथ उल्लेखन हुनु, व्यक्तिगत अधिकारका अलावा मानिसहरूका सामुहिक अधिकारको उल्लेख हुनु र राजनैतिक, नागरिक अधिकारका अलावा सामाजिक सांस्कृतिक तथा आर्थिक अधिकारको उल्लेखन हुनु यस वडापत्रका खास विशेषता मानिएका छन् । यो वडापत्र धेरै पछि आएर तयार भएका हुंदा यसमा मानव अधिकार सम्वन्धी विकसित प्राय सवैजसो अवधारणाहरूलाई समाविष्ट गरिएको देखिन्छ ।

वडापत्रको कार्यान्वयनका लागि ११ जना सदस्य रहने एक आयोगको गठन गरिएको छ जसमा ख्याती प्राप्त मानव अधिकारका ज्ञाता ब्यक्तिहरू नै सदस्य राष्ट्रद्वारा निर्वाचित हुन्छन् । आयोगलाई मानव अधिकार हनन सम्वन्धी व्यक्तिगत तथा राष्ट्रद्वारा गरिने शिकायत वारे छानविन गर्ने अधिकार प्राप्त छ । शिकायत प्राप्त भएपछि मानव अधिकारको उल्लंघन गर्ने सम्वन्धित राष्ट्रलाई सूचित गरि स्पष्टिकरण माग गरिन्छ । थप छानविन गर्नु परेमा आरोप लागेको राष्ट्रका कुरा सुनी आयोगले निर्णय गर्दछ ।

(घ) मानव अधिकार सम्बन्धी एशियाली ब्यवस्था

एशियामा अफ्रिकी वा अमेरिकी वा यूरोपेली जस्तो मानव अधिकरको संरक्षण सम्बन्धमा कुनै संस्था, संगठन वा सन्धीपत्र आजसम्म निर्माण हुन सकेको छैन । एसियामा स्थापना भएका दुई संगठनहरू सार्क र आसियान कुनैले पनि सम्पूर्ण एसियाली देशको प्रतिनिधित्व गर्दैनन् नत यी संगठन मानव अधिकारको संरक्षण बारे कुनै सन्धीपत्र निर्माण गर्ने तर्फनै प्रयत्नरत छन् ।

एसियामा केहि मानव अधिकार सम्बन्धी काम गर्ने संघ संस्थाले यस वारेमा प्रयत्न हुन पर्ने तर्फ सोच राखेर सन् १९६० देखि प्रयत्न गरि रहेछन् । यस प्रयत्नमा गैर सरकारी संस्था एसियाडको भूमिका सकारात्मक पाइएको छ ।

(ङ) मानव अधिकार सम्बन्धी इस्लामिक ब्यवस्था

एशिया र अफ्रिकाका एकाईसवटा मुस्लिम राष्ट्रहरू मिलेर इस्लामिक राष्ट्रहरूको संघ (League of Arabian States) को स्थापना गरेका छन् । इस्लामिक धर्मको आधारमा चल्ने यी राष्ट्रहरूको मानव अधिकार वारे आफ्नै

खालको दृष्टिकोण भएकोले सन १९८१ मा लण्डनमा भएको अन्तर्राष्ट्रिय सम्मेलनले मानव अधिकारको विश्वव्यापी इस्लामिक घोषणापत्र पारित गरेको छ । प्रस्तावना र २३ वटा धाराहरूमा विभाजित उक्त घोषणापत्रमा इस्लाम धर्मको अनुकूल गरेर मानव अधिकारको परिभाषा गरिएको छ । यस घोषणापत्रमा जम्मा २३ वटा अधिकारहरू उल्लेख गरिएको छन् ।

५. संयुक्त राष्ट्र संघ र मानव अधिकार

मानव अधिकार र मानिसको सम्बन्ध शरीर र छायांको जस्तो भएकोले मानव अधिकारको शुरुवात यो समयदेखि भएको भनी किटान गर्न सकिने कुरा होइन । तापनि मानव अधिकार यी यी हुन र यीनको संरक्षण राष्ट्रिय मात्र होइन अन्तर्राष्ट्रिय स्तरबाट समेत हुनु पर्दछ भन्ने कुरा संयुक्त राष्ट्र संघको स्थापना पश्चात मात्रै भएको मान्न करै लाग्दछ ।

सन् १९४५ मा संयुक्त राष्ट्र संघको स्थापना गरियो । राष्ट्र संघको स्थापना गर्ने वडापत्रमा मानव अधिकर कै मात्र संरक्षणका निमित्त स्थापना गरिएको भन्ने उल्लेख छैन तापनि वडापत्रमा मानव अधिकार र मौलिक स्वतन्त्रताको सम्मान एवं प्रोत्साहन गर्ने कुरा उल्लेख छ । संयुक्त राष्ट्र संघको प्रमुख काम अन्तराष्ट्रिय शान्ती र सुब्यवस्था भएकोले मानव अधिकारको सम्मान, संरक्षण र परिपालना गराउने तर्फ संयुक्त राष्ट्र संघले मानव अधिकारका क्षेत्रमा पर्याप्त काम गरेको छ । यस क्रममा मानव अधिकारहरूको पहिचान गर्ने काम सन् १९४८ को मानव अधिकारको विश्वब्यापी घोषणापत्रद्वारा भएको छ भने मानव अधिकारको पालना गराउन विभिन्न कदम चालेको पाइन्छ ।

संयुक्त राष्ट्र संघका विभिन्न ६ अंगहरूले मानव अधिकारको संरक्षणमा आ-आफ्नै किसिमबाट पूर्ण योगदान गर्दछन् । सुरक्षा परिषद्ले अन्तर्राष्ट्रिय शान्ती र सुरक्षा कायम राख्ने काम गर्दछ । यसले मानव अधिकारको उल्लंघनबाट अन्तर्राष्ट्रिय शान्ती सुरक्षामा खलल पुग्न लागेको पाएमा शक्तिको प्रयोग गरि मानव अधिकारको बहाली गराउने काम गर्दछ । सचिवालय एक प्रशासकीय काम गर्ने अंग हो अत: यसले मानव अधिकारका स्थितिका सम्बन्धमा उपलब्ध तथ्याङ्क राख्तछ, प्रकाशन गर्दछ । सन् १९४८ देखि सचिवालयले मानव अधिकारको वार्षिक पुस्तिका निकाल्ने गरेको छ । यसमा विश्वमा मानव अधिकारको स्थिति वारे समीक्षा गरिएको हुन्छ । यसै सचिवलायमा मानव अधिकारको बारेमा हेर्ने छुट्टै प्रशासकीय शाखा छ । यसै

शाखाले मानव अधिकारको सम्बन्धमा बनेका दस्तावेज, उल्लंघनका उजुरीहरू तथा स्थितिको रेकर्ड राख्ने तथ्याङ्क तथा समीक्षा प्रकाशित गर्ने गर्दछ । ट्रष्टिशीप परिषद्ले आफ्नो जिम्मा रहेको प्रदेशमा बसोबास गर्ने मानिसहरूको मानव अधिकारको सम्मान तथा संरक्षण भए नभएको हेर्दछ । उल्लंघनको सूचना प्राप्त भएमा सम्वन्धित प्रशासकबाट स्पष्टिकरण माग गर्दछ र जांचवूझबाट उल्लंघन भएको ठहराएमा प्रचलन गराउने काम गर्दछ । अन्तर्राष्ट्रिय न्यायालयले मानव अधिकारको उल्लंघन सम्बन्धी मुद्दाहरूमा अन्तिम रुपबाट निर्णय गर्दछ । न्यायालयले मानव अधिकारमा निम्न किसिमबाट योगदान पुऱ्याउने गर्दछ । (क) मानव अधिकारका सम्बन्धमा राष्ट्र राष्ट्र बीच उठेका विवादमा निर्णय गर्ने, (ख) मानव अधिकार सन्धीहरूको ब्याख्याको क्रममा राष्ट्रहरू वीच मतभेद भएमा त्यस्तो अन्तीम ब्याख्याताको रुपमा निर्णय गर्ने र (ग) सल्लाहकारको रुपमा सल्लाह दिने । साधारण सभा संयुक्त राष्ट्र संघको आधारशिलानै हो अत: यसले वडापत्रको धारा १० र १३ मा लेखिएका अधिकारहरूको प्रयोग गरि मानव अधिकारको सम्बन्धमा छलफल गर्ने, मुल्याङ्कन गर्ने, नीति निर्धारण गर्ने, निर्णय गर्ने; कानूनी दस्तावेजको निर्माण गर्ने लगायतका आधारभूत कामहरू गर्दछ । साधारण सभाले विभिन्न घोषणापत्र, सन्धीपत्रहरूको मसौदाहरूलाई पारित गर्दछ । यसै साधारण सभालेनै सन् १९४८ को डिसेम्वर १० तारिखका दिन मानव अधिकारको विश्वब्यापी घोषणापत्रलाई पारित गरेको हो । मानव अधिकारको सम्बन्धमा साधारण सभाले विभिन्न आयोग, समिति गठन गरि सो मार्फत प्रतिवेदन लिई आवश्यक निर्णयहरू लिने काम गर्दछ ।

आर्थिक तथा सामाजिक परिषद् संयुक्त राष्ट्रसंघको अर्को महत्वपूर्ण अंग हो जसको मुख्य काम मानव अधिकार सम्बन्धी विभिन्न क्रियाकलापहरू संचालन गर्दछ । यस परिषद्ले वडापत्रको धारा ६८ ले दिएको अधिकार प्रयोग गर्दै मानव अधिकारका सम्बन्धमा विभिन्न निकायहरूको स्थापना गरेको छ । यस अनुसार स्थापना भएका निकायहरूमा मानव अधिकार आयोग, जनसंख्या आयोग, सामाजिक विकास आयोग, महिलाहरूको अवस्था विषयको आयोग, र मानव ब्यवस्थापन आयोग मुख्य देखिन्छन् ।

उपरोक्त सबै आयोगहरू आ-आफ्नो क्षेत्रमा मानव अधिकारको संरक्षण, सम्बर्द्धन तथा प्रचलनका निमित्त कार्यरत छन् र हरेकले महत्वपूर्ण योगदान गर्दै आइरहेकै पाइन्छ । यी सबैमा प्रमुख भूमिका मानव अधिकार आयोगको रहेको पाइन्छ । मानव अधिकार आयोगको स्थापना १९४६ मा निम्न उद्देश्य प्राप्तीका लागि भएको हो ।

(क) मानव अधिकार सम्बन्धी सन्धीको प्रारुप तयार गर्नु ।

(ख) महिलाहरूको अवस्था, सूचनाको अधिकार, मानिसका स्वतन्त्रता लगायतका आधारभूत मानव अधिकारका कुरामा आवश्यक पर्ने सन्धी वा घोषणापत्रको मसौदा गर्नु ।

(ग) अल्पसंख्यकहरूको स्थिति वारे सुझाव सहितको प्रतिवेदन गर्नु ।

(घ) मानव अधिकारसंग सम्बन्धित अन्य विषयहरूमा प्रतिवेदन पेश गर्नु । मानव अधिकार आयोगमा ४३ सदस्यहरू रहन्छन् र आयोग ३ वर्षको निमित्त गठन हुने गर्दछ ।

सन् १९८२ मा साधारण सभाले मानव अधिकारको लागि राष्ट्र संघीय केन्द्रको स्थापना गरेको छ जस्को प्रमुख उप महासचिव हुन्छ । यो केन्द्र सचिवालय अन्तर्गत मानव अधिकार हेर्ने शाखाको विकसित रुप हो र यसले मानव अधिकारको सम्बन्धमा निम्न काम गर्दछ -

(क) वडापत्रमा उल्लेख भएका मानव अधिकार र मूलभूत स्वतन्त्रताहरूको संरक्षण, सम्बर्द्धन गर्ने कुरामा राष्ट्र संघका विभिन्न अंगहरूलाई सहयोग पुऱ्याउनु ।

(ख) मानव अधिकारको विश्वव्यापी घोषणपत्रमा उल्लेख भएका मानव अधिकारहरूको कर्यान्वयन गर्ने कुरामा राष्ट्र संघ र यसका विशेष अंगहरूलाइ सहयोग गर्नु ।

(ग) मानव अधिकारका सम्बन्धमा बनेका विभिन्न सन्धी, अभिसन्धीहरूलाई कार्यान्वयन गर्न सहयोग गर्नु ।

घ) महासभाले मानव अधिकारका सम्बन्धमा पारित गरेका प्रस्तावहरूलाई कार्यान्वयन गर्नु, सोको लागि अन्य अंगहरूलाई सहयोग गर्नु र

(ङ) मानव अधिकारका सम्बन्धमा बनेका विभिन्न समिति, आयोगहरूलाई आफूसंग उपलब्ध तथ्याङ्क, सूचना उपलब्ध गराउनु, आवश्यक सहयोग सेवा पुऱ्याउनु, मानव अधिकारका

क्षेत्रमा सरसल्लाह, सुझाव दिनु, अध्ययन अनुसन्धान गर्नु, प्रशासन चलाउनु आदि ।

यस केन्द्रका विभिन्न शाखाहरूले उपरोक्त काम गर्दछन् ।

६. मानव अधिकार र नेपाल अधिराज्यको संविधान २०४७

(क) नेपालमा संवैधानिक विकासक्रमः

नेपाल प्राचीनकालदेखिनै स्वतन्त्र, सार्वभौम राज्य रही आएको भएपनि यसको प्रथम लिखित कानून दोश्रो विश्वयुद्धपछि नै निर्माण भएको हो । राणा शासन टिकाउने उद्देश्यले राणाद्वारा ल्याइएको नेपाल सरकारको बैधानिक कानून २००४ वास्तवमा लागु हुन सकेन तापनि विधिको दृष्टिले लागु थियो जसलाई अन्तरिम शासन विधान २००७ ले खारेज गऱ्यो । उक्त कानून भारतीय विशेषज्ञले भारत सरकार ऐन १९३५ अनुरूप बनाए पनि यसले नेपालको पारम्पारिक पंचायत व्यवस्थालाई अघि बढाएको थियो । मूलभूत अधिकार उल्लेख गरिएपनि मूलत:राणा शासन दीगो पार्ने, राणाहरूको शक्ति यथावत मात्र होइन संवैधानिक दृष्टिले बैध गराउने उक्त कानूनको भित्री आशय स्पष्ट थियो । द्विसदनात्मक सदनको व्यवस्था भएपनि शक्ति विकेन्द्रीकरणको सिद्धान्त अपनाइएको थिएन । २०१९ सालको नेपालको संविधानले राजालाई सर्वशक्तिमान बनाए जस्तै गरि शक्तिमान बनाएको थियो । विधि निर्माण तथा प्रजातन्त्रका गुणहरूको अभाव अभाव रहेकोले उक्त संविधान प्रजातान्त्रिक थिएन ।

राणाहरूका विरूद्ध भएको २००७ सालको जन आन्दोलनले नेपालबाट राणा शासन समाप्त पाऱ्यो । त्यसपछि बहुदलवादी, प्रजातान्त्रिक व्यवस्थाको निमित्त संविधान निर्माण गर्न संविधान सभाको गठन नहुन्जेल श्री ५ बाट अन्तरिम शासन बिधान लागु गरियो । नेपालको संवैधानिक विकासमा अन्तरिम शासन विधान २००७ को अद्वितीय स्थान रहि आएको छ । उक्त विधानमा मूलभूत अधिकारहरू स्पष्टसंग लेखिएका थिए र त्यसको प्रचलन पनि मानिसले गर्न पाए । विविध पार्टीहरू खुले । विविध किसिमका राजनैतिक, वर्गीय, पेशागत, सामाजिक संघ संस्थाहरू खुले । शक्ति पृथकीकरणको सिद्धान्त लागु गरियो । न्यायपालिकालाई कार्यपालिका र विधायिकाको निर्णय मूल्याङ्कन गर्ने अधिकार प्राप्त भयो । उक्त विधानले

जनताद्वारा निर्वाचित विधान सभाद्वारा तर्जुमा गरेको संविधान अनुरूप निर्वाचन गरी निर्वाचित सरकारलाई शासन गर्ने अधिकार दिने उद्देश्य राखेको थियो । तर सो उद्देश्य पूरा हुन सकेन । यसमा पटक पटक संशोधन गरि विधान सभाको निर्वाचन गराउने व्यवस्था बडो नियोजित ढंगबाट समाप्त गरियो । पार्टीहरूले संविधान निर्माण नभएकोले चुनाव ढिलो भएकोमा सत्याग्रह गरे । आखिर २०१५ सालमा नेपाल अधिराज्यको संविधान २०१५ श्री ५ बाट जारी भै सो अनुरूप निर्वाचन भयो । नेपाली कांग्रेसको सरकार दुइतिहाई वहुमत ल्याएर स्थापना भयो ।

नेपाल अधिराज्यको संविधानमा आधुनिक प्रजातान्त्रिक संविधानमा गर्नुपर्ने सबैकुरा तथा गुणहरू थिए । तर श्री ५ को अधिकारमा नियन्त्रण गरिएको थिएन । श्री ५ लाई सार्वभौमसत्ता सम्पन्न बनाएर, एक संवैधानिक राजाको परिकल्पना मात्र अघि सारियो । संकटकालीन अधिकार श्री ५ को विवेकमा प्रयोग हुने व्यवस्थाको थियो । संविधानको धारा ५५ मा रहेको संकटकाल सम्वन्धी उक्त प्रावधानकै कारण २०१७ को परिवर्तन भयो र संसदीय व्यवस्था समाप्त भयो ।

२०१७ सालको परिवर्तन पश्चातको दुई वर्षपछि नेपालको संविधान २०१९ लागु भयो । सो संविधानले पश्चिमीदेशको परीक्षणमा काम नलाग्ने ठहरिएको व्यक्तिबादी सिद्धान्त र नेपालमा प्राचीन समयदेखि चलि आएको जन जीवनमा प्रचलित तर सैद्धान्तिक रूपमा परिष्कृत नभएको र त्यसबारे विशेष अध्ययन नगरिएको पंचायतको आधारमा राजनैतिक व्यवस्थाको सुत्रपात गऱ्यो । स्थापना पश्चात मात्र सैद्धान्तिक पक्षको व्याख्या भएको कारण जथाभावी हुन पुगेको पंचायती राजनीतिले जनताको शोषण, केही पहुँचवाला व्यक्तिको हाली मूहाली र राज्य व्यवस्थाको माध्यमबाट व्यक्तिगत स्वार्थ पूरा गर्ने साधनको मात्र काम गऱ्यो । पंचायती व्यवस्थाको शुरूदेखिनै प्रचण्ड विरोध सहनु परेको उक्त व्यवस्थालाई संवैधानिक आधार दिने नेपालको संविधान २०१९ ले मौलिक हकको व्यवस्था गरेको भएपनि मानव अधिकार सम्बन्धी घोषणा पत्रको अनुकूल गर्न सकेको थिएन । मानिसको संगठन गर्ने स्वतन्त्रतामाथि बन्देज लगाइएको र अरू धेरै अनुचित बन्देजको कारण नेपालमा मानव अधिकारको स्थिति अत्यन्तै कुण्ठित र दयनीय रह्यो । निर्देशित रूपका निर्वाचन हुनाको कारण जनताको वास्तविक प्रतिनिधि छानिन नसक्ने र पछि आम निर्वाचनद्वारा निर्वाचित प्रतिनिधिले निर्देशन अनुरूप काम गर्नु पर्ने भएको कारण पंचायतमा भएका अति सिमित प्रजातान्त्रिक गुणहरू पनि समाप्त हुँदै गए ।

श्री ५ तथा पंचायतको विरोध भित्र भित्रै उग्ररूपमा भइरहेको स्थितिमा नेपाली कांग्रेस र संयुक्त वाम मोर्चाको आव्हानले यसलाई विस्फोट गराई दियो । २०४६ सालको जन आन्दोलनले ५० दिन भित्रै सफलता हासिल गऱ्यो । देशमा बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको सुत्रपात मै जनताको हातमा शासन व्यवस्था आए पश्चात निर्माण भएको नेपाल अधिराज्यको संविधान २०४७ ले नेपालमा पहिलो पटक नेपाली जनतालाई सार्वभौम सत्ता सम्पन्न गराइदियो । संविधान निर्माण क्रममा उठेका विवादहरू र त्यसमा जनताको तर्फबाट भएको सचेतनप्रयास नेपालको संवैधानिक इतिहासमा अत्यन्तै महत्वपूर्ण घटना मानिन्छ ।

(ख) नेपाल अधिराज्यको संविधान २०४७:

नेपाल अधिराज्यको संविधान २०४७ २३ भागमा विभक्त छ जसमा तीन वटा अनुसूची सहित १३३ वटा धारा छन् । संविधानलाई नेपालको मूल कानून मानिएको छ । संविधानले नेपाली जनतालाई सार्वभौमसत्ता सम्पन्न बनाएको छ । संविधानको धारा ४ ले नेपाललाई एक बहुजातीय, बहुभाषिक, प्रजातान्त्रिक, स्वतन्त्र, अभिभाज्य सार्वभौमसत्ता सम्पन्न, संवैधानिक राजतन्त्रात्मक हिन्दू अधिराज्यको रूपमा परिभाषित तथा प्रतिष्ठापित गरेको छ । संविधानमा नेपालको नागरिकता प्राप्ति र समाप्ति, मौलिक हक र राज्य संचालनका निर्देशक सिद्धान्त तथा नीतिहरू, संवैधानिक श्री ५ को स्थिति, अधिकार तथा जवाफदेही, राजपरिषदको बनौट तथा कार्यहरू, कार्यपालिका, व्यवस्थापिका तथा न्यायपालिकाको बनौट तथा कार्य विभाजन र परस्पर नियन्त्रण तथा सन्तुलन राम्ररी व्यवस्थित गरिएका छन् । संविधानले विभिन्न संवैधानिक अंगहरू जस्तै अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखा परिक्षक, लोक सेवा आयोग, निर्वाचन आयोग, महान्यायाधिवक्ताको समेत व्यवस्था गरि उनीहरूको स्वतन्त्र हैसियतको सुरक्षण र अधिकारको स्पष्ट उल्लेख गरेको छ । नेपालमा पार्टीहरूले पंचायती शासनको ३० वर्षको दमन खप्नु परेको कारण राजनैतिक संगठनहरू खोल्ने संचालन गर्ने कुरा संविधानमैं व्यवस्था गरिएको छ र वर्तमान संविधानको प्रावधानले राजनैतिक संगठनलाई कुनै पनि हालतमा प्रतिवन्ध लगाउन नसकिने गरी संरक्षण प्रदान गरेको छ । यसो गर्दा बहुपार्टी व्यवस्थामा ज्यादै साना पार्टीहरूले देश र जनताको सेवा गर्न नसक्ने कुरामा मध्यनजर गर्दै तीन प्रतिशतको प्रतिबन्ध लगाएको छ । साथै साम्प्रदायिक भेदभाव गर्ने र देशलाई विखण्डन गर्ने पार्टी खोल्न नपाइने समेत गरेको छ । वि.सं २०१५ सालको संविधानमा रहेको धारा ५५ को संकटकालीन अधिकारको कारण नेपालीले भोग्नु परेको कष्टलाई मध्यनजर

गरी संकटकालको अधिकारको प्रयोगमा प्रसस्त बन्देजहरू लगाइएका छन् । संकटकालमा बन्दीप्रत्यक्षीकरणको माग गर्ने अधिकार तथा कतिपय मौलिक हक निलम्बन नहुने गरी संविधानमा व्यवस्था गरिएका छन् । संविधान संशोधन गर्दा दुई तिहाई संसदको बहुमतबाट गर्न सक्ने भएपनि संविधानको आधारभूत संरचना (संविधानको प्रस्तावनाको भावनाका प्रतिकूल नहुने) मा परिवर्तन गर्न नपाउने गरिएको छ ।

नेपाल अधिराज्यको संविधान २०४७ को प्रस्तावनामा नयाँ प्रजातान्त्रिक प्रणालीका विशेषता र लक्ष्य स्पष्ट गरिएको छ । त्यहाँ लेखिएको छ - "प्रत्येक नेपाली नागरिकको आधारभूत मानव अधिकार सुरक्षित गरी स्वतन्त्रता र समानताको आधारमा नेपाली जनताका वीच भ्रातृत्व र एकता कायम गरी वालिग मताधिकार, संसदीय शासन प्रणाली, वैधानिक राजतन्त्र तथा बहुदलीय प्रजातन्त्रलाई सुदृढीकरण गर्न र स्वतन्त्र एवं सक्षम न्याय प्रणालीको व्यवस्था गरी कानूनी राज्यको अवधारणालाई साकारपार्न...।" नेपाल अधिराज्यको संविधान २०४७ ले ज्यादै ठूलो, विस्तृत र उच्च आकांक्षा बोकेको छ । नेपाली धरातलमा जन्मेको यस संविधानले विकसित, सभ्य, सम्पन्न र विज्ञान तथा प्रविधिमा सम्पन्न, औद्योगिक देशहरूको भन्दा केही अगाडि हुने लक्ष्य निर्धारण गरेको छ । यसबाट आफ्नो सामाजिक, आर्थिक तथा अन्य अवस्थाको धरातल र उद्देश्य (लक्ष्य) तथा कार्यप्रणाली वीच धेरै ठूलो र स्पष्ट दूरी देखिन्छ । यसले गर्दा यथार्थको धरातलबाट संविधानको स्थितिको विवेचना गर्दा विवादास्पद देख्न सकिन्छ ।

वर्तमान संविधानले मूलभूत अधिकारको सम्बन्धमा एक अद्वितीय नमूना श्रृजना गरेको छ । यो एक सकारात्मक कुरा हो । वर्तमान संविधानले नेपाली जनतालाई धारा ११ देखि २३ सम्मका धाराले दिएका मूलभूत अधिकारहरू निम्न छन् :-

क) समानताको हक
ख) स्वतन्त्रताको हक
ग) छापाखाना र पत्रपत्रिका सम्बन्धी हक
घ) फौज्दारी न्याय सम्बन्धी हक
ङ) निवारक नजरबन्दीको हक
च) सूचनाको हक
छ) सम्पत्तिको हक

ज) संस्कृति तथा शिक्षा सम्बन्धी हक

झ) धर्म सम्बन्धी हक

ञ) शोषण विरूद्धको हक

ट) देश निकाला विरूद्धको हक

ठ) गोपनीयताको हक

ड) संवैधानिक उपचारको हक ।

हरेक हक आफैमा विशिष्ट छन् । देशमा संकटकालको स्थितिमा समेत समानताको हक, संघ संस्था खोल्ने हक, स्वतन्त्रताको हक, छापाखाना र पत्रपत्रिका सम्बन्धी हक, फौज्दारी न्याय सम्बन्धी हक, संस्कृति तथा शिक्षा सम्बन्धी हक, धर्म सम्बन्धी हक, शोषण विरूद्धको हक, देश निकाला विरूद्धको हक निलम्बन गर्न सकिदैन । सबै हकको मुटुको रूपमा रहेको उपचारको हक निलम्बन गरेपछि अरू हक निलम्बन नहुनुको अर्थ र औचित्य भने बुझ्न सकिदैन । हरेक हकका उचित बन्देजहरू उल्लेख गरिएका छन् ।

मौलिक हकको संरक्षणमा सर्वोच्च अदालतको ठूलो भूमिका छ । सर्वोच्च अदालतले न्यायिक पुनरावलोकनको माध्यमबाट मौलिक हकमा अनुचित बन्देज लगाएमा बन्देज लगाउने कानून बदर गरिदिन सक्तछ । कार्यपालिकाले मौलिक हकमा अनुचित हस्तक्षेप गरेमा रिटको माध्यमबाट त्यस्तो काम, कार्वाही तथा निर्णय बदर गर्न सक्तछ ।

(ग) प्रचलित नेपाल कानूनद्वारा संरक्षित महिला तथा बालबालिकाका अधिकारहरू

नेपालको कानून प्रणालीमा महिला तथा बालबालिकाका हकहितहरू संरक्षण तथा प्रचलन गर्ने कुरालाई मान्यता प्राप्त छ । अन्तर्राष्ट्रिय दस्तावेजहरूमा उल्लेख भएका हकहरू नेपाली महिला तथा बालबालिकालाई धेरै हदसम्म प्राप्त भएका देखिन्छन् ।

<u>महिलाहरूका कानूनी अधिकारहरू</u> - नेपाल अधिराज्यको संविधान २०४७ तथा प्रचलित कानूनमा उल्लख भएका केहि मुख्य मुख्य हकहरू निम्न बमोजिम छन् :-

(क) नेपाल अधिराज्यको संविधान २०४७ को भाग ४ मा रहेको महिलासंग सम्वन्धित निर्देशक सिद्धानत तथा नीति निम्न

बमोजिम छ "महिला वर्गको सीप, स्वास्थ्य र रोजगारको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा अधिकाधिक सहभागी बनाउने नीति राज्यले अवलम्वन गर्ने" । "राज्यले अनाथ बालबालिका, असहाय, महिला, अपाङ्ग तथा अशक्तहरूको संरक्षण र उन्नतिका लागि शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्वन गर्ने छ" । [धारा २६ (७) र (९)]

(ख) महिलाहरूलाई संविधानले संरक्षण गरेका सबै मौलिक हक प्रयोग गर्न पाउने व्यवस्था गरेको छ । "समान कामको लागि महिला र पुरूषका बीच भेदभाव गरिने छैन" भनेर विशेष सुरक्षा प्रदान गरेको छ । त्यसको अतिरिक्त महिला वर्गको सुरक्षा र विकासको निमित्त विशेष व्यवस्था गर्न सक्ने गरी त्यसबाट समानता सम्वन्धी मूल अधिकार उल्लंघन नहुने गरेको छ ।

(ग) महिलाहरूलाई प्रतिनिधि सभाको लागि हुने निर्वाचनमा प्रत्येक राजनैतिक संगठन वा दलले कम्तीमा ५% महिला उम्मदवार उठाउन पर्ने व्यवस्था नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११४ ले गरेको छ ।

(घ) अन्तर्राष्ट्रिय नारी वर्षको उपलक्षमा नेपालको मुलुकी ऐनमा धेरै संशोधन गरेर महिलाका निमित्त विशेष हकको व्यवस्था गरिएका छन् । कानूनद्वारा प्रदत्त महिलाका विशेष हकहरू निम्न छन् :-

- विवाह भएको १५ वर्ष र ३५ वर्ष पुगेकी आइमाइले अंश लिन पाउने हक,
- प्राप्त भएको स्त्री अंश धनमा आफुखुसी गर्न पाउने हक,
- छोरा वा छोराको छोरा पश्चात अपुतालीमा हक,
- विवाहमा मंजुर हुन पाउने हक तथा खुसीराजीले विवाह गर्न पाउने हक ।

सो बाहेक कानूनले महिलाहरूको विवाहको उमेर निर्धारित गरी उनीहरूको शोषण हुन नदिने व्यवस्था गरेको छ ।

बालबालिकाका कानूनी हकहरू - बाल अधिकार समवन्धी अभिसन्धीलाई नेपालले अनुमोदन गरेको हुँदा सो अनुकुल कानूनी प्रावधान गर्न आवश्यक भएकोले संसदको दोश्रो अधिवेशनले "बालबालिका सम्वन्धी ऐन २०४८" बनाएको छ । सो ऐनमा बालबालिकाका निमित्त निम्न अधिकार संरक्षण गरिएका छन् :-

(क) बालकको नाम र जन्म मिति कायम गर्ने अधिकार,

(ख) पालन पोषण, शिक्षा तथा स्वास्थ्योपचारको अधिकार,

(ग) पालन पोषण आदिमा छोरा वा छोरी तथा छोरा छोरा वा छारी छोरीमा समानताको व्यवहारको अधिकार,

(घ) वैवाहिक सम्वन्ध हुनु अघि वा पछि जन्मेका बालक वा धर्मपुत्र वा आफुले जन्माएका बालकका बीच समानताको व्यवहार सम्वन्धी अधिकार,

(ङ) क्रूर वा यातनापूर्ण व्यवहार गर्न नपाउने सम्वन्धी अधिकार,

(च) भेटघाटको सुविधा सम्वन्धी अधिकार,

(छ) धर्मपुत्र वा धर्मपुत्रीले आफूलाई जन्माउने बाबु आमासंग भेटघाट वा पत्राचार गर्न पाउने अधिकार,

(ज) आमा र आमाको बाबुको नाम उल्लेख गर्न पाउने अधिकार,

(झ) बालकको अपराधिक दायित्वबाट मुक्त हुन पाउने अधिकार,

(ञ) बालकलाई माग्ने काममा लगाउने तथा मुड्ने कुराबाट मुक्त हुने अधिकार,

(ट) देवी देवताको नाममा कन्या छोरीलाई चढाउनबाट मुक्त हुने अधिकार,

(ठ) कठोर सजाय दिन (हतकडी लगाउन, एकान्त कारावासमा राख्न वा गंभीर अपराधीसंग राख्ने लगायतका कुरा) बाटमुक्त हुने अधिकार,

(ड) बालबालिकालाई अनैतिक पेशामा संलग्न हुनबाट मुक्त हुने अधिकार,

(ढ) कलिलो उमेर (१४ वर्षसम्म) का बालबालिकालाई काममा लगाउनबाट मुक्त हुने अधिकार,

(ण) बालक (१६ वर्ष पुगेको) लाई खतरनाक काममा लगाउनबाट मुक्त हुने अधिकार,

(त) कानून व्यवसायीबाट प्रतिरक्षा गर्न पाउने अधिकार,

(थ) हकको प्रचलन गराउने अधिकार - जिल्ला अदालतले बालक वा नीजको तर्फबाट दिएको निवेदन उपर सुनवाई गरि उपयुक्त आज्ञा, आदेश वा पूर्जी गरि हकको प्रचलन गरि दिने छ ।

७. नेपालले अनुमोदन गरेका सन्धीहरूको संक्षिप्त जानकारी

वि.सं. २०४६ को जनआन्दोलनद्वारा प्रजातन्त्रको पुन: स्थापना गरेपश्चात नेपालको मानव अधिकार प्रतिको दृष्टिकोण र प्रतिवद्धता सकारात्मक एवं रचनात्मक रहेको छ । अन्तरीम सरकारले मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, सो घोषणाका सहायक दुई अनुबन्ध तथा थप प्रोटोकललाई अनुमोदन गऱ्यो । सो बाहेक बाल अधिकार सम्बन्धी घोषणा पत्र समेत लागू गरेको छ । कूल मिलाएर मानव अधिकार सम्बन्धी निम्न अन्तर्राष्ट्रिय दस्तावेजहरूलाई नेपालले अनुमोदन गरेको छ -

१ मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणपत्र, १९४८ का निम्न अभिसन्धी तथा प्रोटोकलहरू

१.१ आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६

१.२ नागरिक तथा राजनैतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६

१.३ नागरिक तथा राजनैतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्धसंग सम्वन्धित ऐच्छिक प्रोटोकल, १९६६

२ सबै प्रकारका वर्णभेद उन्मूलन गर्ने सम्वन्धी अन्तर्राष्ट्रिय अभिसन्धी, १९६५

३ रंगभेदी अपराधको दमन तथा दण्ड षियक अन्तर्राष्ट्रिय अभिसन्धी, १९७३

४ आत्महत्या सम्वन्धी अपराधको निराकरण तथा दण्ड विषयक अभिसन्धी

५ वाल अधिकारको अभिसन्धी

६ महिला विरूद्ध सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्वन्धी अभिसन्धी,

७ महिलाहरूको राजनैतिक अधिकारहरू सम्वनधी अभिसन्धी,

८ यातना तथा अन्य क्रूर, अमानवीय व्यवहार वा सजाय सम्वन्धी अभिसन्धी,

९ दासत्व अभिसन्धी, १९२६

१० २५ दिसम्वर १९२६ का दिन हस्ताक्षर गरिएको दासत्व अभिसन्धीलाई संशोधन गर्ने प्रोटोकल, १९२६

११ दासत्व, दास ब्यापार, र दास सरहका संस्था वा प्रचलन उन्मूलन गर्ने सम्वन्धको अभिसन्धी, १९५६

उपरोक्त दस्तावेजहरू मध्ये नेपालसंग त्यति विधि सरोकार नपर्ने निम्न अभिसन्धीहरू बाहेक अन्य १० वटा दस्तावेजहरू यस पुस्तिकामा संकलन गरिएका छन् -

(क) सवै प्रकारका वर्णभेद उन्मूलन गर्ने सम्वन्धी अन्तर्राष्ट्रिय अभिसन्धी, १९५६

(ख) रंगभेदी अपराधको दमन तथा दण्ड विषयको अन्तर्राष्ट्रिय अभिसन्धी, १९७३

(ग) खेलकूदमा रंगभेद विरूद्धको अन्तर्राष्ट्रिय अभिसन्धी, १९८५ र

(घ) आत्महत्या सम्वन्धी अपराधको निराकरण तथा दण्ड सम्वन्धी अभिसन्धी ।

७.१ मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय अधिकार पत्र

मानव अधिकारको विश्वब्यापी घोषणापत्र, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध, नागरिक तथा राजनैतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध र नागरिक तथा राजनैतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्धसंग सम्वन्धी ऐच्छिक प्रोटोकल समेत ४ वटा दस्तावेजहरूको संयुक्त रूपलाइ मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय अधिकारपत्र भनिन्छ ।

मानव अधिकारको संरक्षणको कार्यलाइ संयुक्त राष्ट्र संघले प्रमुखता दिएको भए तापनि वडापत्रमा मानव अधिकारको पहिचान र संरक्षणका निमित्त कुनै उल्लेख नगरिएको कारण छुट्टै दस्तावेजको आवश्यकता महशुस भयो । यस कार्यका लागि मानव अधिकार आयोगले महत्वपूर्ण कार्य गरेको छ र मानव अधिकार सम्वन्धी घोषणा निर्माण गर्ने काममा साधारण सभा र

आर्थिक सामाजिक परिषदले आयोगलाइ मद्दत तथा निर्देशन गरे । मानव अधिकार आयोगले एक मस्यौदा समिति गठन गरेको थियो । सन १९४७ मा मानव अधिकार बारेमा मसौदा समितिले घोषणापत्र तर्जुमा गर्दा एकै दस्तावेजमा ३ भाग गर्ने विचार गरेको थियो । सो योजना अनुसार पहिलो भागमा मानव अधिकारहरूको घोषणा गर्ने, दोश्रो भागमा मानव अधिकारहरूको विस्तृत स्वरूप दिने र तेश्रो भागमा मानव अधिकार उल्लंघन भएमा प्रचलन गराउने कार्य प्रणाली व्यवस्थित गर्ने कुरा थियो । सो अनुसार एउटै दस्तावेज त बन्न सकेन तर सो योजनालाई छुट्टा छुट्टै दस्तावेजबाट कार्यान्वयन गरियो । योजना अनुसार घोषणापत्र, दुईवटा अनुबन्ध र ऐच्छिक प्रोटोकल तयार भएका छन् । घोषणापत्र १० डिसेम्बर १९४८ मा साधारणा सभाद्वारा पारित भएको भए पनि अनुबन्ध र ऐच्छिक प्रोटोकल पारित हुन थप दुई दशक लाग्यो र आखिर सन १९६६ मा मात्र पारित भए ।

मानव अधिकारको विश्वब्यापी घोषणापत्रमा जम्मा ३० वटा धारा छन् । यस घोषणापत्रले पहिलो पटक विश्वका मानिसहरूका मानव अधिकाहरूको पहिचान गऱ्यो, किटान गऱ्यो र सबै राष्ट्रहरूलाइ मानव अधिकारको सम्मान गर्न पर्ने कुरामा सचेत तुल्यायो । यस घोषणापत्रद्वारा मानव अधिकारको घोषणा मात्र गरिएको छ, उल्लंघन भएमा कसरि उपचार पाउन सकिन्छ उल्लेख गरिएको छैन । मानव अधिकारको घोषणापत्रको कुनै कानूनी महत्व छैन अर्थात यसको वाध्यात्मक शक्ति छैन किनकि यसले अधिकारको मात्र घोषणा गरेको छ, संरक्षण होइन । उपनिवेशबाट मुक्त भै नयां नयां स्वाधीन राष्ट्र बन्ने क्रमको शुरूवातमा सो घोषणापत्र बनेको हुंदा यसको स्वागत सर्वत्र भयो ।

मानव अधिकारको घोषणापत्रमा प्रमुख मानव अधिकारहरू मात्र उल्लेख भएका छन् । यी अधिकारहरू विभिन्न राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा अन्य विभिन्न खालका छन् । यो घोषणापत्रले घोषित गरेका हकहरू संसारको जुनसुकै भागमा बस्ने जुनसुकैका लागि साझा रूपमा छन् । जाति, रंग, लिङ्ग, भाषा, धर्म, राजनीति वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ती, सम्पत्ती, जन्म आदिका आधारमा कुनै हक प्राप्तीमा भेदभाव गर्न सकिदैन ।

७.२ आर्थिक, सामाजिक र सांस्कृति अधिकारहरू विषयको अन्तर्राष्ट्रिय अनुबन्ध

यो अनुबन्ध सन् १९६६ मा पारित भयो र १९७६ देखि लागु भयो । यो अनुबन्ध ५ भागमा विभक्त छ र जम्मा ३१ वटा धाराहरू छन् । यस अनुबन्धले विश्वभरिका मानिसको आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारहरूको उल्लेखन गरेको छ ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अनुबन्धले उल्लेख गरेका मुख्य मुख्य अधिकार निम्न छन् -

(क) पर्याप्त जीवनस्तरको अधिकार

(ख) सबैका लागि शिक्षाको अधिकार

(ग) आफूले छानेको र इच्छाएको काम गर्न पाउने अधिकार

(घ) ट्रेड यूनियन बनाउने तथा सम्मिलिन हुन पाउने अधिकार

(ङ) काममा उचित र अनुकुल कामका शर्त उपभोग गर्नपाउने अधिकार

(च) सामाजिक वीमा सहितको सामाजिक सुरक्षाको अधिकार

(छ) परिवार, आमाहरू, केटाकेटी र नाबालिगहरूको संरक्षण गर्ने अधिकार

(ज) सांस्कृतिक गतिविधीमा भाग लिने अधिकार

(झ) सबै अधिकारहरू जात, लिंग, धर्म, वर्ण इत्यादिको आधारमा भेदभाव नगरिकनै प्राप्त गर्ने अधिकार

यस अनुबन्धको मुख्य लक्ष्य राज्यमा उपलब्ध आर्थिक साधन र श्रोतहरूले भ्याउनेसम्मका सुविधाहरूलाई उपभोग गर्दै गराउदै उल्लेख भएका अधिकारहरूको प्रचलन तथा संरक्षण गर्नु रहेको छ । यी अधिकारहरूको प्रचलनका सम्बन्धमा संयुक्त राष्ट्र संघका महासचिव समक्ष सदस्य राष्ट्रहरूले नियमित प्रतिवेदन पेश गर्नु पर्दछ । यस्ता प्रतिवेदनहरूलाई संयुक्त राष्ट्र संघद्वारा स्थापना गरिएको विशेषज्ञहरूको कमिटी तथा सामाजिक, आर्थिक तथा सामाजिक अधिकार वारेको कमिटीले छानविन गर्दछन् । यस्तो छानविन पश्चात यस्ता समितिले टिप्पणी सहित मानव अधिकार आयोगमा पठाउछन् । यस्ता प्रतिवेदनहरू अन्तत साधारणसभामा पेश गरिन्छन् ।

यो अनुबन्धमा हस्ताक्षर, अनुमोदन वा सम्मिलनद्वारा सदस्य बन्न सकिन्छ र अनुमोदन पश्चातमात्र लागु हुन्छ । नागरिक तथा राजनैतिक अधिकारको अनतराष्ट्रिय अनुबन्ध सम्वन्धी अनुमोदन वा सम्मिलन सम्बन्धी लिखतहरू संयुक्त राष्ट्र संघका महासचिव समक्ष पेश गर्नु पर्दछ ।

नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अनुबन्धलाई साधारण सभाले १९६६ मा पारित गरेको हो । यो अनुबन्ध पनि १९७६ देखि मात्र लागु भएको छ । यसमा ५ खण्ड र ५३ धाराहरू छन् । यस अनुबन्धले उल्लेख गरेका मूलभूत नागरिक तथा राजनैतिक अधिकारहरू निम्न छन् -

(क) राज्यको शासन ब्यबस्थामा प्रत्यक्ष वा आवधिक आम निर्वाचन पद्धतीद्वारा चुनिएका प्रतिनिधी मार्फत सरिक हुने अधिकार,

(ख) वाक तथा प्रकाशन, धार्मिक तथा संघसंस्था (ट्रेडयुनियन समेत) बनाउन पाउने स्वतन्त्रताको अधिकार,

(ग) घुमफिरको स्वतन्त्रताको अधिकार,

(घ) पारिवारिक जीवन तथा गोप्यताको अधिकार,

(ङ) जीवन, ब्यक्तिको स्वाधीनता र सुरक्षा, दासत्वको समाप्ती, यातना, क्रूर, अमानवीय वा अपमानजनक ब्यवहार वा सजाय निषेधको अधिकार,

(च) फौज्दारी र देवानी मुद्दामा स्वच्छ पूर्पक्षको अधिकार,

(छ) फौज्दारि मुद्दामा निर्दोषिता अनुमानको अधिकार, भूतलक्षी कानूनको निषेधको अधिकार तथा कानून वाहेक सजाय नपाउने सम्वन्धी अधिकार र

(ज) भेदभाव विरुद्धको अधिकार ।

यस अनुबन्ध अनुसारको दायित्व सम्बन्धित राज्यले पूरा गरेको छ छैन भन्ने वारेमा छानविन गर्ने १८ जना सदस्य भएको एउटा मानव अधिकार समिति गठन गर्ने ब्यबस्था छ । यस्तो समितिको निर्वाचन सदस्य राष्ट्रद्वारा प्रत्येक चार वर्षमा गोप्य मतदानद्वारा गरिन्छ । यस समितिमा उच्च नैतिक स्तर र सदस्य राज्यका मानव अधिकारको क्षेत्रमा योग्यता स्वीकृत भएका नागरिक छानिन्छन् । समितिका सदस्यहरूले पद सम्हाल्नु पूर्व शपथ गर्नु पर्दछ ।

प्रत्येक सदस्य राज्यले आफूले अनुबन्धका ब्यबस्थाहरू पालना गरेको सम्बन्धमा आवधिक प्रतिवेन संयुक्त राष्ट्रसंघका महासचिव मार्फत पेश गर्नु पर्दछ । त्यस्ता प्रतिवेदनमा समितिले अध्ययन गरि सम्बन्धित राज्यबाट सो वारेमा स्पष्टिकरण माग गर्दछ । राज्यबाट प्राप्त भएको स्पष्टिकरण समेतमा छानविन गरि देखिएका कुराहरू समितिले आर्थिक तथा सामाजिक परिषद्लाई समेत दिन्छ ।

अनुबन्धको पालना गरेको छैन भन्ने वारेको उजुरी समितिले हेर्न सक्छ भनी स्वीकार्ने राज्य विरुद्ध कुनै अर्को राज्यले आफ्नो सिकायत लिखित रुपमा समिति समक्ष पेश गर्न सक्तछ । त्यस्तो उजुरी प्राप्त भएपछि समितिले गोप्य बैठकद्वारा जांचपडताल गर्दछ । छाविनका क्रममा आरोप लागेको राष्ट्रलाई शिकायत भएको कुरामा के भएको हो वा छ भनेर स्पष्टिकरण माग गरिन्छ । सबै सम्बद्ध कुराहरूको छानविन पश्चात समितिले आफ्नो प्रतिवेदन पेश गर्दछ । छानविनबाट विवादको चित्त बुझ्दो समाधान नभएमा समितिले अस्थाई मेलमिलाप गराउने आयोग गठन गरि त्यस्लाई विवाद सुम्पिन सक्तछ । आयोगले अनुबन्धमा गरिएको प्रक्रिया पुऱ्याएर आफ्नो निर्णय दिन्छ ।

समितिले आफ्ना क्रियाकलाप वारे वार्षिक प्रतिवेदन साधारण सभामा प्रस्तुत गर्दछ ।

७.३ नागरिक तथा राजनैतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्धको ऐच्छिक प्रोटोकल

यो ऐच्छिक प्रोटोकल (Optional Protocol) पनि सन् १९६६ मानै उल्लेख गरिएका दुई वटा अनुबन्धसंगै एकै साथ पारित गरिएको र प्रारम्भ पनि १९७६ बाटै भएको छ । यस प्रोटोकलमा जम्मा १४ धारा छन् । यसले मानव अधिकारको उल्लंघनका वारेमा उजुर गर्ने अधिकार सम्बन्धित ब्यक्तिलाई समेत प्रदान गरेको छ । यस प्रोटोकल अनुसार कुनै पनि ब्यक्तिलाइ सदस्य राष्ट्रले आफ्ना नागरिक तथा राजनैतिक अधिकारको उल्लंघन गरेको छ भन्ने लागेमा मानव अधिकार समितिमा उजुर गर्न सक्तछन् । तर त्यस्तो उजुरी गर्न चाहने व्यक्तिले राज्यमा प्राप्त सबै उपचारका उपायहरू अपनाई सकेको हुनु पर्दछ । उजुर गर्ने ब्यक्तिले आफ्नो परिचय स्पष्टसंग उल्लेख गर्नु पर्दछ । वेनामी उजुर गरिएमा छानविन गर्न कठिनाइ उत्पन्न हुन सक्तछ अत: समितिले छानविन गर्दैन । उजुरी दिनेले प्रोटोकलमा भनिएको प्रक्रिया तथा शर्त पुऱ्याएर मात्र उजुरी गर्नु पर्दछ ।

समितिले प्राप्त उजुरी वारेमा सम्बन्धित राज्यलाई जानकारी दिई सो विषयमा स्पष्टिकरण माग गर्दछ । सो राज्यले ६ महिनाभित्र जवाफ पठाई सक्नु पर्दछ । राज्यबाट प्राप्त भएसम्मका सामग्रीहरू समेतको आधारमा समितिले गोप्य वैठकमा छानवीन गरि आफ्नो निर्णय गर्दछ । समितिले आफ्नो निर्णय सम्बन्धित सदस्य राष्ट्र कहां पठाई दिन्छ ।

यो प्रोटोकल सदस्य राज्यले अनुमोदन वा सम्मिलनद्वारा स्वीकार गर्दछन् । अनुमोदन वा सम्मीलनबाट प्रोटोकलका प्रावधानलाई स्वीकार नगर्ने राज्यका विरुद्धको कुनै उजुरी समितिले लिन र हेर्न सक्तैन ।

दोश्रो स्वैच्छिक प्रोटोकल मृत्यू दण्डको उन्मूलनसंग सम्बन्धित छ ।

७.४ बाल अधिकार सम्बन्धी अभिसन्धी

बाल अधिकार सम्बन्धमा अन्तर्राष्ट्रिय समुदाय धेरै पहिले देखिनै सजग रहेको छ । बालबालिकाको विकासको लागि, उनीहरूको जीवन स्तर उकास्नका लागि र आजको बालकनै भोली गएर समाज, राष्ट्र तथा विश्व कै जिम्मेवारी वहन गर्ने व्यक्ति हुने भएकोले बालकको उचित हेरचाह र संरक्षणका कुरामा उनीहरूका हकहरू सुनिश्चित गर्नु परम आवश्यक कुरा हो । अर्को तर्फ बाल्यावस्थाले विशेष हेरचाह खोज्दछ पनि ।

बाल अधिकारको संरक्षणको अन्तर्राष्ट्रिय प्रयास सर्वप्रथम सन् १९२४ मा भएको देखिन्छ । यसै साल जेनेभामा भएको सम्मेलनले बाल अधिकार सम्बन्धी घोषणापत्रलाई पारित गरेको थियो । सन् १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणापत्रले बालकको विशेष हेरचाह गर्नु पर्ने कुरालाई जोड दिएपछिका एघार वर्षपछि संयुक्त राष्ट्र संघको साधारण सभाले सन १९५९ मा बाल अधिकार बारेको घोषणापत्र पारित गरेको थियो । बालबालिकाको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा हेरचाह खास गरि धर्मपुत्र, धर्मपुत्री लिने लगायत बाल न्याय प्रशासनका निमित्त सन् १९८५ मा राष्ट्र संघीय न्यूनतम स्तर निर्धारित भएका छन् जसलाई वेइजिङ्ग सिद्धान्त भनेर अन्तर्राष्ट्रिय कानूनमा चिनिएको छ । युद्धमा बालबालिकाको संरक्षण गर्ने वारेमा साधारण सभाले १९७४ मा अर्को घोषणा पत्र पारित गरेको छ ।

उल्लेखित सबै अन्तर्राष्ट्रिय प्रयत्नहरूलाई अझ बढि सक्षमताका साथ बाल अधिकारको संरक्षण, पालना तथा प्रचलन गराउने उद्देश्यले साधारण सभाले सन् १९८९ को नोभेम्वर महिनाको २० तारिखका दिन बाल अधिकार

सम्बन्धी अभिसन्धी पारित गरेको छ । सो अभिसन्धीमा नेपालले हस्ताक्षर गरि लागु समेत गरेको छ ।

उक्त अभिसन्धी ३ भागमा विभाजित छ र त्यसमा ५४ धाराहरू छन् । पहिलो भागमा बालबालिकाका अधिकारहरू उल्लेख छन् । दोश्रो भागमा अधिकार प्रचलन गराउने पद्धती तथा निकायको स्थापना गर्ने प्रावधानहरू छन् भने तेश्रो भागमा हस्ताक्षर, अनुमोदन वा सम्मिलन गर्ने, संशोधन गर्ने प्रक्रिया सम्बन्धी प्रावधानहरू छन् ।

बालकहरूका अधिकारहरू मोटामोटी निम्न श्रेणीमा विभाजन गर्न सकिन्छ ।

(क) **बाँच्ने अधिकार** : यस अधिकार अन्तर्गत निम्न अधिकारहरू पर्दछन् :-

- पर्याप्त जीवनस्तरको अधिकार,
- औषधी उपचार प्राप्त गर्ने अधिकार,
- शिक्षाको अधिकार,
- सूचना प्राप्त गर्ने अधिकार,
- खेल्ने तथा फुर्सतको अधिकार,
- सांस्कृतिक क्रियाकलापको अधिकार,
- सोच्ने, विचार गर्ने, र धर्मको स्वतन्त्रताको अधिकार ।

(ख) **संरक्षणको अधिकार** : संरक्षणको अधिकारमा उपरोक्त अधिकार पनि समाजिष्ट हुन्छन् । उपरोक्त अधिकारका अलावा निम्न अधिकार पनि पर्दछन् :

- परिवारबाट जवर्जस्ती अलग गर्न नपाउने अधिकार,
- फौज्दारी न्याय प्रणालीको दुरुपयोग विरुद्धको अधिकार,
- सबै किसिमको शोषण तथा यातना विरुद्धको अधिकार ।

(ग) **सहभागी हुन पाउने अधिकार** : यस अन्तर्गत आफ्नो विचार व्यक्त गर्ने, आफ्नो कुरा भन्ने र आफूलाई असर पर्ने कुराबाट बच्ने, समाजमा हुने क्रियाकलापमा भाग लिने लगायतका अन्य धेरै अधिकारहरू पर्दछन् ।

(घ) **विविध** : यस अन्तर्गत निम्न विविध विषयका अधिकारहरू समाविष्ट छन् :-

- शरणार्थी बालबालिकाका आवश्यकता परिपूर्ति गर्ने अधिकार
- मैथुनको दुरुपयोग तथा अन्य सबै प्रकारका शोषणबाट संरक्षण पाउने अधिकार
- लागू पदार्थ दुरुपयोग विरुद्धको अधिकार
- कानून बमोजिम कठिनाइमा परेका बालबालिकाका अधिकार
- अन्तर्राष्ट्रिय धर्मपुत्रका अधिकारहरू
- अपाङ्ग बालकका आवश्यकताका अधिकार
- विभिन्न जातजाती र अल्पसंख्यकका बालबालिकाका अधिकारहरु

बालबालिकाका अधिकारहरूको प्रचलन गर्ने अभिभारा बोकेका राज्यहरूले यस अभिसन्धी अनुरुप पूरा गर्न पर्ने दायित्व पूरा गरे नगरेको हेर्न वा मुल्याङ्कन गरि प्रतिवेदन गर्न उच्च नैतिकता, ख्यातीप्राप्त र सक्षम १० जना व्यक्तिहरू भएको एक समितिको स्थापना गरिने व्यबस्था छ । यस्तो समितिको पदावधी चार वर्षको हुन्छ र हरेक चार वर्ष समाप्त भएपछि अरु अन्तर्राष्ट्रिय समितिहरू सरह गठन गरिने प्रकृया पूरा गरि सदस्य राज्यहरूले प्रस्तुत गरेका व्यक्तिहरूको नामावलीबाट गोप्य मतदानद्वारा सदस्य निर्वाचित गर्दछन् ।

प्रत्येक सदस्य राज्यले आफुले अपनाएका उपायहरूको नियमित प्रतिवेदन समिति समक्ष पेश गर्नु पर्दछ । समितिले आवश्यक ठहराएका थप जानकारी माग्न सक्तछ । राज्यहरूले प्राविधिक सहयोग पनि माग गर्न सक्तछन् । त्यस्तोमा समितिले सो कुराको जानकारी अन्य विशेषज्ञ संस्था जस्तै यूनिसेफ तथा अन्य सक्षम संस्थाहरूमा पठाई त्यहांबाट सहयोग उपलब्ध गराउन मद्दत गर्दछन् । समितिले बाल अधिकारको सम्बन्धमा आफैले सदस्य राज्यमा गै अध्ययन गर्नु पर्ने आवश्यक देखेमा महासचिवलाई आग्रह गर्न सक्तछ । उचित र आवश्यक भएमा साधारण सभामा समेत सो कुरा प्रस्तुत गर्न सक्तछ । सदस्य राज्यबाट प्राप्त भएका प्रतिवेदनहरूमा टिप्पणी सहित समितिले राज्य समक्ष सूचना पठाउन सक्तछ ।

यो अभिसन्धी हस्ताक्षर पश्चात अनुमोदनको प्रक्रिया पुऱ्याएर लागु गर्न सकिन्छ । सम्मिलनको पद्धतीबाट पनि अभिसन्धी लागु हुन्छ । अभिसन्धी सम्बन्धी अन्य कुराहरू अन्य अन्तर्राष्ट्रिय अभिसन्धीमा भए सरह यस्मा पनि परेका छन् ।

७.५ महिलाहरूका अधिकार सम्बन्धी अभिसन्धीहरू

महिलाहरूका अधिकारको संरक्षण गर्ने काम अन्तर्राष्ट्रिय समुदायले बहुतै गंभीरताका साथ धेरै पहिले देखि थालेको हो । महिलाका सम्बन्धमा नेपालले अनुमोदन गरेका दुई अभिसन्धीहरू - महिलाहरू माथि हुने सबै प्रकारका भेदभावहरू अन्त्य गर्ने बारेको अभिसन्धी १९७९ र महिलाहरूको राजनैतिक अधिकार सम्बन्धी अभिसन्धी १९५२ - हुन ।

महिलाहरूको राजनैतिक अधिकार सम्बन्धी अभिसन्धीमा ११ वटा धाराहरू छन् । यस अभिसन्धीले महिलाहरूलाई (क) पुरुष सरह निर्वाचनमा मतदिन पाउने अधिकार, (ख) निर्वाचनद्वारा पदपूर्ति हुने पदहरूमा निर्वाचित हुने अधिकार, र (ग) विना भेदभाव पुरूष सरह सार्वजनिक पद सम्हाल्न पाउने अधिकार प्रदान गरेको छ । यो अभिसन्धीलाई हस्ताक्षर पश्चात अनुमोदनद्वारा लागु गर्न सकिन्छ । सम्मिलनको प्रक्रियाबाट पनि अपनाउन सकिन्छ । एक पटक लागु गरिएको यो अभिसन्धीको मान्यता फिर्ता लिन पनि सकिन्छ ।

महिलाहरूमाथि हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने अभिसन्धी महिलाहरूको सम्बन्धमा साधारण सभाले पारित गरेको सबैभन्दा नयाँ अभिसन्धी हो । यो अभिसन्धीलाई साधारण सभाले १८ डिसेम्वर १९७९ मा पारित गऱ्यो र मिति ३ सेप्टेम्वर १९८१ देखि लागु भएको छ ।

यस अभिसन्धीमा ३० वटा धारा छन र सबै धाराहरू ६ भागमा विभाजित छन् । पहिलो भागले महिलाहरूका विरुद्धको भेदभावको परिभाषा गर्दै भेदभावको अन्त्य गर्ने कुरामा चाल्नु पर्ने कदमहरूको व्यवस्था गरेको छ । दोश्रो, तेश्रो र चौथो भागमा महिलाहरू विरुद्धको भेदभाव अन्त्य गर्ने क्रममा महिलाहरूलाई प्राप्त अधिकारहरूको उल्लेख छ । भाग ५ मा अभिसन्धीको कार्यान्वयनको प्रगती मुल्याङ्कन गर्न एउटा समिति गठन गर्ने तथा त्यस्ले गर्ने कामको प्रक्रियाको कुरा उल्लेख छ र छैठौं भागमा हस्ताक्षर, अनुमोदन र सम्मिलनका प्रक्रिया तथा अभिसन्धी लागु हुने, वदर गर्ने कुराहरू व्यवस्थित गरिएका छन् ।

समिति निर्वाचित निकाय हुन्छ । यस्ले राज्यद्वारा प्रस्तुत प्रतिवेदन वारे छानविन गर्ने, टिप्पणी गर्ने र स्पष्टिकरण माग गर्ने तथा अभिसन्धीका प्रावधानहरूको पालना नगरेको पाएमा उपयुक्त व्यबस्थाको लागि साधारण सभामा प्रतिवेदन पेश गर्न सक्तछ ।

७.६ दासत्व सम्बन्धी अभिसन्धीहरू :

दासप्रथा मानव सभ्यताको कलंकको रुपमा मानव इतिहासमा रहि रहने छ । दास प्रथा मानव सभ्यताको उन्नतिमा वाधक भएकोले यसलाई समाप्त गर्न घरेलु तथा अन्तर्राष्ट्रिय दुबै खाले प्रयास हुदै आएका देखिन्छन् । अन्तर्राष्ट्रिय प्रयासहरूमा पहिलो प्रयास सन् १८१४ मा फ्रान्स र बेलायत वीच भएको सन्धी महत्वपूर्ण चरणको रुपमा मानिन्छ । सन् १८१५ को भियना सम्मेलनले दासत्व र दास ब्यापारको निन्दा मात्र गऱ्यो कुनै सक्रिय कामको थालनी गरेन । सन् १८४० मा विश्व दासत्व विरोधी सम्मेलनको आयोजना गरियो र यसले दासत्व समाप्त गर्ने तर्फ भावनात्मक रुपमा सबैलाई घच्घच्यायो । तत्पश्चात सन् १८८५ को वर्लिन सम्मेलनको आफ्नै खाले प्रभाव रह्यो । सन् १८८९-९० को ब्रुसेल्स सम्मेलनका पक्ष देशहरूले ब्रुसेल्स घोषणा पत्रद्वारा अफ्रिकन दासहरूको खरीद विक्री समाप्त गर्ने दृढ इच्छा ब्यक्त गरे । त्यसपछि १९१९ मा सेंट जर्मन लेइ अभिसन्धी पारित भयो । सन् १९१९ मा स्थापना भएको राष्ट्र संघले दासत्व आयोग गठन गऱ्यो । सो आयोगले १९२४ मा आफ्नो प्रतिवेदन दिए पश्चात अन्तर्राष्ट्रिय श्रम संगठनको साधारण सभाले २५ सेप्टेम्वर १९२६ मा जेनेभामा दासत्व अभिसन्धीलाई पारित गऱ्यो । उक्त अभिसन्धी ९ मार्च १९२७ देखि लागु भयो । उक्त अभिसन्धीलाई २५ सेप्टेम्वर १९५६ मा जेनेभामा हस्ताक्षर गरिएको प्रोटोकल (प्रोटोकल) ले संशोधन गऱ्यो । दासत्व, दास ब्यापार, दासत्व सरहका संस्था तथा ब्यवहारलाई उन्मूलन गर्न पूरक अभिसन्धी ३० अप्रिल १९५६ का दिन आर्थिक सामाजिक परिषद्ले जेनेभामा पारित गऱ्यो । उल्लेखित अन्तर्राष्ट्रिय दस्तावेजहरू मध्ये निम्न दस्तावेजहरूलाई नेपालले अनुमोदन गरि लागु गरेको छ :-

(क) दासत्व अभिसन्धी १९२६

(ख) २५ डिसेम्वर १९२६ का दिन हस्ताक्षर गरिएको दासत्व अभिसन्धीलाई संशोधन गर्ने प्रोटोकल १९२६

(ग) दासत्व, दास व्यापार र दास सरहका संस्था वा प्रचलन उन्मूलन गर्ने अभिसन्धी १९५६

उल्लेखित दस्तावेजमा दासत्व, दास सरहको स्थिति, दास व्यापार, दास सरहका संस्था तथा प्रचलनको परिभाषा गरि त्यस्ता सबै कृयाकलापहरू उन्मूलन गर्ने प्रतिवद्धता व्यक्त गरिएको छ । आफ्नो प्रादेशिक क्षेत्रभित्र दासहरू ओसारपसार तथा चढाउने उतार्ने काम गर्न बन्द गर्ने र सोको लागि आवश्यक कबै काम गर्ने कुरा पनि उल्लेख छ । दासत्वमा राख्ने, दास व्यापार गर्ने जस्तो उल्लेख गरिएका निषेधित काम गर्नु अपराध मानिने र त्यस्तो अपराध गर्नेलाई कडा सजाय दिने व्यवस्था राज्यले गर्ने कुरा अभिसन्धीमा स्पष्टसंग लेखिएको छ । उल्लेख गरिएका अपराध रोक्न उपयुक्त र प्रभावी कानूनको निर्माण गर्ने र सदस्य राष्ट्रहरूले परस्पर सहयोग गर्ने कुरा पनि उल्लेख भएको छ ।

दासत्व अभिसन्धीले जवर्जस्ती वा वाध्य गराएर श्रम गराउने कुरालाई समेत समाप्त गर्नु पर्ने कुरा उल्लेख गरेको छ । यस्तो जवर्जस्ती श्रम सार्वजनिक प्रयोजनका निमित्त भने लिन सकिन्छ तर यस्तो श्रम लिंदा यसलाई अपवादको रूपमा लिनु वा गराउनु तथा पर्याप्त पारिश्रमिक दिनु पर्दछ भन्ने कुरा पनि अभिसन्धीमा स्पष्ट गरिएको छ ।

७.७ यातना तथा अन्य क्रूर, अमानवीय व्यवहार वा सजाय सम्वन्धी अभिसन्धी

यो अभिसन्धीलाई संयुक्त राष्ट्र संघको साधारण सभाले १० डिसेम्वर १९८४ का दिन पारित गऱ्यो । मिति २६ जुन १९८७ देखि यो अभिसन्धी लागु भएको छ । जम्मा ३३ वटा धाराहरू भएको यो अभिसन्धीलाई ३ भागमा विभाजन गरिएको छ ।

पहिलो भागमा रहेको धारा १ देखि धारा १६ सम्मका १६ वटा धाराहरूले यातना, क्रूर, अमानवीय व्यवहार वा सजायको परिभाषा गर्दै यातनाका कुनै पनि काम रोक्ने सदस्य राज्यको दायित्व निर्धारण गरेको छ । लडाईं, लडाईंको डर, आन्तरिक राजनैतिक अस्थिरता वा अन्य सार्वजनिक संकट छ वा माथ्लो हाकिमको आदेशले छ भन्ने नाताबाट यातना दिने काम गर्न नमिल्ने कुरा पनि सो अभिसन्धीमा स्पष्टसंग उल्लेख भएको छ । आफ्नो देशमा यातना दिने संभावना भएको व्यक्तिलाई प्रत्यार्पण गर्न हुदैन । प्रत्येक देशमा यातना दिने कृयाकलापलाई गंभीर अपराध मानिने छ ।यातनाको उद्योग तथा यातना दिने काममा मतियार हुने कृयाकलाप समेत गंभीर अपराध मानिने छन् । यस्ता अपराध गर्नेलाई हिरासतमा लिने, अनुसन्धान गरेर मुद्दा चलाउने कुरा पनि उल्लेख छ । अर्को देशको नागरिकलाई यस्तो अपराधमा

पक्राउ गरिएमा प्रत्यार्पण गरिएन भने आफ्नो देशमा अनुसनधान पश्चात मुद्दा चलाउन सकिन्छ । यस्तो अपराधको सम्वन्धमा मुद्दा चलाउने क्रममा सदस्य देशहरूले एक अर्कालाई सहयोग गर्नु पर्दछ । यातना दिनु हुँदैन र निषेध गरिएको छ भन्ने कुरा कानून प्रचलन गराउने प्रशासकीय अधिकृतहरूलाई तालिम दिंदा पूर्ण तवरबाट शिक्षित गरि दिनु पर्दछ । हिरासतमा राखिएको व्यक्तिलाई यातना नदिइयोस भन्ना खातिर नियमित रूपमा सोधपूछ तथा अनुसन्धान प्रणालीलाई पुनरावलोकन गर्दै रहनु पर्दछ । यातनाको शिकार भएको व्यक्तिलाई उपचार गराउने पर्याप्त व्यवस्था गरिनु पर्दछ । यातना दिएर प्राप्त गरेको वयानलाई प्रमाण लगाउन नसकिने व्यवस्था हुनु पर्दछ ।

दोश्रो भागमा यातना विरूद्ध सुनवाई गर्ने दशजना दक्ष व्यक्तिहरू रहेको कमिति गठन हुने व्यवस्था छ । समितिका सदस्यहरूको निर्वाचन प्रकृया, पदावधी, रिक्त पदपूर्तिका तरिका र यसका बैठकका कार्यवाही सम्वन्धी प्रकृयाहरू समेत व्यवस्थित गरिएका छन् । समितिमा सदस्य देशले नियमित प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ र समितिले प्रतिवेदनहरूमा टिप्पणी गर्न सक्तछ । यातनाको कुरामा व्यक्ति वा राष्ट्रले उजूर गर्न सक्ने र यस्तो उजूरीमा छानविन गरि प्रतिवेदन गर्ने अधिकार समितिलाई छ ।

तेश्रो भागमा अभिसन्धी हस्ताक्षर, अनुमोदन वा सम्मिलन गर्ने तथा अनुमोदन फिर्ता लिने कुराहरू तथा कहिलेदेखि लागु हुने भन्ने प्रकृयाहरू उल्लेख गरिएका छन् ।

=०=

मानव अधिकारहरूको विश्वव्यापी घोषणा

१० डिसेम्बर १९४८ का दिन बसेको संयुक्त राष्ट्र संघको साधारण सभाको
निर्णय नं २१७ (III) द्वारा पारित तथा घोषित

प्रस्तावना

मानव परिवारका सबै सदस्यहरूको अन्तरनिहित मान तथा समान र अवछिन्न अधिकारहरूको मान्यता नै स्वतन्त्रता, न्याय र शान्तिको आधार भएकोले,

मानव अधिकारहरू प्रति अवहेलना तथा अनादरको परिणामबाट नै बर्बर काम भइ मानव जातिको अन्तस्करणमा चोट पुऱ्याइएको हुनाले र मानवहरूले धर्म र वाक स्वतन्त्रता तथा भय र अभावबाट मुक्ति पाउनु पर्छ भन्ने सर्वसाधारण जनताको घोषित आकांक्षा भएकोले,

अत्याचार र दमनको विरुद्ध अरु उपाय नपाएर विद्रोह गर्नु नै अन्तिम उपाय हो भन्ने मानिसले नठानुन् भन्ने हो भने मानव अधिकारहरू कानूनी शासनद्वारा संरक्षित रहनु अति आवश्यक भएकोले,

राष्ट्रहरूका बीच मैत्री सम्बन्ध बृद्धि गर्न आवश्यक भएकोले,

संयुक्त राष्ट्र संघका जनता एवंले मानवका मौलिक अधिकारहरू र मनुष्यको मान तथा कदर नर-नारीको समान अधिकारहरू प्रति पुनः विश्वासको पुष्ट्याई गरी बढी स्वतन्त्रताको आधारमा सामाजिक प्रगति एवं जीवनको स्तर बढाउन निश्चय गरेकोले,

सदस्य राष्ट्रहरूले संयुक्त राष्ट्र संघको सहयोगमा मानव अधिकारहरू र मौलिक स्वतन्त्रताहरू प्रति विश्वव्यापी सम्मान बृद्धि गर्ने एवं पालन गर्ने प्रतिज्ञा गरेकोले र

यो प्रतिज्ञा पूरा गर्न यी अधिकार एवं स्वतन्त्रताहरू बारे साझा समझदारी जानकारी राख्नु अत्यन्त आवश्यक भएकोले,

सदस्य राष्ट्रहरू र ती राष्ट्रहरूका नियन्त्रणमा रहेका प्रादेशिक

खण्डका जनतामा समेत ती अधिकार र स्वतन्त्रताहरूको विश्वव्यापी र प्रभावशाली मान्यता प्रदान गर्न प्रत्येक व्यक्ति र समाजको हरेक अंगले यस घोषणालाई निरन्तर मनमा राखी राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रगतिशील कदमहरूद्वारा श्रद्धा बढाउन प्रयत्न गरून् भनी साधारण सभाले मानव अधिकारको यस विश्वव्यापी घोषणालाई सबै जनता र राष्ट्रका निमित्त एउटा साझा मापदण्डका रूपमा भनी घोषणा गर्दछ ।

धारा – १

सबै व्यक्तिहरू जन्मजात स्वतन्त्र हुन् ती सबैको समान अधिकार र महत्व छ । निजहरूमा विचार शक्ति र सदविचार भएकोले निजहरूले आपस्तमा भातृत्वको भावनाबाट व्यवहार गर्नु पर्छ ।

धारा – २

जाति, वर्ण, लिंग, भाषा, धर्म, राजनैतिक वा अरू विचार राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति वा अरू कुनै मर्यादाको आधारमा भेदभाव नगरी प्रत्येक व्यक्तिलाई यस घोषणामा उल्लेखित अधिकार र स्वतन्त्रताको अधिकार हुनेछ । यसको अतिरिक्त चाहे कुनै देश स्वतन्त्र होस् वा रक्षित, स्वशासनरहित वा परिमित प्रभुसत्ता भएको होस् त्यहाँका व्यक्तिहरूमा राजनैतिक, क्षेत्रीय वा अन्तर्राष्ट्रिय स्थितिको आधारमा भेदभाव गरिने छैन ।

धारा – ३

प्रत्येक व्यक्तिलाई वैयत्तिक स्वतन्त्रता र आत्म सुरक्षाको अधिकार हुनेछ ।

धारा – ४

बाँदा वा दास बनाई कसैलाई पनि राखिने छैन । दासत्व र दास दासीको व्यापार प्रत्येक रूपमा निषेध गरिएको छ ।

धारा – ५

कुनै व्यक्तिलाई पनि शारीरिक यातना दिइने छैन औ निर्दयी,

अमानुषिक वा अपमानजनक व्यवहार वा सजाय गरिने छैन ।

धारा - ६

कानूनको दृष्टिमा प्रत्येक व्यक्तिलाई व्यक्तिको रूपमा मान्यता पाउने अधिकार हुनेछ ।

धारा - ७

कानूनको दृष्टिमा सबै समान छन् र बिना भेदभाव सबै कानूनको समान संरक्षणको अधिकारी हुनेछन् । यस घोषणालाई उल्लंघन गरी गरिएको वा उक्साइएको भेदभावको विरूद्ध समान संरक्षणको अधिकारी सबै हुनेछन् ।

धारा - ८

संविधान वा कानूद्वारा दिइएको मौलिक अधिकारहरू भंग गर्ने कार्यहरूको विरूद्ध योग्य राष्ट्रिय अदालतको प्रभावोत्पादक उपचारको सबैलाई अधिकार हुनेछ ।

धारा - ९

कसैलाई पनि मनमानी ढंगले देश निकाला वा गिरफ्तार वा नजरबन्द गरिने छैन ।

धारा - १०

कुनै व्यक्ति उपर लगाइएको फौज्दारी आरोपको बिरुद्ध निजको अधिकार र दायित्व निरोपण गर्दै स्वतन्त्र र न्याययुक्त अदालतबाट सुनुवाईको हक प्रत्येक व्यक्तिलाई समान रूपले हुनेछ ।

धारा - ११

(१) दण्डनीय अपराधको आरोप लागेको व्यक्तिलाई बचाउको निमित्त सबै आवश्यक सुबिधाहरू दिएको खुला अदालतले कानून अनुसार अपराधी नठहराउञ्जेल निज निरपराध मानिने छ ।

(२) कुनै व्यक्तिले गरे वा नगरेको कुनै काम उक्त समयमा राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानून अन्तर्गत अपराध मानिदैन भने त्यस्तो कामको प्रति कुनै पनि व्यक्ति दोषी ठहराइने छैन र कुनै पनि व्यक्तिलाई अपराध गर्दा उक्त समयमा दिन सकिने सजाय भन्दा बढी सजाय दिइने छैन ।

धारा – १२

कुनै पनि व्यक्तिको गोप्यता, परिवार, घर वा पत्र व्यवहारको प्रति मनमानी हस्तक्षेप गरिने छैन र कसैको सम्मान तथा ख्यातीमाथि चोट पुऱ्याइने छैन र त्यस्तो हस्तक्षेप वा चोटको विरूद्ध प्रत्येक व्यक्तिलाई कानूनी संरक्षणको अधिकार हुनेछ ।

धारा – १३

(१) प्रत्येक व्यक्तिलाई प्रत्येक देशको सीमाना भित्र स्वतन्त्रतापूर्वक विचरण र बसोबास गर्ने अधिकार हुनेछ ।

(२) प्रत्येक व्यक्तिलाई आफ्नो देश वा अरू कुनै देश छोड्ने र आफ्नै देशमा फर्की आउने पूर्ण अधिकार छ ।

धारा – १४

(१) लगाइएको अभियोगबाट उम्किन प्रत्येक व्यक्तिलाई अरू देशमा शरण लिने र खोज्ने अधिकार छ ।

(२) संयुक्त राष्ट्र संघको उद्देश्य र सिद्धान्तको विपरित कार्यहरू वा अराजनैतिक अपराधहरूको अभियोगको सम्बन्धमा यो अधिकार प्रयोग गर्न सकिने छैन ।

धारा – १५

(१) प्रत्येक व्यक्तिलाई राष्ट्रका नागरिकताको अधिकार छ ।

(२) कुनै पनि व्यक्तिलाई मनमानी ढंगले निजको नागरिकताबाट वञ्चित गरिने छैन र नागरिकता परिवर्तन गर्ने अधिकारलाई इन्कार गरिने छैन ।

धारा – १६

(१) जाति, राष्ट्रियता वा धर्मको भेदभाव विना वयस्क स्त्री, पुरूषहरूलाई आपसमा विवाह गर्ने वा परिवार स्थापना गर्ने अधिकार छ । विवाहको विषयमा वैवाहिक जीवनमा तथा विवाह विच्छेदमा तिनीहरूको समान अधिकार हुनेछ ।

(२) विवाहको इच्छा राख्ने स्त्री पुरूषको पूर्ण र स्वतन्त्र सहमतिबाट मात्र विवाह हुनेछ ।

(३) समाजको स्वाभाविक र आधारभूत सामूहिक एकाई परिवार हो र समाज र राज्यद्वारा संरक्षण पाउने अधिकार यसलाई छ ।

धारा – १७

(१) प्रत्येक व्यक्तिलाई एक्लै वा अरूसंग मिलेर सम्पत्ति राख्ने अधिकार छ ।

(२) कुनै व्यक्तिको सम्पत्ति मनमानी ढंगले अपहरण गरिने छैन ।

धारा – १८

प्रत्येक व्यक्तिलाई विचार, मत र धार्मिक स्वतन्त्रताको अधिकार छ । धर्म वा मत बदल्ने स्वतन्त्रता र सार्वजनिक वा व्यक्तिगत रूपमा एक्लै वा समूहमा आफ्नो धर्म वा मतलाई शिक्षा, आचरण, पूजा र पालनद्वारा प्रकट गर्ने स्वतन्त्रता समेत यस अन्तर्गत सम्मिलित छ ।

धारा – १९

प्रत्येक व्यक्तिलाई विचार स्वतन्त्रता र प्रकाशनको अधिकार छ । बिना कुनै हस्तक्षेप मत ग्रहण गर्ने र विना रोकतोक कुनै माध्यमद्वारा मत

प्राप्त गर्ने, खोज्ने र प्रसार गर्ने अधिकार निजलाई हुनेछ ।

धारा - २०

(१) शान्तिपूर्ण तरिकाले सभा गर्ने तथा संस्था खोल्ने अधिकार प्रत्येक व्यक्तिलाई हुनेछ ।

(२) संस्थाको सदस्य बन्न कुनै व्यक्तिलाई कर लगाउन सकिने छैन ।

धारा - २१

(१) देशको शासनमा, प्रत्यक्षे वा स्वतन्त्ररूपले चुनिएका प्रतिनिधिद्वारा भाग लिने अधिकार प्रत्येक व्यक्तिलाई हुनेछ ।

(२) प्रत्येक व्यक्तिलाई निजको देशको सरकारी जागीरहरूमा समान प्रवेशा धिकारको हक छ ।

(३) सरकारको शासन सत्ताको आधार जनताको इच्छा हुनेछ र यस्तो इच्छा सर्वव्यापी समान मताधिकारद्वारा समय समयमा हुने निष्पक्ष चुनावद्वारा अभिव्यक्त गरिनेछ र त्यस्तो चुनाव गुप्त मतदान वा त्यस्तै स्वतन्त्र मतदान प्रणालीद्वारा गरिनेछ ।

धारा - २२

समाजको सदस्यको हैसियतले प्रत्येक व्यक्तिलाई सामाजिक सुरक्षाको अधिकार छ र प्रत्येक व्यक्तिको सम्मान र व्यक्तित्वका स्वतन्त्र विकासको निमित्त आवश्यक आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरू अन्तर्राष्ट्रिय सहयोग र राष्ट्रिय प्रयत्नद्वारा राष्ट्रको संगठन र साधन अनुसार उपलव्ध गर्ने अधिकार प्रत्येक व्यक्तिलाइ छ ।

धारा - २३

(१) प्रत्येक व्यक्तिलाई काम गर्ने, स्वेच्छा बमोजिम नोकरी रोज्ने र काम गर्नको निमित्त उचित र अनुकूल परिस्थिति प्राप्त गर्ने र वेकारीबाट रक्षा पाउने अधिकार छ ।

(२) प्रत्येक व्यक्तिले विना भेदभाव समान कार्यको लागि समान ज्याला पाउनेछ ।

(३) काम गर्ने प्रत्येक व्यक्ति र निजको परिवारको लागि मानवीय अधिकार अनुकूल गौरवान्वित आजीविकाको बन्दोवस्तका लागि उचित र अनुकूल पारिश्रमिक र अन्य प्रकारको समाजिक संरक्षणद्वारा त्यसको पूर्ति गर्ने अधिकार हुनेछ ।

(४) प्रत्येक व्यक्तिलाई निजको हितको रक्षाका निमित्त ट्रेड यूनियन स्थापना गर्ने र त्यसमा सम्मिलित हुने अधिकार हुनेछ ।

धारा - २४

मुनासिव माफिकको काम गर्ने घण्टाको हदबन्दी भित्र प्रत्येक व्यक्तिलाई सबैतनिक आवधिक विदा र विश्रामको अधिकार छ ।

धारा - २५

(१) प्रत्येक व्यक्ति र निजको परिवारको स्वास्थ्य र कल्याणको लागि जीवनस्तरको अधिकार छ र यस अन्तर्गत खाना, कपडा, घर तथा औषधोपचारको सुबिधाहरू र आवश्यक सामाजिक सेवाहरू पनि सम्मिलित छन् र विरामी, असमर्थता, विधवा, बूढेसकाल वा निजको शक्ति बाहिरको अरू कुनै परिस्थितिमा साधन अभाव भएमा सुरक्षाको अधिकार छ ।

(२) मातृकाल वा वाल्यावस्थामा रहेका प्रत्येक मानिसलाई विशेष हेरचाह र सहायता प्राप्त हुनेछ । विवाहिता र अविवाहिता आमाबाट जन्मेका दुबै बालकले समान सामाजिक संरक्षणको उपभोग गर्न पाउनेछन् ।

धारा - २६

(१) प्रत्येक व्यक्तिलाई शिक्षा पाउने अधिकार छ । शिक्षा कमसेकम प्रारम्भिक औ बुनियादी अवस्थामा नि:शुल्क हुनेछ । प्रारम्भिक शिक्षा अनिवार्य हुनेछ । प्राविधिक र व्यावसायिक शिक्षा सर्बसुलभ हुनेछ र उच्चस्तरको शिक्षा योग्यताको आधारमा सबैलाई समान रूपले

उपलव्ध हुनेछ ।

(२) मानवको व्यक्तित्वको पूर्ण विकास र मानव अधिकार तथा मौलिक स्वतन्त्रतालाई बलियो गर्ने तर्फ शिक्षाको प्रसार गरिनेछ र शिक्षाद्वारा नै राष्ट्र, जाति र धार्मिक समूहहरूको बीच आपसी सद्भावना, सहीष्णुता र मैत्रीको विकास गराइनेछ र शान्ति कायम गर्नाको लागि संयुक्त राष्ट्र संघका प्रयत्नहरूलाई बढाइने छ ।

(३) छोरा छोरीलाई दिइने शिक्षा रोज्ने प्राथमिक अधिकार आमा बाबुलाई हुनेछ ।

धारा - २७

(१) प्रत्येक व्यक्तिलाई स्वतन्त्रतापूर्वक समाजको सांस्कृतिक जीवनमा भाग लिने, कलाहरूको आनन्द लिने तथा वैज्ञानिक प्रगति र विज्ञानले प्रदान गरेको सुविधाहरूको उपभोग गर्ने अधिकार छ ।

(२) प्रत्येक व्यक्तिलाई निजले रचना गरेको कुनै बैज्ञानिक, साहित्यिक वा कलात्मक कृतिबाट प्राप्त भएको नैतिक र भौतिक उपलब्धीहरूको संरक्षणको अधिकार हुनेछ ।

धारा - २८

यस घोषणामा उल्लेख गरिएको अधिकार र स्वतन्त्रताहरू पूर्णरूपले प्राप्त गर्नको लागि प्रत्येक व्यक्तिलाई सामाजिक र अन्तर्राष्ट्रिय व्यवस्थाको अधिकार छ ।

धारा - २९

(१) प्रत्येक व्यक्तिको समाज प्रति कर्तव्यहरू छन् र त्यस्तो समाजमा बसेर मात्र व्यक्तित्वको स्वतन्त्र र पूर्ण विकास सम्भव छ ।

(२) आफ्नो अधिकार र स्वतन्त्रताको उपयोग गर्दा प्रत्येक व्यक्तिले अरूको अधिकार र स्वतन्त्रताहरूप्रति पनि आदर र मान्यता दिनु पर्नेछ र प्रजातान्त्रिक समाजको नैतिकता, सार्वजनिक सुब्यवस्था र

सर्वसाधारणको कल्याणको लागि चाहिने उचित आवश्यकताहरू प्राप्त गर्ने उद्देश्यले मात्र कानूनद्वारा निश्चित गरिएको सीमाभित्र रहनु पर्नेछ ।

(३) यी अधिकार र स्वतन्त्राहरूको प्रयोग संयुक्त राष्ट्र संघको सिद्धान्त र उद्देश्यको विपरित कुनै हालतमा उपभोग गर्न सकिने छैन ।

धारा – ३०

कुनै राष्ट्र, वर्ग वा व्यक्तिले यस घोषणामा उल्लेख गरिएका अधिकार र स्वतन्त्रताहरुलाई कुठाराघात गर्ने उद्देश्यले वा त्यस्तो किसिमको काम गर्न पाउने गरी यस घोषणाको व्याख्या गर्न हुँदैन ।

=०=

नागरिक तथा राजनीतिक अधिकारका अन्तर्राष्ट्रिय अनुबन्ध

[१६ डिसेम्बर १९६६ को साधारण सभाको निर्णय नं. २२०० क (२१) द्वारा ग्रहण गरी सही, अनुमोदन र सम्मिलनका लागि खुला गरिएको]

लागू मिति:- २३ मार्च १९७६, धारा ४९ अनुरुप

प्रस्तावना

वर्तमान अनुवन्धका राज्यपक्षहरु,

संयुक्त राष्ट्र संघीय वडापत्रमा घोषित सिद्धान्त अनुरुप अन्तरनिहित प्रतिष्ठा र समान तथा अभेद्य अधिकारहरुको मान्यता नै मानव परिवारका सम्पूर्ण सदस्यको स्वतन्त्रता, न्याय र विश्व शान्तिको आधार हो भन्ने कुराको विचार गर्दै,

मानव मात्रको अन्तर्निहित प्रतिष्ठाबाट यी अधिकारहरु प्राप्त भएका हुन् भन्ने कुरालाई मान्यता दिदै,

मानव अधिकार सम्वन्धी सर्वव्यापी घोषणा-पत्र अनुरूप आफ्ना नागरिक तथा राजनीतिक अधिकारका साथै आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको उपभोग गर्न सक्ने गरी परिस्थितिहरू सिर्जना भएका छन् भने मात्र नागरिक तथा राजनीतिक स्वतन्त्रता र त्रास तथा चाहनाबाट स्वतन्त्रताको उपभोग गरी रहेका स्वतन्त्र मानव मात्रको आदर्श प्राप्त हुन सक्छ भन्ने कुरालाई मान्यता दिदै,

राष्ट्र संघीय वडापत्र अन्तर्गत राष्ट्रहरूको दायित्व मानव अधिकार र स्वतन्त्रताको सर्वमान्य सम्मान र पालनाको प्रवर्द्धन गर्नु हो भन्ने कुराको विचार गर्दै,

अन्य व्यक्ति र आफ्नो उद्भवको समुदायप्रति कर्तव्य भएको व्यक्ति यस अनुवन्धमा मान्यता दिईएका अधिकारको प्रवर्द्धन र पालनाका लागि प्रयास गर्ने उत्तरदायित्व अन्तर्गत छ भन्ने कुरा बुझ्दै,

निम्न धारामा सहमत छन् -

खण्ड - १

धारा - १

(१) सम्पूर्ण जनजातिको स्वनिर्णयको अधिकार छ । त्यस अधिकारका कारणबाट नै उनीहरू आफ्ना राजनैतिक अधिस्थान स्वतन्त्रतापूर्वक निर्धारण गर्छन् तथा स्वतन्त्रतापूर्वक आफ्ना आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासलाई पछ्याउँदै जान्छन् ।

(२) आपसी फाइदाका सिद्धान्त तथा राष्ट्रिय कानूनमा आधारित अन्तर्राष्ट्रिय आर्थिक सहयोगबाट उत्पन्न हुने दायित्वलाई कुनै दुराग्रह नपारी सम्पूर्ण जनजातिले आफ्ना लक्ष्यका लागि आफ्ना प्राकृतिक धन एवं सम्पदा उपभोग गर्न सक्नेछन् । कुनै जनजातिलाई कुनै अवस्थामा पनि आफ्नो जीवन धान्ने उपायबाट बन्चित गरिने छैन ।

(३) यस अनुवन्धका राज्यपक्ष एवं अस्वशासनीय तथा सुम्पिएका इलाकाको प्रशासनिक दायित्व भएका पक्ष समेतले स्वनिर्णयको अधिकारको प्राप्तिको प्रवर्द्धन गर्नेछन् तथा राष्ट्र संघको वडापत्रका व्यवस्था अनुरुप उक्त अधिकारको सम्मान गर्ने छन् ।

खण्ड-२

धारा - २

(१) आफ्ना इलाका तथा आफ्ना अधिकारका भूभागभित्र सम्पूर्ण व्यक्तिलाई जाति, रंग, लिंग, भाषा, धर्म, राजनैतिक अथवा अन्य विचार, राष्ट्रिय

अथवा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म अथवा अन्य अधिस्थानका आधारमा कुनै प्रकारको भेद नगरी यस अनुवन्धमा स्वीकृत अधिकारको सम्मान एवं सुनिश्चितता प्रदान गर्न यस अनुवन्धका प्रत्येक राज्यपक्ष लिखित प्रतिज्ञा गर्छन् ।

(२) विद्यमान व्यवस्थापिकात्मक अथवा अन्य उपायले व्यवस्था नगरेका ठाउँमा आफ्ना संवैधानिक प्रक्रिया तथा यस अनुवन्धका व्यवस्था अनुरुप यस अनुवन्धमा स्वीकार गरिएका अधिकारलाई प्रभावयुक्त बनाउन आवश्यक व्यवस्थापिकात्मक अथवा अन्य उपाय ग्रहण गर्न उचित पाइला सार्न यस अनुवन्धका प्रत्येक राज्यपक्ष लिखित प्रतिज्ञा गर्छन् ।

(३) यस अनुवन्धका प्रत्येक राज्यपक्ष निम्न कुरा गर्न लिखित प्रतिज्ञा गर्छन् -

(क) आधिकारिक क्षमतामा कार्य गर्ने व्यक्तिबाटै उल्लंघन भएता पनि यसभित्र स्वीकृत गरिएका अधिकार एवं स्वतन्त्रता उल्लंघन भएको व्यक्तिले प्रभावकारी उपचार पाउनेछ भनी सुनिश्चित गर्ने,

(ख) यस्तो उपचार दावी गर्ने कुनै व्यक्तिको अधिकार योग्य न्यायिक, प्रशासनिक अथवा राज्यका कानूनी प्रणालीले व्यवस्था गरेका कुनै अन्य योग्य अधिकारीद्वारा निर्धारण गरिन्छन् भनी सुनिश्चित गर्ने तथा न्यायिक उपचारको विकास गर्ने,

(ग) योग्य अधिकारीले यस्ता उपचार प्रदान गरिए पछि लागू गर्ने कुरा सुनिश्चित गर्ने ।

धारा - ३

यस अनुवन्धमा प्रस्तुत नागरिक तथा राजनैतिक अधिकार उपभोग गर्ने पुरुष एवं नारीको समान अधिकार सुनिश्चित गर्न यस अनुवन्धका राज्यपक्ष लिखित प्रतिज्ञा गर्छन् ।

धारा – ४

(१) राष्ट्रको अस्तित्वलाई खतरा पुग्ने सार्वजनिक संकटको विद्यमानताले आधिकारिक घोषणा गरिएको बेलामा अन्तराष्ट्रिय कानूनका अन्य दायित्वसंग अमिल्दा नभएका तथा जाति, रंग, लिंग, भाषा, धर्म, अथवा सामाजिक उत्पत्तिका आधारमा मात्र भेद नगर्ने भएमा यस अनुवन्धका राज्यपक्षले स्थितिको आकस्मिकताले चाहिएको मात्रासम्म मात्र यस अनुवन्ध अन्तर्गत तिनका दायित्वबाट अलग्गिने उपाय गर्न सक्नेछन् ।

(२) धारा ६, ७, ८ (प्रकरण १ एवं २), ११, १५, १६ तथा १८ बाट यो व्यवस्था अन्तर्गत अलग्गिन पाइने छैन ।

(३) अलग्गिने अधिकार लिने यस अनुवन्धको कुनै राज्यपक्षले आफू अलग्गिएको व्यवस्था तथा यस्तो गर्नु पर्ने कारण राष्ट्र संघका महासचिवका मध्यस्थकर्ता मार्फत तुरुन्त यस अनुवन्धका अन्य राज्यपक्षलाई खवर गर्नेछ । आफूले अन्त गर्ने मितिको पनि त्यही मध्यस्तकर्ता मार्फत अर्को यस्तो अलग्याईको सूचना दिइनेछ ।

धारा – ५

(१) यसमा स्वीकार गरिएका कुनै पनि अधिकार अथवा स्वतन्त्रता नष्ट गर्ने अथवा ती अधिकारलाई यस अनुवन्धमा व्यवस्था गरे भन्दा बढी मात्रामा सीमांकन गराउने उद्देश्य भएका कुनै कार्य, कुनै राज्य, समूहहरु अथवा व्यक्तिले गर्न पाएको छ भनी यस अनुवन्धमा भएका कुनै कुराको पनि व्याख्या गर्न पाइने छैन ।

(२) स्वीकार गरिएका मूलभूत मानव अधिकारमा अथवा कानून, महासन्धि, नियम अथवा परम्परा अनुसार यस राज्यपक्षमा विद्यमान मानव अधिकारको यस अनुवन्धले यस्ता अधिकार स्वीकार गरेको छैन । अथवा कम मात्रामा स्वीकार गरेको छ भन्ने स्वाँगमा कुनै नियन्त्रण अथवा पेलाई हुने छैन ।

खण्ड - ३

धारा - ६

(१) प्रत्येक मानिसको जीवनको अन्तरनिहित अधिकार हुन्छ । कानूनद्वारा यो अधिकारको रक्षा गरिनेछ । कुनै मानिसलाई पनि जीउनबाट जथाभावी वंचित गरिने छैन ।

(२) मृत्यूदण्ड खारेज नगरिएका देशमा अपराध गरेका समयमा लागू भएको कानून अनुसार साऱ्है गंभीर अपराधहरूमा मात्र मृत्युदण्ड दिन सकिनेछ । यस्तो दण्ड यस अनुवन्ध तथा सर्वहत्या अपराधको पूर्वरोक तथा सजायँ सम्बन्धी महासन्धिको व्यवस्था विरुद्ध दिन पाइने छैन । योग्य न्यायालयले गरेको अन्तिम निर्णय पछि मात्र यो सजायँ दिन पाइनेछ ।

(३) जव जीवनबाट वंचित गर्ने क्रिया सर्वहत्याको अपराध ठहरिन्छ तब यस अनुवन्धको कुनै पनि राज्यपक्षलाई सर्वहत्या अपराधको पूर्वरोक तथा सजायँ सम्बन्धी अनुबन्ध अन्तर्गत लिएका कुनै दायित्वबाट कुनै प्रकारले पनि अलग्गिन यस धाराको कुनै पनि कुराले आधिकारिकत्व प्रदान गर्ने छैन भन्ने कुरा बुझिन्छ ।

(४) क्षमा अथवा दण्डमा कमी ल्याउन खोज्ने मृत्यूदण्ड पाएका कुनै पनि व्यक्तिको अधिकार हुनेछ । सबै मुद्दामा सर्वमाफी, क्षमा अथवा मृत्यूदण्डबाट छुट दिन सकिनेछ ।

(५) १८ वर्ष नपुगेको व्यक्ति तथा गर्भवती नारीलाई मृत्यूदण्ड दिईने छैन ।

(६) यस अनुवन्धको कुनै पनि राज्यपक्षले मृत्यूदण्ड खारेजीलाई नै पूर्वरोक अथवा ढिलो गर्न यस धाराको कुनै कुरा पनि उठाउन पाउने छैन ।

धारा - ७

कुनै व्यक्तिलाई पनि क्रुर, निर्दयी, अमानवीय तथा अपमानजनक व्यवहार अथवा सजायँ भोग्न लगाइने छैन । विशेष गरी आफ्नो स्वतन्त्र

मन्जुरी विना चिकित्सीय अथवा वैज्ञानिक प्रयोग कुनै व्यक्तिलाई पनि भोग्न लगाइने छैन ।

(१) कुनै व्यक्तिलाई पनि चाकरीमा राखिने छैन, चाकरी तथा चाकरी व्यापारलाई पूणरुपमा निषेध गरिनेछ ।

(२) कुनै व्यक्तिलाई पनि दासत्वमा राखिने छैन ।

(३) (क) कुनै व्यक्तिलाई पनि बलपूर्वक अथवा अनिवार्य श्रमदान गर्न लगाइने छैन ।

(ख) कडा परिश्रम सहित कुनै अपराधको सजायँका रुपमा थुन्न सकिने देशमा योग्य न्यायालयको सजायँ यस्तो कडा परिश्रम अन्तर्गत गर्न लगाउन प्रकरण ३ (क) ले रोक लगाउने छैन ।

(ग) यस प्रकरणको उद्देश्यका लागि बलपूर्वक अथवा अनिवार्य श्रमदानमा निम्न कुरा समावेश हुने छैनन् :-

(अ) (ख) उप-प्रकरणमा उल्लेख नगरेका न्यायालयको कानूनी व्यवस्था अन्तर्गत थुनामा रहेका व्यक्तिले गर्नु पर्ने अथवा यस्तो थुनाईबाट शर्त सहित छुटेका व्यक्तिले गर्नु पर्ने कुनै कार्य अथवा सेवा,

(आ) सैनिक चरित्रको कुनै सेवा अथवा अन्तर्राष्ट्रिय विरोध स्वीकृत गरिने देशमा यस्ता विरोधकर्ताले कानून वमोजिम गर्नु पर्ने राष्ट्रिय सेवा,

(इ) सम्प्रदायको कल्याण अथवा जीवनलाई खतरा पुऱ्याउने संकट अथवा प्रकोपका समयमा लिइने सेवा,

(ई) सामान्य नागरिक दायित्वको माग अन्तरगतको कुनै कार्य अथवा सेवा ।

धारा – ९

(१) प्रत्येक व्यक्तिको स्वतन्त्रता तथा जीवनको सुरक्षाको अधिकार छ । कुनै व्यक्तिलाई पनि स्वेच्छाचारी पक्राउ अथवा थुनाई भोग्न लगाइने छैन । कानूनले स्थापना गरेका आधार तथा विधिबाट बाहेक कुनै व्यक्तिलाई पनि आफ्नो स्वतन्त्रताबाट बंचित गरिने छैन ।

(२) समात्ने समयमा प्रत्येक व्यक्तिलाई पक्राउमा परेको कारण अवगत गराइनेछ तथा तुरुन्तै उनको विरुद्धका आरोपको जानकारी दिइनेछ ।

(३) कुनै आपराधीक आरोपमा समातिएको अथवा थुनिएको कुनै पनि व्यक्तिलाई न्यायाधीश अथवा कानूनले न्यायिक शक्ति उपयोग गर्न पाउने अधिकारित्व दिएका अधिकारी समक्ष तुरुन्त ल्याइने छ । तथा न्यायोचित समयावधी भित्र सुनवाई अथवा छुट्कारा दिइने छ । सुनवाईको अवसर पर्खिरहेका व्यक्तिलाई थुन्नु सामान्य नियम हुने छैन तर न्यायिक कारवाहीको कुनै पनि अर्को चरणमा सुनवाईमा उपस्थित हुने सुनिश्चितता भएमा अथवा वखत आई परेमा निर्णय कार्यान्वयन नगर्ने कुरामा छुटकारा भर पर्न सक्नेछ ।

(४) न्यायालयले उनको थुनुवाइ कानुनी छ भनी चाँडै निर्णय गरियोस् तथा अकानूनी भएमा उनको छुट्काराको आदेश दिइयोस् भन्नका लागि पक्राउ अथवा थुनाइका कारण आफ्नो स्वतन्त्रताबाट वन्चित भएको कुनै पनि व्यक्तिले कारवाही न्यायालय समक्ष लग्न पाउने गरिनेछ ।

(५) अकानूनी पक्राउ अथवा थुनाइको शिकार भएका कुनै पनि व्यक्तिलाई कार्यान्वयन गर्न सकिने क्षतिपूर्तिको अधिकार हुनेछ ।

धारा – १०

१. स्वतन्त्रताबाट वन्चित भएका सबै व्यक्तिलाई मानवता सहित व्यक्तिको अन्तर्निहित सम्मानलाई आदर गर्ने किसिमले व्यवहार गरिनेछ ।

२. (क) आरोप लागेका व्यक्तिलाई अपवादजनक स्थितिमा बाहेक सजायँ

पाएका व्यक्तिबाट पृथक राखिनेछ तथा सजायँ नपाएका व्यक्ति सरहको आफ्नो अधिस्थान सुहाउँदो पृथक व्यवहार गरिनेछ;

(ख) आरोप लागेका किशोरहरूलाई वयस्कबाट पृथक राखिनेछ तथा जतिसक्दो चाँडो तिनको मुद्दा छिन्न लगाइनेछ ।

३. बन्दीगृह प्रणालीमा बन्दीहरूप्रतिको व्यवहार समावेश हुनेछ जसको प्रमुख उद्देश्य उनीहरूको सुधार र सामाजिक पुनर्वास हुनेछ । किशोर उपद्रचहाहरूलाई वयस्कबाट पृथक राखिनेछ तथा तिनका उमेर एवं कानूनी अधिस्थान बमोजिम उचित व्यवहार गरिनेछ ।

धारा - ११

करारनामा अनुसारको दायित्व पूरा गर्न नसकेको आधारमा मात्र कसैलाई पनि थुनिने छैन ।

धारा - १२

१. कुनै राज्यको इलाका भित्र कानून अनुसार बसेको प्रत्येक व्यक्तिको सोही इलाका भित्र आवत जावत गर्ने स्वतन्त्रता तथा आफ्नो घर रोज्ने स्वतन्त्रताको अधिकार हुनेछ ।

२. आफ्नो समेत कुनै पनि देश छोड्न प्रत्येक व्यक्ति स्वतन्त्र छ ।

३. उपर्युक्त अधिकारमा कानूनले व्यवस्था गरेका नियन्त्रण, राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य अथवा नैतिकता अथवा अरूका अधिकार तथा स्वतन्त्रता रक्षा गर्न चाहिने नियन्त्रण बाहेक अन्य कुनै नियन्त्रण लगाइने छैन तथा यस अनुवन्धले स्वीकृत गरेका अन्य अधिकारसंग ती अधिकारहरू मिल्ने छन् ।

४. आफ्नो देशमा प्रवेश गर्ने अधिकारबाट कसैलाई पनि स्वेच्छाचारितापूर्वक वन्चित गरिने छैन ।

धारा – १३

यस अनुवन्धका कुनै राज्यपक्षको इलाकामा कानून अनुसार बसेको अनागरिकलाई कानून बमोजिम गरिएको निर्णयका आधारमा मात्र त्यहाँबाट निष्काशन गर्न सकिनेछ तथा उनलाई राष्ट्रिय सुरक्षाको वाध्यात्मक कारणले त्यसो गर्न नसकिने अवस्थामा बाहेक आफ्नो निष्काशन विरूद्ध कारण पेश गर्न तथा उनको मुद्दा सक्षम अधिकारीले विशेष रूपमा तोकेको सक्षम अधिकारी अथवा व्यक्ति अथवा व्यक्तिहरू समक्ष आफै उपस्थित भई दोहऱ्याउन लगाउन दिनु पर्दछ ।

धारा – १४

१. न्यायालय तथा ट्रिव्यूनल समक्ष सबै व्यक्ति समान हुनेछन् । आफ्ना विरूद्ध कुनै फौजदारी आरोप अथवा आफ्ना अधिकार तथा दायित्वको कानूनी उजुरी निर्धारण गर्दा प्रत्येक व्यक्तिलाई निष्पक्ष एवं सार्वजनिक सुनुवाइ कानूनले स्थापना गरेको सक्षम, स्वतन्त्र, निष्पक्ष ट्रिव्यूनलमा गर्न दिइनेछ । नैतिकताजन्य व्यवस्था अथवा प्रजातान्त्रिक समाजमा राष्ट्रिय सुरक्षाका कारणबाट अथवा पक्षका व्यक्तिगत जीवनका हितलाई त्यसो गर्नु पर्ने भएमा अथवा न्यायको हितलाई प्रचारले दुराग्रह पार्ने भएकाले विशेष अवस्थामा न्यायालयले नगरी नहुने भनेको मात्रासम्म पत्रकार तथा जनतालाई सम्पूर्ण हित रक्षा गर्न, वैवाहिक विवाद अथवा शिशुको संरक्षकत्वको कारवाही बाहेक कुनै फौजदारी अथवा अन्य मुद्दामा दिइएका निर्णय सबैलाई सुनाइनेछ ।

२. फौजदारी आरोप लागेका प्रत्येक व्यक्तिलाई कानूनद्वारा दोषी प्रमाणित नभएसम्म निर्दोष मानिने अधिकार हुनेछ ।

३. आफ्ना विरूद्ध फौजदारी आरोप निर्धारण गर्दा प्रत्येक व्यक्तिलाई समानताको आधारमा निम्न न्यूनतम् ग्यारेन्टी दिइनेछः

(क) आफू विरूद्धका आरोपको प्रकृति तथा कारण बारे आफूले बुझ्ने भाषामा तुरुन्त एवं विस्तारपूर्वक जानकारी पाउने;

(ख) आफ्नो प्रतिरक्षा गर्न पर्याप्त समय एवं सुविधा पाउने तथा आफूले छानेको वकिलसंग कुराकानी गर्न पाउने;

(ग) अनुचित ढिलाइ बिना सुनवाइ हुने;

(घ) आफ्नो उपस्थितिमा सुनुवाइ हुने तथा आफैले अथवा निजले रोजेको कानूनी सहायता मार्फत प्रतिरक्षा गर्न पाउने; कानूनी सहायता नभएमा यो अधिकारको जानकारी गराइने; न्यायको कारणले आवश्यक भएमा आफूलाई कानूनी सहायता निश्चित गर्न पाउने तथा यस्तो सहायता वापत आफ्नो तिर्ने पर्याप्त क्षमता नभएमा नि:शुल्क पाउने,

(ङ) आफ्ना विरूद्धका साक्षी परीक्षण गर्ने अथवा परीक्षण गर्न लगाउने तथा आफ्नो तर्फका साक्षीको हाजिरी तथा परीक्षण आफ्नो विरूद्धको साक्षीकै जस्तो अवस्थामा प्राप्त गर्ने;

(च) न्यायालयमा उपयोग गरिने भाषा नबुझ्ने अथवा बोल्न नसक्ने भएमा दोभाषेको नि:शुल्क सेवा पाउने;

(छ) आफ्नो विरूद्ध प्रमाण दिन अथवा अपराध स्वीकार गर्न वाध्य गराउन नपाइने ।

४. किशोरहरूको हकमा तिनका उमेर तथा पुर्नबासलाई प्रवर्द्धन गर्ने कुरालाई ध्यान दिने कार्यविधि हुनेछन् ।

५. अपराधमा सजायँ पाएका प्रत्येक व्यक्तिलाई कानून अनुसार उच्चत्तरको ट्रिब्यूनलबाट आफ्नो सजायँ तथा दण्डको मुद्दा दोहोऱ्याउन पाउने अधिकार हुनेछ ।

६. अन्तिम निर्णयबाट कुनै व्यक्तिले कुनै अपराधजन्य आरोपमा सजायँ पाइसके पछि अन्याय भएको छ भन्ने कुरा नयाँ अथवा नयाँ किसिमले पत्ता लागेको कुरा देखाएर परिणामत: उनलाई सजायँ उल्टाइन्छ अथवा क्षमा दिइन्छ भने उनकै कारणले मात्र अथवा आँशिक रूपमा

उनको कारणबाट सो थाहा नपाएको कुरा समयमा नखुलेको प्रमाणित नभएमा यस्तो आरोपबाट सजायँ पाएको व्यक्तिलाई कानून अनुसार क्षतिपूर्ति दिइनेछ ।

७. प्रत्येक देशको कानून र दण्ड कार्यविधि अनुसार अन्तिम सजायँ दिइसकेको अथवा छुट्कारा पाइसकेको अपराधमा कुनै व्यक्तिलाई पनि फेरि मुद्दा चलाइने अथवा सजायँ दिन लगाइने छैन ।

धारा – १५

(१) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनमा त्यस्तो कार्य भएको समयमा अपराध नमानिने कुनै कार्य गरेका आधारमा कुनै व्यक्तिलाई पनि अपराधजन्य कार्यको दोषी बनाइने छैन नत सो अपराध भएको समयमा लागू हुने सजायँ भन्दा बढी सजायँ नै दिइनेछ । अपराध भएको समय पछि कानूनले कम सजायँको व्यवस्था गरेमा अपराधकर्तालाई त्यस्को फाइदा प्राप्त हुनेछ ।

(२) राष्ट्रका सम्प्रदायले स्वीकार गरेका सामान्य कानूनी सिद्धान्त अनुसार अपराधजन्य मानिने समयमा भएको कार्य अथवा त्रुटिका लागि कुनै व्यक्तिको सुनवाइ तथा सजायँलाई यस धाराको कुनै कुराले पनि दुराग्रह पार्नेछैन ।

धारा – १६

सम्पूर्ण ठाउँमा कानून समक्ष व्यक्तिको रुपमा स्वीकृत हुने अधिकार प्रत्येक व्यक्तिलाई हुनेछ ।

धारा – १७

(१) आफ्नो गोप्यतामा परिवार, घर, अथवा चिट्ठी पत्रमा कुनै व्यक्तिलाई पनि स्वेच्छाचारी अथवा अकानूनी अन्तरघुस्राईको स्थिति भोग्न लगाइने छैन न त आफ्नो प्रतिष्ठा तथा इज्जतमा अकानूनी आक्रमणको स्थिति भोग्नै लगाइनेछ ।

(२) त्यस अन्तरघुस्राई अथवा आक्रमण विरुद्ध कानूनबाट रक्षा पाउने प्रत्येक व्यक्तिको अधिकार छ ।

धारा - १८

(१) विचार, अन्त:स्करण तथा धर्मको स्वतन्त्रताको अधिकार प्रत्येक व्यक्तिलाई हुनेछ, यस अधिकारमा आफ्नो छनौटको धर्म अथवा आस्था ग्रहण गर्ने अथवा लिने स्वतन्त्रता तथा व्यक्तिगत रुपमा अथवा अरु व्यक्तिसंग तथा सार्वजनिक अथवा गोप्य रुपमा आफ्नो आस्था अथवा धर्म, पूजा, नियम, अभ्यास तथा प्रशिक्षणमा देखाउने स्वतन्त्रता समावेश हुनेछन् ।

(२) आफूले छानेको धर्म अथवा आस्था लिन अथवा ग्रहण गर्न वाधा पर्ने गरी कुनै व्यक्तिलाई पनि जवरजस्ती गरिने छैन ।

(३) आफ्नो धर्म अथवा आस्था देखाउने स्वतन्त्रतामा कानूनले व्यवस्था गरेका तथा सार्वजनिक सुरक्षा र व्यवस्था, स्वास्थ्य अथवा नैतिकता अथवा अरुका मूलभूत अधिकार तथा स्वतन्त्रता रक्षा गर्न आवश्यक नियन्त्रण मात्र लगाइनेछ ।

(४) आफ्ना आस्था अनुसार आफ्ना शिशुका धार्मिक एवं नैतिक शिक्षा सुरक्षित गर्ने मातापिताका तथा लागू हुने अवस्था भए कानूनी संरक्षकको स्वतन्त्रतालाई सम्मान गर्न यस अनुवन्धका राज्यपक्ष लिखित प्रतिज्ञा गर्दछन् ।

धारा - १९

(१) विना अन्तर्घुस्राइ राय राख्ने प्रत्येक व्यक्तिको अधिकार हुनेछ ।

(२) प्रत्येक व्यक्तिको अभिव्यक्तिको स्वतन्त्रता हुनेछ । सीमाको वन्देज बिना मौखिक, लिखित अथवा मुद्रित, कलात्मक रुपमा अथवा आफ्ना छनौटका अन्य कुनै माध्यम मार्फत सम्पूर्ण प्रकारका सूचना तथा विचार खोज्ने, प्राप्त गर्ने तथा दिने स्वतन्त्रता यसमा समावेश हुनेछन् ।

(३) यस धाराको प्रकरण २ मा व्यवस्था गरिएका अधिकारको भोगचलनमा विशेष कर्तव्य तथा दायित्व पर्दछ । त्यसैले यसमा केही नियन्त्रण हुन सक्नेछन् तर ती नियन्त्रण कानूनले व्यवस्था गरेका तथा निम्न कुराका लागि आवश्यक हुने छन्:-

(क) अरुको अधिकार तथा प्रतिष्ठाको सम्मानका लागि,

(ख) राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था अथवा सार्वजनिक स्वास्थ्य अथवा नैतिकताको सुरक्षाका लागि ।

धारा - २०

(१) युद्धको लागि कुनै प्रकारको प्रचारलाई कानूनबाट निषेध गरिनेछ ।

(२) राष्ट्रिय भेद, शत्रुता अथवा हिंसालाई उत्तेजित पार्ने जातीय अथवा धार्मिक घृणाको वकालतलाई कानूनबाट निषेध गरिनेछ ।

धारा - २१

शान्तिपूर्ण भेला गर्ने अधिकारलाई स्वीकार गरिनेछ । यस अधिकारको भोगचलनमा कानून बमोजिम लगाइएका तथा प्रजातान्त्रिक समाजका राष्ट्रिय सुरक्षा अथवा सार्वजनिक सुरक्षा, व्यवस्था, स्वास्थ्य अथवा नैतिकता वा अन्य व्यक्तिको अधिकार तथा स्वतन्त्रता रक्षा गर्न आवश्यक नियन्त्रण वाहेक अन्य नियन्त्रण लगाउन सकिने छैन ।

धारा - २२

(१) आफ्ना हित रक्षा गर्न ट्रेड युनियन स्थापना गर्ने तथा त्यसमा सम्मिलित हुने अधिकार समेत प्रत्येक व्यक्तिको अरुसंग मिली संगठन गर्ने अधिकार हुनेछ ।

(२) कानून बमोजिम लगाइएका तथा प्रजातान्त्रिक समाजको राष्ट्रिय सुरक्षा

अथवा सार्वजनिक सुरक्षा, व्यवस्था, स्वास्थ्य अथवा नैतिकता अथवा अन्य व्यक्तिका अधिकार तथा स्वतन्त्रता रक्षा गर्न आवश्यक नियन्त्रण वाहेक यस अधिकारको भोगचलनमा कुनै नियन्त्रण लगाउन पाइने छैन । यस धाराले सैनिक तथा प्रहरी सेवाका सदस्यलाई तिनका अधिकार उपभोग गर्नमा कानूनी नियन्त्रण लगाउन कुनै पूर्वरोक लगाइने छैन ।

(३) अन्तर्राष्ट्रिय श्रम संगठनको स्वतन्त्रता तथा संगठित हुने अधिकारको रक्षा समवन्धी १९४८ को महासन्धिका राज्यपक्षलाई दुराग्रह पार्ने गरी व्यवस्थापिकात्मक उपाय लिन अथवा अनुबन्धमा व्यवस्था गरी सुनिश्चित गरिएका कुरालाई दुराग्रह पार्ने गरी कानून लगाउन यस धाराको कुनै कुराले पनि आधिकारिकत्व दिदैन ।

धारा – २३

(१) समाजको प्राकृतिक तथा मूलभूत समूह-एकाई परिवार भएकोले यसलाई समाज तथा राज्यले रक्षा गर्नु पर्छ ।

(२) विवाहयोग्य उमेरका पुरुष एवं नारीको विवाह गर्ने तथा परिवार आरम्भ गर्ने अधिकारलाई स्वीकार गरिनेछ ।

(३) इच्छुक वरवधुका पूर्ण एवं स्वतन्त्र मन्जुरी विना कुनै पनि विवाह सम्पन्न गरिने छैन ।

(४) विवाह, विवाह अवधि तथा विवाह भङ्गमा वरवधुका अधिकार तथा दायित्वको समानता सुनिश्चित गर्न यस अनुवन्धका राज्यपक्षले उचित पाइला सार्ने छन् । विवाह भङ्ग भएको खण्डमा कुनै पनि शिशुको रक्षाको लागि व्यवस्था गरिनेछ ।

धारा – २४

(१) जाति, रंग, लिंग, भाषा, धर्म राष्ट्रिय अथवा सामाजिक उत्पत्ति, सम्पत्ति अथवा जन्मको आधारमा कुनै भेद नगरी बालक भएका अधिस्थानबाट आवश्यक रक्षाको उपायको अधिकार प्रत्येक शिशुलाई तिनको

परिवार, समाज तथा राज्यबाट प्राप्त हुनेछ ।

(२) प्रत्येक शिशुलाई जन्मे पछि दर्ता गरिनेछ तथा उसको नाम राखिनेछ ।

(३) राष्ट्रियता प्राप्त गर्ने प्रत्येक शिशुको अधिकार छ ।

धारा - २५

धारा २ मा उल्लेख गरिएका कुनै पनि फरक विना तथा अनुचित नियन्त्रण विना प्रत्येक नागरिकलाई निम्न कुराको अधिकार तथा मौका हुनेछ -

(क) प्रत्यक्षत: अथवा स्वतन्त्रतापूर्वक छानिएका प्रतिनिधि मार्फत सार्वजनिक जीवन संचालनमा सहभागी हुने ।

(ख) सर्वव्यापी तथा समान मतदान एवं गोप्यताबाट मतदाताका इच्छाको स्वतन्त्र अभिव्यक्ति सुनिश्चित गरिएको शुद्ध आवधिक निर्वाचनमा मतदान गर्ने तथा निर्वाचित हुने ।

(ग) समानताको सामान्य नियममा आफ्नो देशको सार्वजनिक सेवामा प्रवेश गर्न पाउने ।

धारा - २६

सम्पूर्ण व्यक्ति कानून समक्ष समान छन् तथा कुनै भेद विना कानूनको समान रक्षाका सहभागी छन् । यस सम्बन्धमा कानूनले कुनै पनि भेदलाई निषेध गर्नेछ तथा जाति, रंग, लिंग, भाषा, धर्म, राजनीतिक अथवा अन्य विचार, राष्ट्रिय अथवा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म अथवा अन्य स्थान जस्ता आधारमा हुने भेद विरुद्ध सम्पूर्ण व्यक्तिलाई समान एवं प्रभावकारी रक्षा कानूनले सुनिश्चित गर्नेछ ।

धारा – २७

जातीय, धार्मीक अथवा भाषीक अल्पसंख्या भएका राज्यमा यस्ता अल्पसंख्याका मानिसलाई आफ्ना समूहका सम्प्रदायसंग आफ्नो संस्कृति उपभोग गर्ने, आफ्नो धर्मको प्रचार तथा अभ्यास गर्ने अथवा आफ्नो भाषा उपयोग गर्ने अधिकारलाई नकारिने छैन ।

खण्ड – ४

धारा – २८

(१) एउटा मानव अधिकार समिति स्थापना गरिनेछ (यस पछि अनुवन्धमा यसलाई समिति भनी उल्लेख गरिएको) । यसमा अठार सदस्य हुनेछन् तथा यसपछि व्यवस्था गरिएका कार्य यसले सम्पन्न गर्नेछ ।

(२) उच्च नैतिक चरित्र तथा मानव अधिकारका क्षेत्रमा योग्यता स्वीकृत भएका यस अनुवन्धका राज्यपक्षका नागरिकहरुबाट समिति बन्नेछ तथा कानूनी अनुभव भएका केही व्यक्तिका सहभागित्वको उपयोगितालाई पनि ध्यान दिएर त्यसो गरिनेछ ।

(३) समितिमा सदस्यहरु निर्वाचित हुनेछन् तथा आफ्नो व्यक्तिगत क्षमतामा उनीहरुले कार्य गर्नेछन् ।

धारा – २९

(१) धारा २८ मा तोकिएका योग्यता भएका तथा सो उद्देश्यका लागि यस अनुवन्धका राज्यपक्षले मनोनित गरेका मानिसहरूको सूचीबाट गोप्य मतदानद्वारा समिति निर्वाचित हुनेछ ।

(२) यस अनुवन्धका प्रत्येक राज्यपक्षले दुइजनाभन्दा बढी व्यक्तिलाई मनोनित गर्न सक्नेछैन । ती व्यक्तिहरु मनोनित गर्ने राष्ट्रका नागरिक हुनेछन्।

(३) एउटै व्यक्तिलाई पुनः मनोनयन गर्न सकिनेछ ।

धारा - ३०

(१) यस अनुवन्ध लागू भएको छ महिना अघि नै प्रारम्भिक निर्वाचन गरिनेछ ।

(२) धारा ३४ अनुसार घोषणा गरिएको खाली स्थान पूरा गर्न निर्वाचन बाहेक समितिको प्रत्येक निर्वाचनको समितिको राष्ट्र संघका महासचिवले चार महिना अगाडि यस अनुवन्धका राज्यपक्षलाई समितिको सदस्यतामा मनोनयन तीन महिना भित्र पेश गर्नु भनी लिखित निमन्त्रणा दिनेछन् ।

(३) महासचिवले यसरी मनोनयन गरिएका सम्पूर्ण व्यक्तिको नामको वर्णानुक्रमिक टिपोट मनोनयन गर्ने राज्यपक्ष देखिनेगरी तयार पार्नेछन् तथा प्रत्येक निर्वाचन मितिको एक महिना अगाडि नै यस अनुवन्धका राज्यपक्षलाई पेश गर्नेछन् ।

(४) राष्ट्र संघको मुख्यालयमा महासचिवद्वारा आयोजना गरिएको यस अनुवन्धको बैठकमा समितिका सदस्यहरुको निर्वाचन गरिनेछ । त्यसै बैठकमा यस अनुवन्धका राज्यपक्षका द्वि-तृतीयांश न्यूनतम आवश्यक संख्या हुनेछ तथा त्यहाँ उपस्थित एवं मतदान गर्ने राज्यपक्षको प्रतिनिधिको अधिकतम मतसंख्याबाट पूर्ण बहुमत प्राप्त गर्ने मनोनित व्यक्तिहरु समितिमा छानिनेछन् ।

धारा - ३१

(१) समितिमा एउटै राज्यको एकजनाभन्दा बढी नागरिक समावेश हुन सक्ने छैन ।

(२) समितिको निर्वाचनमा सदस्यताको समान भौगोलिक वितरण तथा सभ्यताको विभिन्न रुपको एवं प्रमुख कानूनी व्यवस्थाको प्रतिनिधित्व माथि ध्यान दिइनेछ ।

धारा - ३२

(१) समितिका सदस्य चार वर्षको लागि छानिनेछन् । पुनर्मनोनयन भएमा उनीहरु पुन: निर्वाचित हुन सक्नेछन् तापनि प्रथम निर्वाचनमा छानिएका नौ सदस्यको अवधि दुई वर्ष पुगेपछि सकिनेछ । प्रथम निर्वाचनको लगत्तै पछि ती नौ सदस्यका नाम धारा ३० प्रकरण ४ मा उल्लेख गरिएको बैठकको अध्यक्षद्वारा गोला हालेर छानिनेछ ।

(२) यस अनुवन्धका यस भन्दा अगाडि आउने धारा वमोजिम कार्य अवधिको समाप्ति पछि निर्वाचन गरिनेछ ।

धारा - ३३

(१) अस्थायी प्रकृतिको अनुपस्थिति वाहेक अन्य कुनै कारणबाट समितिका कुनै सदस्यले आफ्नो कार्य गर्न छोडेकोमा अन्य सदस्यको सर्वसम्मति भएमा समितिका अध्यक्षले राष्ट्र संघका महासचिवलाई सूचना दिनेछन् र उनले सो सदस्यको स्थान खाली भएको घोषणा गर्नेछन् ।

(२) समितिका सदस्यको मृत्यू भएमा अथवा राजीनामा दिएमा अध्यक्षले तुरुन्तै राष्ट्र संघका महासचिवलाई सूचना दिनेछन् र उनले मृत्यूको मिति अथवा राजीनामा लागू भएको मितिदेखि स्थान खाली भएको घोषणा गर्नेछन् ।

धारा - ३४

(१) धारा ३३ अनुसार खाली स्थान घोषणा गरेपछि तथा सो घोषणाको छ महिना भित्र फेरिनु पर्ने सदस्यको कार्य अवधि सकिदैन भने राष्ट्र संघका महासचिवले यस अनुवन्धका प्रत्येक राज्यपक्षलाई सूचना दिने छन् । ती राज्यले धारा २९ बमोजिम खाली स्थान पूरा गर्न दुई महिनाभित्र मनोनयन पेश गर्न सक्नेछन् ।

(२) राष्ट्र संघका महासचिवले मनोनयन गरिएका व्यक्तिको नामको वर्णानुक्रमिक टिपोट तयार पार्नेछन् तथा यस अनुवन्धका राज्यपक्षलाई

पेश गर्नेछन् । पछि यस अनुवन्धको यस भागको प्रासंगिक व्यवस्था अनुसार खाली स्थान भर्न निर्वाचन हुनेछ ।

(३) धारा ३३ अनुसार घोषणा गरिएको खाली स्थान भर्न निर्वाचित भएको समितिको सदस्यले यस धाराको व्यवस्था अन्तर्गत समितिको स्थान छोडिदिने सदस्यको बाँकी अवधिसम्म कार्य ग्रहण गर्नेछन् ।

धारा – ३५

राष्ट्र संघीय साधारण सभाको समर्थन सहित समितिका सदस्यले समितिको दायित्व विचार गरी साधारण सभाले तोकेको व्यवस्था एवं आधारमा राष्ट्र संघको श्रोतबाट पारिश्रमिक पाउनेछन् ।

धारा – ३६

यस अनुवन्ध अन्तर्गतको समितिका कार्यको प्रभावकारी सम्पादनका लागि राष्ट्र संघका महासचिवले आवश्यक कर्मचारी तथा सुविधा प्रदान गर्नेछन् ।

धारा – ३७

(१) राष्ट्र संघका महासचिवले समितिको प्रारम्भिक बैठक राष्ट्र संघीय मुख्यालयमा आयोजना गर्नेछन् ।

(२) प्रारम्भिक बैठक पछि आफ्नो कार्यविधिमा व्यवस्था गरे बमोजिमका समयमा समितिको बैठक बस्नेछ ।

(३) सामान्यत: समितिको बैठक राष्ट्र संघको मुख्यालय अथवा जेनेभा स्थित राष्ट्र संघीय कार्यालयमा बस्नेछ ।

धारा – ३८

आफ्नो कार्य ग्रहण गर्नु अगाडि आफ्नो कार्य निष्पक्ष तथा विवेकपूर्वक

गर्नेछु भनी समितिका प्रत्येक सदस्यले खुला समितिमा पवित्र घोषणा गर्नेछन् ।

धारा - ३९

(१) समितिले आफ्ना अधिकारीलाई दुई वर्षको कार्य अवधिका लागि निर्वाचित गर्नेछ । उनीहरु पुनः निर्वाचित हुन सक्नेछन् ।

(२) समितिले आफ्नै कार्यविधि स्थापना गर्नेछ तर त्यसले यस कुराका साथै निम्न कुराको व्यवस्था गर्नेछः

(क) बैठकको न्यूनतम आवश्यक संख्या १२ जना सदस्यको हुनेछ ।

(ख) समितिको निर्णय उपस्थित सदस्यको बहुमतबाट गरिने छ ।

धारा - ४०

(१) यहाँ स्वीकृत अधिकारलाई कार्यान्वयन गर्न आफूले ग्रहण गरेका उपाय तथा सो अधिकारको उपभोगमा भएका प्रगति बारे प्रतिवेदन पेश गर्न यस अनुवन्धका राज्यपक्ष लिखित प्रतिज्ञा गर्छन्:-

(क) सम्वन्धित राज्यपक्षलाई यो अनुवन्ध लागू भएको एक वर्षभित्र,

(ख) त्यसपछि समितिले अनुरोध गरेका वखत,

(२) सम्पूर्ण प्रतिवेदन राष्ट्र संघका महासचिवलाई पेश गरिनेछ जसले विचारका लागि तिनलाई समितिसम्म प्रसार गर्नेछन् । यस अनुवन्धका कार्यान्वयनलाई असर पारिरहेका तत्व तथा कठिनाई भएमा सो कुरा प्रतिवेदनले देखाउनेछ ।

(३) समितिसंग सल्लाह गरेपछि राष्ट्र संघका महासचिवले सम्वन्धित विशेषीकृत संस्थालाई आफ्नो कार्यक्षेत्र भित्र पर्ने प्रतिवेदन मात्रका प्रतिलिपी प्रसार गर्नेछन् ।

(४) यस अनुवन्धका राज्यपक्षले पेश गरेका प्रतिवेदन समितिले अध्ययन

गर्नेछ । आफ्नो प्रतिवेदन तथा आफूले उचित ठानेका सामान्य टिप्पणी राज्यपक्षलाई समितिले प्रसार गर्नेछ । समितिले यी टिप्पणी यस अनुवन्धका राज्यपक्षबाट आफूले प्राप्त गरेका प्रतिवेदनका प्रतिलिपी सहित आर्थिक तथा सामाजिक परिषदलाई पनि प्रसार गर्न सक्नेछ ।

(५) यस धाराको प्रकरण ४ बमोजिम गर्न सकिने कुनै टिप्पणी बारे आफ्नो राय यस अनुवन्धका राज्यपक्षले समितिलाई पेश गर्न सक्नेछ ।

धारा - ४१

(१) यस अनुवन्धका कुनै राज्यपक्षले यो धारा अन्तर्गत यस अनुवन्धका आफ्ना दायित्व अर्को राज्यपक्षले पूरा गरिरहेको छैन भनी कुनै राज्यपक्षले दिएको खबर प्राप्त गर्ने र विचार गर्ने समितिको योग्यता आफूले स्विकार गरेकोछु भनी कुनै पनि समयमा घोषणा गर्न सक्नेछ । समितिको योग्यता आफूलाई मान्य छ भनी घोषणा गरेको राज्यपक्षले पेश गरेमा मात्र सो विषयमा सूचना प्राप्त गर्न तथा विचार गर्न सकिनेछ । यस्तो घोषणा राज्यपक्ष सम्वन्धी कुनै पनि सूचना समितिले प्राप्त गर्नेछैन । यो धारा अन्तर्गत प्राप्त गरिएका सूचनालाई निम्न विधि अनुसार हेरिनेछन्:-

(क) यस अनुवन्धका व्यवस्थालाई अर्को राज्यपक्षले कार्यान्वयन गरिरहेको छैन भनी वर्तमान अनुवन्धका कुनै राज्यपक्षले विचार गरेमा उसले लिखित सूचनाद्वारा सो कुरालाई त्यस राज्यपक्षको ध्यानमा ल्याउन सक्नेछ । सो सूचना पाएको तीन महिनाभित्र प्राप्त गर्ने राज्यले संभव तथा प्रासंगिक मात्रासम्म घरायसी विधि तथा लिईएका उक्त विषयमा लिईएको उपचार गरिने तथा त्यस विषयमा प्राप्त हुने उपचार समेत भएको उत्तर सो कुरा प्रष्ट पारी लेखिएको अन्य जानकारीको सूचना दिने राज्यलाई दिनेछ ।

(ख) आरम्भिक सूचना प्राप्त गर्ने राज्यले सो प्राप्त गरेको ६ महिनाभित्र दुबै राज्यपक्षको चित्त बुझ्ने गरी सो कुरा मिलाउन नसकेमा प्रत्येक राज्यको समिति तथा अन्य राज्यलाई सूचना

दिई सो कुरा समितिलाई उल्लेख गर्ने अधिकार हुनेछ ।

(ग) सो कुरामा अन्तर्राष्ट्रिय कानूनका सामान्यत: स्वीकृत सिद्धान्त अनुरुप प्राप्य सम्पूर्ण राष्ट्रिय उपचार गरी सकिएको छ भनी आफूले निश्चित गरेपछि मात्र समितिले आफूलाई उल्लेख गरेको विषयलाई छुनेछ । उपचार लागु गर्ने अवधि अकारण लम्व्याएको भएमा यो नियम लागु हुने छैन ।

(घ) यो धारा अन्तर्गतका सूचना जाँच्दा समितिले गोप्य बैठक गर्नेछ ।

(ङ) उप-प्रकरण (ग) का व्यवस्था यस अनुवन्धमा स्वीकार गरिए अनुसारका मानव अधिकार तथा मूलभूत स्वतन्त्रताको सम्मानका आधारमा त्यसको मैत्रीपूर्ण समाधान गराउने उद्देश्यले सम्वन्धित राज्यपक्षलाई आफ्नो कार्यालय समितिले उपलव्ध गराउनेछ ।

(च) आफूलाई उल्लेख गरिएको विषयबारे उप-प्रकरण (ख) मा उल्लेख गरिएको राज्यपक्षलाई कुनै पनि प्रासंगिक सूचना पेश गर्न समितिले आग्रह गर्न सक्नेछ ।

(छ) समितिमा सो कुरा विचार भइरहेको बेलामा उप-प्रकरण (ख) मा उल्लेख गरिएको सम्वन्धित राज्यपक्षको प्रतिनिधित्व गर्न पाउने तथा मौखिक तथा लिखित जिकिर गर्ने अधिकार हुनेछ ।

(ज) उप-प्रकरण (ख) अन्तर्गत सूचना पाएको १२ महिनाभित्र समितिले प्रतिवेदन पेश गर्नेछ ।

(अ) उप-प्रकरण (ङ) का अवस्थाभित्र समाधान प्राप्त भएमा समितिले आफ्नो प्रतिवेदनलाई तथ्य तथा समाधानको संक्षिप्त विवरणमा मात्र सीमित गर्नेछ ।

(आ) उप-प्रकरण (ङ) का अवस्थाभित्र समाधान प्राप्त

नभएमा समितिले आफ्नो प्रतिवेदन तथ्यको विवरण छोटकरीमा सीमित राख्नेछ र सम्वन्धित राज्यपक्षका लिखित जिकिर तथा मौखिक जिकिरका टिपोट प्रतिवेदनमा गाँसिनेछन् । प्रत्येक विषयमा सम्वन्धित राज्यपक्षलाई प्रतिवेदन पठाइनेछ ।

(३) यस धाराको प्रकरण १ अन्तर्गत यस अनुवन्धका दश राज्यपक्षले घोषणा गरेपछि यसका व्यवस्था लागू हुनेछन्, राज्यपक्षले यस्तो घोषणा राष्ट्र संघका महासचिवलाई बुझाउनेछन् र उनले त्यस्ता प्रतिलिपी अन्य राज्यपक्षलाई प्रसार गर्नेछन् । महासचिवलाई सूचना दिएर कुनै पनि समयमा घोषणा फिर्ता लिन सकिनेछ । यो धारा अन्तर्गत प्रसार गरी सकिएको विषय भईसकेको कुनै कुराको विचारलाई यस्तो फिर्ता लिने कार्यले दुराग्रह पार्नेछैन, महासचिवले घोषणा फिर्ता लिएको सूचना पाइसकेपछि कुनै राज्यपक्षबाट सम्वन्धित राज्यपक्षले नयाँ घोषणा नगरेसम्म अरु कुनै सूचना स्वीकार गरिनेछैन ।

धारा - ४२

(१) (क) धारा ४१ अनुसार समितिमा उल्लेख गरेको कुरा सम्वन्धित राज्यपक्षको चित्तबुझ्ने गरी समाधान नभएमा समितिले सम्बन्धित राज्यपक्षको पूर्व स्वीकृति सहित एउटा अस्थायी पुनर्मिलाप आयोग गठन गर्न सक्नेछ (यसपछि आयोग भनी उल्लेख गरिएको छ) । यस अनुवन्धका सम्मानका आधारमा सो विषयको मैत्रीपूर्ण समाधानको उद्देश्यले सम्बन्धित राज्यपक्षलाई आयोगको कार्यालय उपलव्ध गराइनेछ ।

(ख) सम्बन्धित राज्यपक्षलाई मान्य पाँचजना आयोगमा हुनेछन् । आयोगको गठनको पूर्णता अथवा अंशतामा सम्बन्धित राज्यपक्षले तीन महिनाभित्र सहमति प्राप्त गर्न नसकेमा त्यस्ता आयोगका सदस्य समितिका आफ्ना सदस्यका द्वि-तृतीयांश वहुसंख्या भएको गोप्य मतबाट छानिनेछन् ।

(२) आयोगका सदस्यहरुले आफ्नो व्यक्तिगत क्षमतामा सेवा गर्नेछन् ।

सम्वन्धित राज्यपक्ष अथवा यस अनुवन्धको पक्ष नभएको राज्य अथवा धारा ४१ अन्तर्गत घोषणा नगरेको राज्यपक्षका नागरिक सदस्य हुने छैनन् ।

(३) आयोगले आफ्नै अध्यक्ष निर्वाचित गर्नेछ तथा आफ्नै कार्यविधि ग्रहण गर्नेछ ।

(४) सामान्यतः आयोगको बैठक राष्ट्र संघीय मुख्यालय अथवा जिनेभा स्थित राष्ट्र संघीय कार्यालयमा बस्नेछ । तथापि राष्ट्र संघका महासचिव तथा सम्बन्धित राज्यपक्षसंग सल्लाह गरी आयोगले निर्धारण गर्ने अन्य सुविधाजनक स्थानमा पनि बैठक गर्न सकिनेछ ।

(५) धारा ३६ अनुसार व्यवस्था गरिएको सचिवालयले यो धारा अन्तर्गत गठन गरिएको आयोगलाई पनि सेवा पुऱ्याउनेछ ।

(६) समितिले प्राप्त गरेका तथा मिलाएका सूचना आयोगलाई उपलव्ध गराइनेछ तथा आयोगले सम्वन्धित राज्यपक्षलाई अन्य कुनै प्रासंगिक कुरा पेश गर्न आग्रह गर्न सक्नेछ ।

(७) आयोगले कुनै विषयको कुरा विचार गरे पछि, तर कुनै अवस्थामा पनि विषय लिएको १२ महिना ननघाईकन सम्वन्धित राज्यपक्षलाई पठाउन समितिका अध्यक्षलाई आयोगले प्रतिवेदन पेश गर्नेछ ।

(क) १२ महिनाभित्र सो विषयमा आयोगले विचार टुंग्याउन नसकेमा उसले आफ्नो प्रतिवेदन सो विचार गरेको विषयको अधिस्थानलाई संक्षिप्त विवरणमा सीमित गर्नेछ ।

(ख) यस अनुवन्धमा स्वीकृत गरिए अनुसार मानवीय अधिकारको सम्मानका आधारमा सो विषयको मैत्रीपूर्ण समाधान प्राप्त भएमा आयोगले आफ्नो प्रतिवेदन तथ्य तथा प्राप्त गरिएको समाधानको संक्षिप्त भनाईमा सीमित गर्नेछ ।

(ग) उप-प्रकरण (ख) का अवस्था भित्र समाधान प्राप्त नभएमा

सम्बन्धित राज्यपक्ष बीचका विषयसंग प्रासंगिक कुरामा सबै प्रश्न बारे आफ्ना खोजी तथा सो विषयका मैत्रीपूर्ण समाधानका सम्भावना बारे आफ्नो राय आयोगको प्रतिवेदनमा रहनेछ । सम्वन्धित राज्यपक्षले दिएका लिखित राय तथा मौखिक जिकीरका टिपोट पनि यस प्रतिवेदनमा हुनेछन् ।

(घ) उप-प्रकरण (ग) अन्तर्गत आयोगको प्रतिवेदन पेश भएमा सम्वन्धित राज्यपक्षले प्रतिवेदन प्राप्त भएको तीन महिनाभित्र समितिका अध्यक्षलाई आयोगको प्रतिवेदनका कुरा आफूलाई मान्य अथवा अमान्य भएको सूचना दिनेछन् ।

(८) धारा ४१ अन्तर्गत समितिका दायित्व प्रति यस धाराको व्यवस्था दुराग्रहरहित छन् ।

(९) राष्ट्र संघका महासचिवले दिने अनुमान अनुसार आयोगको सदस्यको सम्पूर्ण खर्च सम्बन्धित राज्यपक्षले समानतापूर्वक बेहोर्ने छन् ।

(१०) राष्ट्र संघका महासचिवले आयोगका सदस्यको खर्च आवश्यक भएमा सम्वन्धित राज्यपक्षले दिनु अगाडि यस धाराको प्रकरण ९ अनुसार तिर्न सक्ने हुनेछन् ।

धारा - ४३

धारा ४२ अन्तर्गत गठन गर्न सकिने समिति तथा अस्थायी पुनर्मिलाप आयोगका सदस्यलाई राष्ट्र संघको सुविधा तथा परीक्षा अनुबन्धका प्रासगिक भागमा प्रस्तुत गरे बमोजिम राष्ट्र संघका लागि कार्यरत विशेषज्ञको सहुलियत, सुविधा तथा परिरक्षा दिइनेछ ।

धारा - ४४

यो अनुवन्ध कार्यान्वयनको व्यवस्था राष्ट्र संघ तथा विशेषकृत संस्थाका आंगिक उपकरण तथा अनुबन्धबाट अथवा त्यस अन्तर्गत मानव अधिकारका क्षेत्रमा तोकिएको विधि विना दुराग्रह लागू हुनेछन् तथा यस अनुवन्धका राज्यपक्षलाई आफ्ना बीच लागू भइरहेका सामान्य अथवा विशेष व्यवस्था अनुसार विवाद समाधान गर्ने अन्य विधिबाट सहायता लिन तिनले पूर्वरोक लगाउने छैनन् ।

धारा – ४५

समितिले आर्थिक तथा सामाजिक परिषद मार्फत आफ्ना कार्यकलाप बारे वार्षिक प्रतिवेदन राष्ट्र संघको साधारण सभालाई पेश गर्नेछ ।

खण्ड – ५

धारा – ४६

राष्ट्र संघको वडापत्रका तथा वर्तमान अनुवन्धमा छोइएका विषयका सम्बन्धमा राष्ट्र संघका विभिन्न अंग तथा विशेषीकृत संस्थाका पारस्परिक दायित्व परिभाषित गर्ने विशेषीकृत संस्थाका संविधानका व्यवस्थालाई विगार्ने गरी यस अनुवन्धका कुनै पनि कुराको व्याख्या गरिने छैन ।

धारा – ४७

सम्पूर्ण जनजातिका आफ्ना प्राकृतिक धन एवं सम्पदा पूर्णतः तथा स्वतन्त्रतापूर्वक उपभोग तथा उपयोग गर्ने अन्तर्निहित अधिकारलाई बिगार्ने गरी यस अनुवन्धका कुनै कुराको पनि व्याख्या गरिने छैन ।

खण्ड – ६

धारा – ४८

(१) राष्ट्र संघका कुनै सदस्य-राज्य अथवा यसका कुनै विशेषीकृत संस्थाका सदस्य, अन्तर्राष्ट्रिय न्यायालयका परिआदेशका कुनै राज्यपक्ष, तथा राष्ट्र संघको साधारण सभाले यस अनुवन्धको पक्ष हुन आमन्त्रण गरेको अन्य कुनै राज्यका सहीका लागि यो अनुवन्ध खुला छ ।

(२) यस अनुवन्धलाई अनुमोदन गर्न पर्नेछ । अनुमोदनको उपकरण राष्ट्र संघका महासचिवलाई बुझाइनेछ ।

(३) यस धाराको प्रकरण १ मा उल्लेख गरेका कुनै राज्यको सम्मिलनका लागि यो अनुवन्ध खुला रहनेछ ।

(४) राष्ट्र संघका महासचिवलाई सम्मिलनको उपकरण बुझाएर सम्मिलन लागु हुनेछ ।

(५) राष्ट्र संघका महासचिवले यो अनुवन्ध सही गरेका अथवा सम्मिलन गरेका सम्पूर्ण राज्यलाई प्रत्येक अनुमोदन अथवा सम्मिलन उपकरण रहेको सूचना दिनेछन् ।

धारा - ४९

(१) अनुमोदन अथवा सम्मिलनको पहिलो उपकरण राष्ट्र संघका महासचिवलाई बुझाएको तीन महिना पछि यो अनुवन्ध लागू हुनेछ ।

(२) अनुमोदन अथवा सम्मिलनको पैतीसौं उपकरण बुझाई यो अनुवन्ध अनुमोदन अथवा सम्मिलन गर्ने प्रत्येक राज्यका लागि तिनले अनुमोदन अथवा सम्मिलनको उपकरण बुझाएको मितिले तीन महिना पछि यो अनुवन्ध लागू हुनेछ ।

धारा - ५०

कुनै सीमांकन अथवा अपवाद विना यस अनुवन्धका व्यवस्थाले संघीय राज्यका सम्पूर्ण भागलाई ढाक्नेछ ।

धारा - ५१

(१) यस अनुवन्धका कुनै राज्यपक्षले संशोधन प्रस्ताव प्रस्तुत गर्न सक्नेछ तथा त्यसलाई राष्ट्र संघका महासचिव कहां दर्ता गर्न सक्नेछ । त्यसपछि उक्त प्रस्तावमा मतदान अथवा विचार गर्न उनीहरू राज्यपक्षका सम्मेलन चाहन्छन् भने तिनलाई सूचना गरुन् भन्ने अनुरोध सहित राष्ट्र संघका महासचिवले यस अनुवन्धको राज्यपक्षलाई संशोधन प्रस्ताव पठाउनेछन् । राज्यपक्षको एक तिहाईले यस्तो सम्मेलनको समर्थन गरेमा महासचिवले यो सम्मेलन राष्ट्र संघको आयोजनामा बोलाउनेछन् । सम्मेलनमा उपस्थित राज्यपक्षका बहुमतले मतदान गरेर ग्रहण गरेका कुनै संशोधन राष्ट्र संघको साधारण सभामा स्वीकृतिका लागि पेश गरिनेछ ।

(२) राष्ट्र संघको साधारण सभाले स्वीकृत गरेपछि तथा यस अनुवन्धका राज्यपक्षले आफ्ना पारस्परिक संवैधानिक प्रक्रिया अनुसार द्वि-तृतीयांश वहुमतले स्वीकार गरेपछि संशोधन लागू हुनेछ ।

(३) संशोधन लागू भएपछि त्यसलाई स्वीकार गर्ने राज्यपक्ष यस अनुवन्धका व्यवस्थाबाट तथा अन्य संशोधन अगाडि बाटै स्वीकार गरेर बांधिन लागेका राज्यपक्षलाई लागू हुनेछ ।

धारा – ५२

धारा ४८ उपकरण ५ अन्तर्गत गरिएका सूचना बाहेक राष्ट्र संघका महासचिवले त्यही धाराको प्रकरण १ मा उल्लेख गरिएका सबै राज्यलाई निम्न कुराको जानकारी दिनेछन्:

(क) धारा ४८ अन्तर्गत सही, अनुमोदन एवं सम्मिलन ।

(ख) धारा ४९ अन्तर्गत यो अनुवन्ध लागू भएको मिति तथा धारा ५१ अन्तर्गतका कुनै पनि संशोधन लागू भएको मिति ।

धारा – ५३

(१) चीनियाँ, अंग्रेजी, फ्रान्सेली, रसियाली तथा स्पेनेली भाषाका मूलरूप समानतापूर्वक यथार्थ भएको यो अनुवन्ध राष्ट्र संघीय संग्रहालयमा बुझाइनेछ ।

(२) धारा ४८ मा उल्लेख गरिएका सम्पूर्ण राज्यलाई राष्ट्र संघका महासचिवले प्रमाणित प्रतिलिपी दिनेछन् ।

=०=

आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूबारे अन्तर्राष्ट्रिय अनुबन्ध

१६ डिसेम्बर १९६६ को साधारण सभाको निर्णय नं. २२००८ (२१) द्वारा ग्रहण गरि हस्ताक्षर, अनुमोदन र सम्मिलनका लागि खुल्ला गरिएको ।

लागु मिति : ३ जनवरी १९७६ (धारा २७ अनुसार)

प्रस्तावना

संयुक्त राष्ट्र संघको वडापत्रमा घोषित सिद्धान्त अनुसार मानव परिवारका प्रत्येक सदस्यहरूको अन्तरनिहित प्रतिष्ठा औ समान र अभिन्न अधिकारहरूको मान्यता नै विश्वको स्वतन्त्रता, न्याय र शान्तिको आधार हो भन्ने कुरा सोच्दै,

ती अधिकारहरू मानव व्यक्तित्वको अन्तरनिहित प्रतिष्ठाबाट प्राप्त हुन्छन् भन्ने कुरा स्वीकार गर्दै,

प्रत्येकले उसका आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक औ राजनीतिक अधिकारहरू उपभोग गर्न पाउने परिस्थितिहरू सिर्जना गर्न सकियो भने मात्रै विश्व मानव अधिकारको घोषणा अनुसार डर र अभावबाट स्वतन्त्रता उपभोग गर्ने स्वाधीन मानवहरूको आदर्श प्राप्त गर्न सकिन्छ भन्ने कुरा स्वीकार गर्दै,

संयुक्त राष्ट्र संघको वडापत्र अन्तरगत मानव अधिकार र स्वतन्त्रताहरूको विश्वव्यापी सम्मान र पालनालाई प्रवर्धन गर्नु राज्यहरूको कर्तव्य हो भन्ने कुरा सोच्दै,

व्यक्तिको अरू व्यक्तिहरू र उ बसेको समुदाय प्रति कर्तव्य हुने भएकोले वर्तमान अनुबन्धमा स्वीकृत भएका अधिकारहरूलाई प्रवर्धन गर्नु र पालना गर्नु उसको कर्तव्य हो भन्ने कुरा महशुस गर्दै,

वर्तमान अनुबन्धका राज्यपक्षहरू निम्न लिखित धाराहरू पारित गर्न सहमत भएका छन् :

भाग - १

धारा - १

१. सबै जनताहरूको आत्मनिर्णयको अधिकार छ । त्यही अधिकारको आधारमा उनीहरूले स्वतन्त्रतापूर्वक आफ्नो स्थिति निर्धारण गर्दछन् र स्वतन्त्रतापूर्वक आफ्ना आर्थिक, सामाजिक र सांस्कृतिक विकासको अनुसरण गर्दछन् ।

२. सबै जनताहरूले अन्तर्राष्ट्रिय आर्थिक सहयोगबाट उत्पन्न कुनै पनि दायित्वहरूलाई घात नपारी, परस्पर फाइदाका सिद्धान्त र अन्तर्राष्ट्रिय कानून अनुसार आफ्ना उद्देश्यहरूको लागि आफ्ना प्राकृतिक सम्पदा र श्रोतहरू प्रयोग गर्न सक्दछन् । कुनै पनि अवस्थामा जनतालाई आफ्ना जीविकाको साधनबाट बन्चित गर्न सकिदैन ।

३. स्वायत्तता प्राप्त नभएका र संरक्षित भू-भागको प्रशासनको जिम्मा लिएका देशहरू लगायत वर्तमान अनुबन्धका राज्यपक्षहरूले संयुक्त राष्ट्र संघको वडापत्रको प्रावधान अनुसार आत्म निर्णयको अधिकारलाई प्रवर्धन गर्नेछन् र त्यस अधिकारलाई सम्मान गर्नेछन् ।

भाग - २

धारा - २

१. वर्तमान अनुबन्धका प्रत्येक राज्यपक्ष व्यक्तिगत रूपमा अथवा अन्तर्राष्ट्रिय मद्दत र सहयोग लिएर विशेष गरी आर्थिक र प्राविधिक सहयोग लिएर वर्तमान अनुबन्धले स्वीकार गरेका अधिकारहरूलाई हर उपयुक्त साधनद्वारा क्रमशः पूर्ण रुपले प्राप्त गर्ने उद्देश्यले आफ्नो अधिकतम उपलव्ध श्रोतहरू प्रयोग गर्दै उपयुक्त कदमहरू, खासगरी कानूनी कदमहरू चाल्न सहमत हुन्छ ।

२. वर्तमान अनुबन्धका प्रत्येक राज्यपक्षहरू यसमा उद्घोषित अधिकारहरूलाई जाति, रंग, लिंग, भाषा, धर्म, राजनीति वा अरू विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, संपत्ति, जन्म वा अरू स्थितिमा आधारित कुनै पनि भेदभाव विना लागू गरिने कुराको प्रतयाभूति गर्दछन् ।

३. मानव अधिकारलाई र आफ्नो राष्ट्रिय अर्थतन्त्रलाई समुचित ध्यान दिएर विकासशील देशहरूले विदेशीहरूलाई वर्तमान अनुबन्धले स्विकार गरेका आर्थिक अधिकारहरूको कुन हदसम्म प्रत्याभूति दिने भन्ने कुराको निर्णय गर्न सक्तछन् ।

धारा – ३

वर्तमान अनुबन्धका राज्यपक्षहरू महिला र पुरूषहरूलाई यो अनुबन्धले अघिसारेका आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको उपभोग गर्ने समान अधिकार दिने कुरालाई सुनिश्चित गर्न सहमत हुन्छन् ।

धारा – ४

वर्तमान अनुबन्ध अनुरूप राज्यले प्रदान गरेका ती अधिकारहरू उपभोगमा, त्यो राज्यको कानूनले निर्धारण गरेका र ती अधिकारहरूको प्रकृतिसंग मेल खाने हदसम्म र प्रजातान्त्रिक समाजको कल्याणलाई अभिबृद्धि गर्ने उद्देश्यले मात्र त्यस्ता अधिकारहरूलाई सीमित गर्न सकिन्छ भन्ने कुरालाई वर्तमान अनुबन्धका राज्यपक्षहरू स्वीकार गर्दछन् ।

धारा – ५

१. वर्तमान अनुबन्धमा उल्लेखित कुनै पनि कुरालाई कुनै राज्य समूह अथवा व्यक्तिले यसमा स्वीकृत भएका कुनै पनि अधिकार या स्वतन्त्रतालाई नष्ट गर्ने उद्देश्यले अथवा वर्तमान अनुबन्धमा उल्लेख भए भन्दा ठूलो मात्रामा तिनीहरूलाई सीमित गर्ने उद्देश्यले गरिने कुनै पनि गतिविधि या कार्य गर्ने अधिकार पाउने गरी व्याख्या गर्न पाइदैन ।

२. वर्तमान अनुबन्धले स्वीकार नगरेको अथवा थोरै हदसम्म मात्र स्वीकार गरेको बहानामा कुनै देशमा विद्यमान वा त्यस देशको कानून, परम्परा, नियम र रीतिरिवाजले मान्यता दिएका मूलभूत मानव अधिकारहरूलाई नियन्त्रित गर्ने अथवा अवमूल्यन गर्ने कुरालाई अनुमति दिइने छैन ।

भाग – ३

धारा – ६

१. वर्तमान अनुबन्धका राज्यपक्षहरूले काम गर्न पाउने अधिकारहरूलाई मान्यता दिन्छन्, जसमा प्रत्येकलाई आफूले स्वतन्त्रता पूर्वक चुनेको र स्वीकार गरेको काम गरेर आफ्नो जीविका कमाउने अवसर प्राप्त गर्ने अधिकार समावेश छ, र यो अधिकारको सुरक्षा गर्न उपयुक्त कदमहरू चाल्ने छन् ।

२. यो अधिकारको पूर्ण प्राप्तिका निम्ति वर्तमान अनुबन्धका राज्यपक्षहरूले लिइने कदमहरूमा व्यक्तिका मूलभूत राजनीतिक र आर्थिक स्वतन्त्रताहरूलाई सुरक्षा गर्ने परिस्थिति अन्तरगत स्थीर खालका आर्थिक, सामाजिक, र सांस्कृतिक विकासका साथै पूर्ण र उत्पादनशील रोजगार प्राप्त गर्ने प्राविधिक र पेशागत मार्गदर्शन, तालीम, कार्यक्रमहरू तथा नीति र तरिकाहरू समावेश हुनेछन् ।

धारा – ७

वर्तमान अनुबन्धका राज्यपक्षहरूले प्रत्येकको लागि कामका ती न्याय पूर्ण र अनुकूल परिस्थितिहरूको उपभोगको अधिकारलाई मान्यता दिन्छन् जसले खासगरी निम्न लिखित कुराहरू सुनिश्चित गर्दछन्:

क) प्रत्येक कामदारलाई निम्नतम रूपमा निम्न लिखित कुराहरू प्रदान गर्न सक्ने पारिश्रमिक :

१. सुपथ ज्याला र विना भेदभाव समान मूल्यको कामका लागि समान पारिश्रमिक, खास गरी समान कामको समान पारिश्रमिकको आधारमा महिलाहरूलाई कामका ती अवस्थाहरूको प्रत्याभूति जुन पुरूषहरूले उपभोग गरेका अवस्थाहरू भन्दा निम्नस्तरका नहुन् ।

२. वर्तमान अनुबन्धका प्रावधान अनुसार उनीहरूका परिवारहरूको निम्ति राम्रो जीवन स्तर ।

ख) सुरक्षित र स्वास्थ्यप्रद कामका अवस्थाहरू,

ग) प्रत्येकलाई वरिष्ठता र सक्षमता भन्दा अरू कुनैपनि कुरामा ध्यान नदिई आफ्नो पदको उपयुक्त माथिल्लो तहमा बढुवा हुने समान अवसर ;

घ) विश्राम, फूर्सत र कार्य अवधिको उपयुक्त सिमांकन र सतलव आवधिक विदाको साथै सार्वजनिक विदाहरूमा पारिश्रमिक ।

धारा – ८

१. वर्तमान अनुबन्धका राज्यपक्षहरू निम्न लिखित कुराहरू सुनिश्चित गर्न सहमत हुन्छन् :

क) आफ्नो सामाजिक र आर्थिक प्रवर्धन र सुरक्षाका निम्ति संवन्धित संगठनको अधीनमा रहेर मजदूर संघहरू खोल्न पाउने र आफूलाई मन परेको मजदूर संघमा सामेल हुने अधिकार कानूनले तोके भन्दा बाहेक र प्रजातान्त्रिक समाजमा, राष्ट्रिय सुरक्षा, सार्वजनिक सुव्यवस्था र अरूका अधिकार र स्वतन्त्रताहरूको सुरक्षा गर्न आवश्यक हुने वाहेक यो अधिकारको उपभोगमा कुनै पनि अंकुश लाउन पाइन्न ;

ख) मजदूर संगठनहरूको संघ र महासंघ खोल्न पाउने अधिकार, संघ र महासंघहरूको अन्तरराष्ट्रिय मजदूर संघ खोल्न पाउने वा यसमा सामेल हुन पाउने अधिकार;

ग) कानूनले तोकेको र प्रजातान्त्रिक समाजमा राष्ट्रिय सुरक्षा, सार्वजनिक सुव्यवस्था र अरूका अधिकार र स्वतन्त्रताहरूको रक्षाका निम्ति आवश्यक हुने सीमाभीत्र रही मजदूर संघहरूको स्वतन्त्र रूपले काम गर्न पाउने अधिकार ;

घ) खाश देशका कानून अनुसार भएमा हडताल गर्न पाउने अधिकार ।

२. सशस्त्र सेनाका सदस्यहरुले अथवा प्रहरी वा राज्यको प्रशासनद्वारा हुने यी अधिकारहरुको प्रयोगमा न्यायपूर्ण अंकुश लगाउनमा यो धाराले बन्देज लगाउने छैन ।

३. यो धाराको कुनै पनि कुराले संगठन स्वतन्त्रता र संगठित हुन पाउने अधिकारसित संवन्धित १९४८ को अन्तर्राष्ट्रिय श्रम संगठन महासंधिका राज्यपक्षहरुलाई त्यो महासंधिले प्रदान गरेका प्रत्याभूतिहरुलाई घात पर्ने अथवा घात पार्ने किसिमले कानूनको प्रयोग गर्ने अधिकार दिने छैन ।

धारा – ९

वर्तमान अनुबन्धका राज्यपक्षहरु सामाजिक वीमा लगायत प्रत्येकको सामाजिक सुरक्षाको अधिकारलाई मान्यता दिन्छन् ।

धारा – १०

वर्तमान अनुबन्धका राज्यपक्षहरु मान्दछन् कि :

१. परिवार, जुन समाजको प्राकृतिक र मूलभूत समूह इकाइ हो, लाई खास गरी स्थापित हुँदै गरेको बेला र पराश्रित केटाकेटीहरुको हेरचाह र शिक्षाको उत्तरदायित्व लिएको वेला संभव भएजति व्यापक रुपले संरक्षण र सहयोग दिइनु पर्छ । इच्छुक दम्पतीहरुको स्वतन्त्र स्वीकृतिमा मात्र विवाह हुनु पर्दछ ।

२. बच्चा जन्मनु भन्दा अघि र पछि उपयुक्त अवधीमा आमालाई विशेष संरक्षण दिइनु पर्दछ । यस्ता अवधीमा काम गर्ने आमाहरुलाई सतलव विदा अथवा पर्याप्त सामाजिक सुरक्षाका फाइदाहरु सहित विदा दिनु पर्दछ ।

३. पितृत्व र अरु अवस्थाहरुको कारणबाट हुने कुनै पनि भेदभाव विना केटाकेटीहरु र किशोरहरुको तर्फबाट सुरक्षा र सहयोगका विशेष कदमहरु चालिनु पर्छ । केटाकेटीहरु र किशोरहरुलाई आर्थिक र सामाजिक शोषणबाट सुरक्षा गरिनु पर्छ । उनीहरुको नैतिकपतन हुने, अथवा स्वास्थ्यमा हानी हुने वा उनीहरुको जीवनलाई खतरा पुग्ने वा उनीहरुका सामान्य विकासलाई बाधा पुऱ्याउने किसिमका काममा उनीहरुको नियुक्तिलाई राज्यहरुले उमेरको हद तोक्नु पर्छ जसभन्दा तल बालश्रमको तलवमा गरिने प्रयोगलाई प्रतिबन्ध लाउनु पर्छ र कानूनी रुपले दण्डनीय बनाइनु पर्छ ।

धारा - ११

१. वर्तमान अनुबन्धका राज्यपक्षहरु प्रत्येकलाई आफ्नो र आफ्ना परिवारका सदस्यहरुको निम्ति पर्याप्त खाना, कपडा र आवास लगायत पर्याप्त स्तरको जीवन प्राप्त गर्ने र जीवन स्थितिमा निरन्तर सुधारको अधिकारलाई मान्यता दिन्छन् । यस सम्बन्धमा स्वतन्त्र सम्मिलनमा आधारित अन्तरर्राष्ट्रिय सहयोगको विशेष महत्वलाई स्वीकार गर्दै राज्यपक्षहरुले यो अधिकारको प्राप्तिलाई सुनिश्चित गर्न उपयुक्त कदमहरु चाल्ने छन् ।

२. भोकबाट मुक्त हुने सबैको मूलभूत अधिकारलाई मान्यता दिदै वर्तमान अनुबन्धका राज्यपक्षहरुले, एक्लै अथवा अन्तर्राष्ट्रिय सहयोगद्वारा ठोस कार्यक्रम लगायत ती कदमहरु चाल्नेछन् जुन निम्न कुराका लागि आवश्यक हुन्छन्:

(क) प्राविधिक र वैज्ञानिक ज्ञानको पूर्ण प्रयोग गरेर, पोषणको सिद्धान्त संवन्धी ज्ञानको प्रचार गरेर र प्राकृतिक श्रोतहरुको सबभन्दा प्रभावकारी विकास र उपयोग गर्ने किसिमले कृषि व्यवस्थाको सुधार गरेर उत्पादन पद्धतिको सुधार गर्नु, संरक्षण गर्नु र वितरण गर्नु ;

(ख) खाद्य आयात गर्ने र निर्यात गर्ने दुवै प्रकारका देशहरुका समस्याहरुलाई ध्यान दिदै आवश्यकता अनुसार विश्व खाद्य आपूर्तिमा समान वितरण निश्चित गर्नु ।

धारा - १२

१. वर्तमान अनुबन्धका राज्यपक्षहरु उच्चतम प्राप्य स्तरको शारीरिक र मानसिक स्वास्थ्य उपभोग गर्ने प्रत्येकको अधिकारलाई मान्यता दिन्छन् ।

२. यो अधिकारको पूर्ण प्राप्तिका निम्ति वर्तमान अनुबन्धका राज्यपक्षहरुले लिइने कदमहरुमा निम्न लिखित कुराहरुको लागि आवश्यक हुने कदमहरु समावेश हुनेछन् ।

(क) मृत जन्मदर र बालमृत्यू दर घटाउने र बच्चाको स्वस्थ विकास गराउने संबन्धी प्रावधान;

(ख) वातावरणीय र औद्योगिक स्वास्थ्यका सबै पक्षहरुको सुधार;

(ग) सरुवा रोग, महामारी, पेशागत रोग र अरु किसिमका रोगहरुको रोकथाम, उपचार र नियन्त्रण;

(घ) बिरामी अवस्थामा सबै प्रकारका औषधोपचार, र हेरचाहलाई औषधोपचार, र हेरचाहलाई सुनिश्चित गर्ने किसिमका परिस्थितिहरुको निर्माण ।

धारा - १३

१. वर्तमान अनुबन्धका राज्यपक्षहरु प्रत्येक व्यक्तिको शिक्षा आर्जन गर्ने अधिकारलाई मान्यता दिन्छन् । उनीहरु यस कुरामा सहमत हुन्छन् कि शिक्षा मानव व्यक्तित्व र प्रतिष्ठाको पूर्ण विकास गर्नप्रति लक्षित हुनेछ र यसले मानव अधिकार र मूलभूत स्वतन्त्रताहरुलाई मजवूत पार्नेछ । उनीहरु अझै यस कुरामा पनि सहमत हुन्छन् कि शिक्षाले सबै व्यक्तिहरुलाई प्रभावकारी ढंगले स्वतन्त्र समाजका सहभागी बन्न मद्दत गर्नेछ, सबै राष्ट्रहरु सबै जात जाति र धार्मिक समुदायका बीचमा समझदारी, सहनशीलता र मित्रता बढाउनेछ र शान्ति कायम राख्न संयुक्त राष्ट्र संघका गतिविधिहरुलाई अगाडि लाने छ ।

२. वर्तमान अनुबन्धका राज्यपक्षहरु मान्दछन् कि यो अधिकारको पूर्ण प्राप्तिका लागि :

(क) प्राथमिक शिक्षा अनिवार्य र सबैको लागि नि:शुल्क बनाइने छ ;

(ख) प्राविधिक र पेशागत माध्यमिक शिक्षा लगायत विविध रुपको माध्यमिक शिक्षालाई प्रत्येक उपयुक्त उपायद्वरा र खासगरी नि:शुल्क शिक्षा लागू गरेर सबैका निम्ति आमरुपले उपलव्ध र पहुँच योग्य बनाइने छ ;

(ग) हर उपयुक्त उपायद्वारा, खासगरी क्रमश: नि:शुल्क शिक्षा लागू गरेर उच्च शिक्षालाई क्षमताको आधारमा सबैका निम्ति समान रुपले पहुँच योग्य बनाइने छ ।

(घ) प्राथमिक शिक्षा प्राप्त नगरेका अथवा आफ्नो सम्पूर्ण प्राथमिक शिक्षा पूरा नगरेका मानिसहरुका लागि सम्भव भएसम्म आधारभूत शिक्षालाई प्रोत्साहन दिइनेछ अथवा बढाइने छ ।

(ङ) सक्रिय रुपले सबै तहहरुमा विद्यालय व्यवस्थाको विकास गर्न प्रयास गरिनेछ, पर्याप्त किसिमको छात्रवृत्ति व्यवस्था स्थापना गरिनेछ र शिक्षकहरुको भौतिक अवस्थालाई निरन्तर सुधार गरिने छ ।

३. वर्तमान अनुबन्धका राज्यपक्षहरु बाबु आमाको र लागू हुन सक्ने अवस्थामा कानूनी संरक्षकहरुको उनीहरुका बच्चाहरुलाई आफ्नो आस्था अनुसारको धार्मिक र नैतिक शिक्षा सुनिश्चित गर्न सरकारले तोकेका र अनुमोदन गरेका मापदण्डहरुसित मिल्ने तर सार्वजनिक अधिकारीहरुले स्थापना गरेका भन्दा भिन्नै स्कूलहरु छान्ने स्वतन्त्रताको सम्मान गर्छन ।

४. यो धाराको अनुच्छेद १ मा अघिसारिएका सिद्धान्तहरुको पालना गर्दै र त्यस्ता संस्थाहरुमा दिइएको शिक्षा सरकारद्वारा तोकिने न्यूनतम स्तर अनुरुप हुनु पर्ने आवश्यकताको अधीनमा रहेर शैक्षिक संस्थाहरु खोल्ने र निर्देशित गर्ने व्यक्तिहरुको या संगठनहरुको अधिकारलाई हस्तक्षेप गर्न पाइने गरी यो धाराका कुनै पनि अंशको अर्थ लगाईने छैन ।

धारा – १४

वर्तमान अनुबन्धको राज्यपक्ष भएको समयमा पनि आफ्ना नगरीय इलाका र आफ्नो न्याय क्षेत्र भित्र पर्ने अरु क्षेत्रहरुमा अनिवार्य र नि:शुल्क प्राथमिक शिक्षा लागू नगरेका वर्तमान अनुबन्धका राज्यपक्षहरुले योजनामा उल्लेखित उपयुक्त समय भित्र अनिवार्य र नि:शुल्क शिक्षा क्रमश: लागू गर्दै जाने गरी दुई वर्ष भित्र सबैको लागि एउटा विस्तृत कार्य योजना तयार गर्न सहमत हुन्छन् ।

धारा – १५

(१) वर्तमान अनुबन्धका राज्यपक्षहरु प्रत्येक व्यक्तिका निम्नलिखित अधिकारहरुलाई मान्यता दिन्छन् ।

(क) सांस्कृतिक जीवनमा भाग लिनु,

(ख) वैज्ञानिक प्रगति र यस्को प्रयोगहरुबाट फाइदा लिनु,

(ग) आफू लेखक भएको बैज्ञानिक, साहित्यिक अथवा कलात्मक सिर्जनाबाट प्राप्त भएको नैतिक र भौतिक हितहरुको संरक्षणबाट फाइदा लिनु,

(२) वर्तमान अनुबन्धका राज्यपक्षहरुले यो अधिकारको पूर्ण प्राप्तिका निम्ति चालिने कदमहरुमा ती कदमहरु समावेश छन्, जुन कदमहरु विज्ञान र संस्कृतिको संरक्षण, विकास र विस्तारको निम्ति आवश्यक छन् ।

(३) वर्तमान अनुबन्धका राज्यपक्षहरु बैज्ञानिक अनुसन्धान र रचनात्मक क्रियाकलापको लागि अपरिहार्य हुने स्वतन्त्रताको सम्मान गर्न सहमत हुन्छन्।

(४) वर्तमान अनुबन्धका राज्यपक्षहरु बैज्ञानिक र सांस्कृतिक क्षेत्रका अन्तर्राष्ट्रिय सम्पर्क र सहयोगको प्रोत्साहन र विकासबाट प्राप्त फाइदाहरुलाई मान्यता दिन्छन् ।

भाग – ४

धारा – १६

१. वर्तमान अनुबन्धका राज्यपक्षहरु अनुबन्धको यस भाग अनुरुप यसमा स्वीकृत अधिकारहरुको पालनामा चालिएका कदमहरु र गरिएको प्रगतिको बारेमा प्रतिवेदन पेश गर्न सहमत हुन्छन् ।

(क) सबै प्रतिवेदनहरु संयुक्त राष्ट्र संघका महासचिव समक्ष पेश गरिनेछन्, जसले त्यसका प्रतिहरु वर्तमान अनुबन्धका प्रावधानहरु अनुसार विचार विमर्शको निम्ति आर्थिक र सामाजिक परिषद्मा पठाइ दिनेछन् ।

(ख) संयुक्त राष्ट्र संघका महासचिवले वर्तमान अनुबन्धका राज्यपक्षहरुले पेश गरेका प्रतिवेदनहरुका प्रतिहरु अथवा तिनीहरुको सान्दर्भिक अंश संवैधानिक दस्तावेजहरु अनुसार उपयुक्त निकायहरुको उत्तरदायित्वको क्षेत्रभित्र पर्ने विषयसित संबन्धित भएसम्म वर्तमान अनुबन्धको राज्यपक्ष समेत सदस्य रहेको विशेषीकृत निकायहरुलाई पठाइ दिने छन् ।

धारा – १७

(१) संबन्धित राज्यपक्षहरु र विशेषीकृत निकायहरुसितको छलफलपछि यो अनुबन्ध लागु भएको एक वर्ष भित्र आर्थिक र सामाजिक परिषदबाट तय गरिने कार्यक्रम अनुसार वर्तमान अनुबन्धका राज्यपक्षहरुले चरण-चरण गरेर आफ्ना प्रतिवेदनहरु पेश गर्नेछन् ।

(२) प्रतिवेदनहरुले वर्तमान अनुबन्धको मातहतका दायित्वहरु पूर्तिको मात्रालाई प्रभाव पार्ने तत्व र कठीनाइहरुलाई औल्याउन सक्तछन् ।

(३) वर्तमान अनुबन्धको कुनै राज्यपक्षले संयुक्त राष्ट्र संघ अथवा कुनै विशेषीकृत निकायलाई सान्दर्भिक सूचना पहिले नै दिइसकेको हकमा, त्यो सूचना फेरी पेश गर्न आवश्यक हुने छैन, यसरी प्रदान गरेको सूचनाको सटीक सन्दर्भ प्रस्तुत गर्नु पर्याप्त हुनेछ ।

धारा – १८

मानव अधिकार र मूलभूत स्वतन्त्रताहरुको क्षेत्रमा संयुक्त राष्ट्र संघको वडापत्र अन्तर्गतका उत्तरदायित्वहरु अनुरुप आर्थिक र सामाजिक परिषदले आफ्ना क्षेत्र अन्तर्गत पर्ने वर्तमान अनुबन्धका प्रावधानहरुको पालनामा भएको प्रगति बारे प्रतिवेदन पेश गर्ने सम्बन्धमा विशेषीकृत निकायहरुसित मिलेर आवश्यक बन्दोबस्त गर्नेछ । यी प्रतिवेदनहरुमा यस्ता कार्यान्वयनका सम्बन्धमा अधिकार प्राप्त निकायहरुले पारित गरेका निर्णय र सिफारिसहरुको व्यहोरा रहन सक्छ ।

धारा – १९

आर्थिक र सामाजिक परिषदले अध्ययन र सामान्य सिफारिसको लागि अथवा उपयुक्त भएमा सूचनाका लागि धारा १६ र १७ अनुसार राज्यहरुले र धारा १८ अनुसार विशेषीकृत निकायहरुले पेश गरेका मानव अधिकार संबन्धी प्रतिवेदनहरुलाई मानव अधिकार सम्बन्धी आयोगमा पठाई दिनेछ ।

धारा – २०

धारा १९ अर्न्तगत वर्तमान अनुबन्धका राज्यपक्षहरु र संवन्धित विशेषीकृत निकायहरुले कुनै पनि सामान्य सिफारिसमाथि वा मानव अधिकार

आयोग अथवा त्यसमा उल्लेख भएको कुनै पनि दस्तावेज माथिको आफ्ना टिप्पणीहरु आर्थिक र सामाजिक परिषदमा पठाउन सक्नेछन् ।

धारा - २१

वर्तमान अनुबन्धले स्वीकार गरेका अधिकारहरुको आम पालना गराउन चालिएका कदमहरु र भएका प्रगतिहरुको वारेमा वर्तमान अनुबन्धका राज्यपक्षहरु र विशेषीकृत निकायहरुबाट प्राप्त भएका सामान्य प्रकृतिका सिफारिसहरु र सूचनाको सारांश भएका प्रतिवेदनहरुलाई आर्थिक र सामाजिक परिषदले समय समयमा साधारण सभामा पठाउन सक्छ ।

धारा - २२

आर्थिक र सामाजिक परिषदले संयुक्त राष्ट्र संघका अरु अंगहरु र प्राविधिक सहयोग प्रदान गर्ने कामसित संन्धित सहायक अंगहरु र विशेषीकृत निकायहरुको सम्मुख वर्तमान अनुबन्धको यस भागमा उल्लेख भएका प्रतिवेदनहरुबाट उत्पन्न कुनै पनि कुराहरु प्रस्तुत गर्न सक्दछ, जसले त्यस्ता अंगहरुलाई आफ्नो क्षमताको क्षेत्रभित्र रहि वर्तमान अनुबन्धको प्रभावकारी र निरन्तर कार्यान्वयनमा योगदान पुऱ्याउन सक्ने अन्तर्राष्ट्रिय कदमहरुको वान्छनीयता बारे निर्णय लिन सहयोग गर्न सकून ।

धारा - २३

वर्तमान अनुबन्धका राज्यपक्षहरु यस कुरामा सहमत हुन्छन् कि यस अनुबन्धमा स्वीकार गरिएका अधिकारहरु प्राप्त गर्न चालिएका अन्तर्राष्ट्रिय क्रियाकलापहरुमा सम्मेलनहरुको आयोजना, सिफारिसहरु पारित गर्ने काम, प्राविधिक सहयोग संवन्धित सरकारहरुसित मिलेर आयोजना गरिएको छलफल र अध्ययनका लागि क्षेत्रीय र प्राविधिक वैठकहरुको आयोजना जस्ता पद्धतिहरु समावेश हुन्छन् ।

धारा - २४

वर्तमान अनुबन्धको कुनै पनि कुरालाई यस अनुबन्धले समेटेका विषयहरुप्रति संयुक्त राष्ट्र संघका विविध अंगहरु र त्यसका विशेषीकृत निकायहरुका उत्तरदायित्वहरुलाई परिभाषित गर्ने संयुक्त राष्ट्र संघको

वडापत्रका प्रावधानहरु र विशेषीकृत निकायहरुका संवैधानिक प्रावधानहरुलाई चोट पुग्ने गरी व्याख्या गरिने छैन ।

धारा – २५

वर्तमान अनुबन्धको कुनै पनि कुरालाई आफ्ना प्राकृतिक सम्पदा र श्रोतहरु पूर्ण र स्वतन्त्र रुपले उपभोग र प्रयोग गर्न पाउने सम्पूर्ण जनताहरुको अधिकारलाई चोट पुग्ने गरी व्याख्या गरिने छैन ।

भाग – ५

धारा – २६

१. वर्तमान अनुबन्धलाई संयुक्त राष्ट्र संघको कुनै पनि सदस्य राज्य, कुनै पनि विशेषीकृत निकायहरुको सदस्य, अन्तर्राष्ट्रिय न्यायालयको विधानको हस्ताक्षरी राज्यपक्ष अथवा, यो अनुबन्धको हस्ताक्षरी राज्य बन्न संयुक्त राष्ट्र संघको महासभाले निमन्त्रित गरेको अर्को कुनै पनि राज्यद्वारा हस्ताक्षरको निम्ति खुल्ला गरिएको छ ।

२. यो अनुबन्ध अनुमोदन हुनु पर्ने छ । अनुमोदनको दस्तावेज संयुक्त राष्ट्र संघका महासचिव समक्ष राखिने छ ।

३. वर्तमान अनुबन्धलाई यो धाराको अनुच्छेद १ मा उल्लेखित कुनै पनि राज्यद्वारा सम्मिलनको निम्ति खुल्ला गरिनेछ ।

४. सम्मिलनको दस्तावेज संयुक्त राष्ट्र संघका महासचिवलाई जिम्मा दिएपछि त्यो सम्मिलन लागू हुनेछ ।

५. संयुक्त राष्ट्र संघका महासचिवले वर्तमान अनुबन्धमा हस्ताक्षर गर्ने र त्यसलाई स्वीकार गर्ने राज्यहरुलाई अनुमोदन अथवा सम्मिलनको दस्तावेज आफूले जिम्मा लिएको कुरा सूचित गर्नेछन् ।

धारा – २७

१. अनुमोदनको अथवा सम्मिलनको पैतीसौं दस्तावेज संयुक्त राष्ट्र संघका महासचिवलाई जिम्मा दिएको मितिले तीन महिना पछि वर्तमान अनुबन्ध लागू हुनेछ ।

२. अनुमोदनको अथवा सम्मिलनको पैतीसौं दस्तावेज जिम्मा दिएपछि अनुबन्धलाई अनुमोदन अथवा सम्मिलन दिने प्रत्येक देशको निम्ति भने यो अनुबन्ध त्यो देशको अनुमोदन वा सम्मिलनको दस्तावेज जिम्मा दिएको तीन महिना पछि लागू हुनेछ ।

धारा – २८

वर्तमान अनुबन्धका प्रवधानहरु कुनै सीमा र अपवाद विना संघीय राज्यहरुका सबै भागहरुमा लागु हुनेछन् ।

धारा – २९

१. वर्तमान अनुबन्धको कुनै पनि राज्यपक्षले संशोधनको प्रस्ताव ल्याउन र संयुक्त राष्ट्र संघका महासचिव समक्ष पेश गर्न सक्छ । त्यसपछि महासचिवले उक्त प्रस्तावित संशोधन बारे विचार विमर्श गर्ने र त्यसमाथि मतदान गर्ने पक्षमा भए नभएको उनलाई जानकारी दिन अनुरोध गर्दै वर्तमान अनुबन्धका राज्यपक्षहरुसित संचार आदान प्रदान गर्नेछन् । कम्तिमा राज्यपक्षहरुको एक तिहाई संख्या त्यस्तो सम्मेलनको पक्षमा भएको खण्डमा महासचिवले संयुक्त राष्ट्र संघको तत्वावधानमा उक्त सम्मेलन बोलाउनेछन् । सम्मेलनमा उपस्थित भएका र मतदान दिने राज्यपक्षहरुको बहुमतले पारित संशोधनलाई अनुमोदनका लागि संयुक्त राष्ट्रसंघको महासभामा पेश गरिनेछ ।

२. संयुक्त राष्ट्र संघको महासभाले पारित गरेपछि र वर्तमान अनुबन्धका दुई तिहाई राज्यपक्षहले आ-आफ्नो संवैधानिक प्रकृया अनुसार सम्मिलन दिएपछि संशोधनहरु लागू हुनेछन् ।

३. लागू भएपछि ती संशोधनहरु तिनीहरुलाई स्वीकार गर्ने राज्यपक्षहरुको लागि र वर्तमान अनुबन्धका प्रावधानहरुबाट र उनीहरुले स्वीकारगरेका पूर्ववती संशोधनहरुबाट अझ पनि बाँधिइरहेका अरु राज्यपक्षहरुका लागि वाध्यकारी हुनेछन् ।

धारा – ३०

धारा २६ को अनुच्छेद ५ अन्तर्गत भएको सूचनाहरुको प्रकाशन वावजुद पनि संयुक्त राष्ट्र संघका महासचिवले त्यही धाराको अनुच्छेद १ मा उल्लेखित सबै राज्यहरुलाई निम्न लिखित विवरणहरुको जानकारी दिनेछन् :

(क) धारा २६ अन्तर्गत भएको हस्ताक्षर, अनुमोदन र सम्मिलन ।

(ख) धारा २७ अन्तर्गत वर्तमान अनुबन्ध लागू हुने मिति र धारा २९ अनुसार संशोधनहरु लागू हुने मिति ।

धारा – ३१

१. वर्तमान अनुबन्ध जसका चिनीया, अंग्रेजी, रुसी र स्पेनीस भाषाहरु उत्तिकै प्रमाणिक छन्, लाई संयुक्त राष्ट्र संघको अभिलेखालयमा राखिनेछ ।

२. संयुक्त राष्ट्र संघका महासचिवले वर्तमान अनुबन्धको प्रमाणित प्रतिहरु धारा २५ मा उल्लेख गरिएका सबै देशहरुमा पठाउनेछन् ।

=०=

नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्धको थप प्रोटोकल

[साधारण सभाको १६ डिसेम्बर १९६६ को प्रस्ताव २२०० क (२१) बाट ग्रहण गरी सही, अनुमोदन तथा सम्मिलनका लागि खुला राखिएको]

लागू: २३ मार्च १९७६, धारा ९ बमोजिम ।

बर्तमान प्रोटोकलका राज्यपक्षहरू,

नागरिक तथा राजनीतिक अधिकारका अन्तर्राष्ट्रिय अनुबन्धको (यसपछि अनुबन्ध भनी उल्लेख गरिएको) उद्देश्य प्राप्त गर्न तथा यसका व्यवस्थाहरू कार्यान्वयन गर्ने कुराको विचार गर्दै यस अनुबन्धको भाग ४ अन्तर्गत गठन भएको मानव अधिकार समितिलाई (यसपछि समिति भनी उल्लेख गरिएको) व्यक्तिहरूबाट यस अनुबन्धमा प्रस्तुत गरिएका कुनै पनि अधिकारको उल्लंघनबाट पीडित भएको दाबीको निवेदन प्राप्त गर्न तथा विचार गर्न सबल तुल्याउने ध्येयले निम्न कुरामा सहमत भएका छन्:

धारा - १

यस अनुबन्धमा प्रस्तुत गरिएका कुनै पनि अधिकारको राज्यपक्षबाट उल्लंघन भएर आफू पीडित भएको दाबी गर्ने व्यक्तिबाट आफ्ना अधिकार क्षेत्रभित्र रहेर निवेदन प्राप्त गर्ने तथा त्यसमाथि विचार गर्ने समितिको योग्यतालाई अनुबन्ध गरेको एवं यस प्रोटोकलको पक्ष भएको राज्यले स्वीकार गर्नेछ । अनुबन्धको पक्ष भएको तर यस प्रोटोकलको पक्ष नभएको राज्यका सम्बन्धमा समितिले कुनै पनि निवेदन प्राप्त गर्ने छैन ।

धारा - २

धारा १ अनुसार अनुबन्धमा व्यवस्था गरिएका आफ्ना कुनै पनि अधिकार उल्लंघन भएको दाबी गर्ने व्यक्तिहरूले प्राप्य सम्पूर्ण राष्ट्रिय उपचार उपयोग गरीसके पछि समितिको विचारका लागि लिखित निवेदन पेश गर्न सक्ने छन् ।

धारा – ३

यो प्रोटोकल अन्तर्गत नाम नखुलेको अथवा यस्तो निवेदन दिने अधिकारको दुरूपयोग गरेको ठानिने अथवा यस अनुबन्धका व्यवस्थासंग मेल नखाने कुनै पनि निवेदनलाई समितिले मान्यता दिने छैन ।

धारा – ४

१. धारा ३ को व्यवस्था अनुसार यो प्रोटोकल अन्तर्गत पेश गरिएको कुनै पनि निवेदन प्रति यस प्रोटोकलको पक्ष भएको तथा यस अनुबन्धको कुनै पनि व्यवस्था उल्लंघन गर्ने आरोप लागेको राज्यपक्षको ध्यान समितिले आकर्षित गर्ने छ ।

२. यस्तो सम्बन्धित राज्यपक्षले छ महिनाभित्र विषय खुलाएर अपनाएको कुनै पनि उपचारको लिखित व्याख्या अथवा विवरण सहितको जवाफ समितिलाई पेश गर्नु पर्नेछ ।

धारा – ५

१. यो प्रोटोकल अन्तर्गत प्राप्त भएका निवेदनलाई समितिले व्यक्ति तथा सम्बन्धित राज्यबाट प्राप्त भएका सम्पूर्ण लिखित सूचनाका आधारमा विचार गर्नेछ ।

२. निम्न कुरा निर्धारण नभएसम्म व्यक्तिबाट प्राप्त भएको निवेदनलाई समितिले विचार गर्नेछैन:

(क) अन्य अन्तर्राष्ट्रिय खोज अथवा निरूपण अन्तर्गत सोही विषयको छानवीन नभएको भएमा;

(ख) व्यक्तिले सम्पूर्ण प्राप्य राष्ट्रिय उपचार उपयोग गरिसकेको भएमा तर यस्ता उपचारको कार्यान्वयनलाई अकारणवस लम्ब्याइएको अवस्थामा भने यो नियम लागू हुने छैन ।

३. यो प्रोटोकल अन्तर्गतका निवेदन छानवीच गर्दा समितिले गोप्य बैठक गर्नेछ ।

४. समितिले सम्बन्धित राज्यपक्ष तथा व्यक्तिलाई आफ्नो राय पठाउनेछ ।

धारा - ६

समितिले अनुबन्धको धारा ४५ अन्तर्गत यो प्रोटोकल अनुसारको कार्यकलापको संक्षेप आफ्नो वार्षिक प्रतिवेदनमा समावेश गर्नेछ ।

धारा - ७

औपनिवेशिक देश तथा जनतालाई स्वतन्त्रता प्रदान गर्ने घोषणा सम्बन्धी १४ डिसेम्बर १९६० मा राष्ट्र संघको साधारण सभाले ग्रहण गरेको प्रस्ताव नं १५१४ (१५) का उद्देश्यहरू प्राप्त नभएसम्म यस प्रोटोकलका व्यवस्थाले राष्ट्र संघको घोषणापत्र तथा राष्ट्र संघ एवं यसका विशेषिकृत संस्थाहरू अन्तर्गतका अन्य अन्तर्राष्ट्रिय महासन्धी तथा दस्तावेजहरूले यस्ता जनताले दिएको निवेदनको अधिकारलाई कुनै पनि रूपमा सिमित पाने छैन ।

धारा - ८

१. अनुबन्धमा सही गर्ने कुनै पनि राज्यका लागि यो प्रोटोकल सहरूको लागि खुला छ ।

२. यस प्रोटोकललाई अनुमोदन गर्ने राज्यले अनुबन्धलाई अनुमोदन तथा सम्मिलन गर्नु पर्ने छ । अनुमोदन गरिएका दस्तावेजहरू राष्ट्र संघका महासचिवलाई बुझाइने छन् ।

३. अनुबन्धलाई अनुमोदन गरेको अथवा त्यसमा सम्मिलन भएको कुनै राज्यका लागि यो प्रोटोकल सम्मिलनका लागि खुला छ ।

४. राष्ट्र संघका महासचिवलाई सम्मिलनको दस्तावेज बुझाएपछि यस्तो सम्मिलन प्रभावकारी हुनेछ ।

५. यस प्रोटोकललाई सही गर्ने अथवा सम्मिलन गर्ने सम्पूर्ण राज्यलाई राष्ट्र संघका महासचिवले प्रत्येक अनुमोदन अथवा सम्मिलनको दस्तावेज वुझिलिएको सूचना दिनेछन् ।

धारा – ९

१. अनुबन्ध लागू भएको स्थितिमा यो प्रोटोकल दशौं अनुमोदन अथवा सम्मिलनको दस्तावेज राष्ट्र संघका महासचिवलाई बुझाएको मितिले तीन महिनापछि लागू हुनेछ ।

२. दशौं अनुमोदन अथवा सम्मिलनको दस्तावेज बुझाएर अनुमोदन अथवा सम्मिलन गर्ने प्रत्येक राज्यलाई आफ्नो अनुमोदन अथवा सम्मिलनको दस्तावेज राष्ट्र संघका महासचिवलाई बुझाएको मितिले तीन महिनापछि यो प्रोटोकल लागू हुनेछ ।

धारा – १०

यस प्रोटोकलका व्यवस्थाहरू संघीय राज्यका सम्पूर्ण भागसम्म कुनै सीमांकन अथवा अपवाद बिना लागू हुने छन् ।

धारा – ११

१. यस प्रोटोकलका कुनै राज्यपक्षले संशोधन प्रस्तुत गरि राष्ट्र संघका महासचिव समक्ष दर्ता गर्न सक्नेछ । त्यसपछि महासचिवले यस प्रोटोकलका राज्यपक्षलाई प्रस्तुत कुनै संशोधनको प्रस्तावमाथि मतदान गर्ने उद्देश्यले राज्यपक्षले सम्मेलनलाई रूचाएको भए उनीहरूले त्यसको जानकारी महासचिवलाई दिनु पर्ने अनुरोध सहित राज्यपक्षलाई प्रस्तावित संशोधनको जानकारी गराउनेछन् । यस्ता राज्यपक्षको कम्तीमा पनि एक तृतीयांशले यस्तो सम्मेलन रूचाएमा सो सम्मेलन महासचिवले राष्ट्र संघको संयोजकत्वमा बोलाउने छन् । सम्मेलनमा उपस्थित भएका एवं मतदान गर्ने बहुसंख्यक राज्यपक्षले ग्रहण गरेको कुनै संशोधन अनुमोदनका लागि राष्ट्र संघको साधारण सभामा पेश गरिनेछ ।

२. राष्ट्र संघको साधारण सभाले अनुमोदन गरेपछि तथा यस प्रोटोकलको बहुसंख्यक राज्यपक्षको दुई तृतीयांशले आफ्ना संवैधानिक प्रक्रिया अनुसार स्वीकार गरेपछि संशोधनहरू लागू हुनेछन् ।

३. संशोधनहरू लागु भएपछि त्यसलाई स्वीकार गर्ने राज्यपक्ष त्यसबाट

बाँधिनेछ तथा अन्य राज्यपक्ष यस प्रोटोकलका व्यवस्थाबाट तथा आफैले स्वीकार गरेको कुनै अघिल्लो संशोधनबाट बाँधिएकै हुनेछ ।

धारा - १२

१. राष्ट्र संघका महासचिवलाई सम्बोधन गरेको लिखित सूचनाबाट कुनै पनि राज्यपक्षले यस प्रोटोकललाई परित्याग गर्न सक्नेछ । महासचिवले यस्तो सूचना प्राप्त गरेको तीन महिनापछि यस्तो परित्याग लागू हुनेछ ।

२. यस प्रोटोकलका व्यवस्थाहरूको निरन्तर प्रयोगलाई परित्यागले दुराग्रह नपारीकन परित्याग लागू भएको मिति अघि पेश गरिएका धारा २ अन्तर्गतका कुनै पनि निवेदनलाई हेरिनेछ ।

धारा - १३

यस प्रोटोकलको धारा ८ प्रकरण ५ अन्तर्गत गरिएको सूचना बाहेक राष्ट्र संघका महासचिवले अनुबन्धको धारा ४८ प्रकरण १ मा उल्लिखित सम्पूर्ण राज्यलाई निम्न कुराको जानकारी गराउने छन्:

(क) धारा ८ अन्तर्गतका सही, अनुमोदन तथा सम्मिलन;

(ख) धारा ९ अन्तर्गत यो प्रोटोकल लागू भएको मिति तथा धारा ११ अन्तर्गत भएको कुनै संशोधन लागू भएको मिति;

(ग) धारा १२ अन्तर्गतको परित्याग ।

धारा - १४

१. चीनियां, अंग्रेजी, फ्रान्सेली, रसियाली तथा स्पेनेली दस्तावेजहरू समान रूपमा आधिकारिक भएको यस प्रोटोकललाई राष्ट्र संघको संग्रहालयमा बुझाइनेछ ।

२. अनुवन्धको धारा ४८ अन्तर्गत उल्लेख गरिएका सबै राज्यहरूलाई राष्ट्र संघका महासचिवले यस प्रोटोकलका प्रमाणित प्रतिलिपिहरू पठाउनेछन् ।

=O=

महिलाहरूको राजनैतिक अधिकारहरू सम्वन्धी अभिसन्धी

महासभाको मिति २० डिसेम्बर १९५२ को निर्णय नं ६४० (VII) द्वारा
हस्ताक्षर र अनुमोदनका निमित्त खुला राखिएको ।

लागु भएको मिति : ७ जुलाई १९५४ (धारा ६ अनुसार) ।

संविदाकारी पक्षहरु,

संयुक्त राष्ट्र संघको वडापत्रमा उल्लेख भएको पुरुष तथा महिलाहरुका निमित्त समान अधिकारहरुको सिद्धान्तलाई प्रचलन गर्ने ईच्छा लिएर,

प्रत्येक व्यक्तिको स्वतन्त्रता पूर्वक निर्वाचित चुनेका प्रतिनिधिहरुद्वारा प्रत्यक्ष वा अप्रत्यक्ष तवरबाट सरकारमा भाग लिने अधिकार र आफ्नो देशको सार्वजनिक सेवामा प्रवेशको समान अधिकारलाई मान्यता दिदै तथा संयुक्त राष्ट्र संघको वडापत्र र मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्रमा भएका प्रावधान अनुसार राजनैतिक अधिकारको प्रयोग तथा उपभोग गर्ने कुरामा पुरुष तथा महिलाहरुको हैसियतलाई समानीकरण गर्ने ईच्छा लिएर,

उल्लेख गरिएका प्रयोजनका निमित्त अभिसन्धी गर्ने निश्चय गरेर,

तल उल्लेख भए वमोजिम गर्न मन्जुर भएका छन् :

धारा – १

महिलाहरूले बिना कुनै भेदभाव पुरुष सरहका समान शर्तहरुमा प्रत्येक निर्वाचनमा मत दिन पाउने अधिकार प्राप्त गर्नेछन् ।

धारा – २

महिलाहरु बिना कुनै भेदभाव पुरुष सरह देशको कानुनद्वारा स्थापना

गरिएका सार्वजनिक तवरबाट निर्वाचन हुने सबै निकायहरुमा निर्वाचित हुन योग्य हुनेछन् ।

धारा – ३

महिलाहरु बिना कुनै भेदभाव पुरुष सरह देशको कानुनद्वारा स्थापना गरिएका सार्वजनिक पद सम्हाल्न तथा सबै सार्वजनिक काम गर्न सक्षम मानिने छन् ।

धारा – ४

१. यो अभिसन्धी त्यस्ता सबै देशहरुका हस्ताक्षरका निमित्त खुल्ला राखिनेछ जो संयुक्त राष्ट्र संघको सदस्य छन् वा त्यस्ता अन्य राष्ट्रहरू जसलाई साधारण सभाले आमन्त्रण गरेको छ ।

२. यो अभिसन्धीलाई अनुमोदन गर्न सकिनेछ र यस्तो अनुमोदनको दस्तावेज संयुक्त राष्ट्र संघका महासचिव समक्ष पेश गर्नु पर्दछ ।

धारा – ५

१. यो अभिसन्धी धारा ४ को उपधारा १ मा भनिए सरहनै सम्मिलनका लागि खुल्ला रहने छ ।

२. सम्मिलन सम्बन्धी विषयको दस्तावेज संयुक्त राष्ट्र संघका महासचिव समक्ष पेश गरेर सम्मिलनलाई क्रियाशील गर्न सकिनेछ ।

धारा – ६

१. यो अभिसन्धीलाई अनुमोदन वा सम्मिलन गर्ने ६ वटा दस्तावेज जम्मा भएको नब्बे दिन पछि प्रारम्भ हुनेछ वा प्रचलनमा आउनेछ ।

२. अनुमोदन वा सम्मिलन सम्बन्धी छैठौ दस्तावेज पेश गरे पश्चात यो अभिसन्धीलाई अनुमोदन गर्ने वा यसमा सम्मिलन हुने प्रत्येक राष्ट्रका

निमित्त यो अभिसन्धी त्यस्तो दस्तावेज पेश गरेको नब्बे दिन पछि देखि लागु हुनेछ ।

धारा - ७

कुनै राष्ट्रले अभिसन्धीमा हस्ताक्षर, अनुमोदन वा सम्मिलन गर्दा अभिसन्धीको कुनै धाराको सम्बन्धमा आरक्षण गरेमा महासचिवले यस्तो आरक्षण गर्ने विषयको मूल पाठ अभिसन्धीका भै सकेका वा हुनेवाला पक्षलाई पठाई दिनु पर्ने छ । यसरी प्रस्तुत आरक्षणमा विरोध गर्न चाहने कुनै पनि देशले सूचना प्राप्त भएको (वा अभिसन्धीमा पक्ष भएको मितिले) मितिले ९० दिन भित्र आफूलाई मान्य छैन भन्ने कुराको सूचना महासचिव समक्ष पठाउन सक्नेछ । यस अबस्थामा यस्तो विरोध गर्ने राष्ट्र र आरक्षण गर्ने राष्ट्रका विच अभिसन्धी कृयाशील हुने छैन ।

धारा - ८

१. कुनै पनि राष्ट्रले संयुक्त राष्ट्रका महासचिव समक्ष लिखित सूचना दिएर अभिसन्धी त्याग्न सक्तछ । यस्तो त्याग्ने काम महासचिवले त्यस्तो सूचना प्राप्त गरेको मितिले एक वर्ष पछि क्रियाशील हुनेछ ।

२. यो अभिसन्धी त्यस बेलादेखि क्रियाशील वा लागु रहने छैन जव यस्तो त्याग्ने कामबाट यसमा अनुमोदन, हस्ताक्षर वा सम्मिलन हुने पक्षको संख्या ६ भन्दा कम हुन्छ ।

धारा - ९

हस्ताक्षर गर्ने कुनै दुई वा वढी सदस्य देशका विच अभिसन्धीको व्याख्या वा प्रयोगको कुरालाई लिएर उठेको विवाद आपसी बातचित द्वारा समाधान भएन भने र समाधानको निमित्त पक्षहरूले अर्को उपाय अवलम्वन गर्न चाहेनन भने त्यस्ता विवादका पक्ष भएको कुनै सदस्यले अनुरोध गरेमा विवाद निर्णयका निमित्त अन्तर्राष्ट्रिय न्यायालय समक्ष प्रस्तुत गरिनेछ ।

धारा - १२

संयूक्त राष्ट्रका महासचिवले निम्न कुराको विषयमा संयुक्त राष्ट्रका सबै सदस्य राष्ट्रलाई र यस अभिसन्धीको धारा चारको उपधारा एकमा उल्लेख भएको गैर सदस्य राष्ट्रहरुलाई सूचित गर्नु पर्दछ :

(क) धारा चार अनुसार प्राप्त भएका हस्ताक्षर र अनुमोदन सम्बन्धी दस्तावेजहरू

(ख) धारा पांच अनुसार सम्मिलन सम्बन्धी दस्तावेजहरु,

(ग) धारा ६ अनुरुप यो अभिसन्धी लागु हुने मिति,

(घ) धारा ७ अनुसार प्राप्त भएका सूचना,

(ङ) धारा ८ को उपधारा १ अनुसार प्राप्त भएको अभिसन्धी त्याग्ने सम्बन्धी सूचनाहरु,

(च) धारा ८ को उपधारा २ अनुसार अभिसन्धी क्रियाशील नहुने कुरा ।

धारा - ११

१. यो अभिसन्धीको चाइनीज, अंग्रेजी, फ्रेन्च, रसियन र स्पेनिश पाठहरु उत्तिकै आधिकारिक हुने छन् र संयूक्त राष्ट्रका अभिलेखालयमा राखिने छन् ।

२. संयूक्त राष्ट्रका महासचिवले अभिसन्धीको प्रमाणित प्रतिलिपी सदस्य राष्ट्रहरु र धारा चारको उपधारा एकमा उल्लेख गरिएका गैर सदस्य राष्ट्रलाई पठाइ दिने छन् ।

=o=

महिला विरूद्धका सबै प्रकारका भेदभावहरु अन्त्य गर्ने सम्वन्धी अभिसन्धी

साधारण सभाद्वारा हस्ताक्षर, अनुमोदन र सम्मिलनको निम्ति
१८ डिसेम्वर १९७९ मा पारित र खुल्ला गरिएको प्रस्ताव नं. ३४।१८०

धारा २७ (१) अनुसार ३ सेप्टेम्वर १९८१ मा लागु गरिएको ।

संयुक्त राष्ट्र संघको वडापत्रले मूलभूत मानव अधिकार, मानव प्रतिष्ठा र मूल्य तथा पुरुष र स्त्रीहरुको समान अधिकार माथिको विश्वासलाई पुनर्पुष्टी गरेको तथ्यलाई ध्यान दिदै,

विश्व मानव अधिकारको घोषणाले प्रत्येक मानिसले जन्मना साथै प्रतिष्ठा र अधिकार समान रुपले उपभोग गर्न पाउँछ र लिङ्गमा आधारित भेदभाव लगायत अरु कुनै पनि प्रकारको भेदभाव विना त्यसमा अधिसारिएका सम्पूर्ण अधिकार र स्वतन्त्रताहरु उपभोग गर्ने हक प्रत्येकलाई छ भन्ने कुरा स्विकार गरेको कुरामा ध्यान दिदै,

प्रत्येक पुरुष र महिलालाई संपूर्ण आर्थिक, सामाजिक, साँस्कृतिक, नागरिक, र राजनीतिक अधिकारहरु उपभोग गर्न दिने कुरालाई सुनिश्चित गर्नु अन्तर्राष्ट्रिय मानव अधिकार संविदाका राज्यपक्षहरुको कर्तव्य हो भन्ने कुरामा ध्यान दिदै,

संयुक्त राष्ट्र संघ र यसका विशेषीकृत निकायहरुद्वारा पारित गरिएका अन्तर्राष्ट्रिय अभिसन्धीहरुले स्त्री र पुरुषहरुको समानताको अधिकारलाई प्रर्वधन गरिरहेको कुरामा ध्यान दिदै,

संयुक्त राष्ट्र संघ र यसका विशेषीकृत निकायहरुद्वारा पारित गरिएका प्रस्तावहरु, घोषणाहरु र सिफारिसहरुले पुरुष र स्त्रीहरुको अधिकारको समानतालाई प्रवर्धन गरिरहेको कुरामा पनि ध्यान दिदै तर साथ साथै यी विविध दस्तावेजहरुको वावजुद महिलाहरु माथि व्यापक भेदभाव कायम छ भन्ने कुरा प्रति चिन्तित हुदै,

महिला विरुद्धको भेदभावले मानव प्रतिष्ठा प्रतिको सम्मान र समान अधिकारको सिद्धान्तलाई उल्लंघन गर्दछ, पुरुषहरु सरह आफ्ना देशको राजनीतिक, सामाजिक, आर्थिक र साँस्कृतिक जीवनमा महिलाहरुको सहभागिताको निम्ति वाधक बन्छ, समाजको र परिवारको समुन्नतिको विकासलाई बाधा पुऱ्याउँछ औ, देश र मानव जातिको सेवामा महिलाहरुको सामर्थ्यताको पूर्ण विकास गर्नमा कठिनाई पैदा गर्दछ भन्ने कुरालाई सम्झदै, गरीवीको परिस्थितीले गर्दा खाना, स्वास्थ्य, शिक्षा, तालीम र रोजगारीका अवसरहरुका साथै अरु आवश्यकता प्रति महिलाहरुको पहुँच साऱ्है नै न्यून रहेको कुरा प्रति चिन्तित हुँदै,

समानता र न्यायमा आधारित नयाँ अन्तर्राष्ट्रिय आर्थिक व्यवस्थाले पुरुष र स्त्रीहरु वीचको समानतालाई प्रवर्धन गर्न उल्लेखनीय रुपले योगदान पुऱ्याउँछ भन्ने कुरामा विश्वस्त भएर,

सबै प्रकारका रंगभेद जातियतावाद, जातिभेद, उपनिवेशवाद, नव-उपनिवेशवाद, आक्रमण, विदेशी कब्जा, अधिपत्य र राज्यहरुको बीचको आन्तरिक मामिलामा हस्तक्षेपको समाप्ती पुरुष र स्त्रीको समान अधिकारको उपभोगको लागि आवश्यक भएको कुरामा जोड दिंदै,

अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा मजवुत पार्नाले, अन्तर्राष्ट्रिय तनाव सिथिलताले, सामाजिक र आर्थिक व्यवस्था जेसुकै भए पनि राज्यहरु बीचको पारस्परिक सहयोगले आम र पूर्ण निशस्त्रीकरणले ठोस रुपमा कठोर र प्रभावकारी अन्तर्राष्ट्रिय नियन्त्रणका मातहतमा आणविक निशस्त्रीकरणले, राज्यहरु वीचको सम्बन्धमा हुने न्याय, समानता र परस्पर हितको सिद्धान्तलाई स्वीकार गर्नाले, औ विदेशी र औपनिवेशिक अधीनता र विदेशी अधिनस्थतामा भएका जनताहरुको आत्म निर्णयको अधिकार र स्वाधीनताको प्राप्तिले र राष्ट्रिय सार्वभौमिकताको सम्मानले सामाजिक उन्नती र विकासलाई सम्वर्द्धन गर्दछ र परिणामस्वरुप यसले पुरुष र स्त्रीको बीचमा पूर्ण समानता प्राप्त गर्नमा योगदान पुऱ्याउंछ भन्ने कुरालाई स्वीकार्दै,

एउटा देशको समग्र र पूर्ण विकासको निम्ति, विश्व कल्याण र शान्तिको निम्ति हर क्षेत्रमा महिला र पुरुषहरुको पुर्णरुपमा समान सहभागिता आवश्यक हुन्छ भन्ने कुरामा विश्वस्त भएर,

अहिलेसम्म मान्यता नपाएको भएपनि परिवारको हित र समाजको विकासमा महिलाहरुको महान योगदान भएको र बच्चाहरुलाई हुर्काउनमा

मातृत्वको महत्व र दुबै बाबु आमाको भूमिकालाई विचार गर्दै र महिलाहरुको बच्चा जन्माउने भूमिका उनीहरु प्रतिको भेदभावको आधार बन्नु हुन्न बरु केटाकेटीहरुको लालन पालनमा पुरुष, महिलाहरु र समग्र समाजको बीचमा उत्तरदायित्वको साझेदारी चाहिन्छ भन्ने कुरा प्रति सजग हुदै,

समाजमा र परिवारमा महिला र पुरुषहरुको परंपरागत भूमिकामा परिवर्तन गर्न पुरुष र महिलाहरुको बीचमा पूर्ण समानता प्राप्त गर्न आवश्यक छ भन्ने कुरा प्रति सजग हुदै, महिलाहरु विरुद्धको भेदभावलाई अन्त्य गर्ने बारेको घोषणामा अघिसारिएका सिद्धान्तहरुलाई कार्यान्वित गर्न र त्यस उद्देश्यको निम्ति हर रुप र अभिव्यक्तिमा देखापरेको त्यस्तो भेदभावलाई अन्त्य गर्न आवश्यक पर्ने कदमहरु चाल्न प्रतिज्ञा गर्दै,

वर्तमान महासंधीका राज्यपक्षहरु निम्न लिखित कुरामा सहमत भएका छन् ।

भाग – १

धारा – १

वर्तमान अभिसन्धीको प्रयोजनको लागि महिला विरुद्धको भेदभाव भन्ने शव्दले लिंगका आधारमा गरिने कुनै पनि प्रकारको बिभेद, वहिस्कार, र नियन्त्रणलाई जनाउँछ, जस्ले जुनसुकै वैवाहिक स्थितिको वाबजुद, पुरुष र महिलाहरु वीचको समानतामा आधारित राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, नागरिक र अरु कुनै पनि क्षेत्रका महिलाहरुको मानव अधिकार र मूलभूत स्वतन्त्रताहरुको उपभोग तथा व्यवहारलाई आघात पार्दछ, त्यसको मान्यतालाई रद्ध गर्दछ या त्यस्तो उद्देश्य राख्दछ ।

धारा – २

राज्यपक्षहरु महिलाहरु विरुद्धका सबै प्रकारका भेदभावहरुलाई निन्दा गर्दछन् र हर उपयुक्त उपायले तत्कालै महिलाहरु विरुद्धको भेदभावलाई अन्त्य गर्ने नीति अनुसरण गर्न सहमत हुन्छन् र यस लक्ष्यका लागि निम्न लिखित काम गर्न सहमत हुन्छन्;

(क) अहिलेसम्म समावेश नगरिएको भए आफ्ना राष्ट्रिय संविधानहरु र अरु उपयुक्त विधानहरुमा पुरुष र महिलाहरुको समानताका सिद्धान्तलाई समावेश गर्ने र कानून र अरु उपयुक्त माध्यमद्वारा यो सिद्धान्तलाई व्यावहारिक रुप दिने;

(ख) महिलाहरु माथिको भेदभावलाई वन्देज लगाउन उपयुक्त अवस्थामा प्रतिवन्ध लगायत उपयुक्त वैधानिक र अरु कदमहरु चाल्ने;

(ग) पुरुष र महिलाहरु वीचको समानतामा आधारित महिलाहरुको कानूनी संरक्षण स्थापना गर्ने र सक्षम राष्ट्रिय न्यायालयहरु र अरु सार्वजनिक संस्थाहरुको सहयोगबाट सबै प्रकारका भेदभावका कार्यहरुबाट महिलाहरुको प्रभावकारी सुरक्षालाई सुनिश्चित गर्ने;

(घ) महिलाहरु माथिका कुनै पनि भेदभावकारी कार्य वा व्यवहारमा नलाग्ने र सार्वजनिक अधिकारीहरु र संस्थाहरुले यो नैतिक दायित्व अनुरुप काम गर्नेछन् भन्ने कुरा निश्चित गर्ने;

(ङ) कुनै पनि व्यक्ति, संगठन तथा उद्यमद्वारा गरिने महिलाहरु माथिको भेदभावलाई अन्त्य गर्न उपयुक्त कदम चाल्ने;

(च) महिला माथिको भेदभाव गराउने खालका विद्यमान कानूनहरु, नियमहरु, रीतिरिवाज र प्रचलनहरुलाई हेरफेर तथा अन्त्य गर्न वैधानिक लगायत सबै उपयुक्त कदमहरु चाल्ने;

(छ) महिला माथि भेदभाव गराउने खालका सबै राष्ट्रिय दण्ड विधानहरुलाई रद्द गर्ने ।

धारा – ३

महिलाहरुले पुरुषसित समानताका आधारमा मानव अधिकार र मूलभूत स्वतन्त्रताको अमल र उपयोग गर्ने कुरालाई प्रत्याभूति गर्ने उद्देश्यले उनीहरुको विकास र उन्नतीलाई निश्चित गर्न राज्यपक्षहरुले सबै क्षेत्रमा खासगरी राजनैतिक, सामाजिक, आर्थिक र साँस्कृतिक क्षेत्रमा वैधानिक लगायत सबै उपयुक्त कदमहरु चाल्ने छन् ।

धारा – ४

१. पुरुष र महिलाहरुको बीचको वास्तविक समानतालाई बढाउने उद्देश्यले राज्यपक्षद्वारा चालिएका अस्थायी विशेष उपायहरुलाई यो अभिसन्धीमा परिभाषित गरिएको भेदभाव मानिने छैन तर त्यस्को परिणाम स्वरुप उत्पन्न भएका असमानता वा फरक स्तरहरुलाई कुनै हालतले पनि कायम राख्नु आवशयक हुने छैन, समान अवसर र समान व्यवहार प्राप्त गर्ने उद्देश्यहरु हासिल भएपछि ती उपायहरुलाई रोकिने छ ।

२. वर्तमान अभिसन्धीमा समावेश भएका लगायत मातृत्वको रक्षा गर्ने उद्देश्यले राज्यपक्षहरुद्वारा अपनाइएका विशेष उपायहरुलाई भेदभावकारी मानिने छैन ।

धारा – ५

राज्य पक्षहरुले सबै निम्न लिखित उपयुक्त कदमहरु चाल्ने छन् :-

(क) पुरुष अथवा स्त्री कुनै पनि लिंगको उच्चता अथवा नीचताको विचारको साथै पुरुष र महिलाहरुको परम्परागत भूमिकामा आधारित दुराग्रह र परम्परागत वा अरु प्रचलनहरुलाई अन्त्य गर्ने उद्देश्यले पुरुष र महिलाहरुको आचरणको सामाजिक र साँस्कृतिक ढाँचाहरुलाई हेरफेर गर्ने;

(ख) हर अवस्थामा केटाकेटीहरुको हित नै प्राथमिक चासोको कुरा हो भन्ने बुझेर मातृत्वलाई सामाजिक कार्यको रुपमा ठीकसित बुझ्ने र आफ्ना छोराछोरीहरुको लालन पालन र विकासमा पुरुष र स्त्रीहरुको साझा उत्तरदायित्व छ भन्ने मान्यतालाई परिवारिक शिक्षामा समावेश गर्ने कुरालाई निश्चित गर्ने;

धारा – ६

सबै रुपको महिला व्यापार र वेश्यावृत्तीद्वारा महिलाहरुको शोषणलाई रोक्न राज्यपक्षहरुले बैधानिक लगायत सबै उपयुक्त कदमहरु चाल्नेछन् ।

भाग – २

धारा – ७

राज्यपक्षहरुले देशको राजनीतिक र सार्वजनिक जीवनमा महिलाहरु बिरुद्धको भेदभावलाई अन्त्य गर्न हर उपयुक्त कदमहरु चाल्ने छन् र खास गरी पुरुषहरुसंग बराबरीको स्तरमा महिलाहरुलाई निम्न अधिकारहरु दिने कुरा सुनिश्चित गर्नेछन् :

(क) सबै निर्वाचनहरु र सार्वजनिक जनमत संग्रहहरुमा मत दिने र सबै सार्वजनिक रुपले निर्वाचित निकायहरुमा निर्वाचित हुन पाउने;

(ख) सरकारको नीति निर्माणमा र त्यस्को कार्यान्वयनमा सहभागी हुने र सार्वजनिक कार्यालयहरु संचालन गर्ने र सरकारका हर तहहरुमा सबै सार्वजनिक कार्यहरु सम्पादन गर्ने;

(ग) देशको सार्वजनिक र राजनीतिक जीवनसित सम्वन्धित गैर सरकारी संगठन र संस्थाहरुमा सहभागी हुने ।

धारा – ८

राज्यपक्षहरुले महिलाहरुलाई पुरुषहरुसंग समानताको आधारमा र कुनै पनि भेदभाव विना अन्तर्राष्ट्रिय स्तरमा आफ्ना सरकारको प्रतिनिधित्व गराउने र अन्तर्राष्ट्रिय संगठनहरुको कार्यमा सहभागी गराउने कुरालाई निश्चित गर्दछन् ।

धारा – ९

१. राज्यपक्षहरुले महिलाहरुलाई नागरिकता लिन, कायम राख्न र परिवर्तन गर्न पुरुषहरु सरह समान अधिकार दिनेछन् । खासगरी उनीहरुले यस कुरालाई निश्चित गर्ने छन् कि न त विदेशीसितको विवाहले, न त विवाहको समय अवधिमा श्रीमानले नागरिकता परिवर्तन गर्दा नै स्वत: महिलाको नागरिकता परिवर्तन हुनेछ, उसलाई राज्य विहीन बनाउने छ अथवा उ माथि श्रीमानको नागरिकता थोपरिने छ ।

२. राज्यपक्षहरुले पुरुष सरह महिलाहरुलाई आफ्ना बच्चाहरुको नागरिकता निर्धारणको अधिकार दिनेछन् ।

भाग - ३

धारा - १०

राज्यपक्षहरुले शिक्षाको क्षेत्रमा पुरुषहरु सरह महिलाहरुलाई समान अधिकार दिने कुरालाई निश्चित गर्न र खास गरी पुरुष र महिलाहरुको समानताको आधारहरुमा उनीहरुलाई निम्न लिखित अधिकारहरु दिने कुरा निश्चित गर्ने उद्देश्यले महिलाहरु माथिका भेदभावहरुलाई अन्त्य गर्न हर उपयुक्त कदमहरु चाल्ने छन् ।

(क) पद र पेशागत दिग्दर्शनको लागि अध्ययन गर्न र ग्रामीण अथवा शहरी इलाकाका हर प्रकारका शैक्षिक स्थानबाट स्नातक उपाधि प्राप्त गर्नको लागि समान अवसर, पूर्व स्कूल, सामान्य शिक्षा, प्राविधिक, पेशागत र उच्च प्राविधिक शिक्षाका साथै सबै प्रकारका पेशागत तालीमहरुमा यो समानता निश्चित गरिनेछ;

(ख) समान पाठ्यक्रम, समान परीक्षा, समान स्तरका योग्यता भएका शिक्षण कर्मचारी, समान विद्यालय भवन र समान गुणका उपकरणहरु उपलव्ध गराउने;

(ग) सहशिक्षा र यो उद्देश्य पूरा गर्नमा सहयोग पुऱ्याउने अरु प्रकारका शिक्षाहरुलाई प्रोत्साहन गरेर; खासगरी पाठ्य पुस्तक र विद्यालय कार्यक्रम परिवर्तन गरेर औ शिक्षण पद्धतिको समायोजन गरेर, हर तह र हर रुपको शिक्षामा पुरुष र महिलाहरुको भूमिका बारेका परम्परागत आवधारणाको अन्त्य गर्ने;

(घ) छात्रबृत्ती र अरु प्रकारका अध्ययन अनुदानबाट फाइदा लिने समान अवसर प्रदान गर्ने;

(ङ) प्रौढ र कार्यमूलक साक्षरता कार्यक्रमहरु लगायत शिक्षाको स्तर अनुसरणका कार्यक्रम र खासगरी पुरुष र महिलाहरुको बीचमा विद्यामान शैक्षिक खाडीलाई संम्भव भएजति छिटो कुनै उद्देश्यले तयार पारेका शैक्षिक कार्यक्रमहरुमा पहुँचको समान अवसर दिने;

(च) महिला विद्यार्थीहरुको विद्यालय छाड्ने दरमा कटौती र अपरिपक्व हुँदै विद्यालय छोडेका केटीहरु तथा महिलाहरुको निम्ति कार्यक्रमको तर्जुमा गर्ने;

(छ) खेलकुद र शारीरिक शिक्षामा भाग लिने समान अवसर;

(ज) परिवारको स्वास्थ्य र कल्याणलाई सुनिश्चित गर्न परिवार नियोजन बारेका सूचना र सल्लाह लगायत ठोस शैक्षिक सूचना उपलब्ध गराउने ।

धारा - ११

१. पुरुष र महिलाहरुको समानताको आधारमा खासगरी निम्न लिखित अधिकारहरु सुनिश्चित गर्नको लागि रोजगारीका क्षेत्रमा महिलाहरु माथिका भेदभावलाई अन्त्य गर्न राज्यपक्षहरुले हर उपयुक्त कदमहरु चाल्नेछन्:

(क) संपूर्ण मानव जातिको अभिन्न अधिकारको रुपमा काम गर्न पाउने अधिकार;

(ख) रोजगारीको लागि छनौटको निम्ति समान मापदण्ड प्रयोग गर्ने लगायत रोजगारीको समान अवसरको अधिकार;

(ग) पेशा र रोजगारको स्वतन्त्र चयनको अधिकार पदोन्नतीको, रोजगारी सुरक्षाको र सेवाका सबै फाइदा र शर्तहरुको अधिकार, शिकारूका निम्ति वा उन्नत पेशागत विधाका लागि बारम्बार दिइने तालीम प्राप्त गर्ने अधिकार;

(घ) लाभांश लगायत समान मूल्यको कामको लागि समान पारिश्रमिक पाउने, समान मूल्यको काम गर्दा समान व्यवहार पाउने र समान गुणस्तरको कामको मुल्याङ्कनमा समान व्यवहार पाउने अधिकार;

(ङ) खासगरी आवकास, वेरोजगारी, विरामी, असक्तता, बृद्धावस्था र काम गर्न असमर्थ भएका अन्य अवस्थामा सामाजिक सुरक्षा र सतलव विदाको अधिकार;

(च) स्वास्थ्य सुरक्षाको अधिकार र पुनरुत्पादन कार्यको सुरक्षा लगायत कामका अवस्थाहरुमा सुरक्षाको अधिकार;

२. विवाह अथवा मातृत्वको आधारमा हुने महिलाहरु माथिको भेदभावलाई रोक्न र उनीहरुको निम्ति प्रभावकारी कामको अधिकारलाई सुनिश्चित गर्न राज्यपक्षहरुले निम्न लिखित उपयुक्त कदमहरु चाल्नेछन् :

(क) अनुमोदन गराउनु पर्ने शर्तमा गर्भवती भएको वा सुत्केरी विदाको कारण र वैवाहिक स्थितिको कारण गरिने वर्खास्तीमा भएको भेदभावलाई रोक्नु;

(ख) सतलव वा पहिलेको रोजगारी, वरिष्ठता अथवा सामाजिक भत्ता नगुम्ने गरी सुत्केरी विदा लागु गर्नु;

(ग) पारिवारिक दायित्वसित कामका उत्तरदायित्वलाई समायोजन गर्न बाबुआमालाई सक्षम बनाउनका लागि र खास गरी शिशु हेरचाह सुविधाहरु स्थापना गर्ने र यस्को एउटा ढाँचा विकास गर्ने कामद्वारा आवश्यक सहयोगी सामाजिक सेवाहरुको व्यवस्था गर्ने कुरालाई प्रोत्साहन दिनु;

(घ) उनीहरुको निम्ति हानीकारक प्रमाणित भएका कामहरुबाट गर्भवती अवस्थाका महिलाहरुलाई विशेष संरक्षण प्रदान गर्नु ।

३. यो धारामा समावेश भएका कुराहरुसित सम्वन्धित संरक्षणकारी कानूनलाई वैज्ञानिक र प्राविधिक ज्ञानको प्रकाशमा बेला बेलामा समीक्षा गरिनेछ र आवश्यकता अनुसार संशोधन गरिनेछ, रद्ध गरिनेछ र विस्तृत गरिने छ ।

धारा – १२

१. पुरुष र महिलाहरुको समानताको आधारमा परिवार नियोजनसित संवतिन्ध लगायत स्वास्थ्य हेरचाह सेवामा उनीहरुको पहुँचलाई निश्चित गर्नको लागि स्वास्थ्य हेरचाहको क्षेत्रमा महिलाहरु माथिका भेदभावलाई अन्त्य गर्न राज्यपक्षहरुले हर उपयुक्त कदमहरु चाल्नेछन् ।

२. यो धाराको अनुच्छेद १ मा जे लेखेको भएपनि आवश्यक भएको वेला नि:शुल्क सहयोग र गर्भवती भएको बेला र दुधे बालक भएको बेला

पर्याप्त पोषक खानेकुरा उपलब्ध गराउँदै गर्भवती, बन्दी र सुत्केरी भएको समयमा महिलाहरुलाइ उपयक्त सेवा पुऱ्याउने कुरालाई निश्चित गर्नेछन् ।

धारा - १३

पुरुष र महिलाहरुको समानताको आधारमा समान अधिकार खास गरी निम्न लिखित अधिकारहरु सुनिश्चित गर्ने उद्देश्यले आर्थिक र सामाजिक जीवनका अरु क्षेत्रहरुमा हुने महिलाहरु माथिका भेदभावलाई अन्त्य गर्न सबै उपयुक्त कदमहरु चाल्ने छन् :

(क) पारिवारिक फाइदाका अधिकार;

(ख) बैंकबाट ऋण लिने, वन्धक राख्न पाउने र अरु प्रकारका वित्तीय ऋण लिने अधिकार;

(ग) मनोरन्जनका गतिविधिहरु, खेलकुद, र सांस्कृतिक जीवनका अरु पक्षहरुमा भागलिन पाउने अधिकार ।

धारा - १४

१. गाउँले महिलाहरुले सामना गरेका समस्याहरु र अर्थतन्त्रको अमौद्रिक क्षेत्रमा उनीहरुका काम लगायत आफ्ना परिवारको आर्थिक अस्तित्वको निम्ति महिलाहरुले खेल्ने महत्वपूर्ण भूमिकालाई राज्यपक्षहरुले ध्यान दिनेछन् र वर्तमान अभिसन्धीका प्रावधानहरुलाई गाउँले महिलाहरुमा प्रयोग गर्न सबै उपयुक्त कदमहरु चाल्नेछन् ।

२. पुरुष र महिलाहरुको समानताका आधारमा महिलाहरु ग्रामीण विकासका फाइदाहरुमा सहभागी बनुन भन्नका लागि र खास गरी त्यस्ता महिलाहरुलाई निम्न लिखित अधिकारहरु दिने कुरा निश्चित गर्न राज्य पक्षहरुले ग्रामीण इलाकाका महिलाहरु माथिका भेदभावको अन्त्य गर्न हर उपयुक्त कदमहरु चाल्ने छन् :

(क) सबै तहका विकास योजनालाई विस्तृत पार्न र कार्यान्वयन गर्नमा सहभागी हुनु;

(ख) परिवार नियोजन सम्बन्धी सूचना, सल्लाह र सेवाहरु लगायत पर्याप्त स्वास्थ्य हेरचाह सुविधा पाउनु;

(ग) सामाजिक सुरक्षा कार्यक्रमहरुबाट प्रत्यक्ष फाइदा लिनु;

(घ) आफ्नो प्राविधिक दक्षता बृद्धि गर्न कार्यमूलक साक्षरता र सबै सामुदायिक औ विस्तार सेवाहरु लगायत औपचारिक, अनौपचारिक हर प्रकारका तालीम र शिक्षा हाशिल गर्नु;

(ङ) नियुक्ति र स्वनिर्मित रोजगारीद्वारा आर्थिक अवसरहरु प्रति समान पहुँच प्राप्त गर्न स्वावलम्वी समूह र सहकारीहरु गठन गर्नु;

(च) सबै सामुदायिक गतिविधिहरुमा भागलिनु;

(छ) कृषि साख र ऋण, बजार सुविधाहरु उपयुक्त प्रविधि, भूमि र कृषि सुधारका साथै भूमी पुर्नवसोवास योजनामा पहुँच हुनु;

(ज) खास गरी, आवास, सफाई, विद्युत र खानेपानी वितरणको सम्वन्धमा पर्याप्त मात्राको जीवन स्तर उपभोग गर्नु;

भाग – ४

धारा – १५

१. राज्यपक्षहरुले कानूनको अगाडि महिलाहरुलाई पुरुषहरु सरह समान अधिकार दिनेछन् ।

२. राज्यपक्षहरुले महिलाहरुलाई नागरिक मामिलामा पुरुषहरुलाई सरह कानूनी हैसियत प्रदान गर्नेछन् र त्यो हैसियतको उपभोग गर्न समान अवसरहरु दिनेछन् । खासगरी करारनामा गर्न र संपत्तीको संचालन गर्न उनीहरुले महिलाहरुलाई समान अधिकार दिनेछन् र अदालत एवं न्यायालयका कार्यविधिका हर स्तरमा उनीहरुलाई समान व्यवहार गर्नेछन् ।

३. महिलाहरुको कानूनी हैसियतलाई नियन्त्रण गर्ने उद्देश्यले भएका कानूनी शक्ति प्राप्त सबै प्रकारका करार र अरु नीजी सम्झौताहरुलाई राज्यपक्षहरुले गैर कानूनी ठान्नेछन् ।

४. व्यक्तिहरुको आवागमन सम्वन्धी कानूनका साथै आवास र वसोवास चयन गर्ने स्वतन्त्रतामा राज्यपक्षहरुले पुरुष र महिलाहरुलाई समान अधिकार दिनेछन् ।

धारा – १६

१. राज्यपक्षहरुले विवाह र पारिवारिक सम्वन्धसित सम्वन्धित सबै कुरामा महिलाहरु माथिका भेदभावलाई अन्त्य गर्न हर उपयुक्त कदमहरु चाल्नेछन् र पुरुष र महिलाहरु वीचको समानताका आधारमा खासगरी निम्न अधिकारहरु सुनिश्चित गनेछन् :

(क) विवाह गर्ने समान अधिकार;

(ख) स्वतन्त्रतापूर्वक पति वा पत्नी चुन्ने र उनीहरुको स्वतन्त्र र पूर्ण सहमतीमा विवाह गर्ने समान अधिकार;

(ग) विवाह गर्दा र विवाह भंग हुँदा दुबैको समान अधिकार र उत्तरदायित्व हुने;

(घ) वैवाहिक स्थिति जस्तोसुकै भएपनि छोराछोरीहरुसित सम्बन्धित कुरामा बाबु आमाको समान अधिकार र उत्तरदायित्व हुने, सबै अवस्थामा बालबच्चाहरुको हित सर्वोपरि हुनेछ;

(ङ) कति बच्चा पाउने कति समयको अन्तर पारेर बच्चा पाउने भन्ने कुरा स्वतन्त्र रुपले निर्णय गर्ने समान अधिकार औ दायित्व र ती अधिकार प्रयोग गर्न उनीहरुलाई सक्षम बनाउने सूचना, शिक्षा र साधन प्राप्त गर्ने अधिकार;

(च) संरक्षकत्व, हेरचाह, नासो (Trusteeship) र बच्चाहरु अपनाउने सम्वन्धमा अथवा राष्ट्रिय विधानमा उल्लेखित त्यससित सम्वन्धित अवधारणा भएका संस्थाहरुको सम्वन्धमा समान अधिकार र उत्तरदायित्व लगायतका सबै अवस्थामा बच्चाहरुको हित सर्वोपरि हुनेछ;

(छ) पारिवारिक नाम, पेशा र उद्यम चयन गर्ने समान अधिकार लगायत पति पत्नीका समान व्यक्तिगत अधिकारहरु रहने छन् ;

(ज) संपत्तीको स्वामित्व, संपत्ती प्राप्ती, व्यवस्थापन, संचालन उपभोग र संपत्ती त्यागका संवन्धमा पति पत्नी दुबैको समान अधिकार हुनेछ । सम्पत्ती चाहे निःशुल्क आर्जिएको होस वा मूल्य तिरेर खरिद गरिएको होस् ।

२. बच्चाको वाग्दान र विवाहको कुनै कानूनी मान्यता हुनेछैन, विधान निर्माण लगायत सबै आवश्यक कार्वाही विवाहको निम्ति न्यूनतम उमेर तोक्न र विवाहलाई दर्ता कार्यालयमा दर्ता गर्नु पर्ने कुरालाई अनिवार्य बनाउनको लागि हुनेछ ।

भाग – ५

धारा – १७

१. वर्तमान अभिसन्धीको कार्यान्वयनको प्रगति बारे विचार गर्नका लागि महिलाहरु माथिको भेदभाव अन्त्य गर्ने बारे एउटा समितिको गठन गरिनेछ, जस्लाई अव समिति मात्र भनेर उल्लेख गरिनेछ । यसमा अभिसन्धी कार्यान्वयन भएको समयमा अठाइ जना र पैतीसौं राज्यपक्षले यस्को अनुमोदन र सम्मिलन गरेपछि तेइस जना उच्च नैतिक स्तर भएका र यो अभिसन्धीले समेटेको क्षेत्रमा उच्च योग्यता भएका विशेषज्ञहरु रहनेछन् । ती विशेषज्ञहरुलाई राज्यपक्षहरुले आफ्ना नागरिकहरु मध्येबाट निर्वाचन गर्नेछन् र उनीहरुले व्यक्तिगत हैसियतमा सेवा गर्नेछन् । यसो गर्दा समानुपातिक भौगोलिक वितरणमा, सभ्यताको विविध रुपहरुका प्रतिनिधित्व र मुख्य मुख्य कानूनी व्यवस्थाको प्रतिनिधित्वमा ध्यान दिइनेछ ।

२. समितिका सदस्यहरुको चयन राज्यपक्षहरुले मनोनित गरेका व्यक्तिहरुको सूची भित्रबाट गुप्त मतदानद्वारा हुनेछ । प्रत्येक राज्यपक्षले आफ्ना नागरिक मध्येबाट एक व्यक्ति मनोनित गर्न सक्नेछ ।

३. प्रारम्भिक चुनाव वर्तमान अभिसन्धी लागू भएको मितिले छ महिना पछि हुनेछ । प्रत्येक चुनावको कम्तिमा तीन महिना अघि संयुक्त राष्ट्र संघको महासचिवले दुई महिना भित्र आफ्ना मनोनयन पेश गर्न आव्हान गर्दै राज्यपक्षहरुलाई एउटा चिठ्ठी लेख्नेछन् । महासचिवले

उनीहरुलाई मनोनित गर्ने राज्यपक्षहरुको संकेत दिंदै वर्णानुक्रमानुसार यसरी मनोनित भएका व्यक्तिहरुको एउटा सूची तयार पार्नेछन् र त्यस्लाई राज्यपक्षहरु समक्ष पेश गर्नेछन् ।

४. उक्त समितिका सदस्यहरुको निर्वाचन संयुक्त राष्ट्र संघको मुख्य कार्यालयमा महासचिवले बोलाएको राज्यपक्षहरुको बैठकमा हुनेछ । राज्यपक्षहरुको दुई तिहाई संख्या गणपुरक संख्या हुने उक्त बैठकमा समितिमा चुनिने व्यक्तिहरु ती मनोनित मानिसहरु हुनेछन् । जस्ले अधिकतम मत र उपस्थित हुने र भोट दिने राज्यपक्षहरुका प्रतिनिधिहरुको पूर्ण वहुमत प्राप्त गर्नेछन् ।

५. उक्त समितिका सदस्यहरु चार वर्षको कार्यकालको निमित्त निर्वाचित हुनेछन् । तर पहिलो निर्वाचनमा निर्वाचित नौ सदस्यहरुको कार्यकाल दुई वर्षमा समाप्त हुनेछ, पहिलो निर्वाचन पछि ती नौजना सदस्यहरुको चुनाव गोला प्रथाद्वारा समितिका अध्यक्षले गर्नेछन् ।

६. समितिका थप पांचजना सदस्यहरुको चुनाव पैतीसौं अनुमोदन र सम्मिलन पछि यो धाराको प्यारग्राफ २, ३ र ४ मा उल्लेखित प्रावधान अनुसार हुनेछ । ती थप सदस्यहरु मध्ये दुई सदस्यहरुको कार्यकाल दुइ वर्षमा समाप्त हुनेछ र तिनीहरुको छनौट गोलाप्रथाद्वारा समितिको अध्यक्षले गर्नेछन् ।

७. आकस्मिक रिक्तता पूर्ति गर्नका लागि जुन राज्यपक्षको विशेषज्ञले समितिको सदस्यहरुको रुपमा काम गर्न छोडेको हो त्यस राज्यपक्षले आफ्ना नागरिकहरु मध्येबाट अर्को विशेषज्ञको चुनाव गर्नेछ । तर उस्लाई उक्त समितिको अनुमोदन हुनु पर्नेछ ।

८. उक्त समितिका सदस्यहरुले महासभाको अनुमोदन अनुसार समितिको उत्तरदायित्वको महत्व माथि विचार गरी महासभाले निर्णय गरेको शर्त अनुसार संयुक्त राष्ट्र संघको श्रोतबाट पारिश्रमिक पाउनेछन् ।

९. वर्तमान अभिसन्धी अन्तर्गत संयुक्त राष्ट्र संघका महासचिवले उक्त समितिको प्रभावकारी कार्य सम्पादनको निम्ति आवश्यक कर्मचारीहरु र सुविधा प्रदान गर्ने छन् ।

धारा – १८

१. वर्तमान संविदाका प्रावधानहरुलाई कार्यान्वयन गर्न उठाइएका वैधानिक, न्यायिक, प्रशासनिक र अरु कदमहरु बारेमा यस विषयमा भएका प्रगतिको सम्वन्धमा उक्त समितिको विचार विमर्शको निम्ति निम्न लिखित समयमा महासचिव समक्ष एउटा प्रतिवेदन पेश गर्न राज्यपक्षहरु सहमत हुन्छन् :

(क) सम्वन्धित देशका निम्ति लागू भएको एक वर्ष भित्र;

(ख) त्यसपछि प्रत्येक चार वर्ष र त्यो भन्दा बढी समितिले अनुरोध गरेको समयमा;

२. प्रतिवेदनमा वर्तमान अभिसन्धी अन्तरगत दायित्व वहनको मात्रामा प्रभाव पार्ने तत्व र कठीनाईहरू उल्लेख हुन सक्छन् ।

धारा – १९

१. उक्त समितिले आफ्नै कार्यविधि नियमहरु तय गर्नेछ ।

२. उक्त समितिले दुई वर्षको कार्यकालका निम्ति आफ्नो अधिकारीहरु निर्वाचित गर्ने छ ।

धारा – २०

१. वर्तमान अभिसन्धीको धारा १८ अनुसार प्रस्तुत प्रतिवेदनहरु माथि छलफल गर्न वर्षमा दुई हप्ता नबढाई उक्त समितिको बैठक बस्नेछ ।

२. उक्त समितिको बैठक सामान्य रुपमा संयुक्त राष्ट्र संघको प्रधान कार्यालयमा वा कमिटिले निश्चय गरेको उपयुक्त स्थानमा बस्नेछ ।

धारा – २१

१. उक्त समितिले आर्थिक र सामाजिक परिषद मार्फत यस्का गतिविधिहरु बारेमा संयुक्त राष्ट्र संघको साधारण सभामा वार्षिक प्रतिवेदन पेश गर्नेछ र राज्यपक्षहरुबाट प्राप्त प्रतिवेदन र सूचनाहरुको जाँचबुझमा आधारित सुझाव र सामान्य सिफारिसहरु पेश गर्न सक्नेछ ।

२. संयुक्त राष्ट्र संघका महासचिवले उक्त समितिका प्रतिवेदनहरुलाई सूचनाका निमित्त महिलाहरुको स्थिति बारेको आयोगमा पठाई दिनेछन् ।

धारा - २२

विशेषीकृत निकायहरुलाई उनीहरुको कार्यक्षेत्र भित्र पर्ने वर्तमान अभिसन्धीका प्रावधानहरुको कार्यान्वयन बारेको छलफलमा प्रतिनिधि पठाउने अधिकार रहनेछ । उनीहरुका कार्यक्षेत्र भित्र पर्ने अभिसन्धीका प्रावधानहरुको कार्यान्वयन बारेमा उक्त समितिले विशेषीकृत निकायहरुबाट प्रतिवेदन माग्न सक्छ ।

भाग - ६

धारा - २३

पुरुष र महिलाहरु बीचको समानता प्राप्त गर्न बढी सहायक हुने निम्न लिखित कुराहरुमा समावेश भएका कुनै पनि प्रावधानलाई वर्तमान अभिसन्धीका कुनै पनि कुराले वाधा दिने छैन :

(क) कुनै राज्यपक्षहरुको विधानमा वा;

(ख) त्यस देशका लागि लागु भइरहेको कुनै अर्को अन्तर्राष्ट्रिय अभिसन्धी, सन्धी वा सम्झौतामा ।

धारा - २४

वर्तमान अभिसन्धीमा मान्यता पाएका अधिकारहरुको पूर्ण प्राप्तिका लागि राष्ट्रिय स्तरमा हर आवश्यक कदमहरु चाल्न राज्यपक्षहरु सहमत हुन्छन् ।

धारा - २५

१. वर्तमान अभिसन्धी संपूर्ण राज्यहरुको हस्ताक्षरको निम्ति खुला रहनेछ ।

२. संयुक्त राष्ट्र संघका महासचिवलाई वर्तमान सम्विदाका न्यासी तोकिएको छ ।

३. वर्तमान अभिसन्धीले अनुमोदन पाउनु पर्नेछ । अनुमोदनको दस्तावेज संयुक्त राष्ट्र संघका महासचिव समक्ष रहनेछ ।

४. वर्तमान अभिसन्धी सम्मिलनका निम्ति सबै राज्यहरु समक्ष खुला रहनेछ । सम्मिलनको दस्तावेज संयुक्त राष्ट्र संघको महासचिवलाई जिम्मा दिएर सम्मिलनको कार्यान्वयन गरिनेछ ।

धारा - २६

१. कुनै पनि राज्यपक्षले कुनै पनि समयमा संयुक्त राष्ट्र संघका महासचिवलाई लिखित जानकारी दिएर वर्तमान अभिसन्धीको संशोधनका निम्ति अनुरोध गर्न सक्नेछ ।

२. त्यस्तो अनुरोधका सम्वन्धमा कुनै कदम चाल्नु पर्ने भए संयुक्त राष्ट्र संघको महासम्मेलनले निर्णय गर्नेछ ।

धारा - २७

१. अनुमोदन अथवा सम्मिलनको बीसौं दस्तावेज संयुक्त राष्ट्रसंघका महासचिवलाई दिएको तीसौं दिनमा वर्तमान अभिसन्धी लागू हुनेछ ।

२. अनुमोदन अथवा सम्मिलनको बीसौं दस्तावेन जिम्मा दिएपछि वर्तमान अभिसन्धीलाई अनुमोदन गर्न अथवा सम्मिलन गर्ने देशको हकमा भने उक्त देशको अनुमोदन या सम्मिलनको दस्तावेज जिम्मा दिएको बीसौं दिनमा उक्त अभिसन्धी लागु हुनेछ ।

धारा - २८

१. अनुमोदन वा सम्मिलनको समयमा राज्यहरुले जनाएको आपत्तीको व्योहोरालाई संयुक्त राष्ट्र संघका महासचिवले प्राप्त गरी सबै राज्यहरु समक्ष वितरण गर्नेछन् ।

२. वर्तमान अभिसन्धीको लक्ष र उद्देश्यसित मेल नखाने आपत्तीलाई अनुमती दिइने छैन ।

३. संयुक्त राष्ट्र संघका महासचिवलाई कुनैपनि वेला यस सम्वन्धमा सूचना दिएर आपत्ती फिर्ता लिन सकिनेछ । त्यसपछि महासचिवले

त्यससित सम्वन्धित राज्यहरुलाई सूचित गर्नेछन् त्यस्तो सूचना प्राप्त भएको दिनमै लागू हुनेछ ।

धारा - २९

१. छलफलद्वारा समाधान हुन नसकेको वर्तमान अभिसन्धीको व्याख्या वा प्रयोगको सम्बन्धमा दुई या दुई भन्दा बढी राज्यपक्षहरुको बीचको उठेको विवादलाई उनीहरु मध्ये कुनै एकको अनुरोधमा मध्यस्थताका निम्ति पेश गरिनेछ । मध्यस्थताको अनुरोध गरेको छ महिना भित्र मध्यस्थताको संगठन सम्बन्धमा सम्बन्धित पक्षहरु सहमत हुन नसकेमा न्यायालयको विधान अनुसार अनुरोधद्वारा कुनै एक पक्षले विवादलाई अन्तर्राष्ट्रिय न्यायालायमा पेश गर्न सक्तछ ।

२. वर्तमान अभिसन्धीको हस्ताक्षर, अनुमोदन र सम्मिलनको समयमा प्रत्येक राज्यपक्षले यो धाराको पहिलो अनुच्छेदद्वारा आफू नबाँधीएको घोषणा गर्न सक्तछ । त्यस्तो आपत्ती गर्ने देशसित सम्वन्धित कुराले अरु राज्यपक्षहरु त्यो धाराद्वारा वाँधिने छैनन् ।

३. यो धाराको दोश्रो अनुच्छेद अनुसार आपत्ती जनाउने कुनै राज्यपक्षले संयुक्त राष्ट्र संघका महासचिवलाई सूचना दिएर त्यो आपत्ती फिर्ता लिन सक्तछ ।

धारा - ३०

वर्तमान अभिसन्धी, जस्का अरवी, चिनीयाँ, फ्रेन्च, रसियन र स्पेनिस पाठहरु उत्तिकै प्रमाणिक छन्, संयुक्त राष्ट्र संघको महासचिव समक्ष राखिने छ ।

त्यस्का साक्षी स्वरुप समुचित अधिकार प्राप्त निम्न हस्ताक्षरीहरुले वर्तमान अभिसन्धीमा हस्ताक्षर गरेका छन् ।

=o=

बाल अधिकार सम्बन्धी अभिसन्धी

सन् १९८९ नोभेम्बर २० मा संयुक्त राष्ट्र महासभा द्वारा पारित

प्रस्तावना

संयुक्त राष्ट्र संघको वडापत्रमा उद्घोषित सिद्धान्तहरू अनुरुप नैसर्गिक मर्यादा तथा मानव परिवारका सम्पूर्ण सदस्यहरूको समान तथा अखण्डनीय अधिकारहरूको मान्यता नै विश्वमा स्वतन्त्रता, न्याय र शान्तिको आधारशीला हुन् भन्ने तथ्यलाई विचार गर्दै,

संयुक्त राष्ट्र संघका समस्त जनताले वडापत्रमा उल्लेखित मौलिक मानव अधिकारहरू तथा मानवीय मूल्य र मान्यतामा आफ्नो आस्थाको पुनः समर्थन गर्दै व्यापक स्वतन्त्रताको परिवेशमा सामाजिक प्रगति र स्तरीय जीवनको प्रवर्द्धन गर्ने अठोट गरेको कुरालाई मनन गर्दै,

संयुक्त राष्ट्र संघले मानव अधिकारको विश्वव्यापी घोषणा-पत्र र मावन अधिकार बारे अन्तर्राष्ट्रिय अभिसन्धीहरुमा उल्लेखित सम्पूर्ण अधिकार र स्वतन्त्रता सबैलाई जाति, रंग, लिंग, भाषा, धर्म, राजनीति वा अन्य विचारको आधारमा विना कुनै भेदभाव प्रदान गर्न घोषणा र मन्जुरी गरेको कुरालाई मान्यता दिदै,

संयुक्त राष्ट्र संघले मानव अधिकारको विश्वव्यापी घोषणा-पत्रको माध्यमबाट बाल्यावस्थालाई विशेष स्याहार र सहयोग प्रदान गर्नु पर्ने कुरालाई घोषणा गरेको स्थितिलाई संस्मरण गर्दै,

परिवारले आफ्ना सम्पूर्ण सदस्यहरुको र खासगरी बाल बालिकाको विकास र कल्याणको लागि चाहिने प्राकृतिक वातावरण तथा समाजको आधारभूत इकाईको रुपमा कार्य गर्ने भएकोले यसलाई आवश्यक संरक्षण र सहयोग प्रदान गरी सम्बन्धित समुदाय भित्र रही आफ्नो जिम्मेवारी पूर्ण रूपले वहन गर्न सक्ने बनाउनु पर्ने आवश्यकतामा विश्वस्त हुदै,

बाल-बालिकाले आफ्नो व्यक्तित्वको पूर्ण र सामन्जस्यपूर्ण विकासको लागि एउटा परिवारिक वातावरण तथा प्रसन्नता, ममता र समझदारीको वातावरणमा हुर्कन पाउनु पर्छ भन्ने कुरालाई मान्यता दिदै,

बाल-बालिकालाई समाजमा एउटा व्यक्तिगत जीवन बांच्न पूर्ण रुपले समर्थ बनाइनु पर्ने र संयुक्त राष्ट्र संघको वडापत्रमा घोषित आदर्शहरु अनुरुप र खासगरी शान्ति, सम्मति, सहिष्णुता, समानता र एकताको भावनामा निजको लालन पालन गर्नु पर्ने कुरालाई ध्यानमा राख्दै,

बाल-बालिकालाई विशेष स्याहार पुऱ्याइनु पर्दछ भन्ने कुरालाई बाल-बालिकाको अधिकार बारे जेनेभामा १९२४ मा भएको घोषणा-पत्र, संयुक्त राष्ट्र संघले १९५९ मा पारित गरेको बाल-बालिकाको अधिकारहरुको घोषणा-पत्र, विश्वव्यापी मानव अधिकार घोषणा-पत्रमा मान्यता दिइएको एवं नागरिक र राजनैतिक अधिकार बारे अन्तर्राष्ट्रिय अनुवन्ध (विशेष गरि धारा २३ र २४) मा उल्लेख भएको एवं आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अनुवन (विशेष गरि धारा १०) मा उल्लेख भएको र बाल-बालिकाको कल्याणमा समर्पित विशिष्ट संगठन तथा अन्तर्राष्ट्रिय संस्थाहरुको ऐनहरु तथा सम्बद्ध लिखतहरुमा समेत उल्लेख भएको तथ्यलाई हृदयंगम गर्दै,

सन् १९५९ नोभेम्वर २० मा संयुक्त राष्ट्र संघको महासभा द्वारा पारित बाल-बालिकाको अधिकार सम्बन्धी घोषणा-पत्रमा "बालकलाई उसको शारीरिक तथा मानसिक अपरिपक्वताको कारणले गर्दा विशेष हेरचाह र स्याहारको आवश्यकता साथै उचित कानूनी संरक्षणको खांचो जन्मनु अघि र जन्मेपछि पनि पर्छ" भन्ने उल्लेख भएको कुरालाई हृदयंगम गर्दै,

बाल-बालिकाको संरक्षण एवं कल्याण सम्बन्धी सामाजिक एवं कानूनी सिद्धान्तहरु खासगरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बाल-बालिकाको हेरचाह र दत्तक लिने प्रकृया सम्बन्धी घोषणा-पत्र (सन् १९८६ डिसेम्बर ३ को महासभाको प्रस्ताव नम्वर ४१।८५), बाल न्याय प्रशासन सम्बन्धमा संयुक्त राष्ट्र संघ द्वारा निर्धारित न्यूनतम स्तर विधिहरु (वेइजिङ्ग विधि, सन् १९८५ नोभेम्वर २९ को महासभाको प्रस्ताव नम्वर ४०।३३, र संकटकालीन र सैनिक युद्धमा महिला र बाल-बालिकाको संरक्षण सम्बन्धी घोषणा-पत्र (सन् १९७४ डिसेम्वर १४ को महासभाको प्रस्ताव नम्वर ३३१८(२९)) लाई संस्मरण गर्दै,

विश्वका सबै देशहरुमा केही बाल-बालिकाहरु अति कठीन अवस्थामा बांचेका र यी बाल-बालिकाहरुलाई विशेष ध्यान दिनु पर्ने आवश्यकता छ भन्ने कुरालाई स्विकार गर्दै,

बाल-बालिकाको संरक्षण र सामन्जस्यपूर्ण विकासको लागि प्रत्येक

राष्ट्रको परम्परा र सांस्कृतिक मूल्यहरूको महत्वलाई उचित ध्यान दिदै,

प्रत्येक देशमा विशेषत: विकासशील मुलुकहरुमा बाल-बालिकाको जीवनस्तर उकास्नका लागि अन्तर्राष्ट्रिय सहयोगको महत्वलाई मान्यता दिदै,

यस अभिसन्धीका राज्यपक्षहरुले निम्न कुराहरुमा सहमती जनाएका छन्:-

भाग-१

धारा-१

यस अभिसन्धीको प्रयोजनको लागि बालक सम्वन्धी कानून अन्तर्गत वयस्कताको उमेर यो भन्दा कम रहने गरी तोकिएको स्थितिमा बाहेक बाल-बालिका भन्नाले १८ वर्ष मुनिका प्रत्येक मानवलाई सम्झनु पर्छ ।

धारा-२

१. यस अभिसन्धीमा पक्ष रहेका राज्यहरुले यस अभिसन्धीमा उल्लेखित आफ्नो क्षेत्रभित्रको प्रत्येक बालकको अधिकारको सम्बन्धमा बालक, उसका बाबुआमा वा वैधानिक अभिभावकको जाति, रंग, लिंग, भाषा, धर्म, राजनैतिक वा अन्य विचारहरु, राष्ट्रिय, जातीय वा सामाजिक उत्पत्ती, सम्पत्ती, असक्तता, जन्म वा अन्य हैसियतको आधारमा भेदभाव नगरी सम्मान र प्रत्याभूति दिनु पर्नेछ ।

२. बालकका बाबुआमाहरु, वैधानिक अभिभावकहरु वा अन्य पारिवारिक सदस्यहरुको हैसियत, क्रियाकलाप, अभिव्यक्त धारणाहरु वा आस्थाहरुको आधारमा गरिने सबै किसिमका भेदभाव वा सजायबाट बाल-बालिकाको संरक्षण गर्न यस अभिसन्धीका राज्य पक्षहरुले सबै उचित कदमहरु चाल्ने छन् ।

धारा-३

१. सार्वजनिक अथवा निजायती कल्याणकारी सामाजिक संस्थाहरु, अदालतहरु, प्रशासनिक यन्त्रहरु वा विधायिकाहरु सबैले बाल-

बालिकाहरुसंग सम्बन्धित काम कुरा गर्दा बाल-बालिकाको उच्चतम हितलाई प्राथमिकता दिनु पर्नेछ ।

२. राज्य पक्षहरूले बाल-बालिकाको आमा, बाबु, बैधानिक अभिभावक वा कानूनी रुपमा तिनको लागि जिम्मेवार अन्य व्यक्तिहरूको बाल-बालिका प्रतिको अधिकार र कर्तव्यलाई ध्यानमा राख्दै, बाल-बालिकाको हितको लागि आवश्यक संरक्षण र स्याहारको व्यवस्था गर्ने छन् र यस उद्देश्यको निम्ति सबै उचित वैधानिक र प्रशासनिक उपायहरू गर्ने छन् ।

३. राज्य पक्षहरूले बाल-बालिकाको स्याहार र संरक्षणका लागि जिम्मेदार संस्थाहरू तथा सेवा र सुविधा सम्बन्धी निकायहरू समक्ष अधिकारीहरूले निर्धारण गरेका मापदण्डहरू, खासगरी सुरक्षा, स्वास्थ्य, आवश्यक कर्मचारीहरूको संख्या र उपयुक्तताको साथ साथै दक्ष सुपरिवेक्षणको व्यवस्था गर्नेछन् ।

धारा-४

राज्य पक्षहरूले यस अभिसन्धीले मान्यता दिएको अधिकारहरूको कार्यान्वयनका लागि सबै उपयुक्त बैधानिक, प्रशासनिक र अन्य उपायहरू अपनाउने छन् । विशेष गरी आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको सन्दर्भमा राज्य पक्षहरूले आ-आफ्ना श्रोतहरूले भ्याएसम्म र आवश्यकता अनुसार अन्तर्राष्ट्रिय सहयोगको माध्यमबाट बढी भन्दा बढी मात्रामा यस्ता कदमहरू चाल्नेछन् ।

धारा-५

राज्य पक्षहरूले यस अभिसन्धीले मान्यता दिएको बाल-बालिकाहरूको अधिकारको प्रयोगको सिलसिलामा निजहरूको उदयोन्मुख व्यक्तिगत क्षमतासंग मेल खाने किसिमबाट उपयुक्त निर्देशन र मार्गदर्शन प्रदान गर्न बाबुआमा वा स्थानीय परम्पराले दिए अनुसार परिवार वा समुदायका वैधानिक अभिभावकहरू वा बालबालिकाको निम्ति कानूनी रुपमा जिम्मेदार अन्य व्यक्तिहरूको उत्तरदायित्व, अधिकार तथा कर्तव्यलाई मान्यता दिने छन् ।

धारा-६

१. राज्य पक्षहरूले प्रत्येक बाल-बालिकाको बाँच्ने जन्मसिद्ध अधिकार हो भनी मान्यता दिन्छन् ।

२. राज्य पक्षहरूले बाल-बालिकाको दीर्घ जीवन र विकासको लागि यथासम्भव बढी भन्दा बढी प्रयास गर्ने अठोट गर्ने छन् ।

धारा-७

१. बाल-बालिकालाई जन्मनासाथ दर्ता गरिनेछ र जन्मेपछि बालबालिकाले आफ्नो नाम राख्न पाउने र राष्ट्रियताको अधिकार र संभव भएसम्म आफ्ना बाबु आमा थाहा पाउने र उनीहरूबाट स्याहार पाउने अधिकार पाउनेछन् ।

२. राज्य पक्षहरूले आ-आफ्ना राष्ट्रिय कानून र अन्तर्राष्ट्रिय लिखत अन्तर्गतको दायित्व अनुसार माथि उल्लेखित अधिकारहरू विशेष गरि बाल-बालिकाका राज्य बिहीन हुने भएमा कार्यान्वयन गर्नेछन् ।

धारा-८

१. राज्य पक्षहरूले कानूनले मान्यता दिए अनुसारको बाल-बालिकाको आफ्नो राष्ट्रियता, नाम र पारिवारिक सम्बन्ध लगायतको परिचय यथावत राख्न पाउने अधिकारलाई बिना गैरकानूनी हस्तक्षेप मान्यता दिनेछ ।

२. कुनै बाल-बालिकाको आफ्नो परिचय सम्बन्धी कुनै वा सबै तत्वहरू गैरकानूनी ढंगले बन्चित हुन गएमा राज्य पक्षहरूले तिनका ती परिचयात्मक तत्वहरूको शिघ्रातिशिघ्र पुनः स्थापनाको लागि उपयुक्त सहयोग र संरक्षण प्रदान गर्नेछन् ।

धारा-९

१. बाल-बालिकाको सर्वोत्तम हितका लागि कुनै पनि बालबालिकालाई बाबुआमाबाट अलग राख्नु आवश्यक छ भन्ने कुरा सम्बन्धित कानून र कार्यविधि अनुरुप सक्षम अधिकारीहरूले न्यायिक पुनरावलोकनको

अधिनमा रही निर्णय गरेको स्थितिमा बाहेक कुनै पनि बाल-बालिकालाई बाबुआमाको इच्छा विरूद्ध अलग गरिने छैन भनी राज्य पक्षहरूले निश्चित गर्नेछन् । बाल-बालिकालाई यस प्रकारले अलग राख्ने निर्णय, खास गरेर कुनै बाल-बालिका आफ्नो आमाबाबुबाट दुर्व्यवहार र उपेक्षित गरिएमा वा आमाबाबु छुट्टिएर बसोबास गरेमा र त्यस्तो अवस्थामा बाल-बालिकाको बासस्थानको निधो गर्नु पर्ने भएमा, आवश्यक हुनेछ ।

२. प्रकरण १ मा उल्लेखित कुनै पनि काम कारवाईमा सरोकारवालालाई सहभागी हुने र आफ्नो कुरा भन्ने अवसर प्रदान गरिनेछ ।

३. बाल-बालिकाको सवोत्तम हितमा विपरित असर पर्ने स्थितिमा बाहेक आफ्नो बाबु वा आमा वा दुबैबाट अलग गरिएका बाल-बालिकले बाबुआमासंग नियमित रुपमा व्यक्तिगत सम्पर्क र प्रत्येक्ष भेटघाट गर्न पाउने बाल-बालिकाको अधिकारलाई राज्य पक्षहरूले मान्यता दिनेछन् ।

४. राज्य पक्षहरूबाट उठाइएका कुनै काम कारवाही जस्तो कि बाबु वा आमा दुबै वा बाल-बालिकाको नजरवंद, कैद, निर्वासन, देश निकाला वा मृत्यु दण्ड (कुनै व्यक्ति राज्यको हिरासतमा रहंदा हुन गएको कुनै प्रकारको मृत्यु लगायत) ले गर्दा यस प्रकारको विछोड भएमा त्यस्तो राज्य पक्षले सम्बन्धित आमा बाबु वा बाल-बालिका वा उपयुक्त देखिएमा परिवारको कुनै सदस्यको अनुरोधमा, बाल-बालिकाको हितमा विपरित असर पर्ने अवस्थामा वाहेक, परिवारको त्यस्तो अनुपस्थित सदस्यको अवस्थाको सम्बन्धमा आवश्यक तथ्यगत जानकारी दिने व्यवस्था गर्नेछ । यस प्रकारको अनुरोधको प्रस्तुतिका कारणले गर्दा सम्बन्धित व्यक्तिहरू माथि कुनै प्रतिकूल असर पारिने छैन भन्ने कुरामा पनि राज्य पक्षले निश्चय गर्नु पर्नेछ ।

धारा-१०

१. धारा ९ को प्रकरण १ अन्तर्गत राज्य पक्षहरूको दायित्व अनुरुप पारिवारिक पुनर्मिलनको उद्देश्यले कुनै बाल-बालिका वा निजका बाबुआमाले कुनै राज्यमा प्रवेश गर्न वा त्यसलाई त्याग्ने उद्देश्यले दिएका आवेदनहरू माथि राज्य पक्षहरूले सकारात्मक, मानवीय र छिटो तवरले कार्य गर्नेछन् । राज्य पक्षहरूले आवेदकहरू र

उनीहरूको परिवारका सदस्यहरू प्रति यस प्रकारको आवेदनले कुनै प्रकारको प्रतिकूल असर पार्ने छैन भन्ने कुरा पनि निश्चिय गर्नेछन् ।

२. कुनै बाल-बलिकाको बाबु आमा बेग्ला बेग्लै राज्यहरूमा बसेका रहेछन् भने ती बाल-बालिकालाई, अति विशेष परिस्थितिमा वाहेक, दुवै बाबु आमासंग नियमित रुपमा व्यक्तिगत सम्बन्ध राख्ने र प्रत्यक्ष भेटघाट गर्ने अधिकार हुनेछ । यस्को लागि धारा ९ को प्रकरण १ अन्तर्गत राज्य पक्षहरुमा भएको उत्तरदायित्व अनुरुप राज्य पक्षहरूले बाल-बालिका र तिनका बाबु आमाहरूले आफ्नो लागायत कुनै पनि देशलाई छाड्न पाउने र आफ्नो देशमा प्रवेश पाउने अधिकारलाई मान्यता दिनेछन् । कुनै पनि देशलाई छाड्न पाउने अधिकार कानूनी प्रावधानबाट गरिएका प्रतिवन्धहरूको अधिनमा रही हुनेछ, जुन प्रतिवन्ध राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकता वा अर्काको अधिकार तथा स्वतन्त्रताहरूको संरक्षण गर्न आवश्यक भएको हुनु पर्दछ र त्यस्तो प्रतिवन्ध यस अभिसन्धीमा मान्यता दिइएका अन्य अधिकारहरू अनुकूल हुनु पर्नेछ ।

धारा-११

१. राज्य पक्षहरूले बाल-बालिकाहरूको अवैध स्थानान्तरण र विदेशबाट नफर्काउने स्थितिलाई निरुत्साहित पार्ने उद्देश्यले पाइला चाल्नेछन् ।

२. यसको लागि राज्य पक्षहरूले द्विपक्षीय वा वहुपक्षीय सन्धीहरू गर्ने वा भइरहेका सन्धीहरूमा सामेल हुने कुरामा जोड दिनेछन् ।

धारा-१२

१. आफ्नो धारणा बनाउन सक्षम भएका बाल-बालिकालाई आफुसंग सम्बद्ध विषयमा स्वतन्त्र रूपले आफ्नो विचार व्यक्त गर्न पाउने व्यवस्था राज्य पक्षहरूले गर्नु पर्दछ । बाल-बालिकाको त्यस्तो विचारलाई उसको उमेर र परिपक्वता अनुसार उचित मान्यता दिईनेछ ।

२. यस प्रयोजनाको लागि बाल-बालिकालाई असर गर्ने कुनै पनि न्यायिक वा प्रशासनिक काम कारवाहीमा सम्वन्धित राष्ट्रिय कानूनका

प्रावधान बमोजिम प्रत्येक्ष रुपमा वा प्रतिनिधिद्वारा वा कुनै उपयुक्त निकायद्वारा विशेषतःसुनुवाइ हुने अवसर प्रदान गरिनेछ ।

धारा-१३

१. बाल-बालिकालाई अभिव्यक्तिको स्वतन्त्रता हुनेछ । सिमानाको बाबजूद यस अधिकारभित्र सबै प्रकारका जानकारीहरू र विचारहरू खोज्न, प्राप्त गर्न, प्रदान गर्न र यसलाई मौखिक, लिखित, मुद्रित रुपमा, कलाको रुपमा वा बाल-बालिकाको रुचि अनुसार कुनै पनि प्रचार माध्यमद्वारा अभिव्यक्त गर्ने स्वतन्त्रता समावेश हुनेछ ।

२. यो अधिकार केही प्रतिवन्धहरूको अधिनमा रही प्रयोग गर्न सकिन्छ, तर ती प्रतिवन्धहरु कानूनद्वारा व्यवस्थित भएको र निम्न कारणले आवश्यक भएको हुनु पर्दछः

(क) अरुको अधिकारहरू वा प्रतिष्ठाको आदर गर्नको लागि वा

(ख) राष्ट्रिय सुरक्षा वा सार्वजनिक व्यवस्था वा जनस्वास्थ्य वा नैतिकताको संरक्षणका लागि ।

धारा-१४

१ राज्य पक्षहरूले बाल-बालिकाको विचार, विवेक र धार्मिक स्वतन्त्रताको अधिकारलाई मान्यता दिनेछन् ।

२. राज्य पक्षहरूले बाल-बालिकाको विकसित हुदै गरेका क्षमताहरूसंग मेलखाने किसिमले निजको अधिकार प्रयोगको सिलसिलामा बाबु आमा र उपयुक्त अवस्थामा वैधानिक अभिभावहरूको निर्देशन दिने अधिकार र कर्तव्यहरुलाई मान्यता दिनेछ ।

३ कानूनद्वारा व्यवस्था गरिएका बन्देजहरूको अधीनमा रही आफ्नो धर्म र आस्थाहरूलाई प्रदर्शन गर्ने स्वतन्त्रता हुनेछ । तर कानूनका ती बन्देजहरू सार्वजनिक सुरक्षा, सार्वजनिक व्यवस्था, स्वास्थ्य, नैतिकता तथा अरुको मौलिक अधिकार र स्वतन्त्रताको संरक्षणको लागि आवश्यक हुनु पर्नेछ ।

धारा-१५

१. राज्य पक्षहरूले बाल-बालिकाहरूको संगठन सम्बन्धी स्वतन्त्रता र शान्तिपूर्ण भेला हुने स्वतन्त्रताको अधिकारलाई मान्यता दिन्छन् ।

२. कानून अनुकूल तथा राष्ट्रिय सुरक्षा वा जनसुरक्षा, सार्वजनिक व्यवस्था, जनस्वास्थ्य एवं नैतिकताको संरक्षण वा अर्काको अधिकार तथा स्वतन्त्रताको संरक्षणको लागि प्रजातान्त्रिक समाजमा आवश्यक पर्ने बन्देज बाहेक अन्य कुनै पनि बन्देज यी अधिकारहरूको प्रयोगमा लगाइने छैन ।

धारा-१६

१. बाल-बालिकाको निजिपना, परिवार, घर वा पत्राचार माथि बलजफ्ती वा गैर कानूनी हस्तक्षेप गरिने छैन, नत उनीहरूका मर्यादा र ईज्जत माथि नै गैर कानूनी आक्रमण गरिनेछ ।

२. यस्तो हस्तक्षेप र आक्रमणको विरुद्ध कानूनी संरक्षण पाउने बाल-बालिकाको अधिकार हुनेछ ।

धारा-१७

राज्य पक्षहरूले सार्वजनिक संचार माध्यमले खेलेको महत्वपूर्ण भूमिकाहरूलाई मान्यता दिनेछन् । विशेषत: बाल-बालिकाको सामाजिक, आध्यात्मिक र नैतिक हितहरूमा शारीरिक एवं मानसिक स्वास्थ्य सम्वर्द्धनको उद्देश्य राखी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रोतहरूको विविधताबाट बाल-बालिकाले जानकारी र सामग्री प्राप्त गर्न सक्ने व्यवस्था मिलाउनेछन् । यस प्रयोजनको लागि राज्य पक्षहरूले:

क. सार्वजनिक प्रचार माध्यमलाई धारा २९ को व्यवस्थाको भावना अनुरुप तथा बाल-बालिकाको सामाजिक र साँस्कृतिक हित हुने खालको सूचना र सामग्री प्रचार प्रसार गर्न प्रोत्साहन दिनेछन् ।

ख. साँस्कृतिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रोतहरूको विविधताबाट प्राप्त हुने जानकारी र सामग्रीको उत्पादन, आदान-प्रदान र वितरणमा अन्तराष्ट्रिय सहयोगलाई प्रोत्साहन दिनेछन् ।

ग. बाल पुस्तकहरुको उत्पादन र वितरणलाई प्रोत्साहन दिनेछन् ।

घ. सार्वजनिक प्रचार प्रसार संस्थाहरूलाई अल्पसंख्यक समुदाय वा आदिवासी बाल-बालिकाका भाषिक आवश्यकतालाई विशेष ध्यान दिन प्रोत्साहन दिनेछन् ।

ङ. धारा १३ र १८ का प्रावधानहरूलाई ध्यानमा राख्दै बाल-बालिकाको हितलाई आघात पुऱ्याउने खालका जानकारी तथा सामग्रीबाट तिनको संरक्षण गर्नको लागि सहि मार्गदर्शनको विकासलाई प्रोत्साहन दिनेछन् ।

धारा-१८

१. राज्यपक्षहरूले बालबालिकाको लालन-पालन र विकासको लागि बाबु आमा दुवैको साझा उत्तरदायित्व छ भन्ने सिद्धान्तलाई मान्यता दिलाउन भरमग्दुर प्रयासहरू गर्नेछन् । बालबालिकाको लालन पालन र विकासको निम्ति बाबु आमाहरू वा त्यस्तै अवस्थामा वैधानिक अभिभावकको प्रथम दायित्व हुनेछ । बालबालिकाको सर्वोपरि हितको कुरा उनीहरुको प्रमुख चासोको विषय हुनेछ ।

२. यस महासन्धमा व्यवस्था भएका अधिकारहरूलाई प्रत्याभूत तथा सम्वर्द्धन गर्ने प्रयोजनको लागि राज्य पक्षहरूले बाल-बालिकाको पालन पोषणको दायित्व पूरा गर्न सक्षम बनाउन बाबुआमा वा वैधानिक अभिभावकहरूलाई उचित सहयोग प्रदान गर्नेछन् र बाल-बालिकाको स्याहार सम्बन्धमा संस्था, सुविधा र सेवाको विकास गर्ने छन् ।

३. राज्य पक्षहरूले श्रमिक बाबु आमा वा बाल-बालिकाहरूले पाउनु पर्ने बाल स्याहार सेवा र सुविधाहरूको उपभोग गर्ने अधिकार छ भन्ने कुराको सबै आवश्यक व्यवस्था मिलाउनेछ ।

धारा-१९

१. राज्य पक्षहरूले बाल-बालिकाप्रति निजको बाबु, आमा, बैधानिक अभिभावक वा अन्य व्यक्तिको हेरचाहमा रहेको अवस्थामा त्यस्ता

व्यक्तिका तर्फबाट हुन सक्ने कुनै पनि प्रकारको शारीरिक वा मानसिक चोट वा दुर्व्यवहार, हेंला वा उपेक्षित व्यवहार, वा यौन अवचार लगायतका दुर्व्यवहार तथा शोषणहरूबाट बाल-बालिकालाई जोगाउन उपयुक्त वैधानिक, प्रशानिक, सामाजिक वा शैक्षिक उपायहरू अपनाउनेछन् ।

२. यस प्रकारका संरक्षात्मक कार्यहरुमा उपयुक्त भएसम्म सामाजिक कार्यक्रमहरूको संस्थापनाको लागि प्रभावकारी कार्यविधिहरू समावेश गरी बाल-बालिका र बाल-बालिकाको स्याहार गर्नेहरूलाई सहायता पुऱ्याउनुका साथै अन्य प्रकारका निवारक उपायहरू गर्नु पर्नेछ र साथै माथि उल्लेख गरिएका प्रकारका बाल दुर्व्यवहारका घटनाहरू पत्ता लगाउने, खवर गर्ने, सोध्ने एवं तिनीहरूको जानकारी लिने, अनुसन्धान गर्ने, उपचार गर्ने तथा अनुगमनका लागि वा आवश्यक भएमा न्यायिक हस्तक्षेपका लागि समेत प्रभावकारी उपाय गरिनु पर्दछ ।

धारा-२०.

१. कुनै पनि बाल-बालिका स्थायी वा अस्थायी रुपमा आफ्नो पारिवारिक वातावरणबाट वंचित भएमा वा त्यस प्रकारको वातावरणमा रहँदा निजको सर्वोपरि हितको विपरित हुने भएमा त्यस्ता बाल-बालिकाले राज्यद्वारा प्रदत्त विशेष संरक्षण र सहयोग प्राप्त गर्ने अधिकार हुनेछ ।

२. राज्य पक्षहरूले आफ्नो राष्ट्रिय कानून अनुसार यस्ता बाल-बालिकाको लागि वैकल्पिक स्याहार प्रदान गर्ने उपाय निश्चित गर्नेछन् ।

३. यस प्रकारले गरिने स्याहार कार्यमा अन्य व्यवस्थाहरूका अतिरिक्त बाल-बालिकाहरूको पालन पद्धति, इस्लामिक कानून अन्तर्गतको कफाला, दत्तक लिने वा आवश्यकतानुसार बाल स्याहारका उपयुक्त संस्थाहरूमा भर्ना गर्ने जस्ता कार्यहरू समावेश हुनेछन् ।

यस्ता कुराहरूको समाधान गरिंदा बाल-बालिकाको जातीय, धार्मिक, सांस्कृतिक तथा भाषिक पृष्ठभूमिलाई ध्यानमा राखी निजको लालन पालनमा निरन्तरता कायम रहने तरीकामा ध्यान दिइनु पर्दछ ।

धारा–२१

दत्तक पाल्ने वा धर्मपुत्र ग्रहण गर्ने प्रथालाई मान्यता वा अनुमति दिने राज्य पक्षहरूले तिनीहरूले बाल-बालिकाको सर्वोपरि हितालाई प्राथमिकता दिनेछन् र तिनीहरुले :

क. बाल-बालिकालाई दत्तक पाल्ने विषयमा सक्षम अधिकारीले मात्र स्वीकृति दिइएको हुनु पर्दछ । उपयुक्त कानून र कार्यविधि अनुसार र सम्पूर्ण सान्दर्भिक र भरपर्दो जानकारीको आधारमा बाबु, आमा, नातेदार र वैधानिक संरक्षकहरूको स्थितिलाई दृष्टिगत गरी त्यस्ता बाल-बालिकालाई दत्तक लिन दिन हुन्छ भन्ने लागेमा त्यस्तो स्वीकृति दिन हुन्छ । आवश्यक परेमा सम्बन्धित व्यक्तिहरूले दत्तक लिने विषयमा उपलब्ध सर-सल्लाहको आधारमा पूर्ण जानकारी लिएर मात्र आफ्नो स्वीकृति दिएको हुनु पर्दछ ।

ख. यदि कुनै बाल-बालिकालाई पालन पोषण गर्ने वा दत्तक लिने परिवारमा राख्न सकिने संभावना नभएमा वा निजको जन्मभूमिमा उचित स्याहार पुऱ्याउन सकिन्न भन्ने लागेमा अन्तरदेशीय रुपमा दत्तक लिने दिने प्रक्रियालाई पनि बाल स्याहारको एउटा वैकल्पिक उपायको रुपमा लिन सकिन्छ भन्ने कुरालाई मान्यता दिइनेछ ।

ग. अन्तरदेशीय रुपमा दत्तक लिइएका बाल-बालिकालाई स्वदेशमा दत्तक लिइएका बाल-बालिका सरह समान सुरक्षा तथा स्तर प्राप्त छ भन्ने कुराको पूर्व-निश्चित गरिनु पर्दछ,

घ. अन्तरदेशीय रुपमा दत्तक पाल्ने वा धर्मपुत्र ग्रहण गर्ने प्रक्रियाका क्रममा यसमा संलग्न व्यक्तिहरुले अनुचित आर्थिक फाइदा उठाएका छैनन् भन्ने कुरा यकीन गर्नको लागि उपयुक्त कदमहरू चाल्नेछन्,

ङ. यस धारामा उल्लेखित उद्देश्यहरू उपयुक्तता अनुसार द्विपक्षीय वा वहुपक्षीय व्यवस्था वा सम्झौताद्वारा सम्वर्द्धन गरिनेछन् र यस्तो वन्दोवस्त अनुसार अन्य देशमा गरिएको बाल-बालिकाको पालन पोषणको काम सक्षम अधिकारीहरू वा निकायहरूबाट हुनेछ भनी निश्चित गर्ने प्रयास गर्नेछन् ।

धारा-२२

१. राज्य पक्षहरूले सम्बन्धित अन्तर्राष्ट्रिय वा राष्ट्रिय कानून र कार्यविधिहरू अनुसार शरणार्थी हुन खोजिरहेका वा शरणार्थी भइसकेका बालबालिकाले आफ्नो बाबु, आमा वा अन्य कोहीसंग बसे पनि वा नबसे पनि यस अभिसन्धीमा र आफू समेत पक्ष भएको अन्य अन्तर्राष्ट्रिय मानव अधिकार वा मानवीय व्यवहार सम्बन्धी अन्य लिखतहरूमा उल्लेखित अधिकारको उपभोग सम्वन्धी उचित संरक्षण र मानवीय सहयोग प्राप्त गर्न पाउने व्यवस्था गर्नेछन् ।

२. यस उद्देश्यको निम्ति राज्य पक्षहरूले बाल-बालिकाको परिवारसंग पुनर्मिलन गराउनका लागि आवश्यक जानकारी प्राप्त गर्न यस्ता शरणार्थी बाल-बालिकाको आमा, बाबु वा परिवारका अन्य सदस्यहरूलाई पत्ता लगाउने काममा संयुक्त राष्ट्र संघलाई तथा संयुक्त राष्ट्र संघसंग सम्वद्ध अन्य सम्बन्धित अन्तर सरकारी संगठनहरू र यस प्रकारको बाल संरक्षण तथा सहायता कार्यमा संयुक्त राष्ट्र संघलाई सहयोग गरिरहेका गैर सरकारी संगठनलाई उपयुक्तता अनुसार सहयोग प्रदान गर्नेछन् ।

धारा-२३

१. कुनै पनि मानसिक वा शारीरिक रुपमा अपांग बाल-बालिकालाई निजको मर्यादा कायम गराउने, स्वावलम्वनमा अभिबृद्धि गर्ने र आफ्नो समुदायमा सक्रिय सहभागिता लिन सघाउ पुऱ्याउने तथा सम्मानपूर्वक जीवन यापन गर्न पाउनु पर्दछ भन्ने कुरा राज्य पक्षहरूले मान्यता दिन्छन् ।

२. राज्य पक्षहरूले अपांग बाल-बालिकाको विशेष स्याहारको अधिकारलाई मान्यता दिन्छन् र उपलव्ध श्रोतहरूले भ्याएसम्म योग्य बाल-बालिकालाई र तिनको हेरचाह गर्न जिम्मा लिनेलाई आवश्यक सहायता उपलव्ध गराउन त्यस सम्बन्धमा आवेदन परेमा र त्यस्तो बालकको अवस्था र निजको हेरचाह गर्ने बाबुआमा वा अन्य व्यक्तिको परिस्थिति अनुसार उपयुक्त भएमा यस्तो सहायता विस्तार गर्न प्रोत्साहन र निश्चित गर्नेछन् ।

३. अपांग बाल-बालिकाको विशेष आवश्यकतालाई विचार गर्दै बाल-बालिकाको स्याहार गर्ने बाबु आमा वा अन्य व्यक्तिहरूको आर्थिक श्रोतलाई ध्यानमा राखी सम्भव भएसम्म प्रकरण २ मा उल्लेखित सहयोग नि:शुल्क उपलव्ध गराइनेछ र कुनै पनि अपांग बाल-बालिकाको साँस्कृतिक तथा आध्यात्मिक अभिवृद्धि लगायत निजले हुन सक्नेसम्म पूर्ण रुपमा समाजमा समाहित हुने र निजको व्यक्तिगत विकास हुने तवरबाट शिक्षा, प्रशिक्षण, स्वास्थ्य स्याहार सेवाहरू, पुनर्स्थापन सेवाहरू, रोजगारीको तैयारी र मनोरंजनका अवसरहरू प्राप्त गर्ने र त्यसमा वास्तविक पहुँच हुने गरी व्यवस्था गर्ने कुरामा निश्चय गर्नेछन् ।

४. राज्य पक्षहरूले पुनर्स्थापन, शिक्षा र व्यवसायिक सेवाहरूको तरीका सम्वन्धी सूचनाहरू वितरण गर्ने र प्राप्त गर्ने लगायत अपांग बाल-बालिका सम्वन्धी निवारक स्वास्थ्य स्याहार र औषधी उपचार, मनोवैज्ञानिक र कार्यमूलक उपचारको क्षेत्रमा उचित जानकारीको आदान प्रदान गर्ने कुरालाई अन्तर्राष्ट्रिय सहयोगको भावना अनुसार अभिबृद्धि गर्नेछन् । यस क्षेत्रमा आफ्नो अनुभवलाई विस्तार गर्न र आफ्नो क्षमता र सीपलाई विकास गर्न राज्य पक्षहरूलाई सक्षम बनाउने उद्देश्यले पनि त्यस्तो अन्तर्राष्ट्रिय सहयोगको भावनालाई सम्बर्द्धन गर्नेछन् । यस विषयमा विकासोन्मुख देशहरूको आवश्यकता बारे विशेष रुपमा विचार गरिनेछ ।

धारा-२४

१. राज्य पक्षहरूले बाल-बालिकाको उच्चतम स्तरको स्वास्थ्य कायम गर्ने र विरामीको लागि उपचार गर्न पाउने सुविधा र स्वास्थ्यको पुनर्लाभ गर्न पाउने अधिकारलाई मान्यता दिनेछन् । राज्य पक्षहरूले कुनै पनि बाल-बालिकाले यस्तो स्वास्थ्य स्याहार सेवाहरू पाउने अधिकारबाट वंचित हुन नपरोस भनी निश्चित गर्न सक्दो प्रयास गर्नेछन् ।

२. राज्य पक्षहरूले यो अधिकारको पूर्ण कार्यान्वयन गर्नेछन् र विशेषत: देहायका कदमहरू चाल्नेछन् :-

क. शिशु तथा बाल मृत्यु दर घटाउने,

ख. प्राथमिक स्वास्थ्य स्याहारको विकासमा जोड दिदै सम्पूर्ण बाल-बालिकाहरूलाई दिइने आवश्यक औषधोपचार सहयोग र स्वास्थ्य स्याहारको व्यवस्था निश्चित गर्ने,

ग. वातावरणीय प्रदूषणबाट हुने खतरा र जोखिमहरुलाई मध्यनजर राख्दै प्राथमिक स्वास्थ्य स्याहारको ढांचाभित्र रही सहज रुपमा उपलव्ध प्रविधिको प्रयोगद्वारा तथा पर्याप्त पोषणयुक्त खाद्यान्न र शुद्ध पिउने पानीको व्यवस्था द्वारा रोग र कुपोषणको विरुद्ध लड्ने,

घ. आमाहरूको निम्ति गर्भिणी र सुत्केरी अवस्थामा उचित स्वास्थ्य स्याहारको व्यवस्था निश्चित गर्ने,

ङ. समाजको प्रत्येक क्षेत्रमा, खासगरी बाबुआमा र बाल-बालिकाहरूलाई बाल स्वास्थ्य र पोषणको आधारभूत ज्ञान, स्तनपानको उपयोगिता, सरसफाई र वातावरणीय पाइखानाका फाइदाहरु र दुर्घटनाको रोकथाम बारे जानकारी दिइएको छ, शिक्षा उपलव्ध छ तथा यस काममा सहयोग पुऱ्याइएको छ भन्ने कुरामा निश्चित गर्ने,

च. निवारक स्वास्थ्य स्याहार, बाबुआमाको लागि सर-सल्लाह र परिवार नियोजन सम्बन्धी शिक्षा र सेवाहरूको विकास गर्ने ।

३. राज्य पक्षहरूले बाल-बालिकाको स्वास्थ्यलाई हानी पुऱ्याउने खालको परम्परागत उपचारहरूलाई निर्मुल गर्ने उद्देश्यले सम्पूर्ण प्रभावशाली र उपयुक्त कदमहरू चाल्ने छन् ।

४. राज्य पक्षहरूले यस धारामा मान्यता दिइएको अधिकारलाई पूर्ण रुपमा लागु गर्न अन्तराष्ट्रिय सहयोगलाई सम्बर्द्धन र प्रोत्साहन गर्न जिम्मा लिन्छन् । यस सन्दर्भमा विकासोन्मुख देशहरूको आवश्यकता बारेमा विशेष रूपमा विचार गरिनेछ ।

धारा-२५

राज्य पक्षहरूले बाल-बालिकालाई निजको स्याहार, संरक्षण वा शारीरिक र मानसिक स्वास्थ्यको उपचारको लागि सक्षम निकायबाट पालन व्यवस्थामा राखिएको भए सो सम्बन्धमा आफु उपर भएको व्यवहार तथा आफू राखिएको व्यवस्था सम्बन्धी परिस्थितिहरुको आवधिक समीक्षा गराउन पाउने निजको अधिकारलाई मान्यता दिनेछ ।

धारा-२६

१. राज्य पक्षहरुले सामाजिक वीमा लगायत सामाजिक सुरक्षा सम्बन्धी सुविधाबाट लाभ उठाउन पाउने प्रत्येक बाल-बालिकाको अधिकारलाई मान्यता दिनेछन् र यस अधिकारको पूर्ण प्राप्ति तर्फ आ-आफ्नो राष्ट्रिय कानून बमोजिम आवश्यक सबै कदमहरू चाल्ने छन् ।

२. यस्ता सुविधाहरू बाल-बालिकाको र बाल-बालिकाको भरण पोषणको लागि उत्तरदायी व्यक्तिहरूको श्रोत र परिस्थितिका साथै सुविधाको लागि बाल-बालिकाले वा निजका तर्फबाट गरिएको आवेदनसंग सम्बन्धित अन्य कुरालाई समेत ध्यान राखेर उपयुक्तताको आधारमा प्रदान गरिनेछ ।

धारा-२७

१. राज्य पक्षहरूले कुनै पनि बाल-बालिकाको शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक र सामाजिक विकासको लागि चाहिने पर्याप्त जीवनस्तरको अधिकारलाई मान्यता दिनेछन् ।

२. बाबुआमाहरू वा बाल-बालिकाको सम्बन्धमा उत्तरदायी व्यक्तिहरूको आफ्नो सामर्थ्य र आर्थिक क्षमताले भ्याएसम्म बाल-बालिकाको विकासको लागि चाहिने रहन सहनका अवस्थाको वन्दोवस्त गर्नु प्राथमिक दायित्व हुनेछ ।

३. राज्य पक्षहरूले राष्ट्रिय परिस्थिति अनुरुप र आफ्नो श्रोत साधनले भ्याएसम्म यो अधिकारलाई कर्यान्वयन गराउन बाबुआमाहरू वा बाल-बालिकाको सम्बन्धमा उत्तरदायी व्यक्तिहरूलाई सहयोग गर्न

उचित पाइला चाल्ने छन् र आवश्यक परेमा खास गरी गाँस बास र कपासको सम्बन्धमा भौतिक सहायता प्रदान गर्नेछन् तथा यस्ता कार्यक्रम संचालन गर्नेछन् ।

४. राज्य पक्षहरूले स्वदेश तथा विदेशमा रहेका बाबुआमाहरू वा बाल-बालिकाको आथिक दायित्व वहन गर्ने व्यक्तिहरूबाट बाल-बालिकाको स्याहार सुसारको लागि चाहिने माना चामल असूल उपर गर्न उचित पाईलाहरू चाल्नेछन् । खासगरी, बाल-बालिका प्रति आर्थिक दायित्व वहन गर्ने व्यक्ति बाल-बालिका बस्ने ठाउँ भन्दा भिन्दै राज्यमा बसेका रहेछन् भने राज्य पक्षहरूले यस प्रयोजनको लागि अन्तर्राष्ट्रिय सन्धीहरूमा संलग्न हुनेछन् वा त्यस प्रकारको सम्झौता गर्ने तथा अन्य उपयुक्त व्यवस्थाहरू गर्ने प्रक्रियालाई सम्वर्द्धन गर्नेछन् ।

धारा-२८

१. राज्य पक्षहरूले बाल-बालिकाको शिक्षाको अधिकारलाई मान्यता दिन्छन् र समान अवसरको आधारमा यस अधिकारको क्रमिक प्राप्तिको लागि विशेष गरी देहायको व्यवस्था गर्नेछन्:-

क. प्राथमिक शिक्षालाई अनिवार्य गर्ने र सबैलाई नि:शुल्क उपलव्ध गराउने,

ख. साधारण र व्यावसायिक शिक्षा सहित विविध प्रकारका माध्यमिक शिक्षाको विकासलाई प्रोत्साहित गर्ने, प्रत्येक बाल-बालिकालाई त्यस्तो शिक्षा उपलव्ध गराउने र पुऱ्याउने, तथा नि:शुल्क शिक्षाको शुरुवात गर्ने र आवश्यकता परेमा आर्थिक सहयोग उपलव्ध गराउने जस्ता उपयुक्त उपायहरू गर्ने,

ग. क्षमताको आधारमा सबैको निम्ति हरेक उपयुक्त साधनहरूद्वारा उच्च शिक्षा प्राप्त हुन सक्ने गराउने,

घ. सम्पूर्ण बाल-बालिकाहरूलाई शैक्षिक र व्यावसायिक जानकारी र मार्गदर्शन उपलव्ध गराउने र पुऱ्याउने,

ङ. विद्यालयहरुमा नियमित हाजिरीलाई प्रोत्साहित गर्ने र पढाई

परित्याग गर्नेहरूको संख्या घटाउन बिभिन्न उपायहरू आपनाउने ।

२. राज्य पक्षहरूले बाल-बालिकाको मानवीय मर्यादा अनुकूल र वर्तमान अभिसन्धीको प्रावधान बमोजिम विद्यालयमा अनुशासन सम्बन्धी नियम लागू गर्न सबै उपयुक्त कदमहरू चल्नेछन् ।

३. राज्य पक्षहरूले शिक्षाको क्षेत्रमा, खासगरी विश्वबाटै अज्ञानता र निरक्षरतालाई हटाउनको लागि अन्तर्राष्ट्रिय सहयोगलाई प्रवर्द्धन तथा प्रोत्साहन दिने छन् । उक्त सहयोग भित्र वैज्ञानिक तथा प्राविधिक ज्ञान प्राप्त गर्न सहज तुल्याउन तथा आधुनिक शिक्षण तरीकामा योगदान गर्ने कुरा पनि समावेश छन् । यस सम्बन्धमा विकासोन्मुख देशहरूको खांचोहरूलाई विशेष ध्यान दिइनेछ ।

धारा–२९

१. राज्य पक्षहरूले बाल-बालिकाको शिक्षा निम्न विषय तर्फ निर्देशित हुनु पर्ने कुरामा सहमती जनाउँछन् :-

क. बाल-बालिकाको व्यक्तित्व, योग्यता, मानसिक र शारीरिक क्षमताको पूर्ण प्रखरता विकास गर्ने ।

ख. मानव अधिकार र मौलिक स्वतन्त्रता र संयुक्त राष्ट्र संघको वडापत्रमा उल्लेखित सिद्धान्तहरूको आदर गर्ने भावनालाई विकास गर्ने ।

ग. बाल-बालिकाको बाबुआमाप्रति, उसको आफ्नै सांस्कृतिक परिचय, भाषा र मूल्यहरू प्रति, बाल-बालिका जन्मेको देशको राष्ट्रिय मूल्यप्रति, निजको उत्पतिको देशप्रति र बाल-बालिकाको आफ्नो भन्दा फरक किसिमको सभ्यता प्रतिको आदरको विकास गर्ने,

घ. सम्पूर्ण जनताहरू जाति, राष्ट्रिय र धार्मिक समुदाय र आदिवासी मूलका मानिसहरू वीच समझदारी, शान्ति, सहिष्णुता, लिङ्ग समानता र मित्रताको भावनानुरुप एउटा

स्वतन्त्र समाजमा उत्तरदायित्वपूर्ण जीवनको लागी बाल-बालिकालाई तयार पार्ने,

ङ. प्राकृतिक वातावरणको सम्मान गर्ने भावनाको विकास गर्ने ।

२. शैक्षि संस्थाहरू स्थापना गर्न र संचालन गर्न व्यक्ति र संस्थानहरूको स्वतान्त्रतालाई वाधापुग्ने गरी यो धारा वा धारा २८ को कुनै पनि अंशको अर्थ लगाइने छैन । तर त्यस्ता शैक्षिक संस्थाहरूको संचालन तथा स्थापना यस धाराको प्रकरण १ मा व्यवस्था गरिएको सिद्धान्तहरू अन्तरगत र यस्ता संस्थामा दिइने शिक्षा राज्यद्वारा तोकिएको न्यूनतम स्तर अनुसार हुनु पर्ने शर्तका अधीनमा रही व्यवस्थित हुनेछ ।

धारा-३०

जाति, धर्म वा भाषिक अल्पसंख्यकहरू वा आदिवासी मूलका मानिसहरू बसोबास गरेका राज्यहरूमा त्यस्तो अल्पसंख्यक वा आदिवासीका बाल-बालिकालाई आफ्नो समूहको अन्य सदस्यहरूसंग सामुदायिक रूपमा आफ्नो संस्कृति मान्न पाउने, आफ्नो धर्म पालन तथा प्रयोग गर्न पाउने वा आफ्नो भाषा बोल्न पाउने अधिकारबाट वंचित गरिने छैन ।

धारा-३१

१. राज्य पक्षहरूले बाल-बालिकाको आराम गर्ने र फुर्सद लिन पाउने, उमेर सुहाउदो खेल र मनोरन्जनपूर्ण गतिविधिहरूमा संलग्न हुन पाउने र सांस्कृतिक जीवन र कलामा स्वतन्त्ररुपले सहभागी हुन पाउने अधिकारलाई मान्यता दिनेछन् ।

२. राज्य पक्षले सांस्कृतिक र कलात्मक जीवनमा पूर्णरूपले भाग लिन पाउने बाल-बालिकाको अधिकारलाई सम्मान र सम्वर्द्धन गर्नेछन् र सांस्कृतिक, कलात्मक, मनोरन्जनात्मक र फुर्सद सम्बन्धी क्रियाकलापको लागि सहाउंदो र समान अवसर प्रदान गर्ने व्यवस्थालाई प्रोत्साहन दिनेछन् ।

धारा-३२

१. राज्य पक्षहरूले आर्थिक शोषणबाट र हानिकारक खालको काम गर्नबाट वा बाल-बालिकाको शिक्षामा दखल पुग्ने वा बाल-बालिकाको स्वास्थ्य वा तिनीहरूको शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक र सामाजिक विकासमा हानी पुग्ने कुनै पनि कामबाट संरक्षित हुन पाउने बाल-बालिकाको अधिकारलाई मान्यता दिनेछन् ।

२. राज्य पक्षहरूले यो धाराको कार्यान्वयन निश्चित गर्न वैधानिक, प्रशानिक, सामाजिक र शैक्षिक उपायहरू चाल्नेछन् । यस प्रयोजनको लागि तथा अन्य अन्तर्राष्ट्रिय लिखतका सम्वन्धित प्रावधानहरूलाई ध्यानमा राख्दै, विशेष गरी देहायका व्यवस्थाहरू गर्नेछन् ।

क. रोजगारीमा प्रवेश गर्न उमेरको न्यूनतम हद वा न्यूनतम उमेर तोक्ने व्यवस्था गर्ने,

ख. काम गर्ने समय र रोजगारीका शर्तहरू सम्बन्धी उपयुक्त नियमहरूको व्यवस्था गर्ने,

ग. यस धाराको प्रभावकारी कार्यान्वयनको लागि उचित दण्ड र अन्य वन्देजहरूको व्यवस्था गर्ने ।

धारा-३३

राज्य पक्षहरूले सम्बन्धित अन्तर्राष्ट्रिय सन्धीहरूमा उल्लेख भए अनुसार लागू औषध तथा मनोसंदीपक पदार्थहरुको गैर कानूनी प्रयोगबाट बाल-बालिकाहरूलाई जोगाउन र त्यस प्रकारका वस्तुको अवैध उत्पादन र विक्री वितरणमा बाल-बालिकाको उपयोगलाई रोकथाम गर्न वैधानिक, प्रशासकीय, सामाजिक र शैक्षिक लगायतका सबै उचित उपायहरू गर्नेछन् ।

धारा-३४

राज्य पक्षहरूले बाल-बालिकाहरूलाई सबै खालको यौन शोषण र यौन दुर्व्यवहारबाट संरक्षण गर्ने काम गर्नेछन् । यस प्रयोजनको निम्ति राज्य पक्षहरूले निम्न कुराहरूलाई रोक्न सबै उपयुक्त राष्ट्रिय, द्विपक्षीय र वहुपक्षीय उपायहरू अपनाउनेछन्:-

क. कुनै प्रकारको गैर कानूनी यौन कार्यहरूमा बाल-बालिकाहरूलाई संलग्न गराउने, प्रलोभन वा दबाव दिने,

ख. वेश्यावृत्ति र अन्य गैर कानूनी यौन कार्यहरूमा बाल-बालिकाको शोषणयुक्त प्रयोग गर्ने,

ग. अश्लील चित्रणको काममा वा पत्रपत्रिकाहरूमा बाल-बालिकाहरूलाई शोषणयुक्त प्रयोग गर्ने ।

धारा-३५

राज्य पक्षहरूले कुनै पनि उद्देश्यको लागि वा कुनै पनि रुपमा बाल-बालिकाको अपहरण, बेचबिखन वा सौदावाजीलाई रोकथाम गर्न सबै उपयुक्त राष्ट्रिय, द्विपक्षीय र बहुपक्षीय उपायहरू अपनाउनेछन् ।

धारा-३६

राज्य पक्षहरूले बाल कल्याणको कुनै पनि कुराको विपरित हुने सबै किसिमका शोषणका विरुद्ध बाल-बालिकाको संरक्षण गर्नेछन् ।

धारा-३७

राज्य पक्षहरूले निश्चित गर्नेछ कि :

क. कुनै पनि बाल-बालिकालाई यातना वा अन्य कुनै क्रुरता, अमानवीय वा होच्याउने खालको व्यवहार वा सजायँ दिइने छैन । १८ वर्ष भन्दा कम उमेरका व्यक्तिद्वारा गरिएका अपराधहरूका लागि मृत्युदण्डको सजायँ वा रिहाई पाउन नसकिने गरि आजीवन कारावासको सजायँ दिइनेछैन ।

ख. कुनै पनि बाल-बालिकालाई गैरकानूनी वा अनुचित तवरले तिनको स्वतवन्त्रताबाट बन्चित गरिने छैन । बाल-बालिकाको गिरफ्तारी, थुना वा कारावास कानून अनुकूल तवरबाट हुनेछ र सम्भव भएसम्म छोटो उपयुक्त समयको लागि र अन्तिम उपायको रुपमा मात्र अपनाईनेछ ।

ग. स्वतन्त्रताबाट वंचित बाल-बालिकालाई मानवीयता र मानवको अन्तर्निहित मर्यादा अनुरुप तथा निजहरूको उमेर अनुसारको व्यक्तिको आवश्यकतालाई ध्यानमा राखी सो सुहाउँदो सम्मान गरिनेछ । खास गरेर स्वतन्त्रताबाट वंन्चित बाल-बालिकालाई निजको सर्वोपरि हितको दृष्टिबाट अन्यथा आवश्यक भएमा बाहेक वयस्क व्यक्तिहरूबाट छुट्टै राखिने छ । बाल-बालिकालाई खास अवस्थामा वाहेक, पत्राचार र भेटघाटको माध्यमबाट आफ्ना परिवारसंग सम्पर्क राख्ने अधिकार प्राप्त हुनेछ ।

घ. स्वतन्त्रताबाट वंचित प्रत्येक बाल-बालिकालाई कानून वा अन्य उपयुक्त सहयोग पाउने अधिकार साथ साथै कुनै अदालत वा अन्य सक्षम, स्वतन्त्र र निष्पक्ष अधिकारी समक्ष आफ्नो स्वतन्त्रता वन्चित गर्ने प्रक्रियाको वैधता बारेमा उजुरी दिने अधिकार र त्यस्तो उजुरीमा तदारुख निर्णय पाउने अधिकार हुनेछ ।

धारा-३८

१. सशस्त्र संघर्षको सम्बन्धमा राज्यहरूलाई लागु हुने अन्तर्राष्ट्रिय मानवीय कानूनको बाल-बालिकासंग सम्बन्धित व्यवस्थाहरूको आदर गर्ने र गराउने अभिभारा राज्य पक्षहरूले लिन्छन् ।

२. राज्य पक्षहरूले १५ वर्ष नपुगेका बाल-बालिकालाई लडाईंमा प्रत्येक्ष भाग लिन नलगाउने व्यवस्था गर्न हरसंभव उपायहरू चाल्नेछन् ।

३. राज्य पक्षहरूले १५ वर्ष नपुगेका कुनै पनि व्यक्तिलाई आफ्नो सशस्त्र सेनामा भर्ना गर्नबाट रोक लगाउने छन् । राज्य पक्षहरूले १५ वर्ष पुगेका तर १८ वर्ष नपुगेका मानिसहरू मध्येबाट भर्ना गर्दा जेठोलाई प्राथमिकता दिन प्रयत्न गर्नेछन् ।

४. राज्य पक्षहरूले अन्तर्राष्ट्रिय मानवीय कानून मुताविक सशस्त्र लडाईंबाट गैह्रसैनिक मानिसहरूलाई जोगाउने आफ्नो दायित्व अनुसार सशस्त्र लडाईबाट प्रभावित बाल-बालिकाहरूको संरक्षण र स्याहार गर्ने सबै उपयुक्त कदमहरू चाल्ने छन् ।

धारा-३९

राज्य पक्षहरूले कुनै पनि प्रकारको उपेक्षा, शोषण अथवा दुर्व्यवहार, यातना वा कुनै पनि प्रकारको क्रूर, अमानवीय र होच्याउने किसिमको व्यवहार, सजाय वा सशस्त्र लडाईंको शिकार बनेका कुनै पनि बाल-बालिकाको शारीरिक वा मनोबैज्ञानिक पुनर्लाभ र सामाजिक पुनर्स्थापनालाई सम्वर्द्धन गर्न सबै उपयुक्त कदमहरू चाल्नेछन् । यस प्रकारको पुनर्लाभ तथा पुर्नस्थापना त्यस्तो बाल-बालिकाको स्वास्थ्य, आत्मसम्मान र मर्यादालाई सघाउ पुऱ्याउने वातावरणमा हुनेछ ।

धारा-४०

१. राज्य पक्षहरूले आरोपित, अभियुक्त वा फौजदारी कानूनको उल्लंघन गरेको भनि मानिएका बाल-बालिकालाई निजको मर्यादा र महत्वको भावनालाई सम्वर्द्धन गर्ने किसिमबाट, तिनीहरूको मनमा अरूहरूको मानव अधिकार र मौलिक स्वतन्त्रताहरूप्रतिको आदर जागृत हुने एवं पुर्स्थापना तथा समाजमा तिनको सिर्जनात्मक भूमिकाको सम्बर्द्धन हुने बाञ्छनीयतालाई ध्यानमा राखी व्यवहार गर्नु पर्नेछ ।

२. यसको लागि एवं अन्तर्राष्ट्रिय लिखतहरूमा भएका प्रासंगिक प्रावधानहरूलाई मध्यनजर राख्दै, राज्य पक्षहरूले विशेषतः देहाय कुरा मिलाउनेछन् :-

क. कुनै पनि बाल-बालिकालाई त्यस्ता कार्यहरु गरे वापत वा नगरेको कारणबाट त्यस्तो कार्य हुन गएको समयमा ती कार्यलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनद्वारा निषेध गरिएको रहेछ भने निजलाई त्यस्तो फौजदारी कानून सम्बन्धमा आरोप लगाउने वा अभियुक्त बनाउने वा उल्लंघन गरेको मानिने छैन ।

ख. फौजदारी कानूनको उल्लंघन गरेको आरोप लागेको वा अभियुक्त बनाइएको कुनै पनि बाल-बालिकाले कम्तिमा निम्न कुराको प्रत्याभूति पाउने छन् :

१) कानूद्वारा दोषी सावित नहुन्जेल निर्दोष अनुमान गरिने,

२) निजका विरुद्ध लगाईएका अभियोगको सम्बन्धमा तुरुन्त र प्रत्येक्ष रुपमा निजलाई र उचित भएमा निजका बाबुआमा वा वैधानिक अभिभावक मार्फत जानकारी गराइने र आफ्नो प्रतिरक्षाको तयारी र प्रस्तुतिमा कानूनी र अन्य उचित सहयोग पाउने,

३) कानूनी वा अन्य उचित सहायता दिने व्यक्तिको उपस्थितिमा सक्षम, स्वतन्त्र र निष्पक्ष निकाय वा न्यायिक संस्थाबाट कानून बमोजिम यथेष्ट सुनवाई पश्चात सो कुराको निष्कर्ष हुने तथा यस्तो सुनवाई बाल-बालिकाको उच्चतम हितको विपरित नहुने भएमा तिनको उमेर र अवस्थाको समेत विचार गरि निजको बाबुआमा वा वैधानिक अभिभावकको उपस्थितिमा हुनु पर्ने ।

४) बयान गर्न कर नलगाइने; सावित हुन कर नलगाईने, विपरितमा बक्ने साक्षीहरूको जिरह गर्ने वा गर्न लगाउने, र आफ्नो पक्षका साक्षीहरूलाई विपक्षी सरहको समान स्थितिमा सम्मिलित गराउने र बयान गराउने अवसर दिने ।

५) फौजदारी कानूनको उल्लंघन गरेको भन्ने ठहरिएमा सो कुराको फैसला र त्यस्को परिणाम स्वरुप तोकिएको कुनै पनि कार्यको सम्बन्धमा कानून बमोजिमको उच्च, सक्षम, स्वतन्त्र र निष्पक्ष निकाय वा न्यायिक संस्थाबाट पुनरावलोकन हुने ।

६) प्रयोग गरिएको भाषा सो बाल-बालिकाले बुझ्न नसक्ने वा बोल्न नसक्ने रहेछ भने भाषा रुपान्तर गर्ने व्यक्तिको निःशुलक सहयोग पाउने ।

७) कारवाहीको सम्पूर्ण अवस्थामा निजको निजीपनाको पूर्ण आदर हुने ।

३. राज्य पक्षहरूले फौजदारी कानून उल्लंघन गरेको भनि दोष लगाइएका, अभियुक्त बनाइएका वा उल्लंघन गरेको मानिएका बाल-

बालिकाहरूका लागि उपयुक्त हुने खालका कानूनहरू, कार्यविधिहरू, अधिकारीहरू र निकायहरूको स्थापनालाई प्रवर्धन गर्ने कार्य गर्नेछन् र विशेषत: निम्न कुराहरूको व्यवस्था गर्नेछन् :

क. न्यूनतम उमेरको हद तोक्ने, यसभन्दा मुनिका बाल-बालिकाहरू फौजदारी कानून उल्लंघन गर्न सक्ने क्षमता नभएका भनी अनुमान गरिनेछन् ।

ख. उचित र मनासिब भएको खण्डमा यस्ता बाल-बालिकाहरूका सम्बन्धमा न्यायिक कारवाई नगरी अन्य उपायहरू अवलम्बन गरिनेछ । तर ती उपायहरु मानव अधिकार र कानूनी संरक्षणको अनुकूल हुनु पर्नेछ ।

४. बाल-बालिकाहरूको हितको अनुकूल हुने गरि तथा निजहरूको परिस्थिति र अपराधमा समानुपातिक हुने गरी निजहरूसंग व्यवहार गर्न विभिन्न प्रकारका उपायहरू जस्तै: स्याहार, मार्गदर्शन र निरीक्षण सम्बन्धी आदेशहरू, सरसल्लाह सेवा, दण्ड निलम्वन, पालन पोषण, शिक्षा तथा व्यवस्था, व्यवसायिक तालिम कार्यक्रमहरू तथा संस्थागत पालन पोषणका अन्य विकल्पहरुरू अपनाईनेछन् ।

धारा-४२

यस अभिसन्धीका कुनै पनि कुराले बाल अधिकारलाई साकार तुल्याउन बढी उपयोगी हुने कुनै पनि निम्न लिखित व्यवस्थालाई असर पार्ने छैन -

क. त्यस्तो राज्यपक्षको कानूनमा विद्यमान छ भने, वा

ख. त्यस्तो राज्यको निम्ति लागु हुने अन्तर्राष्ट्रिय कानूनमा विद्यमान छ भने ।

भाग-२

धारा-४२

राज्य पक्षहरूले उपयुक्त र सक्रिय माध्यमद्वारा अभिसन्धीका

सिद्धान्तहरू र प्रावधानहरूलाई बाल-बालिका र वयस्कमा विस्तृत रूपले प्रचार गर्ने अभिभारा लिएका छन् ।

धारा-४३

१. वर्तमान अभिसन्धीद्वारा अभिभारा लिईएका दायित्वहरू हासिल गर्न राज्य पक्षहरूले गरेको प्रगतिको मूल्यांकन गर्ने उद्देश्यको लागि बाल अधिकार समितिको स्थापना गरिनेछ र त्यसले यस पछि उल्लेखित कार्यहरू गर्नेछ ।

२. यो समितिमा यस अभिसन्धीद्वारा समेटिएको क्षेत्रका उच्च नैतिकता भएका र ख्याति प्राप्त क्षमतावान १० जना विशेषज्ञहरू रहनेछन् । समितिका सदस्यहरू राज्य पक्षहरूले आफ्ना नागरिकहरू मध्येबाट निर्वाचित गर्नेछन् । ती सदस्यहरुले आ-आफ्नो व्यक्तिगत रुपमा काम गर्नेछन् । समितिका सदस्यहरूको छनौट भौगोलिक विभाजन र प्रमुख कानून समानुपातिक पद्धतिको आधारमा हुनेछ ।

३. राज्य पक्षद्वारा मनोनित व्यक्तिहरूको सूचीबाट गोप्य मतदान गरी समितिका सदस्यहरूको निर्वाचन गरिनेछ । प्रत्येक राज्य पक्षले आफ्ना नागरिकहरू मध्येबाट एक व्यक्ति मनोनित गर्न सक्नेछ ।

४. समितिको प्रारम्भिक निर्वाचन यो अभिसन्धी लागु भएको मितिले ६ महिना भित्रै र त्यसपछि हरेक दोश्रो वर्षमा हुनेछ । हरेक निर्वाचन हुने मितिको करीव चार महिना अगावै संयुक्त राष्ट्र संघका महासचिवले दुई महिना भित्रमा आ-आफ्ना मनोनयन पत्र दाखिला गर्न राज्य पक्षहरूलाई एउटा पत्र सम्बोधित गर्नेछन् । महासचिवले तत्पश्चात मनोनित गर्ने राज्यको नाम उल्लेख गरी सम्पूर्ण मनोनित सदस्यहरूको वर्णानुक्रम अनुसार नामावली तयार पार्नेछन् र यो नामावली प्रस्तुत अभिसन्धीका सहभागी राज्य पक्षहरू समक्ष प्रस्तुत गर्नेछन् ।

५. निर्वाचनको कार्य महासचिवद्वारा संयुक्त राष्ट्र संघको प्रधान कार्यालयमा आयोजित राज्य पक्षहरूका वैठकमा हुनेछ । यस्तो बैठकको लागि दुई तिहाई राज्य पक्षहरूको उपस्थितिलाई गणपूरक संख्या पुगेको मानिनेछ । समितिको लागि निर्वाचित व्यक्तिहरू तिनै हुनेछन् । बैठकमा उपस्थित भै मतदान गर्ने राज्य पक्षहरूको

प्रतिनिधिहरूको सबै भन्दा बढी मत पाउने तथा स्पष्ट बहुमत प्राप्त गर्ने व्यक्तिहरू समितिको सदस्यमा निर्वाचित भएको मानिने छ ।

६. समितिका सदस्यहरू चार वर्षको लागि निर्वाचित हुनेछन् । पुनः मनोनित भएको खण्डमा उनीहरु अर्को निर्वाचनको लागि योग्य हुनेछन् । पहिलो निर्वाचनमा निर्वाचित सदस्यहरु मध्येका पाँच जनाको अवधि दुई वर्षमा सकिनेछ । पहिलो निर्वाचन भएको लगतै पछि यी पाँच जना सदस्यको नाम बैठकको अध्यक्षले गोला प्रथाद्वारा छुट्याउनेछ ।

७. समितिको कुनै सदस्यको मृत्यु भई वा उसले राजिनामा दिएमा वा कुनै अन्य कारणले गर्दा समितिको काम गर्न सक्षम नरहेको भनी घोषणा गरेमा सम्बन्धित राज्य पक्षले बांकी अवधिको लागि आफ्ना नागरिकहरू मध्येबाट अर्को एकजना विशेषज्ञलाई बांकी अवधीको लागि काम गर्नको निमित्त, समितिको स्वीकृतीको अधीनमा रही मनोनित गर्नेछ ।

८. समितिले आफ्नो कार्यविधि नियमहरू आफै व्यवस्थित गर्नेछ ।

९. समितिले दुई वर्षको अवधिको लागि आफ्ना अधिकृतहरूको निर्वाचन गर्नेछ ।

१०. समितिका वैठकहरु सामान्यतया संयुक्त राष्ट्र संघका प्रधान कार्यालयहरूमा वा समितिले नै निर्धारण गरे वमोजिम अन्य कुनै पायक पर्ने स्थानमा हुनेछन् । समितिको वैठक सामान्यतया: वर्षेइनी हुनेछ । समितिको वैठकको अवधि महासभाको स्वीकृति लिई यो अभिसन्धीमा पक्षहरूको बैठकबाट निश्चित गरिने छ र आवश्यकता अनुसार सो बारे पुर्नविचार गरिनेछ ।

११. यस अभिसन्धी अन्तर्गतको उक्त समितिका काम कुराको प्रभावशाली कार्यान्वयनको लागि संयुक्त राष्ट्र संघका महासचिवले आवश्यक कर्मचारी र सुविधाहरू उपलव्ध गराउँनेछन् ।

१२. महासभाको स्वीकृतिबाट यस अभिसन्धी अन्तर्गत गठित समितिका सदस्यहरूले सभाद्वारा निर्णित शर्त र अवस्थाहरू अनुसार संयुक्त राष्ट्र संघको श्रोतबाट पारिश्रमिक प्राप्त गर्नेछन् ।

धारा-४४

१. राज्य पक्षले संयुक्त राष्ट्र संघका महासचिव मार्फत अभिसन्धीमा व्यवस्थित अधिकार सम्बन्धमा आफूले अपनाएका उपायहरूको प्रतिवेदनहरू समितिमा प्रस्तुत गर्ने अभिभारा लिन्छन् । सो प्रतिवेदनमा अभिसन्धीमा उल्लेख भएका अधिकारहरूको उपभोगमा भएको प्रगति देहाय बमोजिम प्रस्तुत हुनेछ -

क. सम्बन्धित राज्य पक्षको सम्बन्धमा अभिसन्धी लागु भएको दुई वर्ष भित्र,

ख. त्यसपछि हरेक पाँच वर्षमा ।

२. यो धारा अन्तर्गगत दिइएका प्रतिवेदनहरूमा यस अभिसन्धी अन्तर्गतका दायित्वहरूको परिपूर्तिको मात्रामा प्रतिकूल प्रभाव पार्ने कारक र कठिनाइहरूलाई इंगित गरिनेछ । साथै यी प्रतिवेदनहरूमा सम्बन्धित राज्यमा भएको अभिसन्धीको कार्यान्वयन सम्बन्धी विस्तृत जानकारी प्रदान गर्ने खालका पर्याप्त विवरण उल्लेख गरिएको हुनु पर्नेछ ।

३. कुनै राज्य पक्षले समितिलाई एउटा विस्तृत प्रारम्भिक प्रतिवेदन बुझाई सके पछि प्रकरण १ (ख) अनुसार दिइने तत्पश्चातको प्रतिवेदनमा अघिबाटै दिईसकेको आधारभूत विवरण दोहोऱ्याई राख्नु पर्नेछैन ।

४. समितिले अभिसन्धीको कार्यान्वयनसंग सम्बन्धित अरु बढी जानकारीका लागि राज्य पक्षहरूसंग अनुरोध गर्न सक्नेछ ।

५. आफ्ना क्रियाकलापहरू बारेको प्रतिवेदनहरू समितिले आर्थिक तथा सामाजिक परिषद मार्फत प्रत्येक दुईवर्षमा संयुक्त राष्ट्र संघको महासभामा पेश गर्नेछ ।

६. राज्य पक्षहरूले आफ्ना प्रतिवेदनहरूमा उल्लेखित तथ्यहरू आफ्ना देशका सर्वसाधारण जनतालाई व्यापक रुपमा उपलब्ध गराउने छन् ।

धारा-४५

अभिसन्धीको प्रभावकारी कार्यान्वयनलाई अघि बढाउन तथा यस्ले समेटेको क्षेत्रमा अन्तर्राष्ट्रिय सहयोगलाई उत्साहित गर्न:

क. विशेषज्ञ संस्थाहरू, यूनिसेफ र संयुक्त राष्ट्र संघका अन्य नियोगहरूलाई उनीहरूको अधिकार क्षेत्र भित्र पर्ने वर्तमान अभिसन्धीका प्रावधानहरूका कार्यान्वयन सम्बन्धमा विचार विमर्श गरिंदा प्रतिनिधित्व गर्ने अधिकार हुनेछ । आ-आफ्नो सम्बन्धित अधिकार क्षेत्रहरू भित्र पर्ने अभिसन्धीको कार्यान्वन विषयमा समितिले उचित ठानेमा यस कामको लागि ती विशेषज्ञ संस्थाहरू, यूनिसेफ र अन्य सक्षम संस्थाहरूलाई विशेषज्ञ परामर्श प्रदान गर्न निम्त्याउन सक्नेछ । समितिले विशेषज्ञ संस्थाहरू, युनिसेफ तथा अन्य सक्षम संस्थाहरूलाई उनीहरूको कार्य क्षेत्रभित्र पर्ने विषयहरूमा भएको अभिसन्धीको कार्यान्वयन सम्बन्धी प्रतिवेदन पेश गर्नको लागि निम्त्याउन सक्नेछ ।

ख. राज्य पक्षहरूबाट प्राप्त कुनैपनि प्रतिवेदहरूमा प्राविधिक सहयोग र सल्लाहको लागि अनुरोध भएको वा त्यस्तो सल्लाहको खाँचो दर्शाईएको रहेछ र समितिलाई उचित लागेको खण्डमा समितिले सो प्रतिवेदन र यस्ता अनुरोध तथा संकेतहरूको सम्बन्धमा समितिको आफ्नो विचार र सुझावहरू भएमा सो सहित विशेषज्ञ संस्थाहरू, युनिसेफ र अन्य सक्षम संस्थाहरूलाई पठाउनेछ ।

ग. समितिले बाल अधिकारसंग सम्बन्धित खास विषयहरूमा आफ्नो तर्फबाट अध्ययन गर्न महासचिवलाई आग्रह गर्ने गरी महासभालाई सिफारिश गर्न सक्नेछ ।

घ. यस अभिसन्धीका धारा ४४ र ४५ अनुसार प्राप्त हुन आएको जानकारीको आधारमा समितिले सुझावहरू र सामान्य सिफारिसहरू गर्न सक्नेछ । यस प्रकारका सुझावहरू र सामान्य सिफारिशहरू सम्बन्धित कुनै पनि राज्य पक्षहरूलाई पठाइने छ र तिनीहरूबाट कुनै टिप्पणी आएको भए सो सहित महासभामा प्रतिवेदन पठाइनेछ ।

भाग-३

धारा-४६

यस अभिसन्धी सम्पूर्ण राज्यहरूबाट हस्ताक्षर हुनको लागि खुल्ला हुनेछ ।

धारा-४७

यस अभिसन्धीमा अनुमोदनको प्रकृया अपनाउनु पर्नेछ । अनुमोदनका लिखतहरू संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिल गर्नु पर्नेछ ।

धारा-४८

संलग्न हुन चाहने कुनै पनिराज्यका लागि यो अभिसनधी खुला रहनेछ । संलग्नताका लागि आवश्यक लिखत संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला गर्नु पर्नेछ ।

धारा-४९

१. अनुमोदन वा संलग्नताको बीसौं लिखतको संयुक्त राष्ट्र संघका महासचिव कहाँ दाखिला भएको मितिले तीसौं दिनमा यो अभिसन्धी लागु हुनेछ ।

२. अनुमोदन वा सहभागिताको बीसौं लिखतको दाखिला पश्चता यस अभिसन्धीलाई अनुमोदन गर्ने वा यसमा संलग्नता दर्शाउने हरेक राज्यको हकमा सो राज्यद्वारा अनुमोदन वा संलग्नताको लिखत दाखिला गरेको मितिले तीसौं दिनमा अभिसन्धी लागु हुनेछ ।

धारा-५०

१. यो अभिसन्धीमा कुनै पनि राज्य पक्षले संशोधनको प्रस्ताव राख्न र यसलाई संयुक्त राष्ट्र संघको महासचिव समक्ष दर्ता गराउन सक्नेछ । संशोधन प्राप्त भएपछि महासचिवले राज्य पक्षहरू सो विषयमा सम्मेलन गराउने पक्षमा र प्रस्तावहरूमा मतदान गर्ने पक्षमा छन् कि छैनन् भन्ने कुराको संकेत गर्ने अनुरोध गर्दै प्रस्तावित संशोधनहरू

राज्य पक्षहरुलाई पठाउने छन् । यसप्रकारले जानकारी गराईएको मितिले चार महिना भित्र कम्तिमा एक तिहाई राज्य पक्षहरूले यस्तो सम्मेलनको आयोजना गर्नेछ । उपस्थित राज्य पक्षहरू मध्ये बहुमतले पारित गरेको कुनै पनि संशोधन संयुक्त राष्ट्रका स्वीकृतिको लागि महासभामा प्रस्तुत गरिनेछ ।

२. यो धाराको प्रकरण १ बमोजिम पारित संशोधन संयुक्त राष्ट्र संघको महासभाबाट पारित भई राज्य पक्षहरूको दुई तिहाई बहुमतबाट पनि स्वीकृत भएपछि मात्र लागु हुनेछ ।

३. कुनै संशोधन लागु हुँदा जुन राज्य पक्षहरूले त्यसलाई स्वीकार गरेकाछन् ती राज्य पक्षहरूले सो संशोधनलाई मान्नै पर्ने हुन्छ र अन्य राज्य पक्षहरूले यस अभिसन्धीका प्रावधानहरू र आफूले स्वीकार गरेका अधिल्ला संशोधनहरू मान्नु पर्ने छ ।

धारा-५१

१. अनुमोदन वा संलग्नताको समयमा राज्यहरूद्वारा सुरक्षण गरिएका शर्तहरू संयुक्त राष्ट्र संघका महासचिवले प्राप्त गर्नेछन् र सम्पूर्ण राज्यहरूलाई सोकुराको जानकारी पठाउने छन् ।

२. यस अभिसन्धीको उद्देश्य र प्रयोजनसंग मेल नखाने त्यस्ता सुरक्षित शर्तहरुलाई अनुमति प्रदान गरिने छैन ।

३. संयुक्त राष्ट्र संघका महासचिवलाई सूचना दिई त्यस्ता सुरक्षित शर्तहरु फिर्ता लिन सकिनेछ । महासचिवले उक्त कुराको जानकारी सम्पूर्ण राज्यहरु कहाँ पठाउनेछ । यस प्रकारको सूचना महासचिवलाई प्राप्त भएको मिति देखि लागु हुनेछ ।

धारा-५२

संयुक्त राष्ट्र संघका महासचिवको नाममा लिखित सूचना दिएर कुनै पनि राज्य पक्षले यो अभिसन्धीलाई परित्याग गर्न सक्नेछ । महासचिवलाई सूचना प्राप्त भएको मितिले एक वर्ष पश्चात परित्याग प्रभावकारी हुनेछ ।

धारा-५३

संयुक्त राष्ट्र संघका महासचिव यस अभिसन्धीका निम्ती जिम्मेवार रहनेछन् ।

धारा-५४

यस अभिसन्धीको मूल प्रति जस्का अरवी, चिनिया, अंग्रेजी, फ्रेन्च, रसियन र स्पेनिस भाषाका मूल पाठहरू समानरूपमा आधिकारीक मानिने छन् । ती प्रतिहरू संयुक्त राष्ट्र संघका महासचिवको जिम्मामा राखिने छन् ।

यस कुराको साक्षीको रुपमा सम्बन्धित सरकारबाट पूर्ण अख्तियार प्रदान गरिएको अधिकार सम्पन्न राज्य प्रतिनिधिहरूले वर्तमान अभिसन्धीमा हस्ताक्षर गरेका छन् ।

=o=

दासत्व अभिसन्धी १९२६

जेनेभामा २५ सेप्टेम्वर १९२६ मा हस्ताक्षर गरिएको
लागु मिति: ९ मार्च १९२७ (धारा १२ अनुसार)

[यो अभिसन्धीलाई संयूक्त राष्ट्र संघको सदर मुकाम न्यूयोर्कमा ७ डिसेम्वर १९५३ मा पारित गरिएको प्रोटोकोलले संशोधन गरेको थियो । संशोधनहरु प्रोटोकलको अनुसूचीमा राखिएका थिए । प्रोटोकलको धारा ३ अनुसार संशोधित अभिसन्धी ७ जुलाई १९५५ देखि लागु भएको छ ।]

यस कारणले कि, सन १८८९-९० को ब्रुसेल्स सम्मेलनका सामान्य ऐनका हस्ताक्षरकारी देशहरूले, अफ्रिकन दासहरुको खरीद विक्री समाप्त गर्ने दृढ इच्छालाई घोषित गरेका थिए,

यस कारणले कि, सन १८८५ को वर्लिनको सामान्य ऐन र १८९० को ब्रुसेल्स घोषणा-पत्र तथा सामान्य ऐन लाई संशोधन गर्ने सेंट जर्मन एन लेई अभिसन्धी १९१९ मा हस्ताक्षर गर्ने राष्ट्रहरुरूले सबै किसिमको दासत्व तथा जमिन तथा समूद्र मार्गबाट गरिने दास व्यापारलाई पूर्ण तवरबाट उन्मूलन (समाप्ती) गर्ने दृढ इच्छा गरेकोले, राष्ट्र संघको परिषदले १२ जुन १९२४ मा नियूक्त गरेको अस्थाई दासत्व कमिसनले दिएको प्रतिवेदन माथि विचार गर्दै,

ब्रुसेल्स ऐनद्वारा थालिएको कामलाई विस्तृत तथा पूर्ण गर्ने इच्छा लिएर तथा दास व्यापार तथा दासत्वको बारेमा सेन्ट जर्मन एन लेइ अभिसन्धीमा हस्ताक्षरकारी देशहरुले व्यक्त गरेका इच्छाहरुलाई संसार भरिनै व्यावहारिक रुप दिने उपाय पत्ता लगाउन तथा सो उद्देश्य प्राप्तीका निमित्त त्यस अभिसन्धीमा भएका भन्दा अझ विस्तृत प्रावधानहरुको व्यवस्था गर्न आवश्यक भएको कुरालाई वुझेर,

जवर्जस्ती श्रम, जुन वढेर दासत्व जस्तै स्थितिमा पुग्न जान सक्तछ, लाई रोक्न जरुरी भएको कुरालाई अझ विचार गरेर,

यस विषयमा अभिसन्धी वनाउने निर्णय गर्छन् र यसै अनुसार आफ्नो महादूत नियुक्त गरेका छन् (नाम हटाइएको)

निम्न वमोजिम मंजुर गरेका छन्:

धारा - १

वर्तमान अभिसन्धीको प्रयोजनार्थ, निम्न परिभाषाहरु स्वीकृत गरिएका छन् -

१. 'दासत्व' व्यक्तिको त्यस्तो हैसियत वा अवस्था हो जस उपर कुनै वा सबै अधिकारहरू, जुन स्वामीत्व सम्बन्धी अधिकारसंग जोडिएका छन्, प्रयोग गरिन्छन् ।

२ 'दास व्यापार' अन्तर्गत कसैलाई दास वनाउने इच्छाले पक्रने, प्राप्त गर्ने तथा वेच विखन गर्ने लगायत सबै कार्य पर्दछन्; दासलाई वेच्ने वा अर्कोसंग सट्टा गर्ने उद्देश्यले दास प्राप्त गर्ने क्रममा गरिने सबै कार्य पर्दछन्; विक्री वा सट्टापट्टा गर्ने विचारले प्राप्त भएका दासलाई विक्री वा सट्टा पट्टाको माध्यमबाट दासलाई हटाउने सबैकाम पर्दछन् र सामान्यतया दासको परिवहन वा ब्यापार सम्बन्धी सबै कार्य पर्दछन् ।

धारा - २

अभिसन्धीमा हस्ताक्षर गर्ने राष्ट्रले, यस अघि आवश्यक कदम चालिसकेका रहेनछन् भने, आफ्नो संप्रभूता, अधिकार क्षेत्र, संरक्षण, अधिपत्य भएको वा संरक्षकत्वमा रहेको देशको भूभाग भित्र निम्न काम गर्ने छन् --

(क) दास व्यापारलाई रोक्ने तथा वन्द गर्ने:

(ख) संभव भएसम्म छिटो तथा प्रगतिशील तरिकाले सबै किसिमका दासत्वको पूर्ण उन्मूलन ।

धारा - ३

हस्ताक्षर गर्ने राष्ट्रले आफ्ना प्रादेशिक पानीमा चल्ने तथा आफ्नो देशको झण्डा लागेको जहाजमा दासलाई चढाउने, ओराल्ने र परिवहन गर्ने कुरालाई रोक्ने तथा बन्द गर्न आवश्यक सबै उपाय अपनाउने छन् ।

हस्ताक्षर गर्ने राष्ट्रहरू दास ब्यापारको सम्बन्धमा सम्भव भएसम्म चांडो एक सामान्य अभिसन्धी बनाई हस्ताक्षर गर्ने छन् जस्ले उनीहरुलाई सो काम गर्ने अधिकार दिनेछ र त्यस्तै कर्तव्य उनीहरु उपर थोप्दछ जुन १७ जुन १९२५ मा गरिएको हात हतियारको अन्तराष्ट्रिय ब्यापार सम्बन्धी अभिसन्धी (धारा १२, २०, २१, २२, २३, २४ र अनुसूची दुइको दफा दुईको प्यारा ३, ४ र ५) ले गरेको छ । यसमा यो हुन पर्नेछ कि उक्त सामान्य अभिसन्धीले कुनै सदस्य देशको जहाजलाई (साना साना जहाजलाइ समेत), अर्को सदस्य देशको भन्दा अलग ब्यबस्थामा राख्ने छैन ।

यो पनि आबश्यक छ कि उक्त अभिसन्धी गर्नु भन्दा पहिले या पछि सदस्य देशहरु आफ्ना खास विशेषताका कारण माथि लेखिएका सिद्धान्तहरुको प्रतिकूल नहुने गरि, आपसमा यस्ता विशेष संझौता गर्न स्वतन्त्र हुनेछन्, जसको कारण उनीहरुलाई दास ब्यापारलाई पूर्ण रुपमा उन्मूलन गर्न सजिलो होस् ।

धारा – ४

हस्ताक्षर गर्ने देशहरु एक आपसमा दासत्व र दास ब्यापार उन्मूलन गर्ने कुरामा संभव हुने हरेक सहायता गर्ने छन ।

धारा – ५

हस्ताक्षर गर्ने देशहरुले अनिवार्य वा जवर्जस्ती श्रमबाट हुने गंभीर परिणामलाई बुझेका छन; त्यसैले हरेक देश आफ्नो भूभागमा जसमा उसको संप्रभुसत्ता, अधिकार क्षेत्र, संरक्षण, अधिपत्य वा संरक्षकत्व रहेको छ, अनिवार्य वा जवर्जस्ती श्रम जुन दासत्व जस्तै अबस्थामा जान सक्तछलाई रोक्न आवश्यक सबै उपाय गर्ने छन् ।

यो मंजुर गरियो कि:

१. तल प्यारा दुईमा भनिएका कुराहरु वाहेक अनिवार्य श्रम सार्वजनिक प्रयोजनका निमित्त मात्र उपयोग गरिनेछ ।

२. त्यस्ता भूभाग जहां सार्वजनिक प्रयोजन वाहेक अरु कुरामा अनिवार्य वा जवर्जस्ती श्रम लिने प्रचलन गरिएकोछ, सदस्य राष्ट्रहरुले यस्तो प्रचलनलाई जतिसक्दो छिटो प्रगतीशील ढंगले समाप्त गर्ने छन् । जवसम्म यस्तो प्रचलन अनुरुप अनिवार्य वा जर्वजस्ती काम गराउने प्रचलन रहिरहन्छ, यसलाई अपवादको रुपमा राखिन्छ र यस अनुरुपको श्रमलाई पर्याप्त पारिश्रमिक दिइनेछ र यस्तोमा मजदुरलाई वसिरहेको ठाउंबाट अन्यत्र लैजाने कुनै काम गरिने छैन ।

३. अनिवार्य वा जवर्जस्ती श्रम लिनु पर्ने भएमा त्यस्तो गर्ने जवाफदेहि सम्बन्धित भूभागको केन्द्रीय अधिकारीमा निहित रहनेछ ।

धारा - ६

कुनै पनि सदस्यदेशले यस अभिसन्धीमा गरिएका उद्देश्य या प्रयोजनलाई लागु गर्न ऐन कानूनको निर्माण गर्दा त्यस्ता कानूनको उल्लंघन गर्नेलाई सजाय गर्ने पर्याप्त ब्यबस्था नगरेको भए यस्ता उल्लंघन गर्नेलाई कडा सजाय दिने प्रावधानको ब्यबस्था गर्न आवश्यक सबै उपाय अवलम्वन गर्नेछन् ।

धारा - ७

सदस्य राष्ट्रले यस अभिसन्धीका प्रावधानहरुलाई लागु गर्ने हिसावबाट बनाइएका कानूनहरुको जानकारी राष्ट्रसंघका महासचिव र एक अर्कालाई दिनेछन् ।

धारा - ८

यस अभिसन्धीको व्याख्या तथा प्रयोगको कुरालाइ लिएर उठेको विवाद प्रत्यक्ष तवरबाट आपसमा संझौताद्वारा समाधान हुन सकेन भने सबै सदस्य राष्ट्रहरु त्यस्तो विवाद अन्तराष्ट्रिय स्थायी न्यायालयमा निर्णयको लागि सुम्पन मंजुर गर्दछन् । झगडिया देशहरु १६ डिसेम्वर १९२० को अन्तर्राष्ट्रिय स्थायी न्यायालय सम्वन्धी प्रोटोकलका पक्ष रहेनछन् भने त्यस्तोमा सम्बन्धित विवाद त्यस्ता देशको संवैधानिक प्रकृया अनुसार यात अन्तर्राष्ट्रिय स्थायी न्यायालयमा

या अन्तर्राष्ट्रिय विवादको शान्तीपूर्ण समाधान गर्ने सम्बन्धमा १८ अक्टोवर १९०७ को अभिसन्धी अनुसार स्थापना गरिएको मध्यस्थता गर्ने अदालतमा या मध्यस्थता गर्ने अन्य कुनै अदालतमा निर्णयको लागि पेश गरिनेछ ।

धारा – ९

हस्ताक्षर वा अनुमोदन वा सम्मिलन हुंदाका बखत कुनै पनि सदस्य राष्ट्रले अभिसन्धीका कुनै वा सबै प्रावधानहरू आफ्नो सबै वा केहि भूभागमा जस उपर उसको संप्रभूता, अधिकार क्षेत्र, संरक्षण, अधिपत्य वा संरक्षकत्व कायम रहेको छ, लागु हुदैन भनेर घोषित गर्न पाउनेछ । पछि इच्छा लागेमा त्यस्ता प्रावधानहरु लागु हुने गरि सम्मिलन हुन सक्तछ ।

धारा – १०

हस्ताक्षर गर्ने कुनै देशले यो अभिसन्धीबाट हट्न चाहेमा त्यस्तो हट्ने सूचना लिखित रुपमा राष्ट्रसंघको महासचिवलाई दिनु पर्दछ । महासचिवले त्यस्तो सूचनाको प्रमाणित प्रतिलिपी सबै सदस्य देशहरुलाई तुरुन्तै पठाइ दिनेछन् र त्यस्तो सूचना कैले प्राप्त भएको हो सो समेत उल्लेख गरि दिने छन् ।

अभिसन्धीबाट हटने सूचना दिएको एक वर्ष पछि लागु हुने छ र सम्वन्धित सूचना दिने देशको हकमा मात्र लागु हुनेछ ।

यस्तो सूचना आपनो संप्रभुता, अधिकार क्षेत्र, संरक्षण, अधिपत्य वा संरक्षकत्वमा रहेको भूभागको सम्बन्धमा अलग अलग गर्न सकिनेछ ।

धारा – ११

वर्तमान अभिसन्धी जसमा आजको मिति अंकित छ र जसका अंग्रेजी तथा फ्रेंन्च प्रतिलिपीहरु दुवै उत्तीकै आधिकारिक छन, राष्ट्र संघका सदस्य देशहरुलाई हस्ताक्षर गर्नका निमित्त १ अप्रिल १९२७ सम्म खुल्ला राखिएको छ ।

राष्ट्र संघका महासचिवले तत्पश्चात हस्ताक्षर नगर्ने सदस्य देश तथा सदस्य नभएका देशहरुलाई अभिसन्धीमा सम्मिलन हुन आग्रह गर्दै अनुरोध गर्ने छन् ।

कुनै देशले अभिसन्धीमा सम्मीलन हुन चाहेमा सम्मीलन सम्वन्धी कागजात सहितको लिखित जानकारी महासचिव समक्ष पठाउन पर्नेछ र त्यस्तो कागजात राष्ट्र संघको अभिलेखालयमा रहनेछ ।

महासचिवले अन्य सवै हस्ताक्षर गर्ने देशलाई सम्मीलन सम्वन्धी कागजात र त्यस्तो इच्छा व्यक्त गरेको सूचनाको प्रमाणित मूल प्रति र त्यस्तो सूचना पाएको मिति खोली तुरुन्तै पठाउनेछ ।

धारा – १२

यो वर्तमान अभिसन्धी अनुमोदन गरिनेछ र अनुमोदन गरेको कागज राष्ट्रसंघको महासचिव समक्ष पेश गर्नुपर्ने छ । यस्तो लिखत प्राप्त भएपछि महासचिवले सदस्य राष्ट्रलाई सूचना पठाउनु पर्ने छ ।

प्रत्येक अनुमोदन गर्ने वा सम्मीलन हुने राष्ट्रको निमित्त यो अभिसन्धी त्यस्तो लिखत पेश गरेको मिति देखि लागु हुनेछ ।

यीनै कुरामा विश्वास गरेर अधिकार प्राप्त महादूतहरुले वर्तमान अभिसन्धीमा हस्ताक्षर गरेका छन् ।

पच्चीस सेप्टेम्बर एक हजार नौ सय छब्बिसका दिन एक प्रतिमा जेनेभामा हस्ताक्षर गरियो र यो प्रति राष्ट्र संघको अभिलेखालयमा राखिनेछ । हस्ताक्षर गर्ने प्रत्येक देशलाई प्रमाणित प्रति पठाइनेछ ।

=०=

दासत्व अभिसन्धीलाई संशोधन गर्ने २५ सेप्टेम्वर १९५३ मा जेनेभामा हस्ताक्षर गरिएको प्रोटोकल

साधारण सभाले निर्णय नं ७९४ (VIII) मिति २३ अक्टोवर १९५३ मा अनुमोदित गरेको

लागु मिति: ७ डिसेम्वर १९५३ (धारा ३ अनुसार)

वर्तमान प्रोटोकलका राष्ट्र पक्षहरुले -

जेनेभामा २५ सेप्टेम्वर १९२६ मा हस्ताक्षर गरिएको दासत्व अभिसन्धी (यस पछि अभिसन्धी भनि सम्वोधन गरिएको) अन्तर्गत राष्ट्र संघले निश्चित काम कर्तव्य पूरा गर्नु पर्ने दायित्व लिएको कुरालाई विचार गर्दै,

राष्ट्र संघले ती काम तथा कर्तव्यहरु पूरा गर्ने क्रम चालु राख्न उपयुक्त हुने कुरालाई विचार गर्दै,

निम्न वमोजिम गर्न मंजुर भएका छन:

धारा - १

यस प्राटोकलका पक्ष भएका राष्ट्रहरु यस प्रोटोकलका प्रावधान अनुरुप आफूहरु वीच प्रोटोकललाई कानूनी मान्यता दिई प्रभावी वनाउनका साथै यस प्रोटोकलको अनुसूचीमा उल्लेख गरिएका अभिसन्धीलाई संशोधन गर्ने प्रावधानहरुलाई विधिपूर्वक प्रयोगमा ल्याउने छन् ।

धारा - २

१. वर्तमान प्रोटोकल अभिसन्धीका पक्ष सदस्य राष्ट्रहरुलाई, जसलाई महासचिवले प्राटोकलको प्रतिलिपी पठाएका छन, को हस्ताक्षर वा स्वीकार गर्नका निमित्त खुल्ला रहनेछ ।

२. राष्ट्रहरु यस प्रोटोकलमा निम्न वमोजिम पक्ष हुनेछन् -

(क) विना आरक्षण स्वीकृतिको हस्ताक्षर गरेर,

(ख) आरक्षण सहित स्वीकृतीको हस्ताक्षर गरेर, तत्पश्चात स्विकृती गरेर

(ग) स्वीकृती

३. संयूक्त राष्ट्रका महासचिव कहाँ स्वीकृतीको औपचारिक लिखत पेश गरे पछि स्विकृति लागु हुनेछ ।

धारा - ३

१. यो प्रोटोकल यसमा दुईवटा राष्ट्र पक्ष भएको मिति देखि लागु हुने छ र त्यसपछि यसमा पक्ष हुने प्रत्येक राष्ट्रको सन्दर्भमा पक्ष भएको मितिदेखि लागु हुनेछ ।

२. यस प्रोटोकलको अनुसूचीमा उल्लेख भएका संशोधनहरु त्यस मिति देखि लागु हुनेछन् जव तेइस देश यस प्राटोकलका पक्ष हुनेछन् तत्पश्चात सो संशोधन लागु भै सकेपछि अभिसन्धीको पक्ष हुने राष्ट्रहरू संशोधित अभिसन्धीको पक्ष हुने छन् ।

धारा - ४

संयूक्त राष्ट्र संघको वडा पत्रको धारा १०२ को प्यारा १ तथा सो वडा-पत्र अनुरुप साधारण सभाले पारित गरेको नियम अनुसार राष्ट्रसंघको महासचिवलाई प्रोटोकल तथा प्रोटोकलले गरेका संशोधनहरु लागु भएको मितिमा दर्ता गर्ने तथा दर्ता हुना साथ जति सक्तो चाँडो प्रोटोकल तथा संशोधित अभिसन्धी प्रकाशित गर्ने अधिकार हुनेछ ।

धारा - ५

वर्तमान प्रोटोकलका चाइनीज, अंग्रेजी, फ्रेंन्च, रसियन तथा स्पेनिस भाषाका प्रतिहरु वरावर आधिकारिक हुनेछन् र यी प्रतिहरु संयूक्त राष्ट्र

संघको सचिवालयको अभिलेखालयमा राखिने छन् । संशोधित हुने अभिसन्धी जो अंग्रेजी तथा फ्रेंच भाषामा मात्र अधिकारिक छ, अनुसूचीको अंग्रेजी तथा फ्रेंन्च भाषाका प्रतिलिपीहरु उत्तिकै आधिकारिक हुनेछन् र अनुसूचीका चाइनीज, रसीयन र स्पेनीस भाषाका प्रतिहरु अनुवाद मानिने छन् । महासचिवले अनुसूची सहितको प्रोटोकलको प्रमाणित प्रतिलिपीहरु तयार गरि अभिसन्धीका पक्ष राष्ट्रहरु तथा संयुक्त राष्ट्र संघका अरु सदस्य राष्ट्र कहाँ पठाइ दिने छन् । महासचिवले राष्ट्र संघका सदस्य नरहेका देशलाई पनि धारा ३ अनुसार संशोधन लागु भएपछि संशोधित अभिसन्धीको प्रमाणित प्रतिलिपी पठाइ दिने छन् ।

निम्न साक्षीका रोहवरमा तल हस्ताक्षर गर्नेहरुले, जो उनीहरुका सरकारका तर्फबाट विधीवत अधिकृत नियुक्त भएका छन्, आफ्ना हस्ताक्षरका सामुन्ने लेखिएको मितिका दिन हस्ताक्षर गरेका छन् ।

संयूक्त राष्ट्र संघको मुख्य कार्यालयमा वसेर एक हजार नौसय त्रिपन्न सालको डिसेम्वरको सातौ दिन यो प्रोटोकल पारित गरियो ।

दासत्व अभिसन्धीलाई संशोधन गर्न जेनेभामा २५ सेप्टेम्वर १९५३ का दिन हस्ताक्षर गरिएको प्रोटोकलको अनुसूची

धारा ७ मा रहेका "राष्ट्र संघका महासचिव" को ठाउँमा "संयूक्त राष्ट्रका महासचिव" भन्ने शब्दहरु राखिने छन् ।

धारा ८ मा रहेका "स्थायी अन्तर्राष्ट्रिय न्यायालय" को ठाउँमा "अन्तर्राष्ट्रिय न्यायालय" र "स्थायी अन्तर्राष्ट्रिय न्यायालयको सम्बन्धमा १६ डिसेम्वर १९२० को प्रोटोकल" को ठाउँमा "अन्तर्राष्ट्रिय न्यायालयको ऐन" भन्ने शब्दहरु राखिएका छन् ।

धारा ११ का अन्तिम तिन प्याराहरुको सट्टा निम्न प्यारा राखिएका छन् -

"वर्तमान अभिसन्धी सबै राष्ट्रहरू, जसमा संयुक्त राष्ट्र संघका सदस्य नभएका राष्ट्र पनि छन् र जसलाई संयुक्त राष्ट्रका महासचिवले अभिसन्धीको

प्रमाणित प्रति पठाइ दिएको छ, को निमित्त सम्मीलनका लागि खुल्ला रहनेछ ।"

सम्मीलन, संयुक्त राष्ट्रका महासचिव समक्ष औपचारिक कागज पेश गरेपछि लागु हुनेछ । महासचिवले अभिसन्धीका पक्ष भएका राष्ट्रहरु र यस धारामा उल्लेख गरिए अनुसारका अरु राष्ट्रलाइ सम्मीलन सम्वन्धी औपचारिक पत्रहरु प्राप्त भएको र ती पत्रहरु कुन दिन प्राप्त भए भन्ने कुराको सूचना दिने छन् ।

धारा १२ मा "राष्ट्र संघ (लीग अफ नेसन्स)" को सट्टा "संयुक्त राष्ट्र" भन्ने शब्दहरु राखिने छन् ।

=०=

दासत्व, दास ब्यापार वा दासत्व सरहका संस्था तथा प्रचलनको उन्मूलन सम्बन्धी सहायक अभिसन्धी

आर्थिक सामाजिक परिषदको मिति ३० अप्रिल १९५६ को निर्णय नं ६०८ (XXI) द्वारा
जेनेभामा बोलाइएको अधिकार प्राप्त महादूतहरूको सम्मेलनद्वारा
मिति ७ सेप्टेम्बर १९५६ द्वारा पारित

लागु मिति: ३० अप्रिल १९५७ (धारा १३ अनुसार)

प्रस्तावना

वर्तमान अभिसन्धीका राष्ट्रपक्षहरू,

स्वतन्त्रता प्रत्येक मानवको जनमसिद्ध अधिकार हो भन्ने कुरालाइ विचार गरेर, संयूक्त राष्ट्रका जनताहरुले वडापत्रमा रहेको मानव मात्रको मूल्य र प्रतिष्ठा प्रतिको विश्वासलाई पुन: खम्वीर गरेको कुरालाइ ध्यान दिएर,

संयूक्त राष्ट्र संघको साधारण सभाले सबै मानिस तथा राष्ट्रको निमित्त साझा स्तर प्राप्तीको निमित्त पारित गरेको मानव अधिकार सम्बन्धी विश्वबयापी घोषणा पत्रमा उल्लेख भएको कसैलाइ पनि दासत्वमा राखिने छैन तथा सवै किसिमका दास ब्यापार उन्मुलन गरिने छन भन्ने प्रावधानलाई विचार गरेर,

दासत्व तथा दास ब्यापारलाई उन्मूलन गर्ने उद्देश्यले जेनेभामा २५ सेप्टेम्वर १९२६ का दिन हस्ताक्षर भएको दासत्व अभिसन्धी आए पश्चात यस दिशामा भएको प्रगतिलाई मुल्याङ्कन गर्दै,

जवर्जस्ती वा अनिवार्य श्रमको क्षेत्रमा सन १९३० मा बनेको जबर्जस्ती श्रम अभिसन्धी र सो पश्चात अन्तर्राष्ट्रिय श्रम संगठनबाट भएका कामहरू प्रति श्रद्धा गर्दै,

कामलाई यस अभिसन्धीका पक्ष राष्ट्रका कानूनद्वारा फौज्दारि अपराध ठहराइनेछ र यस्ता अपराध गर्ने ठहरिएका ब्यक्तिलाइ कठोर सजाय दिइनेछ ।

२. (क) पक्ष भएका राष्ट्रले आफ्नो झण्डा हाल्ने पानी जहाज तथा हवाइ जहाजमा दासहरु ओसारपसार गर्ने कुरालाई रोक्न तथा यस्तो काम गर्ने वा यस प्रयोजनको निमित्त राष्ट्रिय झण्डा प्रयोग गर्न यातायातका साधर्नेलाइ सजाय गर्नका लागि आवश्यक प्रभावशाली उपाय गर्नेछन ।

(ख) आफ्नो वन्दरगाह, हवाइ मैदान वा समुद्री किनारा दास ओसार पसार गर्ने काममा प्रयोग गर्न नसकियोस भन्ने कुरा सुनिश्चित गर्न सदस्य राष्ट्रले आवश्यक सबै प्रभावी उपायहरु गर्ने छन ।

३. दास व्यापार विरुद्धको लडाइमा लिएका सबै उपायहरुको व्यवहारिक समन्वय सूनिश्चित गर्न सबै सदस्य राष्ट्रहरुले एक अर्कालाई प्राप्त सूचना आदान प्रदान गर्ने छन र उनीहरुको जानकारीमा आएसम्म दास ब्यापारका प्रत्येक घटना र यस्तो फौज्दारी अपराध गर्ने प्रत्येक प्रयासको सूचना एक अर्कालाइ दिनेछन् ।

धारा - ४

यस अभिसन्धीको कुनै सदस्य राष्ट्रको जहाजमा कुनै दासले शरण लिएमा त्यो दास स्वत: स्वतन्त्र हुनेछ ।

दफा -३
दासत्व र दास सरहका संस्था तथा प्रचलन

धारा - ५

जुन देशमा दासत्व वा यस अभिसन्धीको धारा १ मा भनिएका संस्था वा प्रचलनको उन्मूलन वा परित्याग अझै पूर्ण भै सकेको हुदैन, त्यहां दास वा सो सरहको ब्यक्तिलाइ अंगभंग गर्ने वा चिन्हो लगाउने वा डाम्ने काम चाहे

त्यो हैसियत देखाउन वा सजायको रुपमा वा अन्य कुनै कारणले गरिएको होस वा यी काममा मतियार हुने जस्ता सबै कामहरू यस अभिसन्धीका सदस्य देशको कानूनद्वारा फौज्दारी अपराध ठहर्ने छन् र यी अपराध गर्ने ठहरिएको व्यक्तिलाइ सजाय गरिनेछ ।

धारा - ६

१. अर्को व्यक्तिलाइ दास बनाउने, वा अर्को व्यक्ति स्वयमलाई वा उसको आश्रितलाई दास हुन वाध्य गराउने वा यस्ता काम गर्न उद्योग गर्ने वा यस्ता काममा मतियार हुने वा यस्ता काम गर्ने षडयन्त्रमा भागीदार हुने क्रियाकलापहरू यस अभिसन्धीका सदस्य देशहरुको कानूनद्वारा फौज्दारी अपराध कायम गरिने छन् र यस्ता काम गरेको ठहरिएको व्यक्ति सजायको भागी हुनेछ ।

२. यस अभिसन्धीको धारा १ को परिभाषक अनुच्छेदका प्रावधानहरुको अधिनमा रहि यस धाराको प्यारा १ मा उल्लेख भएका प्रावधानहरु कुनै व्यक्तिलाइ स्वयं वा उसको आश्रित व्यक्तिलाई धारा १ मा भनिएका संस्था वा व्यवहारको आधारबाट दास सरह हुन वाध्य गराउनेलाई; यस्ता काम गर्न उद्योग गर्नेलाइ, मतियार हुनेलाई वा यस्ता कामको षडयन्त्रमा सहभागी हुनेलाइ समेत लागु हुनेछ ।

दफा -४
परिभाषा

धारा - ७

यस अभिसन्धीको प्रयोजनका निमित्त

(क) "दासत्व" भन्नाले, १९२६ को दासत्व अभिसन्धीमा परिभाषा गरेझै व्यक्तिको हैसियत वा अवस्था बुझिन्छ । जसमाथी स्वामीत्वको अधिकारसंग संवन्धित कुनै वा सबै अधिकारको प्रयोग गरिन्छ र दास भन्नाले यस्तै हैसियत वा अवस्थामा रहेको व्यक्ति भन्ने बुझिन्छ ।

धारा – १२

१. यो अभिसन्धी ती सबै स्वयं शासन नगर्ने गुठीलाई, उपनिवेशिक तथा अन्य शहर वाहेकका भूभागहरु जस्को अन्तर्राष्ट्रिय सम्बन्धका निमित्त सदस्य राष्ट्र जिम्मेवार हुन्छ, मा पनि लागु हुन्छ । यस अभिसन्धीको सम्वन्धित सदस्य राष्ट्रले हस्ताक्षर गर्दा कै बखत वा अनुमोदन वा सम्मिलन गर्दाका बखत यस धाराको प्यारा २ को अधिन यस्ता भूभागमा हस्ताक्षर, अनुमोदन वा सम्मिलन भएकै बखत देखि स्वत:लागु हुनेछ भन्ने घोषणा गर्नु पर्दछ ।

२. शहर बाहेकका प्रदेशको पूर्व स्वीकृति यस्ता प्रदेशको वा सम्बन्धित देशको संविधान वा ब्यवहारबाट आवश्यक रहेछ भने त्यस्तोमा, सो सदस्य देशले अभिसन्धीमा हस्ताक्षर गरेको १२ महिना भित्र स्विकृती प्राप्त गर्नु पर्दछ र प्राप्त भएपछि महासचिवलाई सूचित गर्नु पर्दछ । महासचिवले सूचना प्राप्त गरेको मितिदेखि यस्ता प्रदेशमा अभिसन्धी लागु हुनेछ ।

३. माथि प्यारा २ मा भनिएको १२ महिनाको अवधी नाघेपछि सम्बन्धित सदस्य राष्ट्रले महासचिवलाई त्यस्तो प्रदेश, जस्को अन्तर्राष्ट्रिय संवन्धका लागि उ जिम्मेवार छ, संग भएको कुराकानीका नतिजा र अभिसन्धी लागु गर्ने सहमती वापस लिएको सूचित गर्ने छ ।

धारा – १३

१. यो अभिसन्धी यसमा दुइवटा देश सदस्य भएको मिति देखि लागु हुने छ ।

२. त्यस पछि यो अभिसन्धी प्रत्येक राष्ट्र वा प्रदेशका निमित्त सम्बन्धित राष्ट्रले अनुमोदन वा सम्मीलन हुने आसयको लिखत वा यस्ता प्रदेशमा प्रयोग हुने आसयको सूचना जम्मा गरेको मिति देखि लागु हुनेछ ।

धारा – १४

१. यो अभिसन्धीको प्रचलनलाई लगातार ३ वर्षको अवधीमा बाँडिनेछ जस्को पहिलो अवधीको शुरुवात धारा १३ को प्यारा १ अनुसार अभिसन्धी लागु भएको मिति देखि शुरु हुनेछ ।

२. कुनै सदस्य राष्ट्रले चालु ३ वर्षको अवधी समाप्त हुनु भन्दा कम्तीमा ६ महिना अगाडी महासचिवलाई सम्बोधन गरि लेखिएको अभिसन्धी अन्त भएको सूचना लिएर त्याग्न सक्नेछ । महासचिवले यस्तो सूचना प्राप्त भएको मिति समेत खोली सबै सदस्य राष्ट्रहरुलाइ जानकारी गराउनेछ ।

३. अन्त भएको सूचना चालु ३ वर्षको अवधी समाप्त भए पछि लागु हुनेछ ।

४. जहा, धारा १२ को प्रावधान अनुसार, सदस्य देशको असहरिया भूभागमा अभिसन्धी लागु भएको छ, सदस्य देशले त्यसपछि कुनै पनि समयमा सम्बन्धित भूभागको सहमति लिएर सो भूभागमा अभिसन्धी अन्त गरेको सूचना महासचिवलाई दिन सक्ने छ । महासचिव समक्ष यस्तो सूचना प्राप्त भएको मितिले एक वर्ष पछि अन्त भएको कुरा लागु हुनेछ ।

धारा – १५

यो अभिसन्धीका चाइनीज, अंग्रेजी, फ्रेंच, रसियन र स्पेनिश प्रति उत्तिकै अधिकृत रहने छन र तीनलाई संयूक्त राष्ट्र संघको सचिवलायको अभिलेखालयमा राखिने छ । महासचिवले अभिसन्धीको प्रमाणित प्रतिलिपी तयार गरेर अभिसन्धीका सदस्य राष्ट्रहरु, संयूक्त राष्ट्र संघका अन्य सदस्य देशहरु तथा विशेष संस्थाहरु लाइ पठाइ दिने छन ।

सम्बन्धित सदस्य राष्ट्रका विधीवत प्रतिनिधीहरुले परस्परको रोहवरमा तल हस्ताक्षर गर्नेहरुले आफ्नो हस्ताक्षर भएको अगाडी लेखिएको मितिमा यस अभिसन्धीमा हस्ताक्षर गरेका छन् ।

मिति सेप्टेम्बर सात तारिख, एक हजार नौसय छपन्नको दिन संयूक्त राष्ट्र संघको यूरोपियन कार्यालय जेनेभामा यो अभिसन्धी बनाइयो ।

=O=

त्यस्तो ब्यक्तिलाई आफ्नो देशबाट निकाल्न, फर्काउन वा प्रत्यार्पण गर्ने छैन ।

२. यस्तो आधार छन् छैनन् भन्ने कुराको निर्धारण गर्ने कुरामा सक्षम अधिकारीले सबै सम्बन्धीत कुराहरुलाई विचार गर्नु पर्दछ, खास गरि, जहां आवश्यक हुन्छ, सम्वन्धीत देशमा मानव अधिकारको उल्लंघनको गंभीरताको स्थितिलाई विचार गर्न सक्तछ ।

धारा - ४

१. पक्ष भएको प्रत्येक राष्ट्रले हरेक यातना दिने कामलाई आफ्नो फौज्दारी कानूनको तहत अपराध हो भन्ने निर्धारण गर्नु पर्दछ । यहि कुरा यातना दिने उद्योगको सम्बन्धमा र यातनामा सहभागीता वा मतियार हुने कुनै ब्यक्तिका सम्बन्धमा पनि लागु हुनेछ ।

२. हरेक सदस्य राष्ट्रले गंभीरता हेरेर यस्ता अपराधहरुलाई उचित सजाय हुने ब्यवस्था गर्ने छ ।

धारा - ५

१. हरेक सदस्य राष्ट्रले निम्न स्थितिमा धारा ४ मा उल्लेख भएका अपराध सम्बन्धमा अधिकार क्षेत्र स्थापना गर्न आवश्यक उपाय गर्नु पर्दछः

(क) जव आफ्नो अधिकार क्षेत्र भएको सिमा भित्र वा सो राज्यमा दर्ता भएको पानी जहाज वा हवाइ जहाजमा त्यस्तो अपराध गरिएको हुन्छ;

(ख) जव अभियुक्त ब्यक्ति त्यस देशको नागरिक हुन्छ,

(ग) आफ्नो राष्ट्रको नागरिक शिकार भएको छ र उचित ठहर्दछ भने,

२. यसै गरी हरेक सदस्य राष्ट्रले यस्ता अपराधको सम्बन्धमा आफ्नो अधिकार क्षेत्र स्थापना गर्ने प्रयत्न गर्नु पर्दछ जुन अपराध गर्ने अभियुक्त आफ्नो अधिकार क्षेत्र भित्र पर्ने कुनै भूभागमा रहेको छ र जसलाई यस

धाराको पहिलो प्याराग्राफमा उल्लेख भएको राष्ट्रलाई धारा ८ बमोजिम प्रत्यार्पण गर्दैन ।

३. यस अभिसन्धीले आन्तरिक कानुन अन्तर्गत प्रयोग हुने फौज्दारी अधिकार क्षेत्रलाई वाहेक गर्दैन ।

धारा – ६

१. आफु समक्ष प्राप्त भएसम्मका सूचनाहरुको छानविनबाट, कुनै पनि सदस्य राष्ट्रले, जसको अधिकार क्षेत्र भित्र धारा ४ मा उल्लेख भए बमोजिमको अपराधको अभियोग लागेको व्यक्ति छ भन्ने कुरामा सन्तुष्ट हुन्छ भने सो राष्ट्रले त्यस्तो व्यक्तिलाई हिरासतमा राख्न सक्तछ वा त्यस्तो कानूनी उपाय गर्न सक्तछ जसबाट उसको उपस्थिति सुनिश्चित होस् । हिरासतमा राख्ने अन्य कानूनी उपाय सो देशको कानूनमा उल्लेख भए अनुसार हुनु पर्नेछ तर सो कुरा विधीवत मुद्दा नचलाउन्जेल वा प्रत्यार्पण प्रक्रिया नचलाउनजेलसम्मको अवधीसम्म मात्र कायम रहनेछ ।

२. यस्तो राष्ट्रले तुरुन्तै प्रारम्भिक जांचपडताल शुरु गर्नेछ ।

३. यस धाराको प्यारा १ बमोजिम थुनामा परेको व्यक्तिलाई उसको देशको सबैभन्दा नजीकमा रहेको प्रतिनिधीलाई खवर गर्ने काममा सहयोग गरिने छ । यदि त्यस्ता थुनामा रहेको व्यक्ति राज्य बिहिन रहेछ भने उ सामान्यतया वसोवास गर्ने देशको प्रतिनिधिलाई खवर गर्ने कुरामा मद्दत गरिनेछ ।

४. यस धारा अनुसार हिरासतमा राख्ने देशले तुरुन्तै धारा ५ को प्यारा १ मा उल्लेख भएको देशलाई अमुक व्यक्ति अमुक कारणले हिरासतमा छ भनी हिरासतमा रहेका व्यक्तिको नाम र थुनामा रहनु पर्ने परिस्थिति र कारण खोली जानकारी दिनु पर्नेछ । त्यो राष्ट्र जसले यस धाराको प्यारा २ बमोजिमको प्रारम्भिक छानविन गराएको छ, त्यस्तो छानविनको परिणाम तुरुन्तै सम्बन्धित देशलाई दिनेछ र यस्तो सूचना दिंदा आफ्नो अधिकार क्षेत्र प्रयोग गर्न चाहन्छ कि चाहदैन त्यो पनि उल्लेख गरिदिनु पर्नेछ ।

धारा - १२

प्रत्येक सदस्य देशले आफ्नो अधिकार क्षेत्र भएको भूभागमा यातना दिने कार्य भएको छ भन्ने कुरा विश्वास गर्नु पर्ने उचित आधार पाएमा सक्षम अधिकारीबाट तुरुन्तै निष्पक्ष रुपमा छानवीन गराउने कुरालाई सूनिश्चित गर्नेछन् ।

धारा - १३

प्रत्येक सदस्य देशले, आफ्नो अधिकार क्षेत्र भएको भूभागमा कसैले मलाई यातना गरियो भन्दछ भने उसलाई सो कुरामा उजुर गर्ने अधिकार र त्यसमा सक्षम अधिकारीबाट तुरुन्तै र निष्पक्षरुपमा छानविन गर्ने कुरालाई सुनिश्चित गर्नु पर्दछ । उजुर गर्ने तथा उसका साक्षीलाई उजुर गरेको वा प्रमाण दिएको कुरालाई लिएर उनीहरुलाई हुन सक्ने दुर्व्यवहार वा डर त्रास दिने कुरामा संरक्षण गर्ने उपायहरूको सम्बन्धमा कदम चाल्नु पर्नेछ ।

धारा - १४

१. प्रत्येक सदस्य राष्ट्रले आफ्नो कानुन प्रणालीद्वारा यातना दिने कार्यको शिकार भएको व्यक्तिलाई उपचार पाउने र जायज र पर्याप्त क्षतिपूर्ति माग गर्ने अधिकारका अलावा संभव भएसम्म पूर्णरुपमा पुनरुद्धारको निमित्त आवश्यक साधनको कुरा सुनिश्चत गर्नु पर्दछ । यातना दिने कामबाट कसैको मृत्यु भएको खण्डमा मृतकका आश्रितहरु क्षतिपूर्ति पाउने हकदार हुनेछन् ।

२. यस धारामा लेखिएका कुनै पनि कुराले देशको कानून अनुरुप पिडीत व्यक्ति वा अरुलाई प्राप्त क्षतिपूर्ति माग गर्ने अधिकारलाई कुनै प्रतिकुल असर पार्ने छैन ।

धारा - १५

प्रत्येक सदस्य देशले यातना दिएर गराईएको बयानलाई यातना दिने व्यक्तिको विरुद्ध वाहेक कुनै पनि कार्वाहिको निमित्त प्रमाणको रुपमा प्रयोग गर्न नसकिने कुरा सुनिश्चित गर्नेछन् ।

धारा – १६

१. प्रत्येक सदस्य देशले आफ्नो अधिकार क्षेत्र भएको भूभागमा सरकारी अधिकृत वा अन्य कुनै व्यक्ति, जो सरकारी हैसियतमा छ, ले स्वयम वा उसको उक्साहटमा वा उसको सहमतीले वा स्वीकृतीबाट भएका वा हुने धारा १ मा उल्लेख भएको यातना ठहर्ने वाहेकका, अन्य क्रुर, अमानवीय वा अपमानजनक ब्यवहार वा सजायहरु रोक्नु पर्नेछ । खास गरी धारा १०, ११, १२ र १३ मा यातनाका सम्बन्धमा उल्लेख भएका दायीत्वहरु अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायका सम्बन्धमा समेत लागु हुने छन् ।

२. यो अभिसन्धीका प्रावधानहरुले अन्य अन्तर्राष्ट्रिय दस्तावेज वा राष्ट्रिय कानूनमा भएका प्रावधान जसले क्रुर, अमानवीय वा अपमानजनक ब्यवहार वा सजायलाई रोक्तछन् वा जो प्रत्यार्पण वा निष्काशनसंग सम्वन्धित छन्, लाई असर पार्ने छैनन् ।

भाग २

धारा – १७

१. यस अभिसन्धीमा उल्लेख भएका काम गर्न एउटा यातना विरुद्धको समिति (यस पछि समिति भनिएको छ) को स्थापना गरिनेछ । समितिमा मानव अधिकारको क्षेत्रमा ख्याती प्राप्त र उच्च नैतिक आदर्श भएका १० जना विशेषज्ञ ब्यक्तिगत हैसियतमा रहने छन् । विशेषज्ञहरुको छनौट सदस्य देशहरुले गर्नेछन् । यसो गर्दा समन्यायिक भौगोलिक वितरणलाई महत्व दिइनेछ र कानूनको अनुभव भएका केही सदस्य भएमा बढी उपयोगी हुन सक्तछ भन्ने कुरालाई समेत ध्यान दिइनेछ ।

२. समितिका सदस्यहरुको निर्वाचन सदस्य राष्ट्रहरुले प्रस्तुत गरेका नामहरुको सूची मध्येबाट गोप्य मतदानको आधारबाट गरिनेछ । प्रत्येक सदस्य राष्ट्रले एकजना नागरिकलाई मनोनित गर्न पाउँछ । सदस्य राष्ट्रले यस्तो मनोनित गर्दा सकभर नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेज अनुसार गठन भएको मानव अधिकार समितिका सदस्य भएको व्यक्ति जो यातना विरुद्धको समितिमा रहि सेवा गर्न इच्छुक छन्, लाई मनोनित गरिएमा राम्रो हुन्छ भन्ने ठानेर गर्नु पर्दछ ।

४. समितिले आफ्नो विवेकबाट माथी प्यारा ३ अनुसार आफूले गरेको टिप्पणी र सदस्य राष्ट्रले त्यस्मा गरेको प्रतिक्रिया धारा २४ अनुसारको आफ्नो वार्षिक प्रतिवेदनमा समावेश गर्नेछ । सम्वन्धित सदस्य राष्ट्रले अनुरोध गरेमा प्यारा १ वमोजिम प्राप्त भएको प्रतिवेदन समेत वार्षिक प्रतिवेदनमा समितिले समावेश गर्ने छ ।

धारा - २०

१. समितिलाई प्राप्त भएको कुनै विश्वसनिय सूचनाबाट कुनै राज्यको अधिकार क्षेत्र भएको भूभागमा सिलसिलावद्ध ढंगबाट यातना दिने काम भई राखेकोछ भन्ने देखिएमा समितिले सो सूचनाको सम्वन्धमा छानविन गर्ने कुरामा सहयोग गर्न तथा सूचनाको सम्बन्धमा आफ्नो राय पेश गर्न सम्बन्धित देशलाई अनुरोध गर्ने छ ।

२. सदस्य राष्ट्रले प्रस्तुत गरेको राय तथा आफूले प्राप्त गरेको कुनै सूचनाको मुल्याङ्कन अध्ययन पश्चात समितिलाई लागेमा यसले आफ्नो एक वा एक भन्दा बेसि सदस्यलाई गोप्य छानविन गरि प्रतिवेदन पेश गर्न लगाउन सक्तछ ।

३. माथी प्यारा २ अनुसार छानविन गरिएको खण्डमा समितिले सम्बन्धित राष्ट्रको सहयोग माग्न सक्ने छ । छानबिनका क्रममा सदस्य राष्ट्रको सहमति लिएर त्यस राष्ट्रको भूभागमा अध्ययन टाली पठाउन समितिले सक्ने छ ।

४. आफ्ना सदस्य वा सदस्यहरुले यसै धाराको प्यारा २ अनुसार पेश गरेको निष्कर्सलाई आयोगले आफ्नो टिप्पणी या सल्लाह समेत राखेर त्यस्तो सदस्य राष्ट्र समक्ष पठाउने छ ।

५. समितिका माथी प्यारा १ देखी प्यारा ४ सम्मका कार्वाहि गोप्य रहने छन् र कार्वाहीको प्रत्येक तहमा सम्बन्धित राष्ट्रको सहयोग अपेक्षा गरिन्छ । प्यारा २ वमोजिम छानविनको प्रकृया पूरा भएपछि समितिले सम्वन्धित सदस्य राष्ट्रसंग छलफल गरेर धारा २४ अनुसारको वार्षिक प्रतिवेदनमा कार्वाहिको नतिजाको सारांश समावेश गर्ने छ ।

धारा - २१

१. कुनै सदस्य देशले जुनसुकै समय पनि यस धारा अनुसार कुनै एउटा देशले कुनै अर्को देशद्वारा यस अभिसन्धी अनुसारको दायित्व पूरा गरेको छैन भन्ने वारेको उजुर लिन र छानविन गर्न सक्ने सक्षमतालाई मान्यता दिएको घोषणा गर्न सक्तछ । यस्तो उजुरी कुनै सदस्य राष्ट्र जसले समिति यस्ता कुरामा विचार गर्न सक्षम छ भनेर घोषणा गरेको छ, ले सूचना गरेको भए मात्र समितिले त्यसलाई प्राप्त गरि यस धारामा लेखिएको प्रकृया पुऱ्याएर छानविन गर्दछ । यस्तो घोषणा नगर्ने देश विरूद्ध गरेको उजुरी उपर समितिले कुनै छानविन गर्नेछैन । यस धारा अनुसार प्राप्त उजुरीमा निम्न प्रकृया पुऱ्याएर कार्वाहि (छानविन) गरिनेछ -

(क) कुनै सदस्य देशले यस अभिसन्धी वमोजिमका कुराहरुको पालना गरेको छैन भन्ने कुरा अर्को सदस्य देशलाई लागेमा त्यस्तो देशले उक्त कुराको सूचना पहिले त्यस्तो देशलाई दिनु पर्दछ । त्यस्तो सूचना प्राप्त गरेको तिन महिना भित्र सूचना पाउने राष्ट्रले सूचना पठाउने राष्ट्रलाई सो कुराको स्पष्टिकरण वा अन्य कुराहरु लिखित रुपमा पठाउनु पर्दछ, जसमा सम्भव भएसम्म र आवश्यक देखिए सम्मका घरेलु प्रकृया र उपचारहरु गरिएको वा उपलव्ध भएको कुरा उल्लेख गर्नु पर्दछ ।

(ख) पहिलो राष्ट्रले पठाएको सूचना प्राप्त भएको मितिले ६ महिना भित्र दुवै राष्ट्रवीच कुरा मिलेन भने कुनै पनि राष्ट्रले समिति समक्ष उजुर गर्न सक्तछ तर त्यसको जानकारी सम्बन्धित देशलाई पनि दिनु पर्दछ ।

(ग). यस्तो उजुरी प्राप्त भए पछि समितिले सामान्यत अन्तर्राष्ट्रिय कानूनका सिद्धान्त अनुसार सो विषयमा घरेलु उपचार पूरा गरे नगरेको कुरा एकिन गरेर मात्र आफूले कार्वाहि शुरु गर्नेछ । तर घरेलु उपचार अनावश्यक तवरबाट ढिलो गरेको वा प्राप्त उपचार प्रभावी उपचार नदिने खाल्को भएमा भने यस प्यारामा लेखिएका कुराहरू लागु हुने छैनन् ।

(ii) नीज व्यक्तिले उपलब्ध हुने सम्मका घरेलु उपचार सबै प्रयोग गरि सकेको छ छैन । घरेलु उपचार उपलब्ध गर्ने सम्बन्धमा घरेलु उपचार अनावश्यक ज्यादै लामो समय लिने र पिडित ब्यक्तिलाई उपचार दिन नसक्ने खालको कुरामा भने घरेलु उपचार प्रयोग गरि सक्नु पर्ने शर्त पालना गर्न आवश्यक हुनेछैन ।

(६) यो धारा अन्तर्गतको उजुरीमा छानविन गर्दा समितिले वन्द वैठक गर्नेछ ।

(७ समितिले आफ्नो विचार सम्बन्धित राष्ट्र तथा ब्यक्तिलाई दिनेछ ।

(८) यो धारामा उल्लेख भएका प्रावधानहरु यस अभिसन्धीमा पक्ष भएका ५ वटा राष्ट्रले प्यारा एक अनुसारको घोषणा गरे पछि मात्र लागु हुनेछन् । यस्ता घोषणाहरु संयुक्त राष्ट्र संघका महासचिव समक्ष पेश गर्नु पर्छ, जस्ले घोषणाहरु अरु सदस्य राष्ट्रहरु समक्ष पठाइ दिनेछन् । एक पटक गरेको घोषणालाई कुनै पनि समयमा सूचना दिएर फिर्ता गर्न सकिन्छ । कुनै उजुरीमा छानविन भै राखेको बखत घोषणा फिर्ता लिने काम गरे पनि सुनवाई गर्न कुनै वाधा हुदैन । त्यस पछि कुनै ब्यक्तिबाट कुनै उजुरी लिइने छैन तर पूनः घोषणा भएमा पूनः उजुरी सुन्न मिल्दछ ।

धारा - २३

समितिका सदस्यहरु र धारा २१ को उपधारा १ (ङ) अनुसार नियुक्त भएका तदर्थ सम्झौता आयोगका सदस्यहरुले संयुक्त राष्ट्र संघका विशेषज्ञहरुले आयोगमा रहंदा पाउने सुविधा, भत्ता तथा उन्मुक्ति पाउने छन्, जुन संयूक्त राष्ट ्संघको भत्ता र सुविधा सम्बन्धी अभिसन्धीका दफाहरुमा उल्लेख गरिएका छन् ।

धारा - २४

समितिले आफूले गरेका वर्ष भरिका काम कुराको प्रतिवेदन तयार पारि यस अभिसन्धीका सदस्य राष्ट्रहरु र संयूक्त राष्ट्रसंघ समक्ष पेश गर्नु पर्दछ ।

भाग ३

धारा – २५

१. यो अभिसन्धी हस्ताक्षरका निमित्त सबै देशका सामु खुला राखिएकोछ ।

२. यो अभिसन्धी अनुमोदन पश्चात मात्र लागु हुनेछ । अनुमोदन गर्ने लिखत संयुक्त राष्ट्रका महासचिव समक्ष प्रस्तुत गर्नु पर्नेछ ।

धारा – २६

यो अभिसन्धी सम्मिलनका लागि सबै देशका निमित्त खुल्ला राखिएकोछ र सम्मिलन पत्र संयूक्त राष्ट्र संघका महासचिव समक्ष प्रस्तुत गरि सम्मिलनलाई प्रभावी गर्न सकिन्छ ।

धारा – २७

१. यो अभिसन्धी अनुमोदन वा सम्मिलनको वीसौं दस्तावेज संयूक्त राष्ट्र संघका महासचिव समक्ष प्रस्तुत गरेको ३० दिन देखि लागु हुनेछ ।

२. वीसौं अनुमोदन वा सम्मिलन गर्ने लिखत जम्मा भएको मिति पश्चात अनुमोदन वा सम्मिलनको लिखत जम्मा गर्ने राष्ट्रको हकमा यो अभिसन्धी त्यस्तो लिखत जम्मा गरेको मितिले तीसौं दिनदेखि लागु हुनेछ ।

धारा – २८

१. प्रत्येक राष्ट्रले अमिसन्धीमा हस्ताक्षर गर्दा वा अनुमोदन गर्दा वा सम्मिलन हुँदाका बखत धारा २० अनुसारको समितिको सक्षमता मान्दिन भनेर घोषणा गर्न पाउँदछ ।

२. माथि प्यारा १ अनुसार आरक्षण गर्ने कुनै राष्ट्रले राष्ट्रसंघका महासचिव समक्ष सूचना दिएर आफुले गरेको आरक्षणफिर्ता लिन सक्तछ ।

धारा - २९

१. कुनै पनि सदस्य देशले अमिसन्धीमा संशोधन प्रस्ताव गरि संयुक्त राष्ट्र संघको महासचिव समक्ष पठाउन सक्तछ । महासचिवले उक्त प्रस्ताव सबै सदस्य राष्ट्रहरुलाई पठाई दिइ प्रस्ताव उपर छलफल र मतदान गर्नका निमित्त सदस्य राष्ट्रको सम्मेलन गर्नु पर्लाकि नपर्ला सो बारे खबर गर्नु भनि सूचना पठाउने छन् । यस्तो सूचना पठाएको चार महिना भित्र कम्तिमा एक तिहाई सदस्यले सम्मेलनको आवश्यकता ब्यक्त गरे भने महासचिवले संयूक्त राष्ट्र संघको मातहतमा सम्मेलन बोलाउन पर्नेछ । सम्मेलनमा उपस्थित भै मतदान गर्ने सदस्य राष्ट्रहरुले साधारण बहुमतबाट कुनै संशोधन पास गरेमा सबै राष्ट्रलाई स्विकृतिका लागि महासचिवले पठाइ दिने छन् ।

२. माथि प्यारा १ अनुसार पारित गरेको संशोधन दुई तिहाइ सदस्यले आफ्नो देशको संबैधानिक प्रक्रिया अनुसार स्विकार गरेको कुराको सूचना महासचिवलाई दिएमा लागु हुनेछ ।

३. लागु भएको संशोधन त्यसलाई स्विकृति दिने देशका निमित्त वाध्यात्मक हुनेछ र अरु देशलाई समेत लागु हुनेछ ।

धारा - ३०

१. यो अभिसन्धीको ब्याख्या तथा प्रयोगका सम्बन्धमा कुनै दुई वा खुइ भन्दा बेसी राष्ट्रका वीच उठेको विवाद आपसि सम्झौताबाट समाधान हुन सकेन भने कुनै एक पक्षको अनुरोधमा मध्यस्थ समक्ष पेश गरिनेछ । मध्यस्थ समक्ष पेश गर्ने अनुरोध भएको ६ महिना भित्र मध्यस्थताको स्थापना गर्न सहमति हुन नसकेमा, कुनै एक पक्षले अन्तराष्ट्रिय अदालतको कानून अनुसार अन्तर्राष्ट्रिय अदालतमा मुद्दा पेश गर्न सक्नेछ ।

२. प्रत्येक सदस्य देशले हस्ताक्षरको बखत वा अनुमोदन वा सम्मीलन हुंदा कै बखत यस धाराको प्यारा १ को कुरा मान्न वाध्य हुने छैन भनेर घोषणा गर्न सक्तछ । यस प्रकार आरक्षण गर्ने राष्ट्रका सम्बन्धमा अरु राष्ट्रहरु प्यारा १ मा उल्लेख भए अनुसार गर्न वाध्य हुने छैनन् ।

३. प्यारा २ अनुसार आरक्षण गर्ने कुनै पनि सदस्य राष्ट्रले कुनै पनि समयमा महासचिवलाई सूचना दिएर आरक्षण वापस लिन सक्नेछ ।

धारा – ३१

१. यस अभिसन्धीको कुनै पनि सदस्य राष्ट्रले महासचिवलाई लिखित सूचना दिएर सदस्यता त्याग्न सक्तछ । महासचिवले यस्तो सूचना प्राप्त गरेको मितिले १ वर्ष पछि सदस्यता त्याग्ने सूचना लागु हनेछ ।

२. यस्तो सदस्यता त्याग्ने कामबाट त्यस देशले सो भन्दा पहिले पूरा गर्नु पर्ने कुनै काम वा आचरणबाट उत्पन्न हुने वा भएको दायित्वलाई मुक्त गर्दैन, नत प्रभावी मितिसम्म समिति समक्ष विचाराधीन रहेको विषय उपर विचार गर्न नै रोक्न सक्नेछ ।

३. सदस्यता त्याग गरेको कुरा लागु भएको मिति पश्चात समितिले सो देशका सम्बन्धमा कुनै पनि नयां कुरा विचारका निमित्त ग्रहण गर्ने छैन ।

धारा – ३२

संयूक्त राष्ट्र संघको महासचिवले संयूक्त राष्ट्रका सदस्य देशहरु तथा यो अभिसन्धीमा हस्ताक्षर गर्ने वा सम्मीलन हुने सबै राष्ट्रलाई निम्न कुराको सम्बन्धमा सूचना दिनेछ -

(क) धारा २५ र २६ अनुसार गरिएको हस्ताक्षर, अनुमोदन वा सम्मिलन,

(ख) धारा २७ अनुसार अभिसन्धी लागु हुने मिति र धारा २९ अनुसार संशोधन लागु हुने मिति, र

(ग) धारा ३१ अनुसार अभिसन्धी त्यागेको कुरा ।

धारा – ३३

१. यो अभिसन्धीका अरबी, चाइनीज, अंग्रेजी, फ्रेंन्च, रसियन र स्पेनिस भाषाका प्रतिहरु उत्तिकै आधिकारिक छन् र सबै प्रतिहरु संयूक्त राष्ट्र संघका महासचिव समक्ष रहने छन् ।

२. संयूक्त राष्ट्र संघका महासचिवले अभिसन्धीको प्रमाणित प्रतिलिपी सबै देशलाइ पठाइ दिने छन् ।

=०=

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा हालसम्म प्रकाशित पुस्तक पुस्तिकाहरू

१.	मानव अधिकार सामान्य ज्ञान (एबीसी अफ ह्युमन राईट्स)	- उपलब्ध
२.	मई दिवस कसरी मनाइदै छ ?	- उपलब्ध
३.	वातावरण संरक्षण : केही व्यावहारिक कुराहरू	- उपलब्ध
४.	साउथ एसिया - ह्युमन राईट्स इन डिफिकल्ट सरकम्स्टान्सेज (अंग्रेजी)	- उपलब्ध

आम चुनावका क्रममा प्रकाशित पुस्तक पुस्तिकाहरू

५.	निर्वाचन कार्यविधि (ग्रामीण मतदाता सचेतन कार्यक्रम अन्तर्गत)	- उपलब्ध
६.	ग्रामीण मतदाता सचेतन कार्यक्रम : एक परिचय	- अनुपलब्ध
७.	प्रजातन्त्र, महानिर्वाचन र धार्मिक सद्भावना (ग्रामीण मतदाता सचेतन कार्यक्रम अन्तर्गत)	- अनुपलब्ध
८.	आम निर्वाचनमा मतदाताको अधिकार र कर्तव्य	- अनुपलब्ध
९.	हर्क बहादुरले कसलाई भोट हाल्दछन् ?	- अनुपलब्ध
१०.	हरिया आब निर्धक्क भ के भोट देन (मैथिली)	- अनुपलब्ध
११.	स्वतन्त्र तथा निष्पक्ष चुनावका पूर्वाधारहरू विषयक गोष्ठीको प्रतिवेदन	- अनुपलब्ध
१२.	नेपाल अवेरनेस प्रोग्राम इन इलेक्सन (अंग्रेजी)	- अनुपलब्ध
१३.	इलेक्सन अब्जरभेसन रिपोर्ट, जनरल इलेक्सन १९९१, नेपाल (अंग्रेजी)	- अनुपलब्ध

मानव अधिकार तथा सामाजिक सचेतन अभिबृद्धि कार्यक्रम अन्तर्गतका प्रकाशनहरू

१४.	कारागार सम्बन्धी व्यवस्थाको जानकारी	- अनुपलब्ध
१५.	नेपाल अधिराज्यको संविधान २०४७ र मानव अधिकारहरू	- उपलब्ध
१६.	मानव अधिकार घोषणा पत्र - सचित्र पुस्तक	- उपलब्ध
१७.	मानव अधिकार संगालो (सं.रा.संघद्वारा पारित केही दस्तावेजहरू)	- उपलब्ध
१८.	मानव अधिकारको सरल संस्करण	- प्रेसमा

सर्भेक्षण/अनुसंधान

१९.	भूटान (भूटानको मानव अधिकार आन्दोलन बारे)	- अनुपलब्ध
२०	द भूटान ट्रेजेडी : व्हेन वील ईट ईण्ड (अंग्रेजी)	- उपलब्ध
२१.	नेपालमा कमैया प्रथा भित्र बाँधा मजदूर	- उपलब्ध
२२.	बोण्डेड लेवर ईन नेपाल अण्डर कमैया सिष्टम (अंग्रेजी)	- उपलब्ध

नियमित प्रकाशनहरू

२३.	इन्सेक बुलेटिन (द्वैमासिक) - वर्ष २, अंक ७ सम्म	
२४.	प्राची, मानव अधिकार द्वैमासिक - वर्ष १ अंक ३ सम्म	

=o=